वैतेश्वर गाउँपालिकाको

विद्यालयहरुका लागि

स्थानीय पाठ्यक्रम २०७८

**Local Curriculum for the Schools of Baiteshwor Rural Municipality of Dolakha 2021**

# वैतेश्वरको पहिचानः स्थानीय संस्कृति र सम्पदाको संरक्षण

## कक्षा १ - ८

वैतेश्वर गाउँपालिका ,

पाँडुडाँडा, दोलखा

दस्तावेजको नामः वैतेश्वर गाउँपालिकाका विद्यालयहरुका लागि स्थानीय पाठ्यक्रम २०७८
Local Curriculum of the Schools of Baiteshwor Rural Municipality, 2021
प्रकाशकः **वैतेश्वर गाउँपालिका**
**वैतेश्वर गाउँपालिकाको कार्यालय,**
**पाँडुडाँडा, दोलखा**
प्रमुख संरक्षकः **श्री छवी लामा, गाउँपलिका अध्यक्ष**
संरक्षकः **श्री रविचन्द्र आचार्य, गाउँपलिका उपाध्यक्ष**
पाठ्यक्रम निर्माण समितिः

| | |
|---|---|
| **विश्वराज जोशी, पाठ्यक्रम विज्ञ** | **संयोजक** |
| **श्री सुदर्शन गिरी, विज्ञ** | **सदस्य** |
| **श्री गोपालध्वज श्रेष्ठ, शिक्षक** | **सदस्य** |
| **श्री भरत के.सी., शिक्षक** | **सदस्य** |
| **श्री सिताराम न्यौपाने, शिक्षक** | **सदस्य** |
| **श्री सूर्यबहादुर दहाल, शिक्षक** | **सदस्य** |
| **श्री जनक अधिकारी, प्रा. स.** | **सदस्य** |

**सल्लाहाकारः**

| | |
|---|---|
| **श्री गणेशराम पोखरेल** | **प्रमुख प्रशासकीय अधिकृत** |
| **श्री ऋषिराम ज्ञवाली** | **शिक्षा शाखा प्रमूखः** |
| **श्री बिक्रम कार्की** | **अधिकृत सातौं** |
| **श्री पदम बहादुर जिरेल** | **प्र.अ. (क्षेत्रावती मा.वि.)** |

**भाषा सम्पादक** :

| | |
|---|---|
| **श्री सिद्धराज शर्मा** | **शिक्षक** |
| **श्री यज्ञराज खतिवडा** | **शिक्षक** |
| **श्री शंकर बस्नेत** | **लेखापाल** |

सर्वाधिकार **वैतेश्वर गाउँपालिकाको कार्यालय, पाँडुडाँडा, दोलखा**
प्राविधिक सहयोगः **साथमाण्डौं रिसर्च एण्ड म्यानेजमेन्ट प्रा. लि., कीर्तिपुर, काठमाडौ, नेपाल**
समन्वयः **गाउँपालिका, विद्यालय तथा स्थानीय सरोकारवालाहरु**

# विषयसूची


| विषय | | पृष्ठ |
|---|---|---|
| | **परिच्छेद – एक** | |
| १ | **स्थानीय पाठ्यक्रम विकासको परिचय** | १ |
| १.१ | परिचय | १ |
| १.२ | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | १ |
| १.३ | विद्यालय शिक्षाको तहगत संरचना | २ |
| १.४ | विद्यालय शिक्षाको पाठ्यक्रम संरचना र स्थानीय पाठ्यक्रम | ३ |
| १.५ | स्थानीय पाठ्यक्रम निर्माणको | ४ |
| १.६ | स्थानीय पाठ्यक्रमको औचित्य | ५ |
| १.७ | स्थानीय पाठ्यक्रम निर्माण विधि तथा प्रक्रिया | ६ |
| | **परिच्छेद – दुई** | |
| २ | **वैतेश्वर गाउँपालिकाको स्थानीय पेसा, व्यवसाय, धर्मसंस्कृति र सम्पदामा आधारित स्थानीय पाठ्यक्रम** | ८ |
| २.१ | वैतेश्वर गाउँपालिकाको परिचय | ८ |
| २.२ | स्थानीय पाठ्यक्रम परिचय | ९ |
| २.३ | स्थानीय पाठ्यक्रमका विशेषता | १० |
| २.४ | पठनपाठनको माध्यम भाषा | ११ |
| २.५ | स्थानीय पाठ्यक्रमको ढाँचा | ११ |
| २.६ | स्थानीय विषायको विषयवस्तु | ११ |
| २.७ | स्थानीय पाठ्यक्रमको अपेक्षित तहगत सक्षमता | १२ |
| | २.७.१ कक्षा १ देखि ३ को तहगत सक्षमता | १२ |
| | २.७.२ कक्षा ४ देखि ५ को तहगत सक्षमता | १२ |
| | २.७.३ कक्षा ६ देखि ८ को तहगत सक्षमता | १३ |
| २.८ | स्थानीय पाठ्यक्रमको कक्षागत सकाइ उपलब्धिहरु | १३ |
| | २.८.१ कक्षा एकको कक्षागत सिकाइ उपलब्धिहरु | १३ |
| | २.८.२ कक्षा दुईको कक्षागत सिकाइ उपलब्धिहरु | १५ |
| | २.८.३ कक्षा तीनको कक्षागत सिकाइ उपलब्धिहरु | १६ |
| | २.८.४ कक्षा चारको कक्षागत सिकाइ उपलब्धिहरु | १८ |
| | २.८.५ कक्षा पाँचको कक्षागत सिकाइ उपलब्धिहरु | १९ |
| | २.८.६ कक्षा छको कक्षागत सिकाइ उपलब्धिहरु | २१ |
| | २.८.७ कक्षा सातको कक्षागत सिकाइ उपलब्धिहरु | २३ |
| | २.८.८ कक्षा आठको कक्षागत सिकाइ उपलब्धिहरु | २४ |
| २.९ | स्थानीय पाठ्यक्रमको कक्षागत सकाइ उपलब्धिहरु | २६ |
| २.९.१ | कक्षा एकको पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण | २७ |

| | | | |
|---|---|---|---|
| | २.९.२ | कक्षा दुईको पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण | ४५ |
| | २.९.३ | कक्षा तीनको पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण | ७४ |
| | २.९.४ | कक्षा चारको पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण | १०१ |
| | २.९.५ | कक्षा पाँचको पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण | १२९ |
| | २.९.६ | कक्षा छको पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण | १५८ |
| | २.९.७ | कक्षा सातको पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण | १८६ |
| | २.९.८ | कक्षा आठको पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण | २१६ |


## परिच्छेद–तीन


| | | | |
|---|---|---|---|
| **३** | **शिक्षण सिकाइ तथा विद्यार्थी मूल्याङ्कन एवम् प्रक्रिया** | | **२४९** |
| | ३.१ | शिक्षण सिकाइ सहजीकरण विधि | २४९ |
| | | ३.१.१ कक्षा १ देखि ३ सम्मको लागि प्रस्तिवत शिक्षण सिकाइ सहजीकरण विधि | २४९ |
| | | ३.१.२ कक्षा ४ र ५ को लागि प्रस्तिवत शिक्षण सिकाइ सहजीकरण विधि | २५० |
| | | ३.१.३ कक्षा ६ देखि ८ सम्मको लागि प्रस्तिवत शिक्षण सिकाइ सहजीकरण विधि | २५० |
| | ३.२ | विद्यार्थी मूल्याङ्कन विधि | २५१ |
| | ३.३ | विद्यार्थी मूल्याङ्कन प्रणाली | २५१ |
| | ३.४ | परीक्षाका प्रकार | २५२ |
| | ३.५ | सैद्धान्तिक परीक्षाका लागि आधार तथा अङ्कभार | २५५ |
| | | क सैद्धान्तिक परीक्षा मूल्याङ्कनको अङ्कभार | २५५ |
| | | ख सैद्धान्तिक परीक्षा मूल्याङ्कनको लागि प्रश्नको प्रकार | २५६ |
| | | ग सैद्धान्तिक परीक्षा मूल्याङ्कनको पूर्णाङ्क तथा प्राप्ताङ्क अनुपान निर्धारण | २५७ |
| | ३.६ | प्रयोगात्मक परीक्षाका लागि आधार तथा अङ्कभार | २५७ |
| | | क प्रयोगात्मक परीक्षा मूल्याङ्कनको अङ्कभार | २५७ |
| | | ख प्रयोगात्मक परीक्षा मूल्याङ्कनको लागि प्रश्नको प्रकार | २५८ |
| | | ग प्रयोगात्मक परीक्षा मूल्याङ्कनको पूर्णाङ्क तथा प्राप्ताङ्क अनुपान निर्धारण | २६० |
| | ३.७ | मूल्याङ्कन प्रक्रिया र समय तालिका | २६० |
| | ३.८ | विद्यार्थी मूल्याङ्कनको लागि अक्षराङ्कन पद्धति | २६४ |
| | ३.९ | कक्षा अनुसार विषय क्षेत्रगत पाठ्यभार र मूल्याङ्कन अङ्कभार | २६५ |


## परिच्छेद–चार


| | | | |
|---|---|---|---|
| **४** | **स्थानीय पाठ्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन** | | **२६७** |
| | ४.१ | पाठ्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन | २६७ |
| | ४.२ | अनुगमन तथा मूल्याङ्कन विधि र प्रक्रिया | २६७ |
| | ४.३ | अनुगमन तथा मूल्याङ्कन गर्ने संरचनागत ढाँचा (व्यवस्था) | २६९ |
| | **अनुसूचीहरु** | | **२७०** |

## परिच्छेद - एक
## स्थानीय पाठ्यक्रम विकासको परिचय

### १.१. परिचय

समय सापेक्ष, जीवनोपयोगी र बजारको माग अनुसारको सक्षम, योग्य जनशक्ति, समाज एवं राष्ट्रको सामाजिक-आर्थिक रुपान्तरणमा योगदान गर्न सक्ने असल नागरिक तयार गर्नु शिक्षाका आजको आवश्यकता हो । विद्यालय शिक्षा यसको आधारशिला हो । विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गर्न राष्ट्रिय पाठ्यक्रमको अतिरिक्त स्थानीय पाठ्यक्रमको पनि भूमिका महत्त्वपूर्ण देखिन्छ । स्थानीय सरोकारवालाहरूको अर्थपूर्ण सहभागितामा स्थानीय आवश्यकतानुसार विषयवस्तुहरू समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय विषयगत सम्भाव्य क्षेत्रमा छुट्टै विषयका रूपमा पठनपाठन हुन सक्ने स्थानीय पाठ्यवस्तुको प्रावधानलाई अघि बढाएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप (National Curriculum Framework), २०७५ ले स्थानीय पाठ्यक्रमका सैद्धान्तिक अवधारणालाई संक्षिप्त रूपमा केलाउँदा मूलतः यसले स्थानीय आवश्यकता, स्थानीय विषय क्षेत्र, विषयवस्तु, शैक्षणिक व्यवस्था, सामग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्वीकार गर्दछ । यसै गरी शैक्षिक विकेन्द्रीकरणको अवधारणा अन्तर्गत पाठ्यक्रम सुधार पद्धति (Curriculum Reform Approach) अनुसार पनि स्थानीय आवश्यकतालाई समेट्ने गरी स्थानीय निकायलाई नै स्थानीय पाठ्यक्रम बनाउन दिई शिक्षामा सुधार गर्न सकिने कुरामा जोड दिएको छ । सानो भौगोलिक परिवेशमा पनि सामाजिक, भौगोलिक, सांस्कृतिक, धार्मिक, भाषिक, जातीय, व्यावसायिक, पेसागत आदि कुराहरूमा विविधता र विशिष्टता हुनु नेपालको मौलिकता हो । यस्ता विविधता र फरकफरक परिवेश अनुसार स्थानीय समुदायहरूको आवश्यकता र चाहनालाई समेट्न राष्ट्रिय पाठ्यक्रम पर्याप्त नहुने भएकोले स्थानीय पाठ्यक्रमको आवश्यकता र अपरिहार्यता महशुस गरिएको प्रस्ट हुन्छ ।

यसरी राष्ट्रिय पाठ्यक्रमबाट मात्र विविधतायुक्त समाजका सबै आवश्यकता पूरा नहुने हुँदा विविध क्षेत्रका आवश्यकता पूरा गर्ने सैद्धान्तिक अवधारणाको आधारमा पनि स्थानीय पाठ्यक्रमको आवश्यकता महशुस गरी यसको प्रावधान राखिएको पाइन्छ । यसका लागि स्थानीय विषयवस्तु, स्थानीय स्रोत साधन, जनशक्ति आदिको उपयोग हुने भएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता ठानिएको छ । यसले सबै क्षेत्रको विकासका लागि स्थानीय स्तरमा क्षमता विकास गर्ने पक्षलाई समेत जोड दिइन्छ । स्थानीय पाठ्यक्रमको प्रावधानले स्थानीय स्तरमा नै पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने क्षमता विकास गर्न सहयोग पुऱ्याउँछ भन्ने मान्यता स्थापित गर्न खोजेको देखिन्छ

### १.२. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

विद्यालय शिक्षाको लागि स्थानीय पाठ्यक्रमले विद्यालय शिक्षाको स्थानीय आवश्यकता र उद्देश्य मात्र पूरा गाउँदा राष्ट्रिय उद्देश्य पूरा गर्न समेत सहयोग पुग्छ । नेपालको विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

१ प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने

२ प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको सम्वर्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवन पद्धतिको विकास गर्न चरित्रवान् एवं नैतिकवान् नागरिक तयार गर्ने

३ स्थानीय र राष्ट्रिय स्तरका पेसा, व्यवसाय एवं रोजगारीका साथै आवश्यकतानुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने

४ व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने

५ समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने

६ प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्दै पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने नागरिक तयार गर्ने

७ सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मदत गर्ने

८ स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल शान्ति, मैत्री, सद्भाव, सहीष्णुता र विश्व बन्धुत्वको भावनाको विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने

९ आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

१० राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका, मितव्ययी, स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने

११ नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मदत गर्ने

१२ प्राकृतिक एवं दैवी प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण गर्न सक्षम नागरिक तयार गर्ने ।

माथि उल्लिखित विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्यहरू हासिल गर्न सहयोग पुग्ने गरी राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रम बनाई लागू गर्नु पर्ने हुन्छ । साथै राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेको स्थानीय आवश्यकता एवं विशिष्टतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको अपरिहार्यता गरी स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न गराउन विभिन्न नीतिगत व्यवस्था निर्माण गरी कार्यव्यवहारमा लागू हुँदै आएको छ ।

### १.३. विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा विभाजन गरेको छ । वर्तमान विद्यालय शिक्षा संरचनामा एक वर्ष अवधिको प्रारम्भिक बालशिक्षा तथा कक्षा एकदेखि आठसम्म

गरी जम्मा नौ वर्षको शिक्षालाई आधारभूत र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण र प्राविधिक तथा व्यावसायिक गरी दुई धारको हुने व्यवस्था गरेको छ । बालबालिकाहरूको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञानसमेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निर्धारण गरिएको छ ।

**१.४. विद्यालय शिक्षाको पाठ्यक्रम संरचना र स्थानीय पाठ्यक्रम**

विद्यालय शिक्षाको लागि राष्ट्रिय पाठ्यक्रम धेरै र थोरै पूरकको रुपमा स्थानीय पाठ्यक्रमले समेट्ने व्यवस्था गरेको देखिन्छ । कक्षा १ देखि ८ सम्म एक विषय स्थानीय विषयवस्तु (विषय) पठनपाठन गर्न सकिने र बाँकी सबै विषयहरू राष्ट्रिय पाठ्यक्रम अनुसार पठनपाठन गर्दै आइरहेको छ । कक्षा ९ र १० को दुई विषयहरू ऐच्छिक विषय हुने र यी विषयहरू समेत राष्ट्रिय पाठ्यक्रममा नै समावेश भएका छन् । मौजुदा विद्यालय शिक्षाको पाठ्यक्रम संरचना हेर्दा कक्षा १-३, कक्षा ४-५, कक्षा ६-८, कक्षा ९-१० र कक्षा ११-१२ गरी पाँच तह वा समूहमा विभाजन गरेको देखिन्छ । साथै राष्ट्रिय पाठ्यक्रम पनि यी ५ तह अनुसार नै निर्माण गरी कार्यान्वयन गरेको देखिन्छ ।

आधारभूत शिक्षा (कक्षा १-३) कक्षाको लागि कूल ६०० पूर्णाङ्क जम्मा ६ वटा विषय (प्रत्येकको १०० पूर्णाङ्क) राखिएको साप्ताहिक जम्मा २६ पाठ्यघण्टा र वार्षिक भने ८३२ पाठ्यघण्टा तोकिएको छ । त्यसैगरी, नेपाली र स्थानीय विषय वा मातृभाषाको साप्ताहिक ५/५ पाठ्यघण्टा र वार्षिक जम्मा १६० पाठ्यघण्टा र अन्य विषयको साप्ताहिक ४/४ पाठ्यघण्टा र वार्षिक १२८ पाठ्यघण्टाको दरले पठनपाठन गराउने उल्लेख गरिएको छ ।

आधारभूत शिक्षा (कक्षा ४-५) कक्षाको लागि कूल ७०० पूर्णाङ्क जम्मा ७ वटा विषय (प्रत्येकको १०० पूर्णाङ्क) राखिएको साप्ताहिक जम्मा ३२ पाठ्यघण्टा र वार्षिक भने १०२४ पाठ्यघण्टा तोकिएको छ । त्यसै गरी, स्थानीय विषय वा मातृभाषाको साप्ताहिक ४ पाठ्यघण्टा र वार्षिक जम्मा १६० पाठ्यघण्टा, स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयको साप्ताहिक ३ पाठ्यघण्टा र वार्षिक जम्मा ९६ पाठ्यघण्टा, र अन्य विषयहरूको साप्ताहिक ५ र वार्षिक १६० पाठ्यघण्टाको दरले पठनपाठन गराउने व्यवस्था गरिएको छ ।

आधारभूत शिक्षा (कक्षा ६—८) कक्षाको लागि कूल ७०० पूर्णाङ्क जम्मा ७ वटा विषय (प्रत्येकको १०० पूर्णाङ्क) राखिएको साप्ताहिक जम्मा ३२ पाठ्यघण्टा र वार्षिक भने १०२४ पाठ्यघण्टा तोकिएको छ । त्यसैगरी, स्थानीय विषय वा मातृभाषाको साप्ताहिक ५ पाठ्यघण्टा र वार्षिक जम्मा १६० पाठ्यघण्टा, स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयको साप्ताहिक ३ पाठ्यघण्टा र वार्षिक जम्मा ९६ पाठ्यघण्टा, र अन्य विषयहरूको साप्ताहिक ५ र वार्षिक १६० पाठ्यघण्टाको दरले पठनपाठन गराउने व्यवस्था गरिएको छ । आधारभूत तहको कक्षा १ देखि ८ सम्म नै एक विषय स्थानीय विषय वा अन्य विषय १०० पूर्णाङ्कको ऐच्छिक विषय पठनपाठन गराउने व्यवस्था गरेको छ ।

साधारण शिक्षा धारमा माध्यमिक तहको शिक्षा (कक्षा ९-१०) कक्षाको लागि कूल ८०० पूर्णाङ्क जम्मा ८ वटा विषय (प्रत्येकको १०० पूर्णाङ्क) राखिएको साप्ताहिक जम्मा ३९ पाठ्यघण्टा र वार्षिक भने १२८

पाठ्यघण्टा तोकिएको छ । त्यसैगरी, स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण विषयको साप्ताहिक ४ पाठ्यघण्टा र वार्षिक जम्मा १२८ पाठ्यघण्टा र अन्य सबै विषयहरूको साप्ताहिक ५ र वार्षिक १६० पाठ्यघण्टाको दरले पठनपाठन गराउने व्यवस्था गरिएको छ । साथै जम्मा ८ विषय मध्ये ६ विषय अनिवार्य र २ विषय ऐच्छिक विषय पठनपाठन गराउनु पर्ने व्यवस्था गरेको छ ।

**१.५. स्थानीय पाठ्यक्रम निर्माणको आधार तथा मान्यता**

राष्ट्रिय पाठ्यक्रम प्रारूपले नेपालमा विद्यालय शिक्षाका लागि पाठ्यक्रम निर्माण गर्दा निम्न लिखित सैद्धान्तिक आधारमा रहेर तयार गर्नु पर्ने औंल्याएको छः

(क) पाठ्यक्रमले बालबालिकाको शारीरिक,बौद्धिक, आध्यात्मिक र सांस्कृतिक पक्ष विकास गर्दै उनीहरूलाई जिम्मेवारी बोध गर्ने अवसर हासिल हुने अवस्था सिर्जना गर्ने विश्व बजारमा प्रतिस्पर्धी, सञ्चार तथा सूचना प्रविधिको ज्ञान भएका, समूहमा काम गर्न सक्ने, हरेक विविधतालाई सम्मान गर्ने र समालोचना तथा सिर्जनात्मक अभिव्यक्तिको सिप भएका जनशक्ति तयार गर्नेतर्फ पाठ्यक्रम केन्द्रित गर्ने ।

(ख) विद्यार्थीका विविध आवश्यकता र चाहनालाई पूरा गर्न स्थानीयतालाई स्थान दिई सान्दर्भिक बनाउन स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रमको विकास गर्ने ।

(ग) विद्यालयले राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा सहयोग गरी स्थानीय संस्थाको क्षमता विकास गर्ने ।

त्यसैगरी वर्तमान नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हकहरू जस्तैः शिक्षा सम्बन्धी हक ( धारा ३१, भाषा तथा संस्कृतिको हक - धारा ३२), धारा २२१, २२६ र अनुसूची-८ ले स्थानीय तहलाई दिएको व्यवस्थापकीय अधिकार, पन्ध्रौं योजनाको अवधारणा पत्र (२०७६/०७७-२०७९/०८०), स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५, आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७५, आधारमूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०७७, माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७१, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, गाउँपालिकाको शैक्षिक व्यवस्थापन कार्यविधि २०७५, र शिक्षा नियमावली, २०७४ जस्ता महत्त्वपूर्ण नीतिगत व्यवस्थाको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालय तहको शिक्षामा लागू गर्न सकिने अवस्था रहेको छ ।

विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रम निर्माण एवं कार्यान्वयन गर्नको लागि शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्रले विभिन्न नीतिनिर्देशिका एवं मार्गदर्शनहरू बनाई सोही अनुसार गर्न गराउन सम्बन्धित निकायहरूलाई निर्देशित गरेको छ । स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनको लागि केन्द्रले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६, लागू गरेको छ । यस मार्गदर्शनले निम्नलिखित मान्यताका आधारमा स्थानीय पाठ्यक्रम निर्माण हुने र गर्नुपर्ने व्यवस्था गरेको छः

- स्थानीय आवश्यकताका विषयवस्तुले स्थान पाउने
- स्थानीय विषयवस्तुमा आधारित हुने

- पाठ्यक्रम स्थानीय तहबाटै विकास हुने
- स्थानीय भौतिक र मानवीय स्रोतको उपयोग हुने
- पाठ्यक्रमप्रति सरोकारवालाको अपनत्व रहने
- पाठ्यक्रम विकास र कार्यान्वयनमा पहुँच तथा प्रभावकारिता अभिवृद्धि हुने
- विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने
- कम मूल्यका र सहज उपलब्ध हुने स्थानीय सामग्रीको प्रयोग हुने
- सरोकारवालाको सक्रिय सहभागिता रहने ।

**१.६. स्थानीय पाठ्यक्रमको औचित्य**

स्थानीय तह स्तरका व्यवसाय, पेसा एवं रोजगारलाई सम्बोधन गर्दै अन्तराष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्नु, नेपाली कला, सौन्दर्य, आदर्श तथा विशिष्टिताको संरक्षण, सम्वर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्नु, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्नु शिक्षाको वर्तमान राष्ट्रिय आवश्यकता हो । केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमबाट मात्र सोअनुरूपको उद्देश्य पूरा गर्न सम्भव र पर्याप्त हुन नसक्ने भएकाले त्यो अभाव परिपूर्तिको लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र सन्दर्भको अध्ययनबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय पाठ्यक्रमको प्रावधान आवश्यक भइसकेको तथ्य विभिन्न अध्ययन तथा प्रतिवेदनले औंल्याएको आधारमा पनि स्थानीय पाठ्यक्रमको औचित्य पुष्टि हुन्छ ।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०७६ मा उल्लेख भए अनुसार स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्य निम्नानुसार रहेका छन् ।

- पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकतालाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउनु,
- एक स्थान, क्षेत्र, व्यक्तिको ज्ञानलाई अर्को स्थान, क्षेत्र, व्यक्तिमा अनुकरण गरी अनुभव साटासाट गरी उत्पादनमूलक ज्ञान, सिप, प्रविधिको विस्तार गर्नु,
- स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्नु,
- स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यस अनुरूपको व्यवहार गर्न सक्ने तुल्याउनु,
- स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने भएकाले स्थानीय सोकारवालालाई जिम्मेवारी बोध गराउनु,
- भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्नु,
- स्वावलम्बी एवं आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारउन्मुख नागरिक तयार गर्नु,
  आयआर्जन, श्रमप्रति सम्मान, कामप्रति लगाव बढाउन सहयोग पुर्याउनु
- स्थानीय स्रोत र साधनको अधिकतम परिचालनबाट कम खर्चमा शिक्षा दिनु,

- स्थानीय विषयवस्तु समावेश गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्नु,
- आधुनिक र बालमैत्री वातावरणमा बालबालिकालाई व्यावहारिक ज्ञान लिने अवसर सिर्जना गर्नु,
- स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्नु,
- विश्वव्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्नु,
- स्थानीय तहमा लुकेर बसेका ज्ञान, सिप र प्रविधिलाई उजागर गर्नु,
- परम्परागत पेसा, व्यवसाय र प्रविधिलाई जगेर्ना गर्न र विकास गर्न सहयोग पुर्याउनु ।

नेपालमा सङ्घीय व्यवस्थाका माध्यमबाट आम जनसमुदायलाई नीति निर्माणमा आधिकाधिक सहभागी गराउने, उक्त नीतिनियमको कार्यान्वयन गराउने र त्यसको प्रतिफल समेत जनसमुदायले नै उपभोग गर्न पाउने व्यवस्थालाई महत्त्व दिइएको छ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमताविकासमार्फत् राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्दै शिक्षालाई स्थानीय परिवेशअनुरूप व्यवहारसँग जोड्ने मार्गचित्र तयार गर्नु पर्ने कारण पनि स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्नु पर्ने औचित्य रहेको छ ।

### १.७. स्थानीय पाठ्यक्रम निर्माणविधि तथा प्रक्रिया

दोलखा जिल्लाको वैतेश्वर गाउँपालिकाका विद्यालयहरुका लागि स्थानीय पाठ्यक्रम २०७८ नामक स्थानीय विषय अध्ययन–अध्यापन गर्न, गराउनको लागि यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो। गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी सो कार्यदलमार्फत स्थानीय पाठ्यक्रमको आवश्यकता पहिचान गर्ने कार्य सम्पन्न भयो । तत्पश्चात विज्ञहरूको टोलीलाई परिचालन गरी निम्न विधि एवं प्रक्रियाहरू पूरा गरी यो स्थानीय पाठ्यक्रम तयार गरिएको छ ।

- विज्ञ टोली र गाउँपालिका प्रतिनिधि तथा कार्यदलबीच स्थानीय पाठ्यक्रम निर्माणको उद्देश्य, आवश्यकता, अपेक्षा, विषयगत क्षेत्रको सम्बन्धमा छलफल ।
- गाउँपालिकाको सबै विद्यालयहरूका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, पालिकाका वडा अध्यक्ष एवं स्थानीय सरोकारवालाहरूका प्रतिनिधिहरूबाट स्थानीय विषयको कक्षागत विषवस्तुहरूको क्षेत्र, उपक्षेत्र, क्षेत्रगत विशिष्ट उद्देश्य निर्धारण, अपेक्षित सिकाइ उपलब्धि, स्थानीय विषयवस्तु, संभावित शिक्षण सिकाइ क्रियाकलापहरू, मूल्याङ्कन विधि तथा पाठ्यभार सम्बन्धी सूचना तथा तथ्यहरू सङ्कलन गर्ने कार्य भयो ।
- संकलित सूचना तथा जानकारीहरूलाई सङ्गठित, व्यवस्थित गर्दै पाठ्यक्रमको तोकिएको ढाँचामा राखेर पाठ्यक्रम निर्माण समितिका विज्ञ टोलीबाट मस्यौदा तयारी गरी सो मस्यौदा उपर थप पाठ्यक्रम विज्ञहरू र विषयगत विज्ञहरूसँग छलफल र सल्लाहसुझाब एवं पृष्ठपोषण सङ्कलन गरियो । तत्पश्चात् दोस्रो मस्यौदा तयार गरी पुनः पाठ्यक्रम विज्ञहरू र विषयगत विज्ञहरूसँग छलफल गरी तेस्रो मस्यौदा तयार गरियो ।

- कार्यदल, गाउँपालिकाका विद्यालय, विद्यालय व्यवस्थापन समिति र अन्य स्थानीय सरोकारहरूको संयुक्त अन्तर्क्रियामा तेस्रो मस्यौदा प्रस्तुत गरी स्थानीय सरोकारवालाहरूको सहभागितामा मस्यौदा उपर दफाबार छलफल गरी विषय क्षेत्र, विषयवस्तु, उद्देश्य, शिक्षण विधि, मूल्याङ्कन लगायत सबै विषयहरूलाई टुङ्ग्याउने कार्य गरियो ।
- स्थानीय सरोकारवालाहरूको अन्तर्क्रिया, गाउँपालिका र कार्यदलबाट प्राप्त पृष्ठपोषण र सल्लाह सुझाबहरूलाई समेटी अर्को मस्यौदा तयार गरी विज्ञहरूसामु प्रस्तुत गरी छलफल गरिने छ । तत्पश्चात् विज्ञहरूको सल्लाह सुझाब समेटी अन्तिम मस्यौदा कार्यदल तथा गाउँपालिकालाई पेश गरियो ।
- सो अन्तिम स्वरुपको पाठ्यक्रमलाई कार्यदलले सिफारिस गर्ने र गाँउकार्यपालिकाबाट स्वीकृत भएपछि स्थानीय पाठ्यक्रम निर्माणको काम सम्पन्न हुनेछ । तत्पश्चात् गाँउ कार्यपालिकाको निर्णय बमोजिम यो पाठयक्रम कार्यान्वयनमा आउनेछ ।

# परिच्छेद – दुई

# वैतेश्वर गाउँपालिकाको स्थानीय पेसा, व्यवसाय, धर्म(संस्कृति र सम्पदामा आधारित स्थानीय पाठ्यक्रम

## २.१ वैतेश्वर गाउँपालिकाको परिचय

वैतेश्वर गाउँपालिका वर्तमान संघीय संरचनामा नेपालको संविधानको धारा २९५ को उपधारा ३ वमोजिम बागमती प्रदेश अन्तर्गत दोलखा जिल्लामा अवस्थित एक स्थानीय तह हो । साविकको कात्रे, नाम्दु, मिर्गे, क्षेत्रपा र गैरिमुदी गाँउ विकास समिति मिलेर बनेको यो गाउँपालिकामा आठ वटा वडाहरु रहेका छन् । पाँडुडाँडा- पालिकाको सदरमुकाम- सबै वडाहरुको केन्द्रमा अवस्थित छ । ८०.४१ वर्ग कि.मी क्षेत्रफलमा रहेको यो पालिका दोलखा जिल्लाको सानो र मिलेको पालिका हो । समुन्द्र सतहबाट करिव ८८६ मी गोपीखोलाको वगर र तामाकोसी नदीको सङ्गम देखि पालिकाको भूगोल शुरु भएर हनुमन्ते डाँडा ३०४७ मी को उचाइ सम्म फैलिएको छ । पालिकाको अक्षांस र देशान्तर २७.६३ र ८६.१२ रहेको छ । भौगोलिक विविधता र जैविक.विविधताले धनि पालिकामा खेती योग्य जमिन रहेकोले प्रायः वस्तीहरु बाक्ला छन्। पर्यावरणीय दृष्टिकोणले पालिका मानव वसोवासको लागि उपयुक्त देखिन्छ । क्षत्री, ब्रह्माण, तमाङ, सार्की, नेवार, शेर्पा, कामी, दमाई, भुजेल, जिरेल, थामी जातिका मानिसहरु हिन्दु, वौध्द र क्रिश्चियन धर्म र संस्कृतिअनुसारको रिती, परम्परा र संस्कारमा हुर्कंदै, रमाउँदै विश्व बन्धुत्वको भावना अनुसारको अनुपम उदाहरणको रुपमा वसोवास गरिरहेका छन् ।दशै, तिहार,ल्होसार , क्रिसमस, साउने सङ्ग्रान्ती, माघे सङ्ग्रान्ती, जनै पूर्णिमा , तीज जस्ता पर्वहरु सामूहिकरुपमा मनाउँछन् । कृषि तथा पशुपालन, व्यापार, सरकारी जागिर, बैदेशिक रोजगार यहाँका मानिसहरुको प्रमुख पेसा तथा व्यवसाय रहेको छ । कृषि, पशु र खानीमा आधारित साना उद्योगहरु सहकारी तथा बैंकको आर्थिक सहयोगमा सञ्चालित छन् ।मैनापोखरी, खावा, लहरेमाने पालिकाका प्रमुख व्यापारी केन्द्रहरु हुन् । पूर्वमा जिरी नगरपालिका, पश्चिममा भिमेश्वर नगरपालिका, उत्तरमा गौरीशंकर गाउँपालिका र दक्षिणमा तामाकोसी गाउँपालिका रहेको यो पालिका जिरी जाने प्रमुख नाकाको रुपमा रहेको छ ।

पालिकाको वाड नं ६ मा रहेको वैतेश्वर महादेवको मन्दिरको नामबाट पालिकाको नाम राखिएको छ । यो वाहेक हनुमन्तेश्वर, कैलेश्वर, डाडडुडगेश्वर, बैशाखेश्वर महादेवका मन्दिरहरु र गुम्वाहरु प्रमुख धार्मिक तीर्थस्थलहरु र कर्कले गुफा, कालाघारी छाँगा, यार्सा खोला, तामाकोसी नदी , देउराली डाँडा र हरियाली जङ्गल र जङ्गलमा बासस्थान बनाएका जीवहरु र वनस्पतिहरु पालिकाका प्रमुख प्राकृतिक सम्पदा हुन् ।

पालिका भित्र २९ वटा प्राथमिक तहदेखि उच्च मा. वि. तह सम्मका कक्षाहरु सञ्चालन हुने मा. वि. हरु, २ वटा शिक्षा शाश्त्र सङ्कायका कलेजहरु र १ प्राविधिक धार अन्तर्गत सिभिल इन्जिनियरिङ्ग विषयका कक्षा सञ्चालन हुने प्राविधिक विद्यालयहरु छन् । प्रायः सबै वडाहरुमा रहेका बचत तथा ऋण, कृषि र बहुउद्देश्यीय सहकारीहरु र बैंकिङ्ग सेवा मार्फत् जनताको आर्थिक गतिविधिहरु सञ्चालित छन् ।पालिकाको साक्षरता प्रतिशत ......... र प्रतिव्यक्ति आय .......... रहेको छ भने जन घनत्व ........... प्रति वर्ग कि.मी रहेको छ ।

## २.२.स्थानीय पाठ्यक्रमको परिचय

प्रस्तुत पाठ्यक्रम वैतेश्वर गाउँपालिका क्षेत्रमा रहेका विद्यालयहरूको आधारभूत तह (कक्षा १–८) को लागि स्थानीय विषय (वैतेश्वरको पहिचानः स्थानीय पेसा, व्यवसाय, संस्कृति र सम्पदाको सम्मान) को लागि तयार गरिएको हो । यसमा राष्ट्रिय पाठ्यक्रममा नसमेटिएका र समेट्न सम्भव नभएका स्थानीय विषयवस्तुहरू उल्लेख गरिएको छ । यस पाठ्यक्रममा समावेश भएका विषयवस्तुहरूले विद्यार्थीहरूलाई दोलखा जिल्लाको वैतेश्वर गाउँपालिकाको पहिचान तथा यहाँको भूगोल, समुदाय, मौलिक कलासंस्कृति, सामाजिक आर्थिक जीवन, स्थानीय स्रोतसाधन आदिको जानकारी गराउनुको साथै भविष्यमा असल, सक्षम, आत्मनिर्भर र उद्यमशील नागरिक तयार गर्न आवश्यक जीवन जीउने र समय सापेक्ष प्रतिस्पर्धात्मक ज्ञान, सिप, सक्षमता र सकारात्मक सोंच विकास गर्न टेवा पुर्याउने छ ।

वर्तमान अवस्थामा विश्वव्यापीकरण र स्थानीयकरणको ज्ञान, सिप र प्रविधिलाई पाठ्यक्रमले संयोजन गर्नुपर्ने भएकोले राष्ट्रिय पाठ्यक्रम प्रारूपमा स्थानीय आवश्यकतामा आधारित शिक्षा दिनु पर्ने कुरामा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०७६ ले उल्लेख गरेको छ । यही अवधारणागत आधारमा रहेर दीगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरी हासिल गर्ने सोच यस स्थानीय विषयको पाठ्यक्रममा राखिएको छ । आम विश्वले साझा एवं सामूहिक प्रयत्नबाट सन् २०३० सम्ममा हासिल गर्न चाहेको जम्मा १७ वटा दीगो विकास लक्ष्यहरू मध्ये नेपालले हासिल गर्ने १६ वटा लक्ष्यहरु रहेका छन् । नेपालले हासिल गर्ने दीगो विकासका अधिकांश लक्ष्यहरू हासिल गर्न सोही अनुसार यस स्थानीय पाठ्यक्रममा विषय वस्तुहरू छनौट गरिएको छ । यस पाठ्यक्रमको कार्यान्वयनले अन्ततोगत्वा यी लक्ष्यहरू स्थानीयकरण भई समुदाय स्तरमा पनि प्राप्त हुने र राष्ट्रियस्तरमा पनि टेवा पुग्ने अपेक्षा गरिएको छ ।

वैतेश्वरको पहिचानः स्थानीय पेसा, व्यवसाय, संस्कृति र सम्पदाको सम्मान नामक यस स्थानीय विषयले विशेष गरी वैतेश्वर गाउँपालिका भित्रका बासिन्दाहरूको व्यक्तिगत जीवनमा र समुदायस्तरमा ती दीगो विकासका लक्ष्यहरू हासिल गर्ने व्यावहारिक शिक्षाको खाँचोलाई परिपूर्ति गर्न सरल, सहज र प्रभावकारी ढङ्गले मार्गनिर्देश गर्ने अपेक्षा गरिएको छ । स्थानीय एवं राष्ट्रिय आवश्यकता, विज्ञान, कला, संस्कृति, मौलिकता, पहिचान, अपनत्व र आत्मस्वाभिमानलाई मुखरित गर्ने गरी बालविकास, बालमनोविज्ञान, बालमैत्री एवं बालकेन्द्रित सिकाइ विधि, ज्ञान, सिप र सकारात्मक प्रवृतिको विकास, सैद्धान्तिक भन्दा व्यावहारिक पक्षलाई अधिकतम महत्त्व, सिद्धान्तलाई व्यवहारमा उतार्दै प्रतिफलमुखी अभ्यासमा आधारित मूल्याङ्कन पद्धतिको प्रवर्द्धन जस्ता मूलभूत विशेषता यस पाठ्यक्रमले समेटेको छ ।

यसले विद्यालय पाठ्यक्रमको सैद्धान्तिक आधार, व्यावहारिक पक्ष र निश्चित मापदण्डलाई अवलम्बन गर्नुका साथै सयम सापेक्ष वस्तुगत र व्यावहारिक बनाउन आवश्यक विधि एवं प्रक्रिया अपनाएर संशोधन, समायोजन र सम्मिलन गर्न सकिने गरी यसलाई लचिलो र परिवर्तनशील हुने गरी तयार गरिएको छ ।

## २.३. स्थानीय पाठ्यक्रमको विशेषता

स्थानीय विषय वैतेश्वरको पहिचान, संस्कृति र सम्पदाको सम्मानको पाठ्यक्रमको मुख्य विशेषताहरू निम्नानुसार रहेका छन्ः

- आधारभूत तह (कक्षा १ देखि ८ सम्म) को राष्ट्रिय पाठ्यक्रमको प्रारुपको प्रावधानलाई आधार मानी यो स्थानीय पाठ्यक्रम तयार गरिएको छ ।
- विद्यालय शिक्षाको आधारभूत तह (कक्षा १ देखि ८ सम्म) को लागि स्थानीय पाठ्यक्रम समावेश गरिएको छ ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्धारण गरे बमोजिम नै कक्षा १ देखि ८ सम्मलाई स्थानीय पाठ्य विषयगत क्षेत्रको विशिष्टतालाई मध्यनजर गरी यस स्थानीय पाठ्यक्रमलाई जम्मा ३ वटा तहहरू (कक्षा १–३, कक्षा ४–५ र कक्षा ६–८ मा विभाजन गरिएको छ ।
- कक्षागत उन्नतिसँग सामन्जस्य हुने गरी तल्लो कक्षाबाट माथिल्लो कक्षामा विषयवस्तुहरूलाई क्रमशः "सामान्यबाट विशिष्टिकृत" र "सूक्ष्मबाट बृहत" बनाउँदै लगिएको छ ।
- यस पाठ्यक्रमले जम्मा निम्न १३ वटा विषयगत क्षेत्र समेटेको छः
  १. स्थानीय तहको परिचय
  २. स्वास्थ्य सरसफाइ
  ३. खाद्यान्न तथा पोषण
  ४. सदाचार, नैतिकता र सामाजिक मूल्य-मान्यता
  ५. कृषि, जडीबुटी, पशुपालन, पेसा व्यवसाय तथा उद्यमशीलता
  ६. स्थानीय ज्ञान, सिप तथा प्रविधि
  ७. मातृभाषा, संस्कृति र चाडपर्व
  ८. स्थानीय खेलकुद, मनोरञ्जन र कला साहित्य
  ९. धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल
  १०. समानता, समावेशीता र सामाजिक न्याय
  ११. सामाजिक रुपान्तरण, लोकतन्त्र र संघीयता
  १२. जीवनोपयोगी सिप
  १३. सहकारी
- तहवृद्धिसँगै विषयहरू पनि थप गर्दिँदै लगिएको छ । यी विषयहरू मध्ये पहिलो तह (कक्षा १–३) मा ११ वटा विषयहरू, दोस्रो तह (कक्षा ४–५) र तेस्रो तह (कक्षा ६–८) मा १३ वटा विषयहरू
- प्रत्येक विषयमा सैद्धान्तिक र प्रयोगात्मक दुबै पक्षहरू समावेश गरिएका छन् । तसर्थ हरेक विषयमा बालबालिकाले सैद्धान्तिक ज्ञान हासिल गर्नुका साथै अभ्यास कार्यबाट सिप तथा क्षमताको विकास गर्ने अपेक्षा गरिएको छ ।

- विषयक्षेत्रगत विविधता, बहु शिक्षण–सिकाइ विधि, नितान्त स्थानीय विषय देखि राष्ट्रिय र अन्तराष्ट्रिय विषयवस्तु समेत समावेश गरिएका छन् ।

## २.४. पठनपाठनको माध्यम भाषा

विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा, वा मातृभाषा भाषा हुन सक्ने छ तर मातृभाषाको कक्षाहरू भने सम्बन्धित मातृभाषामा नै दिन सकिने छ । स्थानीय पाठ्यक्रम सम्बद्ध सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा आधुनिक सूचना, सञ्चार तथा प्रविधिको प्रयोगलाई प्राथमिकता दिइने छ ।

## २.५.स्थानीय पाठ्यक्रमको ढाँचा

यो स्थानीय पाठ्यक्रम वैतेश्वर गाउँपालिका क्षेत्रका आधारभूत विद्यालयहरूमा पठनपाठन गर्ने गराउने गरी निम्नानुसार निर्माण गरिएको छः

| | | | |
|---|---|---|---|
| शैक्षिक तह | आधारभूत तह(कक्षा १–८ सम्म) | | |
| पाठ्यक्रमको प्रकार | स्थानीय | | |
| पाठ्यक्रम शीर्षक | वैतेश्वरको पहिचानः स्थानीय पेसा, व्यवसाय, संस्कृति र सम्पदाको सम्मान | | |
| पाठ्यक्रमको प्रकृति | सैद्धान्तिक र प्रयोगात्मक | | |
| पूर्णाङ्क | १०० | | |
| पाठ्यघण्टा | साप्ताहिकः ४ | जम्माः १२८ | |
| मूल्याङ्कन | कक्षाः १-३ | निरन्तर मूल्याङ्कन | सैद्धान्तिकः २०%<br>प्रयोगात्मकः ८०% |
| | कक्षाः ४-५ | निरन्तर मूल्याङ्कनः ५०%<br>आवधिक मूल्याङ्कनः ५०% | सैद्धान्तिकः ५०%<br>प्रयोगात्मकः ५०% |
| | कक्षाः ६-८ | निरन्तर मूल्याङ्कनः ४०%<br>आवधिक मूल्याङ्कनः ६०% | सैद्धान्तिकः ६०%<br>प्रयोगात्मकः ४०% |

## २.६. स्थानीय विषयको विषयवस्तु

यस स्थानीय पाठ्यक्रममा कक्षा वृद्धिसँगै विषयहरू पनि थप गर्दै लगिएको छ । वैतेश्वरको पहिचान विषयमा निम्नानुसार विषयवस्तुहरू पठनपाठन गरिने छ :

**तालिका ४: तह अनुसार स्थानीय विषयवस्तुहरू**

| पहिलो तह (कक्षा १-३) | |
|---|---|
| क्र.सं. | **मुख्य विषयवस्तु** |
| १ | स्थानीय तहको परिचय |
| २ | स्वास्थ्य र सरसफाइ |
| ३ | खाद्यान्न तथा पोषण |
| ४ | सदाचार, नैतिकता र सामाजिक मूल्य मान्यता |

| | |
|---|---|
| ५ | कृषि, जडीबुटी, पशुपालन, पेसा व्यवसाय तथा उद्यमशीलता |
| ६ | स्थानीय ज्ञान, सिप तथा प्रविधि |
| ७ | मातृभाषा, संस्कृति र चाडपर्व |
| ८ | स्थानीय खेलकुद, मनोरञ्जन, कला र साहित्य |
| ९ | धार्मिक, सांस्कृतिक, र पर्यटकीय स्थल |
| १० | समानता, समावेशीता र सामाजिक न्याय |
| ११ | सामाजिक रुपान्तरण, लोकतन्त्र र संघीयता |
| **दोश्रो तह (कक्षा ४-५)** | |
| | **माथिका सबै** |
| १२ | **थपः** जीवनोपयोगी सिप |
| १३ | **थपः** सहकारी |
| **तेश्रो तह (कक्षा ६-८)** | |
| | **माथिका सबै** |

### २.७ स्थानीय पाठ्यक्रमको अपेक्षित तहगत सक्षमता

'वैतेश्वरको पहिचान' विषयको अध्ययन गरेर विद्यार्थीहरूले देहायका तहगत सक्षमता हासिल गर्ने अपेक्षा यस स्थानीय पाठ्यक्रमले राखेको छ ।

#### *२.७.१ कक्षा १-३ को तहगत सक्षमता*

यस तहको अन्तमा विद्यार्थीहरू निम्न लिखित मूलभूत सक्षमताहरू हासिल गर्न समर्थ हुनेछन्:

- व्यक्तिगत सरसफाइको बारेमा बोध, अभिव्यक्त र प्रदर्शन / अभ्यास गर्न,
- स्थानीय कृषि तथा पशुपालन क्रियाकलापहरूको बारेमा बोध गर्न, बताउन, र चित्र कोरेर/हेरेर प्रस्तुतीकरण गर्न,
- स्थानीय ज्ञान, सिप र प्रविधिबाट बनेका घरेलु एवं कृषि प्रयोगका औजारहरू चिन्न, तिनको नाम र प्रयोग भन्न-लेख्न र केहीको प्रयोग गर्न,
- मातृभाषामा लेखेर र बोलेर आफ्नो, परिवार र विद्यालयको सामान्य परिचय दिन,
- स्थानीय लोकगीत र लोकनृत्यको बारेमा बोध, अभिव्यक्त र प्रस्तुतीकरण गर्न ।

#### *२.७.२ कक्षा ४-५ को तहगत सक्षमता*

यस तहको अन्तमा विद्यार्थीहरू निम्न लिखित मूलभूत सक्षमताहरू हासिल गर्न समर्थ हुनेछन्:

- आफ्नो गाउँ/टोल र वैतेश्वर गाउँपालिकाको बारेमा बोध, अभिव्यक्त र प्रस्तुतीकरण गर्न,
- आफ्नो घर र विद्यालयको सरसफाइको बारेमा बोध, अभिव्यक्त र अभ्यास गर्न,
- स्थानीय कृषि तथा पशुपालन क्रियाकलापहरू र त्यसका हुने भएका उत्पादनहरूबारेमा बोध, अभिव्यक्ति र प्रस्तुतीकरण गर्न,

- स्थानीय ज्ञान, सिप र प्रविधिबाट बनेका घरेलु एवं कृषि प्रयोगका औजारहरू चिन्न, तिनको नाम र प्रयोग भन्न-लेख्न र उचित प्रयोग गर्न,
- आफ्नो, परिवार र विद्यालयको बारेमा मातृभाषामा लेखेर, बोलेर र प्रस्तुतीकरण सामग्री प्रस्तुत गरेर अभिव्यक्त गर्न,
- स्थानीय लोकगीत, लोकनृत्य, लोक संस्कृति, सामाजिक संस्कारको बारेमा बोध, अभिव्यक्त र प्रस्तुतीकरण गर्न,
- स्थानीय तहमा रहेका सहकारीको बारेमा बोध, अभिव्यक्त र प्रस्तुतीकरण गर्न ।

### *२.७.३. कक्षा ६-८ को तहगत सक्षमता*

यस तहको अन्तमा विद्यार्थीहरू निम्न लिखित मूलभूत सक्षमताहरू हासिल गर्न समर्थ हुनेछन्:

- गाउँपालिकाको विविध पक्षको बारेमा बोध, अभिव्यक्त र प्रस्तुतीकरण गर्न,
- व्यक्तिगत, घरपरिवार र समुदायको पूर्ण सरसफाइ र स्वच्छता बारेमा बोध, अभिव्यक्त, प्रस्तुतीकरण र अभ्यास गर्न,
- स्थानीय कृषि तथा पशुपालन क्रियाकलापहरू, उत्पादनहरू र त्यसको महत्त्वको बारेमा बोध, अभिव्यक्ति, प्रस्तुतीकरण र अभ्यास गर्न,
- स्थानीय ज्ञान, सिप र प्रविधिको प्रयोग, आवश्यकता र महत्त्वको बारेमा बोध, अभिव्यक्ति, प्रस्तुतीकरण र प्रयोग गर्न,
- परिवार, विद्यालय र आफ्नो समुदायको बारेमा मातृभाषामा लेखेर, बोलेर र प्रस्तुतीकरण सामग्री प्रस्तुत गरेर अभिव्यक्त गर्न,
- स्थानीय लोकगीत, लोकनृत्य, लोक संस्कृति, सामाजिक संस्कारको बारेमा बोध, अभिव्यक्त र प्रस्तुतीकरण गर्न, र
- वैतेश्वरको धार्मिक, सांस्कृतिक, पर्यटकीय सम्पदा, स्थलहरूको बोरमा बुझ्न, चिन्न, अभिव्यक्त गर्न र प्रस्तुतीकरण गर्न।

## २.८. स्थानीय पाठ्यक्रमको कक्षागत सिकाइ उपलब्धिहरु

### *२.८.१. कक्षा एकको कक्षागत सिकाइ उपलब्धिहरु*

कक्षा एकको वैतेश्वरको पहिचानः स्थानीय पेसा, व्यवसाय, संस्कृति र सम्पदाको सम्मान विषय अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्ः

- आफू बसिरहेको गाउँठाउँ, गाउँपालिका र वडा नं. को नाम बताउन ।
- आफ्नो सामान्य सरसफाइ आफैं गर्न र चर्पीको प्रयोग गर्न ।
- सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान
- वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने खाद्यान्न, सागसब्जी, फलफूल चिन्न कम्तिमा ३/३ वटा सम्मको नाम बताउन ।

- आयातित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादन (खानेकुराहरू) र आयातित कृषि उत्पादनको उपभोग गर्न ।
- आफून्दा ठूलालाई आदर, सम्मान गर्न, साइनो लगाएर बोल्न र आफू सरह र सानालाई माया गर्ने बानी व्यवहाको प्रस्तुत गर्न ।
- राम्रो (असल) बोली व्यवहार (सभ्य शब्द, साथीहरूसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि) बानी व्यवहार प्रस्तुत गर्न ।
- आफ्नो समाज, जाति, समुदाय र कुलघरानको भाषा, असल मूल्यमान्यता, संस्कार संस्कृति अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिवादन गर्न, साइनो लगाएर बोल्न ।
- वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा गरिने कृषि गतिविधिहरू (जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि) बताउन ।
- वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा गरिने पशुपालन सम्बन्धी गतिविधिहरू (जस्तैः कुखुरा–बाख्रा पाल्ने, गाईभैंसी पाल्ने, दूध दुहुने, दही, मोही, घिउ बनाउने आदि) र ती उत्पादनको उपयोग बताउन ।
- वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरू (कुनै ५ वटा) चिन्न र भन्न ।
- वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको मातृभाषा र आ-आफ्नो मातृभाषामा आफ्नो परिचय र घरपरिवारमा बोलिने कम्तिमा २० शब्दहरू र ५ वाक्यहरू बुझ्न र भन्न ।
- वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेषको सामाजिक संस्कार र संस्कृतिको बारेमा बताउन, आ-आफ्नो वेशभूषा चिन्न ।
- वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित स्थानीय खेलकुदहरू मध्ये ३ वटाको नाम बताउन र कम्तिमा एउटा खेल खेल्न ।
- वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीत र लोकनृत्यहरू मध्ये ३/३ वटाको नाम बताउन र कम्तिमा १/१ वटा लोकगीत गाउन र लोक नृत्य प्रदर्शन गर्न ।
- वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरू मध्ये कुनै २ वटाको नाम भन्न ।
- सबै जाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र समानताको व्यवहार गर्न ।
- अपाङ्गता (फरक क्षमता) भएका, असहाय, वृद्धवृद्धा अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरूप्रति राम्रो बोली व्यवहार र सहयोग गर्न ।
- वैतेश्वर गा.पा.को नाम र जम्मा वडाहरूको सङ्ख्या बताउन ।

### *२.८.२.कक्षा दुईको कक्षागत सिकाइ उपलब्धिहरु*

कक्षा दुईको वैतेश्वरको पहिचानः स्थानीय पेसा, व्यवसाय, संस्कृति र सम्पदाको सम्मान विषय अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्ः

- आफू बसिरहेको ठाउँ, गाउँ, वडा र जिल्लाको नाम बताउन ।
- आफ्नो सामान्य सरसफाइ आफैं गर्न, चर्पीको सही प्रयोग गर्ने विकास, दैनिक हातमुख धुन र रुमाल वा सफा कपडाले पुछन , र फोहोर, ढुङ्गामाटो आदि छोएपछि, विद्यालयबाट वा बाहिर गएर फर्केपछि र चर्पी प्रयोग गरेपछि साबुन पानीले हात-खुट्टा धुन ।
- सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान ।
- वैतेश्वर गा.पा.को विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने खाद्यान्न, सागसब्जी, फलफूलको ३/३ वटा सम्मको नाम बताउन, र चिन्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे भन्न ।
- आयातित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादन (खानेकुराहरू) र आयातित पोषणयुक्त कृषि उत्पादनको उपभोग गर्न ।
- आफू भन्दा ठूलालाई आदर, सम्मान गर्ने, साइनो लगाएर बोल्ने र आफू सरह र सानालाई माया गर्ने ।
- राम्रो (असल) बोली व्यवहार (सभ्य शब्द, साथीहरूसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि) बानीको प्रदर्शन गर्ने ।
- आफ्नो समाज, जाति, समुदाय र कुलघरानको भाषा, असल मूल्यमान्यता, संस्कार संस्कृति अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिवादन गर्न, साइनो लगाएर बोल्न र सत्कार गर्न ।
- आफ्नो घर वरिपरि गरिने कृषि गतिविधिहरू (जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि), सोको उत्पादन र स्थानीय जडीबुटी चिन्न, र कुनै ५ वटा कृषि उत्पादन र एउटा जडीबुटी बारे बताउन ।
- वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा गरिने पशुपालन सम्बन्धी गतिविधिहरू (जस्तैः कुखुरा–बाखा पाल्ने, गाईभैंसी पाल्ने, दूध दुहुने, दही, मोही, घिउ बनाउने आदि) बताउन र ती उत्पादनको उपयोग बारे भन्न ।
- वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँका मानिसहरूले गर्ने विभिन्न पेसा व्यवसायहरू मध्ये ५ वटाको नाम भन्न र चिन्न ।
- गा. पा. को आफू बसोबास गर्ने ठाउँमा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरू मध्ये ५ वटाको सिप तथा प्रविधिहरु चिन्न र भन्न सक्ने ।
- वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको मातृभाषा बताउने र आ–आफ्नो मातृभाषामा आफ्नो परिचय दिन सक्ने र घरपरिवारमा बोलिने कम्तिमा २० शब्दहरू र ५ वाक्यहरू भन्न र बुझ्न ।

- वैतेश्वरको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र सबैको साझा स्थानीय सामाजिक संस्कार र संस्कृतिको बारेमा ५ वटा वाक्यमा बताउन, आ-आफ्नो वेशभूषा चिन्न ।
- वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र साझा चाडपर्वहरू मध्ये ५ वटाको नाम बताउन ।
- वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा प्रचलित स्थानीय खेलकुदहरू मध्ये ३ वटाको नाम बताउन र कम्तिमा दुई वटा खेल खेल्न ।
- वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा प्रचलित लोकगीत र लोकनृत्यहरू मध्ये ४/४ वटाको नाम बताउन र कम्तिमा २/२ वटा लोकगीत गाउन र लोक नृत्य प्रदर्शन गर्न ।
- वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको वडामा प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरू मध्ये कुनै ३ वटाको नाम भन्न र एउटाको बारेमा ५ वाक्यमा बताउन ।
- सबै जाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी बीच समानताको व्यवहार गर्न ।
- अपाङ्गता (फरक क्षमता) भएका, असहाय, वृद्धवृद्धा अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरूप्रति राम्रो बोली व्यवहार र सहयोग गर्न ।

(प) वैतेश्वर गा. पा. घोषणा भएको साल, जम्मा वडाहरूको सङ्ख्या, साविक गा.वि.स. सङ्ख्या बताउन ।

### *२.८.३. कक्षा तिनको कक्षागत सिकाइ उपलब्धिहरु*

कक्षा तिनको वैतेश्वरको पहिचानः स्थानीय पेसा, व्यवसाय, संस्कृति र सम्पदाको सम्मान विषय अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

- आफू बसिरहेको गाउँठाउँ, गाउँ, वडा र जिल्लाको नाम बताउन र लेख्न ।
- आफ्नो सामान्य सरसफाइ आफैं गर्ने र चर्पीको प्रयोग गर्न ।
- सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान ।
- वैतेश्वर गा.पा.को विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने खाद्यान्न, सागसब्जी, फलफूलको ५/५ वटा सम्मको नाम बताउन, चिन्न र लेख्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे भन्न ।
- आयातित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको प्रयोगबाट हुने कुनै २ बेफाइदा बताउन र स्थानीय कृषि उत्पादन (खानेकुराहरू) र आयातित पोषणयुक्त कृषि उत्पादनको उपभोग गर्नुको कुनै २ फाइदा बताउन ।
- आफूभन्दा ठूलालाई आदर, सम्मान गर्ने, साइनो लगाएर बोल्ने र आफू सरह र सानालाई माया गर्ने ।
- राम्रो (असल) बोली व्यवहार प्रदर्शन गर्न (सभ्य शब्द, साथीहरूसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि) बानीको विकास गर्ने ।

- आफ्नो समाज, जाति, समुदाय र कुलघरानको भाषा, असल मूल्यमान्यता, संस्कार संस्कृति अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिवादन गर्न, साइनो लगाएर बोल्न र सत्कार गर्न ।
- आफ्नो घर छिमेक वरिपरि गरिने कृषि गतिविधिहरू (जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि) चिन्न, र यस बारे बताउन तथा कम्तिमा ५ वाक्य लेख्न ।
- वैतेश्वर गा. पा. मा भएका कुनै तीन वटा जडीबुटीहरु (जस्तै वनमारा, तितेपाती, मलायगिरि) को नाम र काम भन्न ।
- वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा गरिने पशुपालन सम्बन्धी गतिविधिहरू (जस्तैः कुखुरा-बाख्रा पाल्ने, गाईभैंसी पाल्ने, दूध दुहुने, दही, मोही, घिउ बनाउने आदि) बताउन र ती उत्पादनको उपयोग बारे भन्न र कम्तिमा १० वाक्यमा लेख्न ।
- वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँका मानिसहरूले गर्ने विभिन्न पेसा व्यवसायहरू मध्ये ५ वटाको नाम र कुनै एक पेसा व्यवसाय गर्ने तरिका भन्न र लेख्न ।
- वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरू मध्ये ५ वटाको सिप तथा प्रविधिहरु चिन्न र कुनै एकको बारेमा कम्तिमा ५ पाँच वाक्यमा लेख्न ।
- आफ्नो मातृभाषामा आफ्नो परिचय दिन सक्ने र घरपरिवारमा बोलिने कम्तिमा ५० शब्दहरू र १० वाक्यहरू भन्न र बुझ्न ।
- वैतेश्वरको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र सबैको साझा स्थानीय सामाजिक संस्कार र संस्कृतिको बारेमा १० वाक्यमा बताउन र कम्तिमा ५ वाक्यमा आ-आफ्नो वेशभूषाको महत्त्व बताउन।
- वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र साझा चाडपर्वहरू मध्ये ८ वटाको नाम बताउन र कुनै एकको महत्त्व बताउन।
- वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा प्रचलित स्थानीय खेलकुदहरू मध्ये ४ वटाको नाम बताउन र कम्तिमा तीन वटा खेल खेल्न ।
- वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा प्रचलित लोकगीत र लोकनृत्यहरू मध्ये ५/५ वटाको नाम बताउन र कम्तिमा ३ वटा लोकगीत गाउन र ३ लोक नृत्य प्रदर्शन गर्न।
- वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको वडामा प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरू मध्ये कुनै ५ वटाको नाम भन्न र दुई वटाको बारे कम्तिमा १० वाक्यमा भन्न ।
- जातजाति तथा समुदाय बीच कुनै भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी तथा समुदायमा एकआपसमा समानताको व्यवहार गर्न ।
- अपाङ्गता (फरक क्षमता) भएका, असहाय, वृद्धवृद्धा अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरू पहिचान गरी उनीहरुप्रति राम्रो बोली व्यवहार र सहयोग गर्न ।

- वैतेश्वर गा. पा.घोषणा भएको साल, जम्मा वडाहरूको सङ्ख्या, साविक  गा. वि. स. सङ्ख्या आदि बताउन ।

### *२.८.४. कक्षा चारको कक्षागत सिकाइ उपलब्धिहरु*

कक्षा चारको वैतेश्वरको पहिचानः स्थानीय पेसा, व्यवसाय, संस्कृति र सम्पदाको सम्मान विषय अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम  हुनेछन् :

- आफू बसिरहेको गाउँठाउँ, गाउँ, वडा, जिल्ला र प्रदेशको नाम लेख्न र कम्तिमा १० वाक्यमा वैतेश्वर गा. पा. को बारेमा बताउन ।
- आफ्नो सामान्य सरसफाइ आफैं गर्न, दैनिक हातमुख धुन र रुमाल वा सफा कपडाको प्रयोग गरी शरीर सुख्खा र सफा राख्न ।
- सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान ।
- वैतेश्वर गा.पा.को विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने  खाद्यान्न, सागसब्जी, फलफूलको ७/७ वटा सम्मको नाम बताउन, चिन्न, लेख्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे भन्न ।
- आयातित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको प्रयोगबाट हुने  कुनै ५ बेफाइदा बताउन र स्थानीय कृषि उत्पादन (खानेकुराहरू) र आयातित पोषणयुक्त कृषि उत्पादनको उपभोग गर्नुको कुनै ५ फाइदा बताउन ।
- आफू भन्दा ठूलालाई आदर, सम्मान गर्ने, साइनो लगाएर बोल्ने र आफू सरह र सानालाई माया गर्ने ।
- राम्रो (असल) बोली व्यवहार प्रदर्शन   गर्न (सभ्य शब्द, साथीहरूसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि) बानीको विकास गर्ने ।
- आफ्नो समाज, जाति, समुदाय र कुलघरानको भाषा, असल मूल्यमान्यता, संस्कार संस्कृति अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिवादन गर्न, साइनो लगाएर बोल्न र सत्कार गर्न ।
- वैतेश्वरमा गरिने कृषि गतिविधिहरू (जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि) बारे बताउन र कृषिउत्पादन तथा जडीबुटीहरूको सूची बनाउन ।
- वैतेश्वरमा गरिने पशुपालन सम्बन्धी गतिविधिहरू (जस्तैः कुखुरा-बाख्रा पाल्ने, गाईभैंसी पाल्ने, दही, मोही, घिउ बनाउने आदि) मध्ये कम्तिमा ८ वटाको बारेमा बताउन र यसको आवश्यकता र हेरचाह गर्ने सामान्य तरिका बारे छोटकरीमा भन्न ।
- वैतेश्वर गा. पा. मा भएका कुनै चारओटा जडीबुटी हरु (जस्तै वनमारा, तितेपाती, मलायगिरि,बोझो)
- वैतेश्वरका मानिसहरूले गर्ने विभिन्न पेसा व्यवसायहरू मध्ये ८ वटाको नाम भन्न र कुनै २ वटाको बारेमा छोटकरीमा बताउन ।
- वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा विगत र वर्तमानमा अपनाएका विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरू मध्ये १० वटा सिप तथा प्रविधिहरु चिन्न र कुनै २ को बारेमा कम्तिमा १० वाक्यमा लेख्न ।

- आफ्नो मातृभाषामा आफ्नो र घरपरिवारको परिचय दिन र घरपरिवारमा बोलिने कम्तिमा १०० शब्दहरू (१ देखि २० सम्मका अङ्क) र २० वाक्यहरू भन्न र बुझ्न ।
- वैतेश्वरमा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र सबैको साझा स्थानीय सामाजिक संस्कार र संस्कृतिको बारेमा बताउन, आ-आफ्नो वेशभूषा चिनी सोको महत्त्व बताउन ।
- वैतेश्वर गाउँपालिकामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र साझा चाडपर्वहरू मध्ये १० वटाको नाम बताउन र कुनै ३ ओटा चडपर्व मनाउने तरिका र तिनको महत्त्व बताउन।
- वैतेश्वर गा. पा. मा प्रचलित स्थानीय खेलकुदहरू मध्ये ८ वटाको नाम बताउन र कम्तिमा ४ वटा खेल खेल्न ।
- वैतेश्वर गा. पा. मा प्रचलित लोकगीत र लोकनृत्यहरू मध्ये कम्तिमा ६/६ वटाको नाम बताउन र कम्तिमा ४ वटा लोकगीत गाउन र सोको लोक नृत्य प्रदर्शन गर्न।
- वैतेश्वर गाउँपालिकामा प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरू मध्ये कुनै १० वटाको नाम भन्न र १/१ वटाको बारेमा कम्तिमा १० वाक्यमा वर्णन गर्न।
- जातजाति तथा समुदाय बीच कुनै भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी, समुदाय तथा समाजमा एकआपसमा समानताको व्यवहार गर्न ।
- अपाङ्गता (फरक क्षमता) भएका, असहाय, वृद्धवृद्धा अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरू पहिचान, उनीहरुलाई दैनिक जीवनमा आइपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न ।
- प्रदेश र जिल्ला घोषणा भएको साल र वैतेश्वर गा. पा.घोषणा भएको साल, महिना र गते भन्न र वैतेश्वर गा. पा. का जम्मा वडाहरूको सङ्ख्या, साविक गा. वि. स. सङ्ख्या बताउन ।
- जीवनोपयोगी ४ वटा सिप भन्न र कम्तिमा १ वटा अभ्यास गर्न
- आफ्नो वडामा सञ्चालित सहकारीको सामान्य परिचय बताउन ।

### *२.८.५. कक्षा पाँचको कक्षागत सिकाइ उपलब्धिहरु*

कक्षा पाँचको वैतेश्वरको पहिचानः स्थानीय पेसा, व्यवसाय, संस्कृति र सम्पदाको सम्मान विषय अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्:

- आफू बसिरहेको गाउँठाउँ, गाउँ, वडा, जिल्ला र प्रदेशको नाम लेख्न र कम्तिमा १०/१० वाक्यमा आफू बस्ने वडा र गा. पा. को बारेमा बताउन ।
- आफ्नो व्यक्तिगत सरसफाइ (हातमुख धुने, पोसाक धुने, घर तथा विद्यालय वरपर सफा राख्ने जस्ता कार्य) आफैं गर्न ।
- सफा र ताजा खानेकुरा खान, खानेकुरा सफा गरेर खान ।
- वैतेश्वर गा.पा.का विद्यार्थी बसोबास गर्ने क्षेत्रमा विभिन्न मौसममा उत्पादन हुने खाद्यान्न, सागसब्जी, फलफूलको नाम बताउन, चिन्न, लेख्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे भन्न ।

- आयातित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको प्रयोगबाट हुने बेफाइदाहरु बताउन र स्थानीय कृषि उत्पादन (खानेकुराहरू) र आयातित पोषणयुक्त कृषि उत्पादनको उपभोग गर्नुको फाइदाहरु बताउन ।
- आफून्दा ठूलालाई आदर, सम्मान गर्ने, साइनो लगाएर बोल्ने र आफू सरह र सानालाई माया गर्न र अरुलाई सिकाउन ।
- राम्रो (असल) बोली व्यवहार प्रदर्शन गर्न (सभ्य बोली, साथीहरूसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि) बानीको प्रस्तुति गर्न ।
- समाजमा आफ्नो सांस्कृतिक तथा धार्मिक परम्परा अनुसार बोलचाल तथा आदर सम्मान गरी बोल्न ।
- वैतेश्वरमा गरिने कृषि गतिविधिहरू (जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि) बारे बताउन र कृषिउत्पादनको सूची बनाई सो कार्य गर्ने तरिका बताउन ।
- वैतेश्वर गा. पा. मा गरिने पशुपालन सम्बन्धी गतिविधिहरू (जस्तैः कुखुरा-बाख्रा पाल्ने, गाईभैंसी पाल्ने, दही, मोही, घिउ बनाउने आदि) मध्ये कम्तिमा ८ वटाको बारेमा बताउन र कम्तिमा ३ वटाको आवश्यकता र हेरचाह गर्ने सामान्य तरिका बारे छोटकरीमा भन्न ।
- वैतेश्वर गा. पा. मा भएका कुनै पाँच वटा जडीबुटीहरु (जस्तै वनमारा, तितेपाती, मलायगिरि, बोझो, ठुलो आख्ता) को उपयोगिता बताउन र संरक्षण गर्न वा गराउन अभिभावकलाई सघाउन ।
- वैतेश्वर गा. पा. का मानिसहरूले गर्ने विभिन्न पेसा व्यवसायहरू मध्ये १० वटाको नाम भन्न र कुनै ३ वटाको लागि आवश्यक पर्ने ज्ञान सिपको बारेमा छोटकरीमा बताउन ।
- वैतेश्वर गा. पा. मा विगत र वर्तमानमा अपनाएका विभिन्न किसिमका स्थानीय सिप तथा प्रविधिहरू मध्ये १० वटा सिप तथा प्रविधिहरु चिन्न र त्यसको बारेमा कम्तिमा २० वाक्यमा लेख्न ।
- आफ्नो मातृभाषामा आफ्नो र घरपरिवारको परिचय दिन र घरपरिवारमा बोलिने कम्तिमा २०० शब्दहरू प्रयग गरी वाक्यहरु बनाउन र १ देखि ५० सम्मका अङ्क प्रयोग गरी वाक्यहरु बनाउन ।
- वैतेश्वरमा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेषका स्थानीय सामाजिक संस्कार र संस्कृतिको बारेमा बताउन, आ-आफ्नो वेशभूषा चिनी चाडपर्व वा संस्कारको महत्त्व बताउन
- वैतेश्वर गाउँपालिकामा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुले मनाउने साझा चाडपर्वहरूको सूची बनाई कुनै दुईको मनाउने तरिका र महत्त्व बताउन।
- वैतेश्वर गा. पा. मा प्रचलित खेलकुदहरूको सूची बनाई कम्तिमा ५ वटा खेल खेल्न ।
- वैतेश्वर गा. पा. मा प्रचलित खेलकुदहरूको महत्त्व बताउन।
- वैतेश्वर गा. पा. मा प्रचलित लोकगीत र लोकनृत्यहरू मध्ये कम्तिमा ७/७ वटाको नाम बताउन र कम्तिमा ५ वटा लोकगीत गाउन र सोको लोक नृत्य प्रदर्शन गर्न।
- वैतेश्वर गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको छुट्टा-छुट्टै सूची बनाई १/१ वटाको संक्षिप्त परिचय दिन ।

- जातजाति तथा समुदाय बीच कुनै भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी, समुदाय तथा समाजमा एकापसमा समानताको व्यवहार गर्न ।
- अपाङ्गता (फरक क्षमता) भएका, असहाय, वृद्धवृद्धा अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरू पहिचान, उनीहरुलाई दैनिक जीवनमा आईपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न ।
- नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा भएको मिति र हालको वैतेश्वर गा.पा.को घोषणा भएको साल, जम्मा वडा सङ्ख्या, साविक गा. वि. स. हरूको नाम बताउन
- जीवनोपयोगी ५ वटा सिप भन्न र कम्तिमा २ वटा अभ्यास गर्न
- सहकारीमा सदस्यता प्राप्तिका आधारहरु बताउन, सहकारीको परिभाषा दिन, परिवारको सदस्य रहेको सहकारीको नाम भन्न, उक्त सहकारीको स्थापना, सञ्चालक समितिको नाम र सदस्यलाई दिएको कुनै ४ सेवा भन्न ।

### *२.८.६. कक्षा छको कक्षागत सिकाइ उपलब्धिहरु*

कक्षा छको वैतेश्वरको पहिचानः स्थानीय पेसा, व्यवसाय, संस्कृति र सम्पदाको सम्मान विषय अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

- आफ्नो गाउँटोल र वैतेश्वर गा.पा.को परिचय दिन ।
- आफ्नो व्यक्तिगत सरसफाइ (जस्तैः आफ्नो शारीरिक सरसफाइ, आफ्नो पोसाक र अन्य लुगा कपडा धुने, इस्त्री गर्ने, मिलाए राख्ने, आफ्नो सामानहरू यथास्थानमा मिलाएर राख्ने जस्ता कार्य) आफैं गर्न र घरपरिवारको सरसफाइमा सहयोग गर्न र घर, विद्यालय, बाटो र सार्वजनिक स्थलमा तोकिएको ठाउँमा फोहोर राख्ने (फ्याल्ने) बानी प्रदर्शन गर्न ।
- सफा खानेकुरा खाने तथा सफा पानी पिउने र खाना सफा गरेर खाने बानी प्रदर्शन गर्न ।
- वैतेश्वरमा उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी, फलफूलको ५/५ वटा सम्मको नाम बताउन, चिन्न र त्यसको उपभोगबाट व्यक्तिको पोषणमा हुने सुधार बारे बताउन ।
- आयातित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादन (खानेकुराहरू) र आयातित कृषि उत्पादनको उपभोग गर्ने बानी विकास (पोषण सुधार) गर्न ।
- असल, सभ्य र नैतिकवान बानी जस्तै सभ्य र सुसंस्कृत बोलीव्यहार अभिवादन, स्वागत, आतिथ्यता सत्कार, सम्मान, मिलनसारिता, सहयोगीपन, दयामाया, असल चालचालनहरू व्यवहारको प्रदर्शन गर्न ।
- वैतेश्वर गा. पा. मा गरिने कृषि गतिविधिहरू (जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि) बारे बताउन र कृषि उत्पादनहरूको सूची बनाउन र कुनै एक व्यावसायिक अन्नबाली वा तरकारी खेतीमा सहयोगीको भूमिका निर्वाह गर्न ।
- वैतेश्वर गा. पा. मा गरिने पशुपालन सम्बन्धी गतिविधिहरू बारे बताउन र कुनै एक किसिमको पशुपंक्षी पालनको अभ्यासमा सहायक भूमिका निर्वाह गर्न ।

- वैतेश्वर गा. पा. मा भएका कुनै छ वटा जडीबुटीहरु (जस्तै वनमारा, तितेपाती, मलायगिरि, बोझो, ठुलो आख्ता, दुबो) को उपयोग बताउन र संरक्षण गर्न वा गराउन अभिभावकलाई सघाउन ।
- वैतेश्वर गा. पा. का मानिसहरूले गर्ने विभिन्न पेसा व्यवसायहरू मध्ये १० वटाको नाम भन्न र कुनै ४ वटाको लागि आवश्यक पर्ने ज्ञान सिपको बारेमा बताउन ।
- वैतेश्वर गा. पा. मा गरिने प्रमुख उद्यम व्यवसायहरुलाई शारीरिक, मानसिक वा दुवै श्रमको आवश्यकता पर्ने गरी तीन समूहमा विभाजन गर्न ।
- वैतेश्वर गा. पा. मा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमका स्थानीय सिप तथा प्रविधिहरू मध्ये १० वटाका सिप तथा प्रविधिहरुको सामान्य परिचय दिन र कुनै एक सिप तथा प्रविधि तयार पार्न वा सोको लागि सहयोग गर्न ।
- वैतेश्वरमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको मातृभाषा, मौलिक संस्कृति र सामाजिक संस्कारहरूको सूची बनाई आ-आफ्नो भाषा संस्कृतिको महत्त्व बताउन ।
- वैतेश्वरमा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेषका सामाजिक संस्कार र संस्कृति मध्ये कुनै ३ सामाजिक संस्कार र संस्कृतिको मनाउने तरिका बताउन र ती चाडपर्व पर्ने महिना/तिथि बताउन ।
- वैतेश्वर गाउँपालिकामा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुले मनाउने साझा चाडपर्वहरूको सूची बनाई कुनै ३ को मनाउने तरिका र महत्त्व बताउन।
- वैतेश्वर गा. पा. मा प्रचलित खेलकुदहरूको सूची बनाई कुनै ६ वटा खेलका नियमहरु भनी ती खेलहरु खेल्न।
- वैतेश्वर गा. पा. मा प्रचलित खेलकुदहरूको शारीरिक, सामाजिक तथा मनोवैज्ञानिक महत्त्व बताउन।
- वैतेश्वर गा. पा. मा प्रचलित लोकगीत र लोकनृत्यहरुको नाम बताउन र कम्तिमा ५ वटा लोकगीत गाउन र ५ वटा लोकनृत्य प्रदर्शन गर्न।
- वैतेश्वर गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक स्थलहरूको छुट्टा-छुट्टै सूची बानाई २/२ वटाको संक्षिप्त परिचय दिन ।
- वैतेश्वर गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको सामाजिक, सांस्कृतिक तथा आर्थिक महत्त्व बारे भन्न ।
- जातजाति तथा समुदाय बीच कुनै भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी, समुदाय तथा समाजमा एकापसमा समानता र समावेशीताको मर्म अनुरुप व्यवहार गर्न ।
- अपाङ्गता (फरक क्षमता) भएका, असहाय, वृद्धवृद्धा अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरू पहिचान गरी उनीहरुलाई दैनिक जीवनमा आईपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न ।
- वैतेश्वर गा. पा. का विभिन्न शाखाहरुको नाम र १/१ वटा काम बताउन ।
- जीवनोपयोगी ५ वटा सिप भन्न र कम्तिमा ३ वटा अभ्यास गर्न

- सहकारीको साधारण सभाको महत्त्व बताउन, परिवारको सदस्य रहेको सहकारीको नाम भन्न, उक्त सहकारीको स्थापना, सञ्चालक समितिका पदाधिकारी तथा सहकारीका सदस्यहरुको नाम र सदस्यलाई दिएको कुनै २ सेवा भन्न ।

### *२.८.७.कक्षा सातको कक्षागत सिकाइ उपलब्धिहरु*

वैतेश्वरको पहिचानः स्थानीय पेसा, व्यवसाय, संस्कृति र सम्पदाको सम्मान विषय अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्:

(क) आफ्नो गाउँटोल र वैतेश्वर गा. पा. को भौगिलिक अवस्था, सामाजिक, सांस्कृतिक, आर्थिक, स्थानीय प्राकृतिक स्रोतसाधन, कलासाहित्य आदि विषयलाई समेटेर परिचय दिन ।

(ख) आफ्नो व्यक्तिगत सरसफइ आफैं गर्न, घरपरिवारको सरसफइमा सहयोग गर्न र घर, विद्यालय, बाटो र सार्वजनिक स्थलको सरसफइमा सहयोग गर्न ।

(ग) सफा र ताजा खानेकुरा खान र सफा पानी मात्र पिउन ।

(घ) वैतेश्वरमा उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी, फलफूलको ५/५ वटा नाम भन्न र त्यसको उपभोगबाट व्यक्तिको पोषणमा हुने सुधार बताउन ।

(ङ) आयातित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादन (खानेकुराहरू) र स्थानिय कृषि उत्पादनको उपभोग गर्न र सोको बारेमा समुदायमा सचेतना फैलाउन ।

(च) घरपरिवार, समुदाय, समाज, विद्यालय आदि ठाउँमा असल, सभ्य र नैतिकवान् बानी व्यवहार प्रदर्शन गर्न ।

(छ) वैतेश्वर गा. पा. मा गरिने कृषि गतिबिधिहरू र कृषि उत्पादनहरूको सूची बनाई कुनै दुई व्यावसायिक अन्नबाली वा तरकारी खेतीमा सहयोगीको भूमिका निर्वाह गर्न ।

(ज) वैतेश्वर गा. पा. मा गरिने पशुपालन सम्बन्धी गतिबिधिहरू बारे बताउन र कुनै दुई किसिमको पशुपंक्षी पालनको अभ्यासमा सहायक भूमिका निर्वाह गर्न ।

(झ) वैतेश्वर गा. पा. मा भएका कुनै सातवटा जडीबुटीहरु (जस्तै वनमारा, तितेपाती, मलयगिरि, बोझो, ठुलो आख्ता, दुबो) को उपयोग बताउन र संरक्षण गर्न वा गराउन अभिभावकलाई सघाउन ।

(ञ) वैतेश्वर गा. पा. का मानिसहरूले गर्ने कुनै ५ वटा पेसा व्यवसायहरुका लागि आवश्यक पर्ने ज्ञान सिप र सोबाट प्रदान गरिने उत्पादन र सेवाको बारेमा बताउन ।

(ट) वैतेश्वर गा. पा. मा गरिने प्रमुख उद्यम व्यवसायहरु मध्ये शारीरिक, मानसिक वा दुबै श्रमको आवश्यकता पर्ने कुनै एक-एक उद्यम व्यवसायको बारेमा बताई उपभोक्ता समितिको सङ्गठन प्रक्रिया सहित परिचय दिन ।

(ठ) वैतेश्वर गा. पा. मा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरू मध्ये १० वटा सिप तथा प्रविधिहरुको सामान्य परिचय दिई कुनै दुई सिप तयार पार्न वा सोको लागि सहयोग गर्न ।

(ड) वैतेश्वरमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको मातृभाषा, मौलिक संस्कृति र सामाजिक संस्कारहरूको सूची बनाई कुनै २ वटाको बारेमा विस्तृत रुपमा बताउन ।

(ढ) वैतेश्वरमा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेषका सामाजिक संस्कार र संस्कृति मध्ये कुनै ४ वटा मनाउने तरिका बताउन र सो चाडपर्व पर्ने महिना/तिथि बताउन ।

(ण) वैतेश्वर गाउँपालिकामा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुले मनाउने साझा चाडपर्वहरूको सूची बनाई कुनै ४ को मनाउने तरिका र महत्त्व बताउन।

(त) वैतेश्वर गा. पा. मा प्रचलित स्थानीय तथा आयातित खेलकुदहरूको सूची बनाई कुनै ६ वटा स्थानीय र कुनै १ आयातित खेल खेल्न र तिनीहरुको नियम बताउन खेल्न ।

(थ) खेलकुदको शारीरिक, सामाजिक तथा मनोवैज्ञानिक महत्त्व बताउन।

(द) वैतेश्वर गा. पा. मा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये कम्तिमा ५/५ वटा लोकगीत गाउन, लोक नृत्य गर्न र लोकगीत तथा लोकनृत्यको सामाजिक, संस्कृतिक र पर्यटकीय महत्त्व बताउन ।

(ध) वैतेश्वर गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक स्थलहरूको छुट्टा-छुट्टै सूची बानाई ३/३ वटाको संक्षिप्त परिचय दिन ।

(न) वैतेश्वर गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको सामाजिक, संस्कृतिक तथा आर्थिक महत्त्व बारे उदाहरण सहित भन्न ।

(ऩ) सबै जाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र समानताको व्यवहार गर्न ।

(प) अपाङ्गता (फरक क्षमता) भएका, असहाय, वृद्धवृद्ध अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरू पहिचान गरी, उनीहरुलाई दैनिक जीवनमा आईपरेका समस्याहरुको पहिचान गरी र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न ।

(फ) वैतेश्वर गा. पा. का विभिन्न शाखाहरुको नाम र २/२ वटा काम बताउन ।

(ब) जीवनोपयोगी ५ वटा सिप भन्न र कम्तिमा ४ वटा अभ्यास गर्न

(भ) सहकारीको परिभाषा दिई आफ्नो परिवारका सदस्य रहेका सहकारीको नाम भन्न र सहकारी सञ्चालनका कुनै ५ वटा मपदण्ड बताउन ।

**२.८.८.कक्षा आठको कक्षागत सिकाइ उपलब्धिहरु**

**कक्षा आठको वैतेश्वरको पहिचानः स्थानीय पेसा, व्यवसाय, संस्कृति र सम्पदाको सम्मान विषय अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :**

(क) वैतेश्वर गा.पा. को भौगोलिक, जनसाङख्यिकी, सामाजिक, आर्थिक र राजनैतिक व्यवस्थाबारे बताउन ।

(ख) आफ्नो व्यक्तिगत शारीरिक सरसफाइ गर्न र घरपरिवारको सरसफाइ गर्न र घर, विद्यालय, बाटो र सार्वजनिक स्थलको सरसफाइमा भाग लिन ।

(ग) स्वास्थ्य समस्याको रोकथाम सम्बन्धी बानी व्यवहार प्रस्तुत गर्न ।

(घ) वैतेश्वरमा उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी, फलफूलको सूची तयार पारी त्यसको उपयोगिता बारे बताउन ।

(ङ) असल, सभ्य र नैतिकवान बानी व्यवहारको प्रस्तुति गर्न ।

(च) वैतेश्वर गा. पा. मा *गरिने* कृषि गतिविधिहरू र कृषि उत्पादनहरूको सूची बनाउन र कुनै तीन व्यावसायिक अन्नबाली वा तरकारी खेतीमा सहयोगीको भूमिका निर्वाह गर्न ।

(छ) वैतेश्वर गा. पा. मा *गरिने* पशुपालन सम्बन्धी गतिविधिहरू बारे बताउन र यसको कुनै तीन किसिमको पशुपंक्षी पालनको अभ्यासमा सहायक भूमिका निर्वाह गर्न ।

(ज) वैतेश्वर गा. पा. मा भएका कुनै आठ वटा जडीबुटीहरु (जस्तै वनमारा, तितेपाती, मलायगीरी, बोझो, ठुलो आख्ता, दुबो र चिराईतो लोक्ता) को उपयोग बताउन र संरक्षण गर्न वा गराउन अभिभावकलाई सघाउन ।

(झ) वैतेश्वर गा. पा. का मानिसहरूले गर्ने विभिन्न पेसा व्यवसायहरू मध्ये कुनै ६ वटाको लागि आवश्यक पर्ने ज्ञान सिप र सोबाट *गरिने* उत्पादन वा प्रदान *गरिने* सेवाको बारेमा बताउन ।

(ञ) वैतेश्वर गा. पा. मा *गरिने* प्रमुख उद्यम व्यवसायहरु मध्ये शारीरिक, मानसिक वा *दुबै* श्रमको आवश्यकता पर्ने कुनै दुई-दुई उद्यम व्यवसायको बारेमा भन्न ।

(ट) उपभोक्ता समितिको आवश्यकताको पहिचान, बैठक सञ्चालन प्रक्रिया तथा *महत्त्व* बताउन

(ठ) वैतेश्वर गा. पा. मा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरू मध्ये १० वटा सिप तथा प्रविधिहरुको सामान्य परिचय दिन र कुनै ३ वटा तयार पार्न वा *सोको* लागि सहयोग गर्न ।

(ड) वैतेश्वरमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको मातृभाषा, मौलिक संस्कृति र सामाजिक संस्कारहरूको सूची बनाई कुनै ३ वटाको बारेमा विस्तृत रुपमा बताउन ।

(ढ) वैतेश्वरमा बसोबास गर्ने विभिन्न *जाति, जनजाति* विशेषका सामाजिक संस्कार र संस्कृति मध्ये कुनै ५ को मनाउने तरिका बताउन, सो चाडपर्व पर्ने महिना/तिथि बताउन ।

(ण) वैतेश्वर गाउँपालिकामा बसोबास गर्ने विभिन्न *जाति, जनजातिह*रुले मनाउने साझा चाडपर्वहरूको सूची बनाई कुनै ५ को मनाउने तरिका र *महत्त्व* बताउन।

(त) वैतेश्वर गा. पा. मा प्रचलित स्थानीय तथा आयातित खेलकुदहरूको सूची बनाई कुनै ७ वटा स्थानीय र कुनै २ आयातित खेल खेल्न र तिनीहरुको नियम बताउन खेल्न ।

(थ) खेलकुदको *शारीरिक*, सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक *महत्त्व* बताउन।

(द) वैतेश्वर गा. पा. मा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये कम्तिमा ५/५ वटा लोकगीत गाउन र लोक नृत्य प्रर्दशन गर्न र लोकगीत तथा लोकनृत्यको सामाजिक, *सांस्कृतिक* र पर्यटकीय *महत्त्व* बताउन ।

(ध) वैतेश्वर गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, ऐतिहासिक तथा *सांस्कृतिक* स्थलहरूको छुट्टा-छुट्टै सूची बानाई ४/४ वटाको संक्षिप्त परिचय बताउन र लेख्न ।

(न) वैतेश्वर गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, *सांस्कृतिक,* ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको सामाजिक, *सांस्कृतिक* तथा आर्थिक *महत्त्व* बारे उदाहरण सहित भन्न ।

(ऩ) सबै जाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव, छुवाछुत गर्नु *हुँदैन* भन्ने समाज/समुदायमा सचेतना जगाउन र समानता तथा समावेशीताको मर्म अनुरुप व्यवहार प्रदर्शन

(प) अपाङ्गता हुने कारणहरु बताउन र अपाङ्गता (फरक क्षमता) भएका व्यक्तिको प्रकार र उनीहरुलाई पर्ने आवश्यकता बारे आफ्नो समुदाय/समाजमा सचेतनामूलक कार्यक्रम गर्न ।

(फ) असहाय, *वृद्धवृद्धा* अन्य विशेष सहयोग आवश्यक पर्ने दैनिक जीवनमा आइपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न ।

(ब) लोकतन्त्र (गणतन्त्र) र संघीयताको अर्थ र नेपालमा यसको आवश्यकता बारे बताउन ।

(भ) *जीवनोपयोगी* ६ वटा सिप भन्न र कम्तिमा ५ वटा अभ्यास गर्न

(म) सहकारीको आवश्यकता र सञ्चालक समितिको काम, कर्तव्य र अधिकार बताउन ।

## २.९.पाठ्यक्रमको क्षेत्र तथा क्रम र विस्तृतीकरण (Scope, Sequence and Specifications)

यस पाठ्यक्रमको क्षेत्रमा कक्षागत उद्देश्य हासिल गर्नको लागि विषयगत क्षेत्र तथा उपक्षेत्र, सिकाइ उपलब्धि, विस्तृत विषयवस्तु, सम्भावित शिक्षण सिकाइ विधि तथा क्रियाकलाप, शैक्षिक सामग्रीहरू, मूल्याङ्कन विधि तथा प्रक्रिया र पाठ्यभार निर्धारण गरिएको छ । विद्यार्थीको उमेर, सिकाइ क्षमता, बाल मनोविज्ञान, विषयवस्तु, विद्यमान मूल्याङ्कन (परीक्षा) प्रणालीको समानता एवं राष्ट्रिय पाठ्यक्रम प्रारुपले र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन सम्बन्धी मार्गदर्शनले गरेका व्यवस्थाहरूलाई मध्यनजर गरेर यस वैतेश्वरको पहिचानः स्थानीय पेसा, व्यवसाय, संस्कृति र सम्पदाको सम्मान विषयको स्थानीय पाठ्यक्रमको ढाँचालाई जम्मा ३ वटा तह वा स्तरमा विभाजन गरी तयार गरिएको छः (१) कक्षा १ देखि ३ सम्मको लागि, (२) कक्षा ४ र ५ को लागि, (३) कक्षा ६ देखि ८ को लागि र एक भन्दा बढि कक्षाका लागि एकै स्तरको पाठ्यक्रम ढाँचामा उल्लेख (तयार) गरिएको भए तापनि माथिल्लो कक्षामा विषयवस्तुहरूलाई क्रमशः "सामान्यबाट विशिष्टिकृत" र "सूक्ष्मबाट एवं वृहत" बनाउँदै लगिएको छ । तसर्थः सोही अनुसार उपयुक्त र बढि प्रभावकारी शिक्षण-सिकाइ विधिको प्रयोग बालबालिकाहरूलाई उनीहरूको रुची र क्षमताअनुरुप सिकाउँदै लैजानु पर्नेछ । त्यसैगरी सिकाइ उपलब्धि मापन (मूल्याङ्कन) विधि पनि व्यवहारिक हुने गरी प्रयोगात्मक विधिलाई अझ बढि नतिजामुखी सिकाइ मापन गर्न सकिने तरिकाहरू अपनाउनु पर्नेछ ।

### २.९.१. कक्षा १ को पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण

तालिका ५: कक्षा १ को पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण (Scope, Sequence and Specifications)

| क्षेत्र | सिकाइ उपलब्धि | विस्तृतीकरण तथा विषयवस्तु | शिक्षण सिकाइ विधि तथा क्रियाकलाप | शैक्षिक सामग्रीहरू | मूल्याङ्कन प्रक्रिया | पाठ्य भार |
|---|---|---|---|---|---|---|
| १ स्थानीय तहको परिचय | आफू बसिरहेको गाउँठाउँ, गाउँपालिका र वडा नं. को नाम बताउन । | • विद्यार्थीले आफू बसोबास गर्ने गाउँ, टोलको नाम आफू बसोबास गर्ने वडा नं., गाउँपालिका र जिल्लाको नाम, आफू पढ्ने विद्यालयको नाम र ठेगाना (स्थान) | • सबै विद्यार्थीलाई पालैपालो को कहाँ बस्छन् सोध्ने र आएको उत्तरलाई सेतोपाटीमा टिप्दै जाने ।<br>• वैतेश्वर गा.पा.को ८ वडाहरू छुट्याएको नक्सा देखाई उनीहरूको घर र विद्यालय भएको वडा देखाउने ।<br>• आफू बस्दै आएको गाँउको नाम वैतेश्वर गाउँपालिका भनी भन्न, चिन्न र लेख्न लगाउँने ।<br>• विद्यालय वरपरको ठाउँहरू घुमाउन लाने (अध्ययन भ्रमण) र त्यसको बारेमा बताइदिने र कस्तो लाग्यो, त्यहाँ के–के देख्नु भयो, तपाईंको घर, टोल, गाउँमा छ कि छैन भनेर सोध्ने, छलफल गर्ने ।<br>• भ्रमण गरेको ठाउँको चित्र बनाएर दिने र त्यसमा नाम लेख्न र रङ भर्न लगाउँने ।<br>• वैतेश्वरको विभिन्न ठाउँको भिडियो क्लिप्स, फोटो आदि देखाई छलफल गर्ने ।<br>• विद्यार्थीको घर रहेको वडा नं. मा विद्यार्थीको घरको चित्र बनाएर रङ भर्ने र गा.पा. र आफनो गाउँको नाम लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउँने । | • सिमाना तथा वडा छुट्टिएको वैतेश्वर गा.पा.को नक्सा<br>• भिडियो क्लिप<br>• मोबाइल फोटो<br>• हातले बनाएको वडा छुट्टिने वैतेश्वर गा.पा. को नक्सा<br>• घर, गाउँको सङ्केत जनाउने रङ्गीन कागजको टुक्राहरू | • विद्यार्थीको गाउँ, गा.पा. र वडा नं. सोध्ने वा लेख्न लगाउँने ।<br>• वैतेश्वर गा. पा. को नक्सा आफू बसेको वडा नं. देखाउन लगाउँने<br>• आफ्नो गाउँ, विद्यालयको चित्र बनाई नाम लेख्न र रङ भर्न लगाउँने<br>• गा.पा.को नक्सा भित्र आफ्नो घर भएको ठाउँमा चिनो लगाइ रङ भर्न लगाउँने<br>• कक्षामा गरिएको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. स्वास्थ्य सरसफाइ | २.१ आफ्नो सामान्य सरसफाइ आफैं गर्न र चर्पीको प्रयोग गर्न । | • दैनिक हातमुख धुने सफा रुमाल वा कपडा<br>• सही तरिकाले हात धुने ६ चरण<br>• फोहोर, ढुङ्गामाटो आदि छोएपछि, विद्यालयबाट वा बाहिर गएर फर्केपछि र चर्पी प्रयोग गरेपछि साबुन पानीले हात-खुट्टा धुने तरिका | • साबुन पानीले हात धोएको चित्र/पोस्टर देखाएर छलफल गर्ने र त्यहाँ देखाए अनुसार हात धुने तरिका बताउँदै अभ्यास गराउने ।<br>• चर्पी प्रयोग गरेपछि साबुन–पानीले र अरु बेला सफा पानीले मात्र हात–खुट्टा, मुख धुने सही तरिका प्रदर्शन गर्दै सँगसँगै अभ्यास गर्न लगाउँने (रमाइलोको लागि १,२,३ ... ४,५,६ ..... ७,८,९, ... गन्दै हात धुन सिकाउने) केही दिन यो अभ्यास विद्यालयमा गराउने र घरमा पनि अनिवार्य गर्न भन्ने ।<br>• हात धोएपछि सफा कपडाले हात, मुख पुछन सिकाउने<br>• चप्पल र जुत्ताको प्रयोग कहाँ गर्ने, कहाँ नगर्ने भनी विद्यार्थीसँग कुरा गर्ने र कहाँ जुत्ताचप्पल लगाउँनु ठीक हो (?), कहाँ लगाउँनु बेठीक हो (?) भनी बताउने ।<br>• अभिभावकहरूलाई समेत यसबारे जानकारी गराई बालबालिकालाई घरमा बानी लगाउन अनुरोध गर्ने ।<br>• सफा र मैलो कपडा, सफा र मैलो झोला र अन्य सफा र मैलो वा फोहारे सामानहरू देखाएर कुन सफा र कुन फोहोर हो भनी छुट्टाउन लगाउँने । सफा र फोहोर वा मैला चिन्न सिकाउने र कसरी फोहोर भएको होला, अब के गर्यो भने फोहोर हुँदैन, कसरी कसले सफा गर्ने होला भनी प्रश्नोत्तर गरेर सफा र फोहोरको अर्थ बुझाउने र सधैं सफा रहने बारे बताउने । चित्र वा तस्वीर देखाएर पनि छलफल गर्न सकिन्छ ।<br>• साबुन-पानीले हात-खुट्टा र मुख धोएर प्रदर्शन गर्न लगाउँने । | • साबुन पानीले हात धोएको चित्र/पोस्टर<br>• सफा पानी<br>• साबुन वा खरानी<br>• हात पुछने तौलिया वा सफा कपडा<br>• स्थानीय सामानले बनेको जुत्ता, चप्पल राख्ने र्‍याक<br>• सफा र मैलो कपडा, व्याग र अन्य सामान | • सही तरिकाले साबुन पानीले हात–खुट्टा धुन जान्यो वा जानेर अभ्यास गर्न लगाएर हेर्ने ।<br>• चर्पीको प्रयोगपछि, खाना खानुअघि र खाइसकेपछि सधैं हात धुने बानी भयो कि भएन अभिभावसँग सोध्ने ।<br>• सफा र फोहोर कुरा वा चित्र देखाएर छुट्टाउन लगाउँने ।<br>• विद्यालयमा विद्यार्थीको व्यक्तिगत र बाहिरी सरसफाइ सम्बन्धी क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २.२ सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान | • खाना खानुभन्दा अघि र खाइसके पछि हात धुने बानी<br>• सफा र मैलो वा फोहोर कुराहरू बीच फरक<br>• सफा खानेकुरा खाने बानी, सफा पानी मात्र पिउने बानी<br>• भूँइमा झरेका र फोहोर लागेका खानेकुरा नखाने बानी<br>• फलफूल जस्ता आफैंले धोएर खाने सक्ने खानेकुराहरू धुएर खाने बानी<br>• बासी, सडेगलेका, झिँगा भन्केका, गनाएका, | • सफा खानेकुरा र फोहोर खानेकुराको चित्र वा पोस्टर देखाएर बताउने ।<br>• सफा र ताजा खानेकुरा खाँदा र फोहोर, सडेगलेका खानेकुरा खाँदा के हुन्छ भनेर बताउने र सफा र ताजा खानेकुरा मात्र खान प्रोत्साहित गर्ने ।<br>• फलफूल किन धोएर खानुपर्छ भनी बुझाउन एउटा फलफूलको दाना ल्याएर त्यसमा धुलो, फोहोर लागेको देखाउने । त्यस्तो खाएमा पेट दुःखे विरामी हुने बताउने । त्यो फललाई धुने तरिका सिकाउने र धोएको फल पुनः विद्यार्थीलाई देखाउने ।<br>• दाल, भात, दूध जस्ता पकाएका खानेकुराहरू कसरी छोपेर राखे, नछोपे कसरी झिँगा रख अन्य फोहोर पर्छ भनेर भान्साको अवलोकन गराएर बुझाउने । | • सफा खाने कुरा र फोहोर खानेकुराको चित्र वा पोस्टर<br>• वास्तविक फलफूल<br>• खानेकुरा छोपेर राखेको र नछोपी राख्दा फोहोर, झिँगा परेको वास्तविक भान्सा वा पोस्टर वा श्रव्य, दृश्य सामग्री | • सफा खानेकुरा मात्र खाने बानी भयो कि भएन, फलफूल र अन्य खानेकुराहरू पानीले पखालेर वा सफा कपडाले पुछेर खान्छ कि खाँदैन भनेर निरीक्षण गर्ने, अभिभावकसँग सोध्ने ।<br>• आफ्नो घरको भान्साको सरसफाइको बारेमा कस्तो प्रतिक्रिया जनाउनछ भनेर अभिभावकसँग सोध्ने ।<br>• विद्यालयमा हुँदा विद्यार्थीले खाने खाजा वा खानेकुरा सफा गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विग्रेका खानेकुराको असर | | | आनीबानीको आधारमा मूल्याङ्कन गर्ने । | |
| ३. खाद्यान्न तथा पोषण | ३.१ वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने खाद्यान्न, सागसब्जी, फलफूल चिन्न कम्तिमा ३/३ वटा सम्मको नाम बताउन । | • वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा हुने खाद्यान्न (अन्नबाली, दलहन, तरकारीहरू) जस्तैः धान, मकै, गहुँ, कोदो, दाल, साग, काउली, आलु, बन्दा, फर्सी, लसुन, प्याज, आदि<br>• स्थानीय कृषि उपजबाट बनेका विभिन्न खानेकुराहरू (खानाका परिकार) जस्तैः दाल, भात, दाल, साग, गेडागुडी, | • विद्यार्थीहरूलाई आज के खानेकुरा खाएर विद्यालय आउनुभयो ? भनी सोध्ने ती खानेकुरा के बाट बनाएको (जस्तै चामल बाट भात) भनी सोध्ने र उदाहरण दिँदै स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न हरू बारे परिचित गराउने ।<br>• आ-आफ्नो घरबाट आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्न हरूको केही नमूना ल्याउन लगाउँने र त्यो के हो ?भन्न, लेख्न र त्यसबारे केही बताउन लगाउँने ।<br>• यस्ता स्थानीय खाद्यान्न , तरकारी, फलफूलको नमूनाहरू कक्षामा डोरी टाँगी नाम लेखेर झुण्ड्याउने र हरेकको बारेमा बताउने ।<br>• विद्यार्थीलाई आफूलाई मन पर्ने फलफूलको नाम भन्न लगाउँने र सो फलफूलको चित्र बनाउने र नाम लेख्न सिकाउने ।<br>• कहिले काँही आफ्नो खेतबारीमा फलेको फलफूल विद्यालयमा खाजाको रुपमा ल्याउन लगाउँने र अभिभावकहरूलाई समेत यस बारे प्रोत्साहित गर्ने ।<br>• स्थानीय फलफूलको चित्रमा रङ भर्न र चिनेर नाम लेखेर वा चित्र जोडा मिलाएर प्रस्तुत गर्न लगाउँने । | • वैतेश्वरमा हुने उत्पादन हुने विभिन्न खाद्यान्न, तरकारी तथा फलफूलको वास्तविक नमूना वा फोटोहरू<br>• डोरी, सियो, धागो<br>• नमूना राख्ने प्लास्टिक व्याग | • तरकारीको पात (पातको टुक्रा) कापीमा टाँस्न र नाम लेख्न लगाउँने ।<br>• स्थानीय खाद्यान्न, तरकारी, फलफूलहरूको नाम भन्न वा सही नाममा गोलो घेरा गर्न लगाउँने ।<br>• स्थानीय फलफूलको चित्रमा रङ भर्न र चिनेर नाम र चित्र जोडा मिलाउन लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तरकारी आदि | | | | |
| | ३.२ आयातित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादन (खानेकुराहरू) र आयातित कृषि उत्पादनको उपभोग गर्न । | • बजार, पसलमा पाइने खाद्यान्न, तरकारी, फलफूल<br>• बजार पसलमा पाइने पत्रु खानेकुराहरू वा कम पोषणयुक्त (जङ्क फुड) खानेकुराहरु जस्तैः चक्लेट, चाउचाउ, विस्कुट, चिजबल, कोक आदि | • बजार वा पसलमा के के खानेकुरा, खाद्यान्न, तरकारी पाइन्छ भनेर विद्यार्थीहरूलाई सोध्ने, विद्यालय नजिकको पसल, बजारमा विद्यार्थीहरूलाई अवलोकन गर्न लैजाने र पसलमा लगेर विभिन्न किसिमका खानेकुराहरू (स्वस्थ एवं पत्रु दुवै) देखाउने ।<br>• विद्यार्थीहरूलाई कुन कुन खानेकुरा स्वस्थ खानेकुरा र कुन कुन खानेकुरा पत्रु खानेकुरा हो ? भनेर बुझाउने र पत्रु खानेकुरा किन सधैं खानु हुँदैन ? भनी बताउने<br>• स्वस्थ खानेकुराहरू र पत्रु खानेकुराहरूको सूची बनाउने र स्वस्थ खानेकुरालाई ठीक चिन्ह र पत्रु खानेकुरालाई बेठिक चिन्ह लगाउन सिकाउने ।<br>• स्वस्थ खानेकुरा र पत्रु खानाको बारेमा पोस्टर वा चित्र वा बालभिडियो वा भिजुअल गीत मोवाइल (प्रोजेक्टर भएमा) देखाएर छलफल गर्ने ।<br>• सम्भव भएमा नजिक भएको स्वास्थकर्मीलाई बोलाएर एक सेशन पाठ लिन लगाउँने ।<br>• असल/पोषण युक्त र कम पोषण भएको (जङ्क फुड) छुटयाउन लगाउँने । | • स्वस्थ खानेकुरा र पत्रु खानेकुराहरू को सूची वा वास्तविक नमूना<br>• पौष्टिक खानेकुराको क्यालेण्डर<br>• खाना, तरकारी, फलफूल सम्बन्धी बालबालिकाले बुझ्ने पोस्टर, भिजुअल बालगीत, भिडियो क्लिप, डिजिटल फोटो<br>• मार्कर, सेतोपाटी, | • कागजको टुक्राहरूमा स्वस्थ खानेकुराहरू र पत्रु खानेकुराहरूको नाम सहीतको चित्र भएको कागजको टुक्राहरू दिएर स्वस्थ खानेकुराहरू र पत्रु खानेकुराहरू छुटुयाउन लगाउँने<br>• खानेकुराहरूको सूचीबाट स्वस्थ खानेकुराहरूलाई गोलो चिन्ह र पत्रु खानेकुरालाई क्रस चिन्ह लगाउन लगाउँने ।<br>• विद्यालयमा गर्ने विद्यार्थीको आनीबानीको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कापी वा न्युजप्रिन्ट वा चार्ट पेपर | | |
| ४. सदाचार, नैतिकता र सामाजिक मूल्य-मान्यता | ४.१ आफून्दा ठूलालाई आदर, सम्मान गर्न, साइनो लगाएर बोल्न र आफू सरह र सानालाई माया गर्ने बानी व्यवहार प्रस्तुत गर्न | • आफ्नो परिवार, आफन्त, छरछिमेकका विभिन्न व्यक्तिसँगको साइनोहरू (स्थानीय चलनचल्ती र जाति समुदाय विशेषको)<br>• अभिवादन, स्वागत, बिदाइ गर्ने शब्दहरू (अङ्ग्रेजी, नेपाली, मातृभाषामा)<br>• अभिवादन गर्ने, बिदाइ गर्ने, स्वागत (हाउभाउ) गर्ने र भन्ने तरिका<br>• आफूभन्दा | • विद्यार्थीलाई कसको परिवारमा को-को हुनुहुन्छ ? छरछिमेकमा, मामाघरमा को-को हुनुहुन्छ ? भनी सोध्ने सेतोपाटीमा बोलाउन साइनाको सूची तयार गर्ने र साइनो अनुसार कसलाई कसरी अभिवादन गर्ने हो ? सोधेर अभिवादन गर्ने शब्दहरूको सूची बनाउने र छलफल गर्दै अभिवादन कसरी गर्ने ? भन्दै अभ्यास गराउँदै सिकाउने ।<br>• अभिवादन, स्वागत, बिदाइ गर्ने शब्दहरू नेपाली र अङ्ग्रेजी दुबै भाषामा लेखी विद्यार्थीलाई भन्दै अभ्यास गराउन्, लेख्न लगाउँने र ती शब्दहरूलाई आ-आफ्नो मातृभाषामा के भन्छ लेखेर ल्याउन गृहकार्य दिने<br>• पाहुना घरमा आउँदा के भनेर स्वागत तथा बिदाइ गर्ने ? भनी उपयुक्त शब्द, शब्दावली भन्न र अभ्यास गर्न सिकाउने ।<br>• आफ्नो परिवार, समुदाय अनुसार अभिवादन, स्वागत वा बिदाइ गर्ने फरक मातृभाषी शब्द, तरिका भए विद्यार्थीलाई अविभावकसँग सोधेर लेखेर ल्याउने र शब्दोच्चारण सँगै प्रदर्शन गर्न लगाउँने<br>• अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार सम्बन्धी फोटो वा चित्र वा भिडियोहरू देखाई छलफल गराउने र चिनाउने । सही र गलत | • शब्द कार्डहरू<br>• स्वागत, अभिवादन, बिदाइ र अतिथि सत्कारका चित्रहरू, फोटोहरू र शब्दहरू<br>• सेतोपाटी, मार्कर | • अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कारका शब्दहरू भन्न र सही तरिकाले यी काम गर्न जान्दछन् कि जान्दैनन् भनी सोध्ने र प्रदर्शन गर्न लगाई अवलोकन गर्ने ।<br>• अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार सम्बन्धी फोटो, चित्र वा भिडियोहरू चिन्न वा छुट्टाउन सक्छ कि सक्दैन जाँच्ने ।<br>• विद्यालयमा विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सानालाई माया गरेर बोलाउने, मायालु व्यवहार गर्ने, आफूसँग भएको खानेकुरा दिने बानी आदि | छुट्टाउन सिकाउने । | | | |
| | ४.२ राम्रो (असल) बोली व्यवहार (सभ्य शब्द, साथीहरूसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि) बानी व्यवहार प्रस्तुत गर्न । | • दैनिक जीवनमा हुने, गरिने असल बानी र खराब बानीहरू (जस्तैः कक्षामा हात उठाएर बोल्ने, लाइनमा बस्ने, पालैपालो बोल्ने, अरुको सामान नलिने, अपशब्द वा अश्लिल शब्द नबोल्ने)<br>• साथीहरूलाई सहयोग गर्ने, मिलेर पढ्ने, खेल्ने, नाच्ने, गीत गाउँने कला | • दैनिक जीवनमा विद्यालय, घर, बजार, सडक, बाटो, सार्वजनिक स्थलमा गर्नु पर्ने ठीक कामकुराहरू (आदत, बानी) बारे विभिन्न चित्र, फोटोहरू देखाएर यो के गरेको हो भनेर सोध्ने । यसो गर्नु ठीक कि गलत भनेर विद्यार्थीलाई सोध्ने, कापीमा लेखिदिने र ठीक वा बेठिक के हो सही चिन्ह लेख्न लगाउँने, सिकाउने ।<br>• यस्तो राम्रो आनीबानी गर्न विद्यार्थी र सिकाउन अविभावकलाई पनि प्रोत्साहित गर्ने ।<br>• साथीहरू सँगसँगै मिलेर पढ्न, बस्न, नाच्न, खेल्न, गीत गाउन लगाउँने, खाजा बाँडेर खान लगाउँने ।<br>• साथीहरूलाई सभ्य तरिकाले नाम भनेर बोलाउन, माथिल्लो कक्षाका लाई दाइदिदी भनेर बोलाउन र आफूभन्दा सानालाई भाइबहिनी भनेर बोलाउन सिकाउने र अवलोकन गरी आवश्यकतानुसार संझाउने, प्रोत्साहित गर्ने गराउने ।<br>• साथीहरूलाई सहयोग गर्न, मिलेर पढ्न, खेल्न, नाच्न, गीत गाउन लगाउँने । | • राम्रो र नराम्रो बानी सम्बन्धी चित्र वा फोटोहरू<br>• शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर<br>• सेतोपाटी, मार्कर | • विद्यालय, घर, बजार, सडक, बाटो, बजार आदिमा गर्नु पर्ने सही (ठीक) र गर्न नहुने गलत (बेठीक) आनीबानी भन्ने र ती आनीबानी ठीक कि बेठिक हो भनेर छुट्टाउन लगाउँने ।<br>• सही र गलत आनीबानी भएको चित्रहरू छुट्टाउन लगाउँने ।<br>• विद्यार्थीले घरपरिवार, विद्यालय, साथीसङ्गी, | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | सार्वजनिक ठाउँमा गर्ने बानी व्यवहारको नियमित अवलोकन गरी मूल्याङ्कन गर्ने । | |
| | ४.३ आफ्नो समाज, जाति, समुदाय र कुलघरानको भाषा, असल मूल्यमान्यता, संस्कार संस्कृति अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिवादन गर्न, साइनो लगाएर बोल्न । | • घरमा आउने पाहुनाहरू, आफू वा आफ्ना परिवारको सदस्य पाहुना भएर जाने आफन्तहरू<br>• आफ्नो परिवार, आफन्त, छरछिमेकका विभिन्न व्यक्तिसँगको साइनोहरू (स्थानीय चलनचल्ती र जाति समुदाय विशेषको)<br>• अपरिचित व्यक्तिहरूलाई | • तपाईंहरू को-को आफन्तकोमा पाहुना भएर जानुहुन्छ ? भनी पालै पालो सोध्ने र सेता पाटीमा सूची बनाएर टिप्ने (नाता अनुसारको तस्वीर बनाइदिने) ।<br>• पाहुना भएर जाने घरमा को-को हुनुहुन्छ ? उहाँहरूलाई के-के भनेर बोलाउने गर्नु हुन्छ ? भनी साइनो पहिचान गर्ने ।<br>• तपाईंको घरमा को-को पाहुना आउनु हुन्छ ? पाहुना आउँदा तपाई, आमा, बुबा, हजुरबा, हजुरआमा, काका, दिदी, दाजु र अरुले (यदि भएमा स्थानीय वा मातृभाषामा के भन्ने चलन छ ? त्यही अनुसार) के कसरी स्वागत, सत्कार गर्नुहुन्छ ? भनी सोध्ने र सूची बनाएर अभिवादन शब्दहरू लेखी भन्न र अभ्यास गर्न लगाउँने ।<br>• शिक्षकले आफू सानो हुँदा मामाघर वा कोही आफन्तको घरमा गएको वा आफ्नो घरमा कोही पाहुना आउँदाको अनुभवलाई 'बाल कथा बनाएर सुनाउने ।<br>• ती साइनो अनुसार के भनेर बोलाउने ? कहिले | • सेतोपाटी, मार्कर<br>• शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर<br>• स्वदेशी, विदेशी पर्यटकहरूको फोटो | • मामाघर, काकाघर र अन्य आफन्तको घर र विभिन्न साइनोको सूचीबनाई जोडा मिलाउन लगाउँने वा भन्न लगाउँने ।<br>• घरमा को को पाहुना आउनु हुन्छ र के कसरी स्वागत, सत्कार गर्ने भनी सान्दर्भिक शब्दहरूको सूची बनाई जोडा मिलाउन दिने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बोलाउने (साइनो लगाउँने) सरल, सभ्य र सही तरिका | कसरी अभिवादन गर्नुहुन्छ ? भनी सोध्ने र प्रदर्शन गर्न लगाउँने । | | | |
| ५. कृषि, जडीबुटी, पशुपालन, पेसा व्यवसाय तथा उद्यमशीलता | ५.१ वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा गरिने कृषि गतिविधिहरू (जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि) बताउन । | वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा हुने विभिन्न कृषि क्रियाकलापहरू जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि वैतेश्वरमा स्थानीय रुपमा उत्पादन हुने विभिन्न अन्नबाली, तरकारीहरू र जडीबुटीहरु | • विद्यार्थीहरूलाई आफ्नो घरमा के के खानेकुराहरू खाने हो, ती खानेकुरा कहाँबाट आउँछ भनी सोध्ने र त्यसको चित्र सहीत नाम सेतोपाटीमा टिप्ने र पछि दोहोर्याई भन्न (उच्चारण गर्न सिकाउने) ।<br>• ती खानेकुराको चित्र विद्यार्थीहको कापीमा बनाइदिने त्यसमा रङ लगाई नाम लेख्ने गृहकार्य, कक्षाकार्य दिने ।<br>• विभिन्न स्थानीय कृषि गतिविधिहरूको फोटो, छोटो भिडियो रेकर्ड गरेर देखाउने र त्यसबारे वर्णन गर्न लगाउँने ।<br>• कृषि उपज, जडीबुटी र कृषि क्रियाकलापको चित्रहरू जोडा मिलाउन, भन्न लगाउँने र प्रस्तुत गर्न लागाउँने । | • वास्तविक अन्न, दलहन, तरकारी र जडीबुटीहरूको नमूना, पेन्टिङ चित्र,<br>• फोटो, अडियो, भिडियो<br>• सेतोपाटी, मार्कर<br>• शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | • स्थानीय खाद्यान्न , जडीबुटी एवं तरकारीको चित्र अनुसार नाम लेख्न, चिन्न लगाउँने ।<br>• कृषि उपजको नाम र भित्र वा नाम र त्यसको रुख/बिरुवा बनाई जोडा मिलाउन लगाउँने ।<br>• विभिन्न कृषि क्रियाकलापहरूको फोटो, तस्वीर देखाएर चिन्न, भन्न लगाउँने । | |
| | ५.२ वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास | • वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमका बासीले पाल्ने | • विद्यार्थीहरूलाई आफ्नो घरमा के के पशुपंक्षी पालेको छ ? भनी सोध्ने अथवा घरेलु पशुपंक्षीको चित्र (फोटो) देखाएर ती पशुपंक्षीको नाम के हो ? भनी सोध्ने र त्यो उनीहरूको घरमा पालेको छ कि छैन ? भनी सोध्ने । | • घरेलु पशु पंक्षीहरूको,<br>• पेन्टिङ चित्र,<br>• फोटो, अडियो, भिडियो | • कापीमा स्थानीय रुपमा पालिने पशुपंक्षीको चित्र, टाउको, खुट्टा, पखेटा आदि | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्ने क्षेत्रमा गरिने पशुपालन सम्बन्धी गतिविधिहरू (जस्तैः कुखुरा–बाखा पाल्ने, गाईभैंसी पाल्ने, दूध दुहुने, दही, मोही, घिउ बनाउने आदि) र ती उत्पादनको उपयोग बताउन । | पशुपंक्षीहरूको नामावली जस्तैः कुखुरा, हाँस, खसीबाखा, भेडा, गाईगोरु, राँगा भैंसी, सुँगुर, बङ्गुर, खच्चड, घोडा, मौरी आदि<br>• ती पशुपंक्षीहरूको उपयोग वा प्रयोग | • मोवाइलमा घरेलु पशुपंक्षी कराएको आवाज (युटुबबाट डाउनलोड गरेर) सुनाउने र विद्यार्थीलाई ती पशुपंक्षीको नाम भन्न लगाउँने ।<br>• घरपालुवा पशुपंक्षी सम्बन्धी बाल भिडियो गीत देखाई छलफल गराउने, सँगै गाउन र पशुपंक्षीको हाउभाउ प्रदर्शन गर्न लगाउँने ।<br>• पशुपंक्षी र तीनका उत्पादनहरूका चित्रहरू जोडा मिलाउन, एउटै रङ भर्न र प्रस्तुग गर्न लगाउँने । | • सेतोपाटी, मार्कर<br>• शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | शरीरको भागको चित्र र पशुपंक्षीको नाम जोडा मिलाउन लगाउँने ।<br>• पशुपंक्षीको शरीरको टुक्रा जोडेर सिङ्गो शरीर तयार गर्न लगाउँने ।<br>• पशुपंक्षीको नाम र ती बाट पाइने उत्पादनहरू जोडा मिलाउन दिने ।<br>• विद्यालयको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |
| ६. स्थानीय ज्ञान, सिप तथा प्रविधि | ६.१ वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा विगत र वर्तमानमा | • घरमा प्रयोग गर्ने वस्तु तथा सरसामानहरू वा जीवन जीउनको लागि आवश्यक पर्ने सरसामान, तिनीहरुको प्रयोगमा चाहिने | • विद्यार्थीहरूलाई तपाईंहरूको घरमा निम्न घरेलु सामान तथा औजारहरू छ कि छैन भनी चित्र देखाएर सोध्ने (स्थानीय नाम फरक पनि हुन सक्छ) ती सामानहरूको चित्रमा रङ भर्न लगाउँने ।<br>• बेतबाँसका सामानहरू जस्तैः डोको नाम्लो, नाङ्लो, थुन्से, मान्द्रो आदि<br>• काठबाट बनेका सामानहरू जस्तैः ठेकी, दुधेरो, ढुङ्ग्रो, मदानी, पिरा, मुढा, ढिकी | • स्थानीय ज्ञान, सिप र प्रविधि प्रयोग गरी बनाइएको घरेलु तथा कृषि सामग्री, औजारहरूको सचित्र सूची, | • स्थानीय रुपमा काठ, बाँस, ढुङ्गाबाट बनेका घरेलु तथा कृषि सामग्री र औजारको चित्र र नाम जोडा मिलाउन वा वाक्यमा खालीठाउँ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अपनाएका विभिन्न किसिमका स्थानीय सिप तथा प्रविधिहरू (कुनै ५ वटा) चिन्न र भन्न । | ज्ञान, सिप | • काठबाट बनेका घरेलु तथा कृषि औजारहरू, जस्तैः हलो, जुवा, दाँते, दँदि, डल्लेठो, काठको बाकस (सन्दुक), कालोपाटी, झ्यालढोका, ओखल, ढिकी, कोल, चर्खा<br>• ढुङ्गाबाट बनेको सामान जस्तैः सिलौटो, लोहोरो, जाँतो<br>• स्थानीय घरेलु तथा कृषि औजारहरू, जस्तैः खुकुरी, हँसिया, कुटो, कोदालो, स्थानीय प्रविधि जस्तैः ढिकी, कोल, चर्खा, पानी घट्ट आदिको चित्र बनाई सबै विद्यार्थीलाई एक-एक चित्रमा रङ भर्न लगाएर उनीहरूको नाम लेखेर प्रस्तुग गर्न लगाउँने ।<br>• ती चित्रहरू कक्षाकोठामा झुड्याएर राख्ने । | फोटो र नमूनाहरू<br>• क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल आदि<br>• रङ भर्ने स्थानीय सामानहरूको सादा चित्रहरू | भर्न लगाउँने ।<br>• विद्यालयको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |
| ७. मातृभाषा, संस्कृति र चाडपर्व | ७.१ वैतेश्वर गाउँपालिकाका विद्यार्थी बसोबास गर्ने क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको मातृभाषा र आ-आफ्नो मातृभाषामा आफ्नो परिचय र | • वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको सूची<br>• उनीहरूको मातृभाषाको सूची<br>• मातृभाषामा सामान्य परिचय दिने वाक्यहरू | • वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको सूची तयार गर्ने (आफ्नो मौलिक वेशभूषा वा पहिरन लगाएको) र पुस्तकालयमा राख्ने । त्यसलाई कक्षामा ल्याई प्रदर्शन गरी विद्यार्थीलाई आ-आफ्नो जाति, समुदाय के हो ? भनी भन्न लगाउँने ।<br>• आफ्नो साथी र छिमेकीहरू कुनकुन जाति, समुदायका छन् ? लेख्न लगाउँने वा लेखेर ल्याउन गृहकार्य दिने । सबै जाति समुदाय बराबर हो भन्ने कुरा बुझाउने (जातीय भेदभावलाई दुरुत्साहन हुने कुनै पनि कुरा वा कार्य गर्न गराउन नहुने) ।<br>• विद्यार्थीहरूको आ-आफ्नो मातृभाषामा परिचय दिने सामान्य वाक्यहरू अभिभावकहरूबाट लिने (सम्भव | • स्थानीय जाति, समुदाय अनुसारको मौलिक (सांस्कृतिक) वेशभूषा र गरगहना<br>• विभिन्न मातृभाषाको शब्दकोश<br>• अङ्क, शब्द, परिवारका सदस्य तथा | • स्थानीय जाति, समुदाय अनुसारको मौलिक (सांस्कृतिक) वेशभूषा र गरगहनाको नाम र सम्बन्धित जातीजनजातिको सूची बनाई जोडा मिलाउन दिने ।<br>• मातृभाषाबाट ५ वाक्यमा आफ्नो परिचय दिन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | घरपरिवारमा बोलिने कम्तिमा २० शब्दहरू र ५ वाक्यहरू बुझ्न र भन्न । | (कम्तिमा ५ वाक्य)<br>• शरीरका मुख्य अङ्गहरू<br>• मातृभाषामा अभिवादन, परिवार भित्र र नजिकको आफन्त साइनो, १ देखि ५ सम्म अङ्क गणना, घर परिवारमा बोल्ने (बारम्बार प्रयोग हुने संज्ञा, क्रिया, सर्वनाम, विशेषण जन्य शब्दहरूको सूची (कम्तिमा १०० शब्द) | भएमा नेपालीलाई सम्बन्धित मातृभाषामा भ्वाइस रेकर्ड गर्न लगाउँने) र त्यहीं अनुसार सही उच्चारण सहीत भन्न लगाउँने । परिचय गर्ने वाक्यहरू जस्तै: मेरो नाम ...... हो । मेरो बुबा/आमा/दाजु/भाइ/दिदी ...... को नाम ... हो । म .... विद्यालयमा पढ्छु । म .... कक्षामा पढ्छु । मेरा घर.... मा पर्छ ।<br>• शरीरका मुख्य अङ्गहरू नेपालीमा लेखिदिने र त्यसलाई मातृभाषामा लेखेर ल्याउन गृहकार्य दिने ।<br>• परिवारभित्र र नजिकका आफन्तहरूलाई लगाइने साइनो आफ्नो मातृभाषामा भन्न लगाउँने । नेपालीमा त्यस्ता शब्दहरू लेखेर दिई आफ्नो मातृभाषामा लेखेर ल्याउन गृहकार्य दिने ।<br>• परिचय दिने, अभिवादन गर्ने शब्द, शब्दावलीहरू विभिन्न मातृभाषामा लेखेर पुस्तकालय, कक्षाकोठामा राख्ने र मातृभाषी विद्यार्थीलाई भन्दै प्रदर्शन गर्न लगाउँने । | नातासम्बन्ध को चार्ट<br>• सेतोपाटी, मार्कर<br>• मोबाइल रेकर्डर | लगाउँने वा परिचयात्मक प्रश्नोत्तर गर्ने ।<br>• अभिवादन, बिदाइको हाउभाउ (सङ्केत) गरी विद्यार्थीलाई आफ्नो मातृभाषामा भन्न लगाउँने ।<br>• परिवार र आफन्तहरूलाई लगाइने साइनो मातृभाषामा भन्न वा लेख्न लगाउँने ।<br>• १ देखि ५ सम्म को अङ्क, शरीरका अङ्गहरू मातृभाषामा भन्न लगाउँने । | |
| | ७.२ वैतेश्वर गाउँपालिका को विद्यार्थी बसोबास गर्ने क्षेत्रमा बसोबास गर्ने | • वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, | • कक्षाकोठा वा पुस्तकालयमा वैतेश्वरका विभिन्न जाति जनजातिहरूको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक-एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राख्ने र विद्यार्थीलाई अवलोकन गराई ती मध्ये विद्यार्थीहरूको आफ्नो सांस्कृतिक वेशभूषा वा | • वैतेश्वरका सबै जाति, जनजातिहरू को मौलिक वेशभूषा, गरगहना | • आ-आफ्नो मौलिक वेशभूषा, गरगहना मध्ये प्रायः लगाइने मुख्य-मुख्य चिन्न (नाम) भन्न लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विभिन्न जाति, जनजाति विशेषको सामाजिक संस्कार र संस्कृतिको बारेमा बताउन, आ-आफ्नो वेशभूषा चिन्न । | जनजातिहरूको मौलिक पहिरन (वेशभूषा, गरहना)<br>• स्थानीय सामाजिक संस्कारहरू मध्ये केही शुभकर्म जस्तैः न्वारान, पास्नी, छेवर, गन्यूचोली दिने, व्रतबन्ध, विवाह आदि<br>• वैतेश्वरमा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र साझा मुख्य चाडपर्वहरू | पोसाक कुन हो भनेर सोध्ने र थाहा नभएमा चिनाउने<br>• स्थानीय चलन अनुसार हुने शुभविवाह वा पास्नी (भात खुलाई वा स्थानीय चलनचल्तीको भाषामा) को बारेमा छोटो कथा बनाएर सुनाउने, छलफल गर्ने ।<br>• विद्यालयको सांस्कृतिक कार्यक्रममा कक्षागत रुपमा स्थानीय सामाजिक संस्कार चालचलन, विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण (नक्कली वा नमूना) सम्बन्धी झाँकी प्रदर्शन गर्न लगाउँने ।<br>• विद्यार्थीहरूलाई कुन कुन चाडपर्व मनपर्छ, किन मन पर्छ, ती चाडपर्वमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने ।<br>• वैतेश्वरमा प्रचलित चाडपर्वको चिनारी तयार गरी पाठ बनाई पढाउने वा अडियो भिजुअल रेकर्ड (क्लिप) वा फोटो सङ्कलन गरी विद्यार्थीलाई देखाउने र छलफल गराउने ।<br>• वैतेश्वरमा मनाइने मुख्य चाडपर्वहरू सम्बन्धी चित्र बनाई विद्यार्थीहरूलाई रङ भर्न, नाम लेख्न र प्रस्तुत गर्न लगाउँने । | लगाएको महिला र पुरुष वा केटा र केटीको एक-एक जोडीको फ्लेक्स प्रिन्टिङ फोटो<br>• क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल, रङ्गीन साइनपेन आदि<br>• वैतेश्वरमा प्रचलित चाडपर्वको चिनारी भिडियो रेकर्ड (क्लिप) वा फोटो सेतोपाटी, मार्कर | • विद्यालयको सांस्कृतिक कार्यक्रममा प्रदर्शन हुने सांस्कृतिक झाँकीमा विद्यार्थीको आफ्नो मौलिक वेशभूषामा सहभागिता ।<br>• विद्यालयको क्रियाकलपको आधारमा मूल्याङ्कन गर्ने ।<br>• वैतेश्वरमा मनाइने मुख्य ५ वटा चाडपर्वहरूको नाम लेख्न लगाउन ।<br>• विद्यालयको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |
| ८. स्थानीय खेलकुद, मनोरञ्जन र कला | ८.१ वैतेश्वर गाउँपालिकाको विद्यार्थी | • वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा | • तपाईंहरूलाई कुन कुन खेल खेल्न आउँछ भनेर सोध्ने र बैतेश्वेरमा पहिले देखि प्रचलनमा रहेका विभिन्न किसिमका खेलहरूको बारेमा जानकारी गराउने । | • खेल अनुसार खेल सामग्रीहरू<br>• खेलमैदान वा | • कम्तिमा ४ वटा स्थानीय खेलको नाम भन्न लगाउँने<br>• कम्तिमा २ वटा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| साहित्य | बसोबास गर्ने क्षेत्रमा प्रचलित स्थानीय खेलकुदहरू मध्ये ३ वटाको नाम बताउन र कम्तिमा एउटा खेल खेल्न । | प्रचलित स्थानीय खेलकुदहरू जस्तैः कपर्दी, डण्डीवियो, रुमाल लुकाई, सिन्का लुकाई, चिँ मुसी चिँ, हात्ती लखेटाई, भाले जुधाइ, भकुण्डो, डोरी नाघ्ने, डोरी तान्ने, पिटी, आदि<br>• खेल खेल्ने विधि वा तरिका | • विद्यार्थीको शारीरिक, अवस्था, खेलमैदान वा कक्षाकोठा, विद्यार्थी सङ्ख्या र आवश्यक खेल सामग्री उपलब्धतालाई मध्यनजर गरेर समूहमा खेल्ने खेलहरू खेलाउने (हप्ताको १ पटक सकेसम्म विदाको अघिल्लो दिन सामूहिक खेल खेलाउने खेल खेलाउँदा फरक क्षमता भएका बालबालिकाहरूलाई पनि समावेश गर्न सकिने खेलहरू खेलाउने र उनीहरूलाई पनि सक्ने भूमिका गर्न लगाउँने । | कक्ष र सोको तयारी<br>• प्राथमिक उपचार सामग्री बाकस<br>• खेलको नियम लेख्ने र नतिजा (स्कोर) लेख्ने सेतोपाटी | स्थानीय खेल खेल्न जान्ने ।<br>• खेलहरू खेल्दा विद्यार्थीहरूको सहभागिता अवलोकन गर्ने ।<br>• विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |
| | ८.२ वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीत र लोकनृत्यहरू मध्ये ३/३ वटाको नाम | • वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित लोकगीतहरू जस्तैः ठाडोभाका, लस्के भाका, दोहोरी, तीज गीत, देउसीभैलो, सीलोक, रोपाइँ | • वैतेश्वरमा प्रचलित लोकगीतहरू जस्तैः ठाडोभाका, दोहोरी, तीज गीत, देउसी भैलो, मालश्री, सिलोक, रोपाइँ गीत, रत्यौली, संगीनी गीत आदि मध्ये केही मुख्य–मुख्य लोकगीतका नाम लेखाइदिने र डाउनलोड गरी सुनाइदिने ।<br>• ती मध्ये बालबालिकाले सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउँने सिकाउने ।<br>• यस्तो गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर भाका मिलाएर गाउन लगाई बालबालिकालाई सुनाउने र सिकाउने ।<br>• बालबालिका नाच्न सक्ने लोकनृत्यमा नाच्न अभ्यास गराउने र आफैंलाई गर्न लगाउँने । | • स्थानीय लोकगीतको सूची<br>• सही भाका, लय र शब्दहरू<br>• अडियोभिजुअल रेकर्डर<br>• साउण्ड स्पिकर, मल्टिमिडिया प्रोजेक्टर र | • लोकप्रिय स्थानीय लोकगीत संयुक्त वा सामूहिक रुपमा गाउन लगाउँने ।<br>• लोकप्रिय स्थानीय लोकनृत्य संयुक्त वा सामूहिक रुपमा नाच्न/प्रदर्शन गर्न लगाउँने ।<br>• विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बताउन र कम्तिमा १/१ वटा लोकगीत गाउन र लोक नृत्य प्रदर्शन गर्न । | गीत, रत्यौली, संगीनी गीत, भजन आदि<br>• प्रचलित लोकनृत्यहरू जस्तैः मारुनी, देउसी नाँच, भजन आदि<br>• लोक नृत्य गर्ने तरिका | • उनीहरूले गाएको नाचेको मोवाइलमा भिडियो रेकर्ड गरी उनीहरूलाई नै देखाइदिने । | डिस्प्ले सिस्टम<br>• सेतोपाटी वा चार्ट पेपर वा न्युज पेपर | विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |
| ९. धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल | ९.१ वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रमा प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरू मध्ये कुनै २ वटाको नाम भन्न । | • वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रका प्रमुख, प्रसिद्ध धार्मिक स्थलहरू जस्तैः मठमन्दिर, गुम्बा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरू<br>• सांस्कृतिक स्थलहरू<br>• प्राकृतिक सम्पदा | • विद्यार्थीहरूलाई आफ्नो गाउँघर र वरपर भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम सोध्ने, ती ठाउँमा पुगेको छ कि छैन, त्यहाँ के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिँदै ती स्थलहरूको फोटो, भिडियो सङ्कलन प्रस्तुतीकरण गर्ने ।<br>• विद्यार्थीलाई उपयुक्त समय, मौसममा अवलोकन भ्रमण लैजाने ।<br>• अवलोकन गरेपछि आफूले अवलोकन गरेका कुराहरू कापीमा लेखेर ल्याउन लगाउँने र भ्रमणपछि भ्रमण कस्तो लाग्यो, के देखु भयो भनेर सोध्ने ।<br>• भ्रमण गरेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्ने, त्यहाँ देखेका ५ वटा कुराको नाम लेख्न लगाई प्रस्तुत गर्न लगाउँने ।<br>• कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय | • वैतेश्वरको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको फोटो (फ्लेक्स प्रिन्ट) र छोटो चिनारी भिडियो<br>• चित्र कोरेर रङ भर्न आवश्यक पर्ने पेपर, कलर साइनपेन, पेन्सिल आदि | • कम्तिमा २ वटा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम भन्न वा लेख्न लगाउँने<br>• प्रस्तुतीकरण गर्न लगाउँने ।<br>• कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको चित्र दिएर रङ भर्न | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | स्थलहरूको चित्र दिएर रङ भर्न लगाउँने । | | लगाउँने<br>• विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |
| १०. समानता, समावेशीता र सामाजिक न्याय | १०.१ सबै जाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र समानताको व्यवहार गर्न | • वैतेश्वर गाउँपालिकाको विद्यार्थी बसोबास गर्ने क्षेत्रको सामाजिक अवस्था (विभिन्न जाति, जनजातिहरू मिलेर बसेको विविधता भित्रको एकता) को परिचय<br>• सहयोग, मेलमिलाप र समानताको अवधारणा | • साथीहरूहरूसँग झगडा गर्नु, नराम्रो भन्नु, गाली गर्नु राम्रो कि मिलेर बस्नु, एकअर्कालाई सहयोग गर्नु, राम्रो बोली व्यवहार गर्नु ठीक हो (?) कि होइन (?) भनेर छलफल गर्ने ।<br>• कमिला र माहुरीको कथा सुनाएर (देखाएर) सहयोग, मेलमिलाप र समानताको अर्थ बुझाउने ।<br>• कमिला र माहुरी जस्तै मिलेर बस्ने, एकअर्कालाई सहयोग गर्ने र समान व्यवहार गर्ने भनी बुझाउने र त्यसो गर्न प्रोत्साहित गर्ने ।<br>• समानता सम्बन्धी बालभिडियो वा कार्टुन देखाएर समान व्यवहारको ज्ञान सिकाउने र सो बारे बताउन लगाउँने । | • सेतोपाटी, मार्कर<br>• समानता सम्बन्धी बालभिडियो वा कार्टुन | • बालबालिका विच आपसी सम्मान, सद्भाव र समानताको बोली व्यवहार अभ्यास भएको (सुधार) छ कि छैन अवलोकन गर्ने ।<br>• एक अर्कामा मिलेर बस्ने, खेल्ने, हिड्ने गतिविधि विद्यार्थीहरूमा भए नभएको अवलोकन गरी मूल्याङ्कन गर्ने । | |
| | १०.२ अपाङ्गता (फरक | • अपाङ्गताको प्रकार<br>• शारीरिक | • अपाङ्गता भएको, विरामी, वृद्ध बाजेबजै वा आफन्त कोही देखेको, भेटेको छ कि छैन भनी बालबालिकाहरूलाई सोध्ने र त्यस्ता व्यक्तिलाई | • अपाङ्गता र यसको प्रकार, अपाङ्गता | • अपाङ्गताको कुनै ३ वटा प्रकार भन्न र चिन्न लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क्षमता) भएका, असहाय, वृद्धवृद्धा अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरूप्रति राम्रो बोली व्यवहार र सहयोग गर्न । | विरामीपन र सहायता<br>• परिवार, आफन्त नभएका र आफूसँग केही नभएका बालबालिका, बिरामी, वृद्धवृद्धाका आदि र उनीहरूलाई आवश्यक पर्ने सहयोग<br>• बालबालिकाले गर्न सक्ने सहयोग, सम्मान जनक बोलीव्यवहर | दैनिक जीवनयापनमा के-के कठिनाई हुन्छहोला र कसले सहयोग गर्छहोला भनेर उदाहरण खुट्टा नभएको मान्छे कसरी हिड्छ होला, दृष्टिविहिन भएको बच्चाहरूले कसरी पढ्छ होला आदि सान्दर्भिक प्रश्नहरू सोधेर कौतुहलता जगाउँने ।<br>• विभिन्न प्रकारका अपाङ्गता मध्ये धेरैजसो हुने अपाङ्गता (शारीरिक, दृष्टि, बोलाइ, सुनाइ) सम्बन्धी बालकथा बनाएर सुनाउने । बालकथामा उनीहरूको अपाङ्गता के कारणले भएको, परिवार र साथीले सहयोग के के सहयोग गर्छन् र उनीहरू पनि सपाङ्ग सरह धेरै राम्रो काम गर्न सक्छन् (जस्तै : शिक्षक, शिक्षिका बन्न सक्छन्), उनीहरूलाई सधैं माया र सहयोग गर्नु पर्छ भन्ने सिकाउने<br>• अपाङ्गता भएको व्यक्तिलाई हिडहुल, गर्न खानेकुरा खान, पढ्न कति गाहो हुन्छ भन्ने बुझाउन कोही विद्यार्थीलाई आँखा चिम्लेर हिड्ने वा पढ्ने वा लेख्ने, एउटा खुट्टाले हिड्ने अभ्यास गर्न लगाउँने । त्यसपछि सजिलो कि अप्ठ्यारो भयो भनेर अनुभव आदान प्रदान गर्न लगाउँने र छलफल गर्ने । त्ययसपछि अर्को साथीको सहयोगमा अघि कै काम गर्ने अभ्यास गर्ने र पुन: सोध्ने, छलफल गर्ने र प्रस्तुत गर्न लगाउँने ।<br>• अपाङ्गता सम्बन्धी राम्रो (उचित) शब्द र नराम्रो (गलत) शब्दहरू सेतोपाटीमा लेखेर राम्रा शब्दहरू मात्र भन्न वा बोल्न प्रेरित गर्ने । | सम्बन्धी सही शब्द सम्बन्धी जानकारी पुस्तिका<br>• अपाङ्गता, वृद्धवृद्धा, असहाय, विरामी, दीर्घरोगी व्यक्तिहरूको चित्र, पम्प्लेट वा अडियो, भिडियो<br>• अपाङ्गता परिचय पत्रको नमूना (रातो, निलो, पहेंलो र निलो)<br>• अपाङ्गता, वृद्धवृद्धा, असहायले प्रयोग गर्ने सहयता सामग्रीहरूको चित्र वा तस्वीर | • अपाङ्गता, वृद्धवृद्धा, असहाय, विरामी भएको व्यक्तिलाई किन सहयोग गर्नुपर्छ भनी सोध्ने ।<br>• अपाङ्गता, वृद्धवृद्धा, असहाय, विरामी भएको व्यक्तिलाई गर्नु पर्ने, गर्नु नहुने कुराहरू (बोली व्यवहार) बारे मौखिक सोध्ने र उनीहरूको व्यहार अवलोकन गर्ने ।<br>• विद्यालयमा विद्यार्थीको क्रियाकलाप अवलोकन गरेर मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • कोही अपाङ्गता भएको व्यक्ति विद्यालय नजिकमा भए निजलाई बोलाएर अपाङ्गता र उसको अनुभव बारेमा अन्तर्क्रिया गराउने । | • रुमाल, गलबन्दी आदि खेल सामग्रीहरू | | |
| ११. सामाजिक रुपान्तरण, लोकतन्त्र र संघीयता | ११.१ वैतेश्वर गा.पा.को नाम र जम्मा वडाहरूको सङ्ख्या बताउन । | वैतेश्वर गा.पा.का जम्मा वडा सङ्ख्या | • हामी कुन गाउँपालिकामा बस्छौं भनी सोध्ने । पछि हामी बसेको गा.पा.को नाम “वैतेश्वर” हो भनी सेतोपाटीमा लेखिदिने र कापीमा सार्न लगाउँने ।<br>• वैतेश्वर गा.पा.मा कतिवटा वडाहरू छन् भनेर लेखिदिने, वैतेश्वरगा.पा.को नक्सा देखाएर वडा नं. गन्न लगाउँने, रङ भर्न लगाउँने ।<br>• विभिन्न अङ्कहरूको सूचीबाट वैतेश्वरगा.पा.को वडा सङ्ख्यामा गोलो चिन्ह लगाउन लगाउँने । | • वैतेश्वर गा.पा.घोषणा र गा. वि. स. हरूको विवरण<br>• साविक गा. वि. स. हरू र हालको गा. पा. को सिमाना छुट्टिएको नक्सा<br>• चार्ट पेपर वा न्युज पेपर, मार्कर | • वैतेश्वर गा. पा. को नाम भन्न र लेख्न लगाउँने ।<br>• वैतेश्वर गा. पा. मा जम्मा कति वटा वडाहरू छन् ? भनी सोध्ने । | |

### २.९.२. कक्षा २ को पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण

तालिका ६: कक्षा २ को पाठ्यक्रमको *क्षेत्र, क्रम र विस्तृतीकरण* (Scope, Sequence and Specifications)

| **क्षेत्र** | **सिकाइ उपलब्धि** | **विषयवस्तु तथा विस्तृतीकरण** | **शिक्षण सिकाइ विधि तथा क्रियाकलाप** | **शैक्षिक सामग्रीहरू** | **मूल्याङ्कन प्रक्रिया** | **पाठ्यभार** |
|---|---|---|---|---|---|---|
| १. स्थानीय तहको परिचय | १.१ आफू बसिरहेको ठाउँ, गाउँ, वडा र जिल्लाको नाम बताउन । | • विद्यार्थी आफू जन्मेको, बसोबास गर्ने गाउँटोलको नाम<br>• आफू बसोबास गर्ने वडा नं., गाउँपालिका र जिल्लाको नाम<br>• आफू पढ्ने विद्यालयको नाम र ठेगाना (स्थान) | • तपाईं कहाँ बस्नुहुन्छ भनेर सबैलाई पालैपालो सोध्ने र आएको उत्तरलाई सेतोपाटीमा टिप्दै जाने ।<br>• वैतेश्वर गा.पा.को ८ वडाहरू छुट्याएको नक्सा देखाई उनीहरूको घर भएको वडा देखाउने ।<br>• आफू बस्दै आएको गाउँको नाम वैतेश्वर गाउँपालिका भनी भन्न, चिन्न र लेख्न लगाउँने ।<br>• विद्यालय वरपरको ठाउँहरू घुमाउन लाने (अध्ययन भ्रमण) र त्यसको बारेमा छलफल गर्ने ।<br>• आफ्नो गाउँ, विद्यालयको चित्र बनाई नाम लेख्न, रङ भर्न र प्रस्तुत गर्न लगाउँने ।<br>• वैतेश्वरको विभिन्न ठाउँको भिडियो क्लिप्स, फोटो आदि देखाई छलफल गर्ने । | • वैतेश्वर को विभिन्न ठाउँको भिडियो क्लिप्स, फोटो आदि देखाई छलफल गर्ने ।<br>• सिमाना तथा वडा छुट्टिए को वैतेश्वर गा.पा.को | • मोबाइल फोटो वा हातले तयार गरेको चित्र तपाईं कुन गा.पा.र कति नं. वडामा बस्नुहुन्छ ? भनी सोध्ने<br>• वैतेश्वर गा.पा.को नक्सामा आफू बसेको वडा नं. देखाउन लगाउँने ।<br>• आफ्नो गाउँ, विद्यालयको चित्र बनाई | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | नक्सा<br>• भिडियो क्लिप | नाम लेख्न र रङ भर्न लगाउँने ।<br>• कक्षामा गरिएको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने | |
| २. स्वास्थ्य सरसफाइ | २.१ आफ्नो सामान्य सरसफाइ आफैं गर्न, चर्पीको सही प्रयोग गर्ने बानीको विकास, दैनिक हातमुख धुन र रुमाल वा सफा कपडाले पुछ्न , र फोहोर, ढुङ्गामाटो आदि छोएपछि, विद्यालयबाट वा | • आफ्नो सामान्य सरसफाइ आफैं गर्ने र चर्पीको सही प्रयोग गर्ने बानी<br>• दैनिक हातमुख धुने र रुमाल वा सफा कपडाले पुछ्ने बानी<br>• सही तरिकाले (६ चरणमा) हात धुने बानी<br>• फोहोर, ढुङ्गामाटो आदि | • साबुन पानीले हात धोएको चित्र वा पोस्टर देखाएर छलफल गर्ने र त्यहाँ देखाए अनुसार हात धुने तरिका बताउँदै अभ्यास गराउने ।<br>• चर्पी प्रयोग गरेपछि साबुन-पानीले र अरु बेला सफा पानीले मात्र हात-खुट्टा, मुख धुने सही तरिका प्रदर्शन गर्ने र सँगसँगै अभ्यास गर्न लगाउँने ।<br>• विद्यालय र घरमा पनि सो तरिकाले हातमुख, खुट्टा धुन प्रोत्साहित गर्ने ।<br>• चप्पल र जुत्ताको प्रयोग कहाँ गर्ने, कहाँ नगर्ने भनी विद्यार्थीसँग कुरा गर्ने र कहाँ जुत्ताचप्पल लगाउँनु ठीक हो, कहाँ लगाउँनु बेठीक हो भनी बताउने ।<br>• अभिभावकहरूलाई समेत यसबारे जानकारी गराई बालबालिकालाई घरमा बानी लगाउन अनुरोध गर्ने ।<br>• सफा र फोहोर कुराहरू, कपडा आदि कक्षा भित्र र | • साबुन पानीले हात धोएको चित्र तथा पोस्टर<br>• सफा पानी<br>• साबुन वा खरानी<br>• हात पुछ्ने तौलिया | • सही तरिकाले साबुन पानीले हात-खुट्टा धुन जान्यो वा जानेर अभ्यास गर्न लगाएर हेर्ने ।<br>• नुहाएपछि हातमुख धोएपछि सफा कपडाले हातमुख धुने बानी बारेमा अभिभावकसँग | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बाहिर गएर फर्केपछि र चर्पी प्रयोग गरेपछि साबुन पानीले हात-खुट्टा धुन । | छोएपछि, विद्यालयबाट वा बाहिर गएर फर्केपछि र चर्पी प्रयोग गरेपछि साबुन पानीलु हात–खुट्टा धुने बानी<br>• खाना खानुभन्दा अघि र खाइसकेपछि हात धुने बानी | बाहिर भएको कुराहरू अवलोकन गराएर चिनाउने ।<br>• सरसफाइ सम्बन्धी चित्र देखाएर कुन राम्रो कुन नराम्रो, किन र के भए राम्रो हुन्छ भनी प्रश्नोत्तर गर्ने । | वा सफा कपडा स्थानीय सामानले बनेको जुत्ता, चप्पल राख्ने र्‍याक | सोध्ने ।<br>• विद्यालयमा विद्यार्थीको व्यक्तिगत र बाहिरी सरसफाइ सम्बन्धी क्रियाकलाप को आधारमा मूल्याङ्कन गर्ने । | |
| | २.२ सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान । | • सफा खानेकुरा मात्र खाने, सफा पानी मात्र पिउने<br>• भूइँमा झरेका र फोहोर लागेका खानेकुरा नखाने बानी<br>• भान्सामा | • बासी, सडेगलेका, झिँगा भन्केका, गनाएका, विग्रेका खानेकुरा नखाने ।<br>• सफा खानेकुरा र फोहोर खानेकुराको चित्र वा पोस्टर देखाएर बताउने ।<br>• सफा र ताजा खानेकुरा खाँदा र फोहोर, सडेगलेका खानेकुरा खाँदा के हुन्छ भनेर बताउने र सफा र ताजा खानेकुरा मात्र खान प्रोत्साहित गर्ने ।<br>• फलफूल किन धोएर खानुपर्छ भनी बुझाउन एउटा फलफूलको दाना ल्याएर त्यसमा धुलो, फोहोर लागेको | • सफा खाने कुरा र फोहोर खानेकुराको चित्र वा पोस्टर<br>• वास्तवि | • सफा खानेकुरा मात्र खाने बानी भयो कि भएन, फलफूल र अन्य खानेकेराहरू पानीले पखालेर वा | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पकाएका वा पाकेका खानेकुरा छोपेर राख्ने बानी<br>• फलफूल जस्ता आफैंले धोएर खाने सक्ने खानेकुराहरू धुएर खाने बानी | देखाउने । त्यस्तो खाएमा पेट दुःख्ने, बिरामी हुने बताउने । त्यो फललाई धुने तरिका सिकाउने र धोएको फल पुनः विद्यार्थीलाई देखाउने ।<br>• दाल, भात, दूध जस्ता पकाएका खानेकुराहरू कसरी छोपेर राख्ने, नछोपे कसरी झिँगा र अन्य फोहोर पर्छ भनेर भान्साको अवलोकन गराएर छलफल गराउने वा आफ्नो घरको भान्सा अवलोकन गरेर आउन भन्ने र के-के कुरा राम्रो रहेछ, के के कुरा नराम्रो रहेछ भनी प्रश्नोत्तर गर्ने र सुधार गर्न अभिभावकलाई अनुरोध गर्न भन्ने । | क फलफूल<br>• खानेकुरा छोपेर राखेको र नछोपी राख्दा फोहोर, झिँगा परेको वास्तविक भान्सा वा पोस्टर वा श्रव्य, दृश्य सामग्री | सफा कपडाले पुछेर खान्छन् कि खाँदैन भनेर अभिभावकसँग सोध्ने ।<br>• घरको भान्साको सरसाफइको बारेमा प्रतिक्रिया बुझ्ने ।<br>• विद्यालयमा हुँदा विद्यार्थीले खाने खाजा वा खानेकुरा सफा गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. खाद्यान्न तथा पोषण | ३.१ वैतेश्वर गा.पा.को विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने खाद्यान्न, सागसब्जी, फलफूलको ३/३ वटा सम्मको नाम बताउन, र चिन्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे भन्न । | • वैतेश्वर गा.पा.को विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उब्जनी हुने विभिन्न खाद्यान्न (अन्नबाली, दलहन, तरकारीहरू) जस्तैः धान, मकै, गहुँ, कोदो, दाल, साग, काउली, आलु, बन्दा, लौका, फर्सी, लसुन, प्याज, कर्कला आदि | • विद्यार्थीहरूलाई आज के खानेकुरा खाएर विद्यालय आए भनी सोध्ने ।<br>• ती खानेकुरा के बाट बनाएको (जस्तै चामल बाट भात) भनी सोध्ने र उदाहरण दिँदै स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न हरू बारे परिचित गराउने ।<br>• आ-आफ्नो घरमाबाट आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्न हरूको केही नमूना ल्याउन लगाउँने र त्यो के हो भन्न, लेख्न र त्यसबारे केही बताउन लगाउँने ।<br>• यस्ता स्थानीय खाद्यान्न , तरकारी, फलफूलको नमूनाहरू कक्षामा डोरी टाँगी नाम लेखेर झुण्ड्याउने र हरेकको बारेमा बताउने र विद्यार्थीहरूलाई पनि त्यसरी नै बताउन लगाउँने ।<br>• विद्यार्थीलाई आफूलाई मन पर्ने फलफूलको नाम भन्न लगाउँने र विद्यार्थीको नाम सँगै फलफूलको चित्र बनाउने ।<br>• कहिले काँही आफ्नो खेतबारीमा फलेको फलफूल विद्यालयमा खाजाको रुपमा ल्याउन लगाउँने र अभिभावकहरूलाई समेत यस बारे प्रोत्साहित गर्ने । | • वैतेश्वरमा उत्पादन हुने विभिन्न खाद्यान्न, तरकारी तथा फलफूल को वास्तविक नमूना वा फोटो फोटोहरू<br>• डोरी, सियो, धागो<br>• नमूना राख्ने प्लास्टिक व्याग | • कापीमा स्थानीय खाद्यान्न एवं तरकारीको चित्र अनुसार त्यसमा वास्तविक कृषि अनाजको केही दाना राखी वा टाँसी नाम लेख्न लगाउँने ।<br>• तरकारीको पात (पातको टुक्रा) कापीमा टाँस्न र नाम लेख्न लगाउँने ।<br>• स्थानीय | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | खाद्यान्न, तरकारी, फलफूलहरू को नाम भन्न वा सही नाममा गोलो घेरा गर्न लगाउँने । | |
| | ३.२ आयातित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादन (खानेकुराहरू) र आयातित पोषणयुक्त कृषि उत्पादनको उपभोग गर्न । | • स्थानीय कृषि उपजबाट बनेको विभिन्न खानेकुराहरू (खानाका परिकार) जस्तैः दाल, भात, दाल, साग, गेडागुडी, तरकारी र विभिन्न चाडबाडमा बनाइने वा पकाइने | • आफ्नो घरमा पकाएको, तयार पारेको वा फलेको कुन खानेकुरा आफूलाई मन पर्छ सोध्ने र ताजा र सफा खानेकुरा खान विद्यार्थीलाई प्रोत्साहित गर्ने ।<br>• बजार वा पसलमा के के खानेकुरा, खाद्यान्न, तरकारी पाइन्छ भनेर विद्यार्थीहरूलाई सोध्ने, विद्यालय नजिकको पसल, बजारमा विद्यार्थीहरूलाई अवलोकन गर्न लैजाने र पसलमा लगेर विभिन्न किसिमका खानेकुराहरू (स्वस्थ एवं पत्रु दुबै) देखाउने ।<br>• विद्यार्थीहरूलाई कुन कुन खानेकुरा स्वस्थ खानेकुरा र कुन कुन खानेकुरा पत्रु खानेकुरा हो भनेर बुझाउने र पत्रु खानेकुरा किन सधैँ खानु हुँदैन भनी बताउने ।<br>• स्वस्थ खानेकुराहरू र पत्रु खानेकुराहरूको सूची बनाउने र स्वस्थ खानेकुरालाई ठीक चिन्ह र पत्रु | • स्वस्थ खानेकुरा र पत्रु खानेकुराहरूको सूची वा वास्तविक नमूना<br>• पौष्टिक खानेकुराको क्यालेण्डर<br>• खाना, | • कागजको टुक्राहरूमा स्वस्थ खानेकुराहरू र पत्रु खानेकुराहरूको नाम लेखेर दिएर स्वस्थ खानेकुराहरू र पत्रु खानेकुराहरू छुट्याउन | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | परिकारहरू र तिनको फाइदा<br>• बजार पसलमा पाइने पत्रु खानेकुराहरू वा कम पोषणयुक्त (जङ्क फुड) जस्तैः चाउचाउ, विस्कुट, चिजबल, चक्लेट, कोक, जुस आदिको र तिनको वेफाइदा | खानेकुरालाई बेठिक चिन्ह लगाउन सिकाउने ।<br>• स्वस्थ खानेकुरा र पत्रु खानाको बारेमा पोस्टर वा चित्र वा बालभिडियो वा दृश्य गीत मोवाइल (प्रोजेक्टर) देखाएर छलफल गर्ने । | तरकारी, फलफूल सम्बन्धी बालबालिले बुझ्ने पोस्टर, भिजुअल बालगीत, भिडियो क्लिप, डिजिटल फोटो<br>• मार्कर, सेतोपाटी, कापी वा न्युजप्रिन्ट वा चार्ट पेपर | लगाउँने ।<br>• घरमा तयार भएको स्वस्थ खानेकुरा खान सधैं मन गर्छन् कि गर्दैनन् भनी सोध्ने ।<br>• विद्यालयमा गर्ने विद्यार्थीको आनीबानीको आधारमा मूल्याङ्कन गर्ने । | |
| ४. सदाचार, नैतिकता र सामाजिक | ४.१ आफू भन्दा ठूलालाई आदर, सम्मान गर्ने, | • आफ्नो परिवार, आफन्त, छरछिमेकका | • विद्यार्थीलाई कसको परिवारमा को को हुनुहुन्छ, छरछिमेकमा, मामाघरमा को को हुनुहुन्छ भनी सोध्ने? सेतोपाटीमा बोलाउने साइनाको सूची तयार गर्ने र | • शब्द कार्डहरू<br>• स्वागत, | • अभिवादन, स्वागत, बिदाइ र | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मूल्यमान्यता | साइनो लगाएर बोल्ने र आफू सरह र सानालाई माया गर्न। | विभिन्न व्यक्तिसँगको साइनोहरू (स्थानीय चलनचल्ती र जाति समुदाय विशेषको) अभिवादन, स्वागत, बिदाइ गर्ने वहुचल्तीका ५-५ शब्दहरू (अङ्ग्रेजी, नेपाली, मातृभाषामा)<br>• अभिवादन गर्ने, बिदाइ गर्ने, स्वागत (हाउभाउ) गर्ने र भन्ने तरिका<br>• आफूभन्दा | साइनो अनुसार कसलाई कसरी अभिवादन गर्ने हो सोधेर अभिवादन गर्ने शब्दहरूको सूची बनाउने र छलफल गर्दै अभिवादन कसरी गर्ने भन्दै अभ्यास गराउँदै सिकाउने ।<br>• अभिवादन, स्वागत, बिदाइ गर्ने शब्दहरू नेपाली र अङ्ग्रेजी दुबै भाषामा लेखी विद्यार्थीलाई भन्दै अभ्यास गराउने, लेख्न लगाउँने र ती शब्दहरूलाई आ-आफ्नो मातृभाषामा के भनिन्छ ? अभिभावकलाई सोधेर ल्याउन गृहकार्य दिने ।<br>• घरमा पाहुना आउँदा के भनेर स्वागत तथा बिदाइ गर्ने भनी उपयुक्त शब्द, शब्दावली भन्न र अभ्यास गर्न सिकाउने ।<br>• आफ्नो परिवार, समुदाय अनुसार अभिवादन, स्वागत वा बिदाइ गर्ने फरक मातृभाषी शब्द, तरिका भए विद्यार्थीलाई अविभावकसँग सोधेर आउन र कक्षामा प्रस्तुत गर्न लगाउँने । | अभिवादन, बिदाइ र अतिथि सत्कारका चित्रहरू, फोटोहरू र शब्दहरू<br>• सेतोपाटी, मार्कर | अतिथि सत्कारका शब्दहरू भन्न र सही तरिकाले यी काम गर्न जान्दछन् कि जान्दैनन् भनी सोध्ने र प्रदर्शन गर्न लगाउँने ।<br>• अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार सम्बन्धी फोटो वा चित्र वा भिडियोहरू देखाएर | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सानालाई माया गरेर बोलाउने, मायालु व्यवहार गर्ने, आफूसँग भएको खानेकुरा दिने बानी | | | बताउन लगाउँने विद्यार्थीले आफ्नो घरमा, अतिथि वा आफन्त भेटघाटमा अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार गर्छन् कि गर्दैनन् भनी अविभावकसँग सोध्ने (सम्भव भएमा) ।<br>• विद्यालयमा विद्यार्थीको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने | |
| | ४.२ राम्रो (असल) बोली व्यवहार (सभ्य शब्द, साथीहरूसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि) बानीको प्रदर्शन गर्ने । | • दैनिक जीवनमा हुने, गरिने असल बानी र खराब बानीहरू (जस्तैः कक्षामा हात उठाएर बोल्ने, लाइनमा बस्ने, पालैपालो बोल्ने, अरुको सामान नलिने, अपशब्द वा अश्लिल शब्द नबोल्ने)<br>• साथीहरू बीच सहयोग, मेलमिलाप, मिलेर पढ्ने, खेल्ने, नाच्ने, | • दैनिक जीवनमा विद्यालय, घर, बजार, सडक, बाटो, सार्वजनिक स्थलमा गर्नु पर्ने ठीक काम-कुराहरू (आदत, बानी) भन्ने र त्यसो गर्नु ठीक कि गलत भनेर विद्यार्थीलाई सोध्ने, कापीमा लेखिदिने वा लेख्न लगाउँने र ठीक वा बेठिक के हो सही चिन्ह वा शब्द लेख्न लगाउँने ।<br>• कक्षाकोठा तथा बाहिर साथीहरूसँगसँगै मिलेर पढ्न, बस्न, नाच्न, खेल्न, गीत गाउन लगाउँने, खाजा बाँडेर खान लगाउँने, साथीहरूलाई सभ्य तरिकाले नाम भनेर बोल्न, माथिल्लो कक्षाको लाई दाइदिदी भनेर बोल्न र तल्लो कक्षामा पढ्नेलाई भाइबहिनी भनेर बोलाउने र सभ्य व्यवहार गर्न भन्ने, सिकाउने र अवलोकन गरी आवश्यकतानुसार  संझाउने, प्रोत्साहित गर्ने गराउने ।<br>• आवश्यकता पर्दा साथीहरूलाई सहयोग गर्न, विद्यालयमा मिलेर पढ्न, खेल्न, नाच्न, गीत गाउन लगाउँने र त्यसको पृष्टपोषण दिने। | • राम्रो र नराम्रो बानी सम्बन्धी चित्र वा फोटोहरू<br>• शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | • विद्यालय, घर, बजार, सडक, बाटो, बजार आदिमा गर्नु पर्ने सही (ठीक) र गर्न नहुने गलत (बेठीक) आनीबानी भन्ने र ती आनीबानी ठीक कि बेठिक हो भनेर छुट्टाउन लगाउँने ।<br>• घरपरिवार, विद्यालय, | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गीत गाउँने सिप तथा बानी | | | साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने उचित (सही) व्यवहार, आनीबानी विद्यार्थीले गर्छ कि गर्दैन नियमित अवलोकन गरी मूल्याङ्कन गर्ने । | |
| | ४.३ आफ्नो समाज, जाति, समुदाय र कुलघरानको भाषा, असल मूल्यमान्यता, संस्कार संस्कृति अनुसारको पाहुना, आफन्त | • घरमा आउने पाहनाहरू, आफू वा आफ्ना परिवारको सदस्य पाहुना भएर जाने आफन्तहरू<br>• आफ्नो परिवार, आफन्त, | • तिम्रो घरमा को को पाहुना आउनु हुन्छ, पाहुना आउँदा तिमी, आमा, बुबा, हजुरबा, हजुरआमा, काका, दिदी, दाजु र अरुले (यदि भएमा स्थानीय वा मातृभाषामा के भन्ने चलन छ त्यही अनुसार) के कसरी स्वागत, सत्कार गर्नुहुन्छ भनी सोध्ने र सूची बनाएर अभिवादन शब्दहरू लेखी भन्न र लेख्न लगाउँने ।<br>• शिक्षकले आफू सानो हुँदा मामाघर वा कोही आफन्त घरमा जाँदाको वा कोही पाहुना आफनो घरमा आउँदाको अनुभवलाई बालकथा बनाएर सुनाउने । | • सेतोपाटी, मार्कर<br>• शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | • मामाघर, काकाघर वा अन्य आफन्तको घर र विभिन्न साइनोको सूचीबनाई जोडा मिलाउन | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | र मान्यजनलाई अभिवादन गर्न, साइनो लगाएर बोल्न र सत्कार गर्न । | छरछिमेकीका विभिन्न व्यक्तिसँगको साइनोहरू (स्थानीय चलनचल्ती र जाति समुदाय विशेषको)<br>• अपरिचित व्यक्तिलाई बोलाउने (साइनो लगाउँने) र उनीहरूसँग बोल्ने सरल, सभ्य र सही तरिका | • त्यस्तै अनुभव सुनाउन प्रोत्साहित गर्ने र कसलाई के भनेर बोलाउनु भयो अनि के के गर्नु भयो प्रश्नहरू सोध्ने ।<br>• अपरिचित व्यक्तिलाई बोलाउने (साइनो लगाउँने) र उनीहरूसँग बोल्ने सरल, सभ्य र सही तरिकाका केही वाक्य लेखेको चार्ट देखाउने र सोको बोल्ने अभ्यास गराउने । | • पर्यटकहरू को फोटो | लगाउँने वा भन्न लगाउँने ।<br>• घरमा को को पाहुना आउनु हुन्छ र के कसरी स्वागत, सत्कार गर्ने भनी सान्दर्भिक शब्दहरूको सूची बनाई जोडा मिलाउन दिने । | |
| ५. कृषि, जडीबुटी, पशुपालन, पेसा व्यवसाय | ५.१ आफ्नो घर वरिपरि गरिने कृषि गतिविधिहरू | वैतेश्वरमा हुने विभिन्न कृषि क्रियाकलापहरू जस्तैः खेत जोत्ने, | आफ्नो घरमा के-के अन्न, दलहन, तरकारी उत्पादन हुन्छन तिनको नाम भन्न लगाउँने, त्यसलाई नाम सेतोपाटीमा टिप्ने र दोहोऱ्याउने ।<br>ती खानेकुराको चित्र बनाइदिने र नाम लेख्ने वा नाम लेखेर | वास्तविक अन्न, दलहन, तरकारीहरू को नमूना, | कापीमा स्थानीय कृषि एवं नाज तरकारीको चित्र अनुसार नाम | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तथा उद्यमशीलता | (जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि), सोको उत्पादन र स्थानीय जडीबुटी चिन्न, र कुनै ५ वटा कृषि उत्पादन र एउटा जडीबुटी बारे बताउन । | खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि वैतेश्वरमा स्थानीय रुपमा उत्पादन हुने विभिन्न अन्नबाली, दलहन, जडीबुटी र तरकारीहरूको नामावली | चित्र बनाइदिने र रंगाउन लगाउँने ।<br>विभिन्न स्थानीय कृषि गतिविधिहरूको फोटो, छोटो भिडियो रेकर्ड गरेर देखाउने र त्यसबारे छलफल गर्ने ।<br>उनीहरुलाई कम्तिमा ५ वाक्यमा सोको व्याख्या गर्न लगाउँने<br>विभिन्न स्थानीय कृषि उपज तथा जडीबुटीहरु विद्यार्थीलाई घरबाट एक–एक वटा नमूनाको रुपमा ल्याउन लगाउँने ।<br>प्रत्येक नमूनाको नाम कागजमा लेखेर कक्षामा डोरीमा झुड्याएर राख्ने । | पेन्टिङ चित्र, फोटो, अडियो, भिडियो सेतोपाटी, मार्कर शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | लेख्न, चिन्न लगाउँने र त्यसमा वास्तविक कृषि अनाजको केही दाना राखी वा टाँसी नाम लेख्न लगाउँने तरकारीको सिङ्गो वा टुक्रा पात कापीमा टाँस्न र नाम लेख्न वा रंङ भर्न लगाउँने कृषि उपज तथा जडीबुटीको नाम र चित्र वा नाम र त्यसको रुखबिरुवा बनाई जोडा मिलाउन लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ५.२ वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा गरिने पशुपालन सम्बन्धी गतिविधिहरू (जस्तैः कुखुरा–बाखा पाल्ने, गाईभैंसी पाल्ने, दूध दुहुने, दही, मोही, घिउ बनाउने आदि) बताउन र ती उत्पादनको उपयोग बारे भन्न । | वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा पाल्ने पशुपंक्षीहरूको नामावली जस्तैः कुखुरा, हाँस, खसीबाखा, भेडा, गाईगोरु, राँगा भैंसी, सुँगुरबङ्गुर, खच्चड, घोडा, मौरी आदि<br>ती पशुपंक्षीहरूको उपयोग वा प्रयोग | विद्यार्थीहरूलाई आफ्नो घरमा के के पशुपंक्षी पालेको छ भनी सोध्ने अथवा घरेलु पशुपंक्षीको चित्र (फोटो) देखाएर ती पशुपंक्षीको नाम के हो भनी सोध्ने ।<br>मोवाइलमा घरेलु पशुपंक्षी कराएको आवाज (युटुबबाट डाउनलोड गरेर) सुनाउने र विद्यार्थीलाई त्यो पशुपंक्षीको नाम भन्न लगाउँने ।<br>ती पशुपंक्षीहरूले के दिन्छ वा के कामको लागि पालेको हो छलफल गर्ने (मासु, दूध, दही, घ्यू, अण्डा, मल, भारी बोक्न/यातायात आदि) ।<br>पशुपंक्षीको सूची, त्यसबाट पाइने कुराहरू, ती राख्ने वा बस्ने घर वा ठाउँको सूची बनाई जोडा मिलाउन लगाउँने ।<br>घरपालुवा पशुपंक्षी, तिनीहरूबाट पाइने कुरा, तिनीहरूको बासस्थान आदिको बारेमा मोवाइलमा पाइने बाल भिडियो गीत (अङ्ग्रेजी, नेपाली भाषामा) डाउनलोड गर्ने र विद्यार्थीलाई देखाई छलफल गराउने, सामूहिक नाचगान गराउने ।<br>घरेलु पशुपंक्षीको टाउको, खुट्टा, पखेटा, सिङको सङ्ख्याबाट अङ्कगणित, अण्डा वा बच्चा, आदि बाट विज्ञानको कुरा बुझाउँने ।<br>आफ्नो घरमा पालेको जनावरले कस्तो हाउभाउ गर्छ भनी नक्कल गरेर देखाउन भन्ने । | घरेलु पशु पंक्षीहरूको पेन्टिङ चित्र, फोटो, अडियो, भिडियो, सेतोपाटी, मार्कर, शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | कापीमा स्थानीय रुपमा पालिने पशुपंक्षीको चित्र, टाउको, खुट्टा, पखेटा आदि शरीरको भागको चित्र र पशुपंक्षीको नाम जोडा मिलाउन लगाउँने ।<br>घरपालुवा कुनै १० वटा पशुपंक्षीको नाम लेख्न लगाउँने वा ती पशुपंक्षी के का लागि पालिन्छ भनी खालीठाउँ भर्न वा उपयुक्त शब्द छान्न लगाउँने ।<br>पशुपंक्षीको | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | शरीरको टुक्रा जोडेर सिङ्गो शरीर तयार गर्न लगाउँने । पशुपंक्षीको नाम र ती बाट पाइने उत्पादनहरू जोडा मिलाउन दिने । | |
| | ५.३ वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँका मानिसहरूले गर्ने विभिन्न पेसा व्यवसायहरू मध्ये ५ वटाको नाम भन्न र चिन्न । | वैतेश्वरबासीले गर्ने वा अपनाएका विभिन्न किसिमका पेसा तथा व्यवसायहरू जस्तैः कृषि (खेतीपाती, पशुपालन), पसल, होटल/खाजाघर, वैदेशिक रोजगारी, विभिन्न किसिमको जागिर आदि) | वैतेश्वरबासीले गर्ने वा अपनाएका विभिन्न किसिमका पेसा तथा व्यवसायहरूमा जस्तैः कृषि (खेतीपाती, पशुपालन), पसल, होटल/खाजाघर, वैदेशिक रोजगारी, विभिन्न किसिमको जागिर आदि विद्यार्थीका परिवारका सदस्यहरू को-को काम गर्नु हुन्छ भनी सोध्ने र स्थानीय रुपमा भएका विभिन्न पेसा व्यवसायको बारेमा परिचित गराउने । विभिन्न पेसा व्यवसाय गर्ने ठाउँ जस्तै पसल, खेत, अफिस (कार्यालय), विद्यालय, प्रहरी कार्यलय, हेल्थ पोष्ट, गाडी, वर्कसप आदिमा को-को काम गर्छन् भनी सोध्ने । विद्यालय वरिपरि भएका विभिन्न पेसा व्यवसायमा अवलोकन भ्रमण गराई र ती पेसा व्यवसायमा संलग्न व्यक्तिहरूसँग परिचित गराउने (स्थानीय व्यक्ति भएको | स्थानीय स्तरमा भएका पेसा व्यवसाय, कार्यस्थल र संलग्न पेशेवरहरूको चित्र, फोटो, अडियो, भिडियो सेतोपाटी, मार्कर | स्थानीय स्तरमा भएका पेसा व्यवसाय, कार्यस्थल र संलग्न व्यक्ति (पेशेवर) हरूको शब्दावली सूची बनाई जोडा मिलाउन लगाउँने वा सान्दर्भिक वाक्य बनाई खाली | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पेसा व्यवसायलाई छान्ने) । अवलोकन भ्रमणपछि विद्यार्थीहरूसँग छलफल गर्ने ।<br>स्थानीय स्तरमा भएका पेसा व्यवसाय, कार्यस्थल र संलग्न व्यक्ति (पेशेवर) हरूको नेपाली, अङ्ग्रेजी र स्थानीय शब्दावली भए त्यसमा पनि सिकाउने । | शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | ठाउँ उपयुक्त शब्द छानेर भर्न लगाउँने ।<br>आफनो घर, विद्यालय आसपास, बाटो वा नजिकको बजारमा अवलोकन गरेको २/२ वटा पेसा व्यवसायको बारेमा भन्न लगाउँने । | |
| ६. स्थानीय ज्ञान, सिप तथा प्रविधि | ६.१ वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको | घरमा प्रयोग गर्ने वस्तु तथा सरसामानहरू बनाउने वा जीवन जीउनको लागि आवश्यक पर्ने सरसामान बनाउन वा प्रयोग चाहिने | विद्यार्थीहरूलाई उनीहरूको घरमा निम्न घरेलु सामान तथा औजारहरू छन् कि छैन सोध्ने (स्थानीय नाम फरक पनि हुन सक्छ)<br>ती सामानहरूको चित्र बनाउन, नाम लेख्न र रङ भर्न लगाउँने ।<br>बेतबाँसका सामानहरू जस्तैः डोको नाम्लो, नाङ्लो, थुन्से, मान्द्रो आदि<br>काठबाट बनेका सामानहरू जस्तैः ठेकी, दुधेरो, ढुङ्ग्रो, | स्थानीय ज्ञान, सिप र प्रविधि प्रयोग गरी बनाइएको घरेलु तथा कृषि सामग्री, औजारहरूको सचित्र सूची, | काठ र बाँसबाट बनेका घरमा भएका ५/५ वटा सामानको नाम लेख्न लगाउँने<br>स्थानीय रुपमा काठ, बाँस, ढुङ्गाबाट बनेका | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्थानीय सिप तथा प्रविधिहरू मध्ये ५ वटाको सिप तथा प्रविधिहरु चिन्न र भन्न सक्ने । | ज्ञान, सिप र प्रविधिहरू | मदानी, पिरा, मुढा, ढिकी आदि<br>काठबाट बनेका घरेलु तथा कृषि औजारहरू, जस्तैः हलो, जुवा, दाँते, दाँदे, डल्लेठो, काठको बाकस (सन्दुक), कालोपाटी, झ्यालढोका, ओखल, ढिकी, कोल, चर्खा आदि<br>ढुङ्गाबाट बनेको सामान जस्तैः सिलौटो, लोहोरो, जाँतो आदि<br>स्थानीय घरेलु तथा कृषि औजारहरू, जस्तैः खुकुरी, हँसिया, कुटो, कोदालो, स्थानीय प्रविधि जस्तैः ढिकी, कोल, चर्खा, पानी घट्ट आदिको चित्र बनाई सबै विद्यार्थीलाई एक-एक चित्रमा रङ भर्न लगाएर उनीहरूको नाम सहीत लेखेर कक्षाकोठामा झुडयाएर राख्ने । | फोटो र नमूनाहरू<br>काफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल आदि<br>रङ भर्ने स्थानीय सामानहरूको सादा चित्रहरू | घरेलु तथा कृषि सामग्री र औजारको चित्र र नाम जोडा मिलाउन वा वाक्यमा खाली ठाउँ भर्न लगाउँने<br>विभिन्न सामान, वस्तुको सूची वा चित्र दिएर स्थानीय सामान भए ठीक र आधुनिक वा आयातित सामान भए बेठीक शब्द वा चिन्ह लेख्न लगाउँने ।<br>थानीय सामानहरूको सादा चित्रहरूमा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | रङ भरी नाम लेख्न लगाउँने । | |
| ७. मातृभाषा, संस्कृति र चाडपर्व | ७.१ वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको मातृभाषा बताउने र आ–आफ्नो मातृभाषामा आफ्नो परिचय दिन सक्ने र घरपरिवारमा बोलिने कम्तिमा २० शब्दहरू र ५ वाक्यहरू भन्न र बुझ्न । | वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको सूची<br>उनीहरूको मातृभाषाको सूची<br>मातृभाषामा सामान्य परिचय दिने वाक्यहरू (कम्तिमा ५ वाक्य)<br>शरीरका मुख्य अङ्गहरू<br>मातृभाषामा अभिवादन, परिवार भित्र र नजिकको आफन्त साइनो, १ देखि ५ अङ्क गणना, | वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको सूची तयार गर्ने (आफ्नो मौलिक वेशभूषा वा पहिरन लगाएको) र पुस्तकालयमा राख्ने । त्यसलाई कक्षामा ल्याएर प्रदर्शन गरी विद्यार्थीलाई आ-आफ्नो जाति, समुदाय के हो भनी भन्न लगाउँने ।<br>आफ्नो साथी कुनकुन जाति, समुदायका छन जोडीमा सोधेर भन्न लगाउँने। सबै जाति समुदाय बराबर हो भन्ने कुरा बुझाउने । यस क्रममा जातीय भेदभावलाई दुरुत्साहन हुने कुनै पनि कुरा वा कार्य गर्न गराउने नहुने ।<br>विद्यार्थीहरूको आ-आफ्नो मातृभाषामा परिचय दिने सामान्य वाक्यहरू अभिभावकहरूबाट लिने (सम्भव भएमा नेपालीलाई सम्बन्धित मातृभाषामा भ्वाइस रेकर्ड गर्न लगाउँने) र त्यहीं अनुसार सही उच्चारण सहीत भन्न लगाउँने । परिचय गर्ने वाक्यहरू जस्तैः मेरो नाम ...... हो । मेरो बुबा/आमा/दाजु/भाइ/दिदी ...... को नाम ... हो । म .... विद्यालयमा पढ्छु । म .... कक्षामा पढ्छु । मेरा घर .... मा पर्छ । मेरा मिल्ने साथीहरू....... हुन् ।<br>शरीरको मुख्य अङ्गहरू (आँखा, नाक, कान, मुख, टाउको, घाटी, हात, खुट्टा, औंला, आदि) नेपालीमा लेखिदिने र | स्थानीय जाति, समुदाय अनुसारको मौलिक (सांस्कृतिक) वेशभूषा र गरगहना<br>विभिन्न मातृभाषाको शब्दकोष<br>अङ्क, शब्द, परिवारका सदस्य तथा नाता सम्बन्धको चार्ट<br>सेतोपाटी, मार्कर<br>मोबाइल | स्थानीय जाति, समुदाय अनुसारको मौलिक (सांस्कृतिक) वेशभूषा र गरगहनाको नाम र सम्बन्धित जातीजनजातिको सूची बनाई जोडा मिलाउन दिने ।<br>मातृभाषाबाट ५ वाक्यमा आफ्नो परिचय दिन दिन लगाउँने वा परिचयात्मक प्रश्नोत्तर गर्ने ।<br>अभिवादन, बिदाइको | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | घर परिवारमा बोल्ने (बारम्बार प्रयोग हुने संज्ञा, क्रिया, सर्वनाम, विशेषण जन्य शब्दहरूको सूची (कम्तिमा २० शब्द) | त्यसलाई मातृभाषामा लेखेर ल्याउन गृहकार्य दिने ।<br>परिवारभित्र र नजिकको आफन्तहरूलाई लगाइने साइनो आफ्नो मातृभाषामा भन्न लगाउँने । नेपालीमा त्यस्ता शब्दहरू लेखेर दिई आफ्नो मातृभाषामा लेखेर ल्याउन गृहकार्य दिने ।<br>यी परिचय दिने, अभिवादन गर्ने शब्द, शब्दावलीहरू विभिन्न मातृभाषामा लेखेर पुस्तकालय वा कक्षाकोठामा राख्ने र मातृभाषी विद्यार्थीलाई भन्न लगाउँने । | रेकर्डर | हाउभाउ (सङ्केत) गरी विद्यार्थीलाई आफ्नो मातृभाषामा भन्न लगाउँने ।<br>परिवार र आफन्तहरूलाई लगाइने साइनो मातृभाषामा भन्न वा लेख्न लगाउँने<br>१ देखि ५ सम्म को अङ्क, शरीरका अङ्गहरू मातृभाषामा भन्न लगाउँने ।<br>सामान्य र बोलचालमा भएको मातृभाषी शब्दहरू भन्न लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ७.२ वैतेश्वरको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र सबैको साझा स्थानीय सामाजिक संस्कार र संस्कृतिको बारेमा ५ वटा वाक्यमा बताउन, आ-आफ्नो वेशभूषा चिन्न । | वैतेश्वरको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको मौलिक पहिरन (वेशभूषा, गरहना) स्थानीय सामाजिक संस्कारहरू मध्ये केही शुभकर्म जस्तैः न्वारान, पास्नी, छेवर, गन्यूचोली दिने, व्रतबन्ध, विवाह आदि मध्ये कुनै एकको बारेमा ५ वाक्यमा बताउन । | कक्षाकोठा वा पुस्तकालयमा वैतेश्वरका विभिन्न जाति, जनजातिहरूको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक-एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राखे र विद्यार्थीलाई अवलोकन गराई ती मध्ये विद्यार्थीहरूको आफ्नो सांस्कृतिक वेशभूषा वा पोसाक कुन हो भनेर सोध्ने र थाहा नभएमा चिनाउने । हरेका जातीजनजाति विशेषको मौलिक वेशभूषा र गहनाको नाम के हो भनी आफ्नो अभिभावकसँग सोधेर कापीमा लेखेर ल्याउन लगाउँने र फोटोमा देखाएर पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने । विद्यालयको सांस्कृतिक कार्यक्रमका लागि कक्षागत रुपमा स्थानीय सामाजिक संस्कार चालचलन, विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण (नक्कली वा नमूना) संम्बन्धी झाँकी प्रदर्शन गर्न लगाउँने । स्थानीय चलन अनुसार हुने शुभविवाह वा पास्नी (भात खुलाई वा स्थानीय चलनचल्तीको भाषामा) को बारेमा छोटो कथा बनाएर सुनाउने, छलफल गर्ने र सो पाठ सम्बन्धी गृहकार्य बनाएर दिने । विद्यार्थीको आफ्नो परिवार, आफन्त र छिमेकमा भएको शुभकार्यमा देखेका पहिरन बारे बताउन लगाउँने र त्यसको राम्रो पक्षको बारेमा प्रष्टयाउने । | वैतेश्वरका सबै जाति, जनजातिहरू को मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक-एक जोडीको फ्लेक्स प्रिन्टिङ फोटो क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल, कलर साइनपेन आदि | आ-आफ्नो मौलिक वेशभूषा, गरगहना मध्ये प्रायः लगाइने मुख्य–मुख्य चिन्न (नाम) भन्न लगाउँने विद्यालयको सांस्कृतिक कार्यक्रममा प्रदर्शन हुने सांस्कृतिक झाँकीमा विद्यार्थीको आफ्नो मौलिक वेशभूषामा सहभागिता गराउने । आ-आफ्नो जाति, समुदायको विवाह, पास्नी, | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | व्रतबन्ध, छेवर वा गुन्यु चोली दिने जस्ता विभिन्न शुभकर्म मध्ये विद्यार्थी आफू सहभागी भएको, आफूले देखेको वा सुनेको कुनै एकमा लगाईने पहिरन बारेमा कम्तिमा ५ वाक्यमा बताउन लगाउँने । | |
| | ७.३ वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र साझा | वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र साझा मुख्य | विद्यार्थीहरूलाई कुन कुन चाडपर्व मन पर्छ, किन मन पर्छ, ती चाडपर्वमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने ।<br>वैतेश्वरको विद्यालय रहेको वडामा प्रचलित चाडपर्वको चिनारी तयार गरी पाठ बनाई पढाउने वा अडियोभिजुअल रेकर्ड (क्लिप) वा फोटो सङ्कलन गरी विद्यार्थीलाई देखाउने र छलफल गराउने ।<br>वैतेश्वरको विद्यालय रहेको वडामा मनाइने मुख्य | वैतेश्वरको विद्यालय रहेको वडामा प्रचलित चाडपर्वको चिनारी भिडियो रेकर्ड (क्लिप) | वैतेश्वरको विद्यालय रहेको वडामा मनाइने मुख्य ५ वटा साझा चाडपर्वहरूको नाम लेख्न | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | चाडपर्वहरू मध्ये ५ वटाको नाम बताउन । | चाडपर्वहरू | चाडपर्वहरूको नाम लेख्न, कुनै जातीजनजाति विशेषको भएमा कसको हो भनी छानेर लेख्न वा जोडा मिलाउन लगाउँने ।<br>वैतेश्वरको विद्यालय रहेको वडामा मनाइने साझा चाडपर्व के के हुन फोटो/अन्य सामग्री हेरी चिन्न लगाउँने । | वा फोटो सेतोपाटी, मार्कर | लगाउँने<br>कुनै जाति, जनजाति विशेषको वा सबैको भएमा कुन चाड, कसको हो भनी छानेर लेख्न वा जोडा मिलाउन दिने<br>विद्यार्थीहरुलाई आ-आफ्नो मन पर्ने चाडको बारेमा ५ वाक्यमा भन्न लगाउँने । | |
| ८. स्थानीय खेलकुद, मनोरञ्जन र कलासाहित्य | ८.१ वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा प्रचलित स्थानीय | वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा प्रचलित स्थानीय खेलकुदहरू जस्तैः | तपाईंहरूलाई कुन कुन खेल खेल्न मनपर्छ, कुन कुन खेल खेल्न आउँछ ? भनेर सोध्ने र आफ्नो गाउँमा पहिले देखि प्रचलनमा रहेका विभिन्न किसिमका खेलहरूको बारेमा जानकारी गराउने ।<br>विद्यार्थीको शारीरिक अवस्था, खेलमैदान वा कक्षाकोठा, | खेल अनुसार खेल सामग्रीहरू खेलमैदान वा कक्ष र सोको | कम्तिमा ३ वटा स्थानीय खेलको नाम भन्न लगाउँने<br>कम्तिमा २ वटा | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खेलकुदहरू मध्ये ३ वटाको नाम बताउन र कम्तिमा दुई वटा खेल खेल्न । | कपर्दी, डण्डीबियो, रुमाल लुकाई, सिन्का लुकाई, चिँ मुसी चिँ, हात्ती लखेटाई, भाले जुधाइ, गोरु जुधाइ, भकुण्डो, बाघचाल, डोरी नाघ्ने, डोरी तान्ने, पिटी, रिलेदौड, हिसाब दौड आदि<br>खेल खेल्ने विधि वा तरिका | विद्यार्थी सङ्ख्या र आवश्यक खेल सामग्री उपलब्धतालाई मध्यनजर गरेर समूहमा खेल्ने खेलहरू खेलाउने (हप्ताको १ पटक सकेसम्म विदाको अघिल्लो दिन सामूहिक खेल खेलाउने ।<br>घर भित्र खेलिने स्थानीय खेल र घर बाहिर खेलिने स्थानीय खेलहरू छुट्याएर विद्यार्थीलाई बुझाउने र केही दुवै किसिमका खेलहरू खेलाउने ।<br>खेल खेलाउँदा फरक क्षमता भएका बालबालिकाहरूलाई पनि समावेश गर्न सकिने खेलहरू खेलाउने र उनीहरूलाई पनि सक्ने भूमिका दिने ।<br>विद्यालयको बार्षिकोत्सव वा राष्ट्रपति कप वा स्थानीय पर्यटन महोत्सव जस्ता कार्यक्रममा विद्यार्थीहरूको सहभागिता गराउने । | तयारी प्राथमिक उपचार सामग्री बाकस<br>खेलको नियम लेख्ने र नतिजा (स्कोर) लेख्ने सेतोपाटी वा चार्ट पेपर वा न्युज पेपर | स्थानीय खेल खेल्न लगाउँने ।<br>एकल, जोडी र सामूहिक खेलहरूमा बालबालिकाको सहभागिता अवलोकन गर्ने ।<br>घरभित्र र घरबाहिर खेलिने ३/३ स्थानीय खेलहरूको नाम भन्न लगाउँने ।<br>विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ८.२ वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा प्रचलित लोकगीत र लोकनृत्यहरू मध्ये ४/४ वटाको नाम बताउन र कम्तिमा २/२ वटा लोकगीत गाउन र लोक नृत्य प्रदर्शन गर्न। | वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा प्रचलित लोकगीतहरू जस्तैः दोहोरी, तीज गीत, देउसीभैलो, रत्यौली, असारे, झ्याउरे, तामाङ सेलो, जुहारी, भजनकृतन, आदि प्रचलित लोकनृत्यहरू जस्तैः मारुनी, रत्यौली, देउसी भैलो, स्याब्रु, बालन आदि<br>लोक नृत्य गर्ने तरिका | वैतेश्वरमा प्रचलित लोकगीतहरू जस्तैः दोहोरी, तीज गीत, देउसीभैलो, रत्यौली, असारे, झ्याउरे, तामाङ सेलो, जुहारी, भजनकृतन आदि मध्ये मुख्य-मुख्य लोकगीतका नाम बालबालिकालाई लेखाइदिने ।<br>ती मध्ये बालबालिकाले सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउन सिकाउने ।<br>यस्तो गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर भाका मिलाएर गाउन लगाई बालबालिकालाई सुनाउने र सिकाउने ।<br>प्रचलित स्थानीय लोकनृत्यहरू के के हुन भनी सेतोपाटीमा लेखी सामान्य परिचय गराउने (कहिले, कसरी नाचिन्छ) ।<br>बालबालिका नाच्न सक्ने लोकनृत्यमा नाच्न अभ्यास गराउने ।<br>बालबालिकाले नाचेको, गाएको भिडियो रेकर्ड गरी उनीहरूलाई नै देखाउने र त्यस्तो स्थानीय नाचगानको लागि प्रोत्साहित गर्ने । | स्थानीय लोकगीतको सूची<br>सही भाका, लय र शब्दहरू<br>अडियोभिजुअल रेकर्डर<br>साउण्ड स्पिकर,<br>मल्टिमिडिया प्रोजेक्टर र डिस्प्ले सिस्टम<br>सेतोपाटी वा चार्ट पेपर वा न्युज पेपर | कम्तिमा २/२ वटा स्थानीय लोकगीत र लोकनृत्य नाम भन्न लगाउँने ।<br>लोकप्रिय स्थानीय लोकगीत संयुक्त वा सामूहिक रुपमा गाउन लगाउँने<br>लोकप्रिय स्थानीय लोकनृत्य संयुक्त वा सामूहिक रुपमा नाच्न/प्रदर्शन गर्न लगाउँने ।<br>विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने | |
| ९. धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल | ९.१ वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको वडामा प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरू मध्ये कुनै ३ वटाको नाम भन्न र एउटाको बारेमा ५ वाक्यमा बताउन । | वैतेश्वरको प्रमुख, प्रसिद्ध धार्मिक स्थलहरू जस्तैः मठमन्दिर, गुम्बा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरू सांस्कृतिक स्थलहरू जस्तैः कुनै जाति, समुदाय विशेषको पहिचान, संस्कृति, परम्परा, आस्था, संस्कार आदि गाँसिएको स्थल, गाउँ कुनै जातीजनजाति विशेषको मौलिक | वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको वडाका प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको सूची तयार गर्ने र मुख्यमुख्यको छोटो चिनारी तयार गर्ने विद्यार्थीहरूलाई आफ्नो गाउँघर र वरपर भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम सोध्ने, ती ठाउँमा पुगेको छ कि छैन, त्यहाँ के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिंदै ती स्थलहरूको विशेषता सहीत चिनारी बताउने ।<br>फोटो, भिडियो सङ्कलन प्रस्तुतीकरण गर्ने ।<br>विद्यार्थीलाई उपयुक्त समय, मौसममा अवलोकन भ्रमण लैजाने ।<br>त्यहाँको सम्बन्धित जानकार व्यक्तिहरूबाट ती ठाउँ विशेषको विशेषता, महत्त्व भन्न अनुरोध गर्ने र बालबालिकाले बुझ्ने भाषामा सरल तरिकाले अवलोकन गराउँदै बताउने ।<br>भ्रमण गरेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्ने, रङ भर्न र वर्णन गर्न लगाउँने । | वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको वडाका प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको सूची, विशेषता, जानकारी दिने सामग्री वैतेश्वरको तथा सम्बन्धित वडाका प्रमुख एवं प्रसिद्ध | कम्तिमा ३/३ वटा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम भन्न लगाउँने ।<br>विद्यार्थीले अवलोकन गरेका वा आफ्नो गाउँघरमा भएका र जानकारी भएका स्थलहरूको बारेमा चिनारी भन्न वा लेख्न लगाउँने । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विशेषता भएको गाउँ, चाडपर्वमा मेला लाग्ने ठाउँहरू प्राकृतिक सम्पदा जस्तैः खोलानाला, जङ्गल, ताल, पोखरी, गुफा आदि | | धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको फोटो (फ्लेक्स प्रिन्ट) र छोटो चिनारी भिडियो गाउँपालिका वा वडाको स्रोत नक्साहरू चित्र कोरेर रङ भर्न आवश्यक पर्ने पेपर, कलर साइनपेन, पेन्सिल आदि | कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको चित्र दिएर रङ भर्न लगाउँने । विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |
| १०. समानता, समावेशीता र सामाजिक न्याय | १०.१ सबै जाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव, | वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको क्षेत्रको सामाजिक | वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको क्षेत्रमा कुन कुन जाति, जनजाति (थर) का मानिसहरू बसोबास गर्छन्, आफ्नो छिमेकी कुन थरको छ भनी छलफल चलाउने, सेतोपाटीमा लेख्ने । | सेतोपाटी, मार्कर समानता सम्बन्धी छोटो | बालबालिका विच आपसी सम्मान, सद्भाव र समानताको | 4 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी बीच समानताको व्यवहार गर्न । | अवस्था (विभिन्न जाति, जनजातिहरू मिलेर बसेको विविधता भित्रको एकता) को परिचय सहयोग, मेलमिलाप र समानताको अवधारणा | छिमेकीहरूसँग झगडा गर्नु, नराम्रो भन्नु, गाली गर्नु राम्रो कि मिलेर बस्नु, एकअर्कालाई सहयोग गर्नु, राम्रो बोली व्यवहार गर्नु ठीक हो भनेर फोटो देखाएर छलफल गर्ने । कमिला र माहुरीको कथा सुनाएर (देखाएर) सहयोग, मेलमिलाप र समानताको अर्थ बुझाउने । कमिला र माहुरी जस्तै मिलेर बस्ने, एकअर्कालाई सहयोग गर्ने र समान व्यवहार गर्ने भनी बुझाउने र त्यसो गर्न प्रोत्साहित गर्ने । | भिडियो, चित्र | बोली व्यवहार एक अर्कामा मिलेर बस्ने, खेल्ने, हिड्ने गतिविधि विद्यार्थीहरूमा भए नभएको अवलोकन गरी मूल्याङ्कन गर्ने । | |
| | १०.२ अपाङ्गता (फरक क्षमता) भएका, असहाय, वृद्धवृद्धा अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरू प्रति राम्रो बोली व्यवहार र सहयोग गर्न । | अपाङ्गताको प्रकार शारीरिक विरामीपन र सहयता वृद्ध उमेर र शारीरिक समस्या परिवार, आफन्त नभएका र आफूसँग केही नभएका बालबालिका, बिरामी, | विद्यार्थीहरुलाई अपाङ्गता भएको, विरामी, वृद्ध बाजेबजै वा आफन्त कोही देखेको, भेटेको छ कि छैन भनी सोध्ने र त्यता व्यक्तिलाई दैनिक जीवनयापनमा के के कठिनाई हुन्छहोला र कसले सहयोग गर्छहोला भनेर उदाहरण खुट्टा नभएको मान्छे कसरी हिड्छ होला, दृष्टिविहिन भएको बच्चाहरूले कसरी पढ्छ होला आदि सान्दर्भिक प्रश्नहरू सोधेर कौतुहलता जगाउँने । विभिन्न प्रकारका अपाङ्गता मध्ये धेरैजसो हुने अपाङ्गता (शारीरिक, दृष्टि, बोलाइ, सुनाइ) सम्बन्धी बालकथा बनाएर सुनाउने । बालकथामा उनीहरूको अपाङ्गता के कारणले भएको, परिवार र साथीले सहयोग के के सहयोग गर्छन र उनीहरू पनि सपाङ्ग सरह धेरै राम्रो काम गर्न सक्छन् | अपाङ्गता, वृद्धवृद्धा, असहाय, विरामी, दीर्घरोगी व्यक्तिहरूको चित्र, पम्प्लेट वा अडियो, भिडियो अपाङ्गता र यसको प्रकार, अपाङ्गता | शारीरिक अपाङ्गताको कुनै ३ वटा प्रकार भन्न र चिन्न लगाउँने । अपाङ्गता सम्बन्धी सही र गलत शब्दहरू दिएर सही शब्दलाई ठिक र गलत शब्दलाई बेठीक चिन्ह | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वृद्धवृद्धाका आदि र उनीहरूलाई आवश्यक पर्ने सहयोग बालबालिकाले गर्न सक्ने सहयोग, सम्मान जनक बोली व्यवहार | (जस्तैः शिक्षक, शिक्षिका बन्न सक्छन्), उनीहरूलाई सधैं माया र सहयोग गर्नु पर्छ भन्ने सन्देश हुनु पर्दछ ।<br>अपाङ्गता भएको व्यक्तिलाई हिडहुल, गर्न खानेकुरा खान, पढ्न कति गाह्रो हुन्छ भन्ने बुझाउन कोही विद्यार्थीलाई आँखा चिम्लेर हिड्ने वा पढ्ने वा लेख्ने, एउटा खुट्टाले हिड्ने अभ्यास गर्न लगाउँने । त्यसपछि सजिलो कि अप्ठ्यारो भयो भनेर अनुभव आदान प्रदान गर्न लगाउँने र छलफल गर्ने । त्यस पछि अर्को साथीको सहयोगमा अघि कै काम गर्ने अभ्यास गर्ने र पुनः सोध्ने र छलफल गर्ने ।<br>अपाङ्गता सम्बन्धी राम्रो (उचित) शब्द र नराम्रो (गलत) शब्दहरू सेतापाटीमा लेखेर राम्रा शब्दहरू मात्र भन्न वा बोल्न प्रेरित गर्ने ।<br>कोही अपाङ्गता भएको व्यक्ति विद्यालय नजिकमा भए निजलाई बोलाएर अपाङ्गता र उसको अनुभव बारेमा अन्तरक्रिया गराउने ।<br>अन्त्यमा केही विद्यार्थीहरुलाई अपाङ्गता सम्बन्धी बुझेका कुरा भन्न लगाउँने । | सम्बन्धी सही शब्द सम्बन्धी जानकारी पुस्तिका अपाङ्गता, वृद्धवृद्धा, असहायले प्रयोग गर्ने सहयता सामग्रीहरूको चित्र वा तस्वीर रुमाल, गलबन्दी आदि खेल सामग्रीहरू | लगाउन दिने वा सही शब्दहरू एउटा कोठामा र गलत शब्दहरू अर्को कोठामा छुट्टाएर लेख्न लगाउँने ।<br>अपाङ्गता, वृद्धवृद्धा, असहाय, विरामी भएको व्यक्तिलाई किन सहयोग गर्नुपर्छ (?) भनी सोध्ने<br>अपाङ्गता, वृद्धवृद्धा, असहाय, विरामी भएको व्यक्तिलाई गर्नु पर्ने, गर्नु नहुने कुराहरू (बोली | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | व्यवहार) बारे मौखिक सोध्ने र उनीहरूको व्यहार अवलोकन गर्ने । विद्यालयमा विद्यार्थीको क्रियाकलाप अवलोकन गरेर मूल्याङ्कन गर्ने । | |
| ११. सामाजिक रुपान्तरण, लोकतन्त्र र संघीयता | ११. वैतेश्वर गा. पा. घोषणा भएको साल, जम्मा वडाहरूको सङ्ख्या, साविक गा.वि.स. सङ्ख्या बताउन । | वैतेश्वर गा. पा. घोषणा भएको मिति, जम्मा वडा सङ्ख्या, साविक सङ्ख्या र गा.वि.स.हरूको नामावली | हामी कुन गाउँपालिकामा बस्छौं भनी सोध्ने । पछि हामी बसेको गा.पा.को नाम "वैतेश्वर" हो भनी सेतोपाटीमा लेखिदिने र कापीमा सार्न लगाउँने । वैतेश्वर गा. पा. घोषणा भएको साल लेखिदिने । वैतेश्वर गा. पा. साविकका कतिवटा गा.वि.स.हरू मिलेर बनेको हो भनी ती गा. वि. स. हरूको सङ्ख्या सेतोपाटीमा लेखिदिने र विद्यार्थीलाई कापीमा सार्न लगाउँने । दोहोऱ्याएर सोध्ने । | वैतेश्वर गाउँपालिका घोषणा भएको साल र साविक गा.वि.स.हरू र हालको .पा.को सिमाना छुट्टिएको नक्सा चार्ट पेपर वा | वैतेश्वर गा. पा. घोषणा कहिले भयो, जम्मा कति वटा वडाहरू छन् भनी सोध्ने । कति वटा गा.वि.स.हरू मिलाएर वैतेश्वर गाउँपालिका | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | न्युज पेपर, मार्कर | बनाइएको हो भनी विभिन्न सङ्ख्या मध्ये सही सङ्ख्यामा गोलो घेरा गर्न लगाउँने । | |

### २.९.३. कक्षा ३ को पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण

तालिका ७: कक्षा ३ को पाठ्यक्रमको *क्षेत्र, क्रम र विस्तृतीकरण*(Scope, Sequence and Specifications)

| **क्षेत्र** | **सिकाइ उपलब्धि** | **विषयवस्तु तथा विस्तृतीकरण** | **शिक्षण सिकाइ विधि तथा क्रियाकलाप** | **शैक्षिक सामग्रीहरू** | **मूल्याङ्कन प्रक्रिया** | **पाठ्यभार** |
|---|---|---|---|---|---|---|
| १. स्थानीय तहको परिचय | १.१ आफू बसिरहेको गाउँठाउँ, गाउँ, वडा र जिल्लाको नाम बताउन र लेख्न । | • विद्यार्थी आफू जन्मेको, बसोबास गर्ने गाउँटोलको नाम<br>• आफू बसोबास गर्ने वडा नं., गाउँपालिका र जिल्लाको नाम<br>• आफू पढ्ने | • वैतेश्वर.पा. को ८ वडाहरू छुट्याएको नक्सा देखाई उनीहरूको घर भएको वडा देखाउने ।<br>• आफू बस्दै आएको गाउँपालिकाको नाम वैतेश्वर गाउँपालिकाको बारेमा छोटो चिनारी बताउने, देखाई दिने र दोहोऱ्याएर पढाउने ।<br>• विद्यालय वरपरको ठाउँहरू घुमाउन लैजाने (अध्ययन भ्रमण) र त्यसको बारेमा छलफल गर्ने । | • सिमाना तथा वडा छुट्टिएको वैतेश्वर गा.पा.को नक्सा<br>• भिडियो क्लिप<br>• मोबाइल फोटो वा हातले तयार गरेको चित्र<br>• गाउँपालिकाको क्यालेण्डर | • विद्यार्थीलाई कुन गा.पा.र कति नं. वडामा बस्छन भनी लेख्न लगाउँने ।<br>• वैतेश्वर गा.पा.को नक्सामा आफू बसेको वडा नं. देखाउन लगाउँने ।<br>• आफ्नो गाउँ, विद्यालयको चित्र | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विद्यालयको नाम र ठेगाना (स्थान) | • भ्रमण गरेको ठाउँको चित्र बनाई नाम लेख्न लगाउँने ।<br>• वैतेश्वर गा.पा. को विभिन्न ठाउँको भिडियो क्लिप्स, फोटो आदि देखाई छलफल गर्ने ।<br>• आफ्नो गाउँ र विद्यालय एवं वरपरको भौगोलिक अवस्था हेरेर केही बताउन लगाउँने, सिकाउने । | | बनाई नाम लेख्न र रङ भर्न लगाउँने ।<br>• कक्षामा गरिएको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |
| २. स्वास्थ्य सरसफाइ | २.१ आफ्नो सामान्य सरसफाइ आफैं गर्ने र चर्पीको प्रयोग गर्न । | • हातमुख धुने र रुमाल वा सफा कपडाले पुछ्ने<br>• हात धुने<br>• फोहोर, ढुङ्गामाटो आदि छोएपछि, विद्यालयबाट वा बाहिर गएर फर्के पछि र चर्पी प्रयोग गरे | • सरसफाइ सम्बन्धी एउटा बालकथा सुनाउने ।<br>• शरसफाई नगर्दा पर्नसक्ने स्वास्थ असर सम्बन्धी चित्रको माद्यामबाट प्रस्ट पार्ने ।<br>• साबुन पानीले हात धोएको चित्र वा पोस्टर देखाएर छलफल गर्ने र त्यहाँ देखाए अनुसार हात धुने तरिका बताउँदै अभ्यास गराउने ।<br>• चर्पी प्रयोग गरेपछि साबुन-पानीले र अरु बेला सफा पानीले मात्र हात-खुट्टा, मुख धुने सही तरिका प्रदर्शन गर्ने र सँगसँगै अभ्यास गर्न लगाउँने<br>• विद्यालय र घरमा पनि सो तरिकाले | • साबुन पानीले हात धोएको चित्र तथा पोस्टर<br>• सफा पानी<br>• साबुन वा खरानी<br>• हात पुछ्ने तौलिया वा सफा कपडा<br>• स्थानीय सामानले बनेको जुत्ता, चप्पल राख्ने र्‍याक | • सही तरिकाले साबुन पानीले हात-खुट्टा धुन जान्यो वा जानेर अभ्यास गर्न लगाएर हेर्ने ।<br>• चर्पीको प्रयोग पछि, खाना खानुअघि र खाइसकेपछि सधैं हात धुने बानी भयो कि भएन अभिभावसँग सोध्ने<br>• नुहाएपछि हातमुख धोएपछि सफा | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पछि साबुन पानीलु हात–खुट्टा धुने<br>• खाना खानुभन्दा अघि र खाइसके पछि हात धुने | हातमुख, खुट्टा धुन प्रोत्साहित गर्ने ।<br>• चप्पल र जुत्ताको प्रयोग कहाँ गर्ने, कहाँ नगर्ने भनी विद्यार्थीसँग कुरा गर्ने र कहाँ जुत्ताचप्पल लगाउँनु ठीक हो, कहाँ लगाउँनु बेठीक हो भनी बताउने ।<br>• अभिभावकहरूलाई समेत यसबारे जानकारी गराई बालबालिकालाई घरमा बानी लगाउन अनुरोध गर्ने ।<br>• सफा र फोहोर कुराहरू, कपडा आदि कक्षा भित्र र बाहिर भएको कुराहरू अवलोकन गराएर चिनाउने ।<br>• सरसफाइ सम्बन्धी चित्र देखाएर कुन राम्रो कुन नराम्रो, किन र के भए राम्रो हुन्छ भनी प्रश्नोत्तर गर्ने । | | कपडाले हातमुख धुने बानी बारेमा अभिभावकसँग सोध्ने ।<br>• विद्यालयमा विद्यार्थीको व्यक्तिगत र बाहिरी सरसफाइ सम्बन्धी क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | | |
| | २.२ खानेकुरा सफा गरेर खान । | • सफा खानेकुरा मात्र खाने, सफा पानी मात्र पिउने<br>• भूँइमा झरेका र फोहोर लागेका खानेकुरा नखाने बानी | • सफा खानेकुरा र फोहोर खानेकुराको चित्र वा पोस्टर देखाएर बताउने ।<br>• सफा र ताजा खानेकुरा खाँदा र फोहोर, सडेगलेका खानेकुरा खाँदा के हुन्छ भनेर बताउने कथाको माध्यमबाट भनीदिने र सफा र ताजा खानेकुरा मात्र खान प्रोत्साहित गर्ने । | • सफा खाने कुरा र फोहोर खानेकुराको चित्र वा पोस्टर<br>• वास्तविक फलफूल<br>• खानेकुरा छोपेर | • विद्यार्थीमा सफा खानेकुरा मात्र खाने बानी भयो कि भएन, फलफूल र अन्य खानेकुराहरू पानीले पखालेर वा सफा कपडाले पुछेर | ५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • भान्सामा पकाएका वा पाकेका खानेकुरा छोपेर राख्ने बानी<br>• फलफूल जस्ता आफैंले धोएर खाने सक्ने खानेकुराहरू धोएर खाने बानी | • फलफूल किन धोएर खानुपर्छ भनी बुझाउन एउटा फलफूलको दाना ल्याएर त्यसमा धुलो, फोहोर लागेको देखाउने । त्यस्तो खाएमा पेट दुःख्ने, बिरामी हुने कुरा जानकारी गराउने । त्यो फललाई धुने तरिका सिकाउने र धोएको फल पुनः विद्यार्थीलाई देखाउने ।<br>• दाल, भात, दूध जस्ता पकाएका खानेकुराहरू कसरी छोपेर राख्ने, नछोपे कसरी झिँगा र अन्य फोहोर पर्छ भनेर भान्साको अवलोकन गराएर छलफल गराउने वा आफ्नो घरको भान्सा अवलोकन गरेर आउन भन्ने र के-के कुरा राम्रो रहेछ, के के कुरा नराम्रो रहेछ भनी प्रश्नोत्तर गर्ने र सुधार गर्न अभिभावकलाई अनुरोध गर्न भन्ने । | राखेको र नछोपी राख्दा फोहोर, झिँगा परेको वास्तविक भान्सा वा पोस्टर वा श्रव्य, दृश्य सामग्री | खान्छन् कि खाँदैन भनेर अभिभावकसँग सोध्ने ।<br>• घरको भान्साको अवलोकन गर्न लगाई त्यहाँको सरसाफईको बारेमा बुझ्ने ।<br>• विद्यालयमा हुँदा विद्यार्थीले खाने खाजा वा खानेकुरा सफा गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने । | |
| ३. खाद्यान्न तथा पोषण | ३.१ वैतेश्वर गा.पा.को विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन | • वैतेश्वर गा.पा.को विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उब्जनी | • विद्यार्थीहरूलाई आ-आफ्नो घरमा के के अन्न अनाज छन् ? भनी सोध्ने ।<br>• आज के खानेकुरा खाएर विद्यालय आए ? भनी सोध्ने ।<br>• ती खानेकुरा केबाट बनाएको (जस्तै | • स्थानीय स्तरमा उत्पादन हुने विभिन्न खाद्यान्न, तरकारी तथा फलफूलको | • कापीमा स्थानीय खाद्यान्न एवं तरकारीको चित्र अनुसार त्यसमा वास्तविक कृषि | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हुने खाद्यान्न, सागसब्जी, फलफूलको ५/५ वटा सम्मको नाम बताउन, चिन्न र लेख्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे भन्न । | हुने विभिन्न खाद्यान्न (अन्नबाली, दलहन, तरकारीहरू) जस्तैः धान, मकै, गहुँ, कोदो, दाल, साग, काउली, आलु, बन्दा, लौका, फर्सी, लसुन, प्याज, कर्कला आदि | मासबाट दाल) भनी सोध्ने र उदाहरण दिँदै स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न हरू बारे परिचित गराउने ।<br>• आ-आफ्नो घरमाबाट आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्न हरूको केही नमूना ल्याउन लगाउँने र त्यो के हो भन्न, लेख्न र त्यसबारे केही बताउन लगाउँने ।<br>• यस्ता स्थानीय खाद्यान्न , तरकारी, फलफूलको नमूनाहरू कक्षामा डोरी टाँगी नाम लेखेर झुण्ड्याउने र हरेकको बारेमा बताउने र विद्यार्थीहरूलाई पनि त्यसरी नै बताउन लगाउँने ।<br>• विद्यार्थीलाई आफूलाई मन पर्ने फलफूलको नाम भन्न लगाउँने र विद्यार्थीको नाम सँगै फलफूलको चित्र बनाउने र ती नामको सूची बनाई कक्षाकोठामा राख्ने ।<br>• कहिले काँही आफ्नो खेतबारीमा फलेको फलफूल विद्यालयमा खाजाको रुपमा ल्याउन प्रोत्साहित गर्ने । | वास्तविक नमूना वा फोटोहरू<br>• डोरी, सियो, धागो<br>• नमूना राख्ने प्लास्टिक व्याग<br>• कार्डबोर्ड पेपर<br>• मार्कर<br>• विभिन्न रङहरु | अनाजको केही दाना राखी वा टाँसी नाम लेख्न लगाउँने । तिनीहरु के का लागी प्रयोग गरिन्छ भन्न लगाउँने ।<br>• तरकारीको पात (पातको टुक्रा) कापीमा टाँस्न र नाम लेख्न लगाउँने ।<br>• स्थानीय खाद्यान्न, तरकारी, फलफूलहरूको नाम भन्न वा सही नाममा गोलो घेरा गर्न लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३.२ आयातित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको प्रयोगबाट हुने कुनै २ बेफाइदा बताउन र स्थानीय कृषि उत्पादन (खानेकुराहरू) र आयातित पोषणयुक्त कृषि उत्पादनको उपभोग गर्नुको कुनै २ फाइदा बताउन । | • स्थानीय कृषि उपजबाट बनेको विभिन्न खानेकुराहरू (खानाका परिकार) जस्तैः दाल, भात, दाल, साग, गेडागुडी, तरकारी र विभिन्न चाडबाडमा बनाइने वा पकाइने परिकारहरू र तिनको फाइदा<br>• बजार पसलमा पाइने पत्रु खानेकुराहरू वा कम पोषणयुक्त (जङ्क फुड) जस्तैः चाउचाउ, | • आफ्नो घरमा पकाएको, तयार पारेको वा फलेको कुन खानेकुरा आफूलाई मन पर्छ सोध्ने । मन पर्ने र नपर्ने विद्यार्थीहरुको सूची बनाउने<br>• कथा वा चित्रको माध्यमबाट आफ्नो स्थानीय क्षेत्रमा उत्पादित अन्नबालीको प्रयोगबाट हुने फाइदाको बारे दर्शाउने ।<br>• ताजा र सफा खानेकुरा खान विद्यार्थीलाई प्रोत्साहित गर्ने ।<br>• बजार वा पसलमा के के खानेकुरा, खाद्यान्न, तरकारी पाइन्छ भनेर विद्यार्थीहरूलाई सोध्ने, विद्यालय नजिकको पसल, बजारमा विद्यार्थीहरूलाई अवलोकन गर्न लैजाने र पसलमा लगेर विभिन्न किसिमका खानेकुराहरू (स्वस्थ एवं पत्रु दुवै) देखाउने ।<br>• विद्यार्थीहरूलाई कुन कुन खानेकुरा स्वस्थ खानेकुरा र कुन कुन खानेकुरा पत्रु खानेकुरा हो भनेर बुझाउने र पत्रु खानेकुरा किन सधैं खानु हुँदैन भनी कथाको माध्यमबाट बताउने । | • स्वस्थ खानेकुरा र पत्रु खानेकुराहरूको सूची वा वास्तविक नमूना<br>• पौष्टिक खानेकुराको क्यालेण्डर<br>• खाना, तरकारी, फलफूल सम्बन्धी बालबालिकाले बुझ्ने पोस्टर, भिजुअल बालगीत, भिडियो क्लिप, डिजिटल फोटो<br>• मार्कर, सेतोपाटी, कापी वा न्युजप्रिन्ट वा चार्ट पेपर | • कागजको टुक्राहरूमा स्वस्थ खानेकुराहरूको फाइदा र पत्रु खानेकुराहरूको वेफाइदा लेखेर दिने र "स्वस्थ खानेकुरा" र "पत्रु खानेकुराहरू" शीर्षक अन्तरगत छुट्टयाउन लगाउँने ।<br>• विद्यालयमा गर्ने विद्यार्थीको आनीबानीको आधारमा मूल्याङ्कन गर्ने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बिस्कुट, चिजबल, चक्लेट, कोक, जुस आदिको र तिनको वेफाइदा | • स्वस्थ खानेकुराहरू र पत्रु खानेकुराहरूको सूची बनाउने र स्वस्थ खानेकुरालाई ठीक चिन्ह र पत्रु खानेकुरालाई बेठिक चिन्ह लगाउन सिकाउने ।<br>• स्वस्थ खानेकुरा र पत्रु खानाको बारेमा पोस्टर वा चित्र वा बालभिडियो वा दृश्य गीत मोवाइल (प्रोजेक्टर) देखाएर छलफल गर्ने । | | | |
| ४. सदाचार, नैतिकता र सामाजिक मूल्यमान्यता | ४.१ आफू भन्दा ठूलालाई आदर, सम्मान गर्ने, साइनो लगाएर बोल्ने र आफू सरह र सानालाई माया गर्ने । | • आफ्नो परिवार, आफन्त, छरछिमेकी र विद्यालयमा कार्यरत विभिन्न व्यक्तिसँगको साइनोहरू (स्थानीय चलनचल्ती र जाति समुदाय विशेषको)<br>• अभिवादन, स्वागत, बिदाइ | • विद्यार्थीलाई कसको परिवार र मामाघरमा को को हुनुहुन्छ लेख्न लगाउँने। उहाँहरुको नामको अर्को पट्टी किनारामा उहाँहरुलाई सम्बोधन गर्ने साईनो लेख्न लगाउँने (मातृभाषा र नेपाली र अन्यमा)<br>• विद्यार्थीलाई कसको छरछिमेकमा को को हुनुहुन्छ लेख्न लगाउँने। उहाँहरुको नामको अर्को पट्टी किनारामा उहाँहरुलाई सम्बोधन गर्ने साईनो लेख्न लगाउँने (मातृभाषा र नेपाली र अन्यमा)<br>• सेतोपाटीमा मान्यजन, साथी तथा आफू भन्दा सानालाई बोलाउने साइनाको सूची तयार गर्ने र साइनो अनुसार कसलाई | • शब्द कार्डहरू<br>• स्वागत, अभिवादन, बिदाइ र अतिथि सत्कारका दृश्य (भिडियो), श्रव्य (अडियो) सामग्रीहरु, चित्रहरू, फोटोहरू र शब्दहरू<br>• सेतोपाटी, मार्कर | • अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कारका शब्दहरू भन्न र सही तरिकाले यी काम गर्न जान्दछन् कि जान्दैनन् भनी सोध्ने र प्रदर्शन गर्न लगाई अवलोकन गर्ने ।<br>• अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार विद्यार्थीले आफ्नो घरमा, | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गर्ने शब्दहरू (अङ्ग्रेजी, नेपाली, मातृभाषामा)<br>• अभिवादन गर्ने, बिदाइ गर्ने, स्वागत (हाउभाउ) गर्ने र भन्ने तरिका<br>• आफूभन्दा सानालाई माया गरेर बोलाउने, मायालु व्यवहार गर्ने, आफूसँग भएको खानेकरा दिने आदि | कसरी अभिवादन गर्ने हो सोधेर अभिवादन गर्ने शब्दहरूको सूची बनाउने र छलफल गर्दै अभिवादन कसरी गर्ने भन्दै अभ्यास गराउँदै सिकाउने ।<br>• अभिवादन, स्वागत, बिदाइ गर्ने शब्दहरू नेपाली वा अङ्ग्रेजी वा दुबै भाषामा लेखी विद्यार्थीलाई भन्दै अभ्यास गराउने, लेख्न लगाउँने र ती शब्दहरूलाई आ-आफ्नो मातृभाषामा के भन्छन् ? अभिभावकलाई सोधेर ल्याउन गृहकार्य दिने ।<br>• घरमा पाहुना आउँदा के भनेर स्वागत तथा बिदाइ गर्ने भनी उपयुक्त शब्द, शब्दावली भन्न र अभिनय गरी अभ्यास गर्न सिकाउने ।<br>• आफ्नो परिवार, समुदाय अनुसार अभिवादन, स्वागत वा बिदाइ गर्ने ? फरक मातृभाषी शब्द, तरिका भए विद्यार्थीलाई अविभावकसँग सोधेर आउन र कक्षामा प्रस्तुत गर्न लगाउँने । सोको बारेमा छलफल गराउने ।<br>• आफनो परिवारमा, आफन्तमा वा | | अतिथि वा आफन्त भेटघाटमा गर्छ कि गर्दैन भनी अविभावकसँग सोध्ने ।<br>• अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार सम्बन्धी फोटो वा चित्र वा भिडियोहरू चिन्न वा छुट्टाउन सक्छ कि सक्दैन जाँच्ने ।<br>• विद्यालयमा विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | छिमेकमा आफूभन्दा साना भाइबहिनीहरू छन् कि छैनन ? भनी सोध्ने, भाइबहिनीलाई र यस्तो राम्रो आदत बसाउन विद्यार्थी र अविभावकलाई पनि प्रोत्साहित गर्ने कसरी माया गर्नुहुन्छ, के दिनुहुन्छ, अरु के-के गर्नुहुन्छ भनी सोध्ने किन, कसरी माया गर्ने, उनीहरूसँग खेल्ने भनी सिकाउने र आफ्नो बाल्यकालको अनुभवलाई बालकथा बनाएर सुनाउने र त्यस्तै अनुभव सुनाउन प्रोत्साहित गर्न र कसलाई के भनेर बोलाउनु भयो अनि के के गर्नु भयो प्रश्नहरू सोध्ने ।<br>• सम्भव भएमा अभिवादन, स्वागत, सत्कार, बिदाइ सम्बन्धी चित्र, भिडियो बनाई वा देखाई सो बारेमा विद्यार्थीलाई बताउन लगाउँने । | | | |
| | ४.२ राम्रो (असल) बोली व्यवहार प्रदर्शन गर्न (सभ्य शब्द, साथीहरूसँग | • दैनिक जीवनमा हुने, गरिने असल बानी र खराब बानीहरू (जस्तैः कक्षामा हात | • दैनिक जीवनमा विद्यालय, घर, बजार, सडक, बाटो, सार्वजनिक स्थलमा गर्नु पर्ने ठीक कामकुराहरू (आदत, बानी) भन्ने र त्यसो गर्नु ठीक कि गलत भनेर विद्यार्थीलाई सोध्ने, कापीमा लेखिदिने वा लेख्न लगाउँने | • राम्रो र नराम्रो बानी सम्बन्धी चित्र वा फोटोहरू<br>• शब्द/मेटा कार्ड वा सोको लागि | • राम्रो र नाम्रो बानी देखिने चित्र देखाई कुनबानी ठिक हो कुन बेठिक हो ? छुट्याउन लगाउँने | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि) बानीको बिकास गर्ने । | उठाएर बोल्ने, लाइनमा बस्ने, पालैपालो बोल्ने, अरुको सामान नलिने, अपशब्द वा अश्लिल शब्द नबोल्ने)<br>• साथीहरूलाई सहयोग गर्ने, मिलेर पढ्ने, खेल्ने, नाच्ने, गीत गाउँने बानी व्यवहार | र ठीक वा बेठिक के हो सही चिन्ह वा शब्द लेख्न लगाउँने ।<br>• यस्तो राम्रो आदत बसाउन विद्यार्थी र अविभावकलाई पनि प्रोत्सहित गर्ने<br>• साथीहरूसँगसँगै मिलेर पढ्न, बस्न, नाच्न, खेल्न, गीत गाउन लगाउँने, खाजा बाँडेर खान लगाउँने, साथीहरूलाई सभ्य तरिकाले नाम भनेर बोल्न, माथिल्लो कक्षाको लाई दाइदिदी भनेर बोल्न र तल्लो कक्षामा पढ्नेलाई भाइबहिनी भनेर बोलाउने र सभ्य व्यवहार गर्न भन्ने, सिकाउने र अवलोकन गरी आवश्यकतानुसारसंझाउने, प्रोत्साहित गर्ने गराउनेच ।<br>• साथीहरूलाई सहयोग गर्न, मिलेर पढ्न, खेल्न, नाच्न, गीत गाउन लगाउँने । | प्रयोग गर्न सकिने पेपर<br>• सेतोपाटी, मार्कर | • विद्यालय, घर, बजार, सडक, बाटो, बजार आदिमा गर्नु पर्ने सही (ठीक) र गर्न नहुने गलत (बेठीक) आनीबानी छुट्टाउन लगाउँने<br>• विद्यालय, घरपरिवार, साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने व्यवहार, आनीबानी अवलोकन गरी मूल्याङ्कन गर्ने । | |
| | ४.३ आफ्नो समाज, जाति, समुदाय र कुलघरानको भाषा, असल मूल्यमान्यता, | • घरमा आउने पाहनाहरू, आफू वा आफ्ना परिवारको सदस्य पाहुना भएर जाने | • तिम्रो घरमा पाहुना आउँदा तिमी, आमा, बुबा, हजुरबा, हजुरआमा, काका, दिदी, दाजु र अरुले (यदि भएमा स्थानीय वा मातृभाषामा के भन्ने चलन छ त्यही अनुसार) के कसरी स्वागत, सत्कार गर्नुहुन्छ भनी सोध्ने र सूची बनाएर अभिवादन शब्दहरू | • सेतोपाटी, मार्कर<br>• शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर<br>• छिमेकी, | • आफन्त तथा छिमेकीसँग बोल्ने सिप परीक्षण गर्न विद्याथीहरुलाई विभिन्न भूमिकामा अभिनय गर्न | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संस्कार संस्कृति अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिवादन गर्न, साइनो लगाएर बोल्न र सत्कार गर्न । | आफन्तहरू<br>• आफ्नो परिवार, आफन्त, छरछिमेकका विभिन्न व्यक्तिसँगको साइनोहरू (स्थानीय चलनचल्ती र जाति समुदाय विशेषको)<br>• अपरिचित व्यक्तिलाई बोलाउने (साइनो लगाउँने) र उनीहरूसँग बोल्ने सरल, सभ्य र सही तरिका | लेखी भन्न र पाहुनाको सम्बन्ध लेख्न लगाउँने ।<br>• आफन्तकोमा जाँदाको यात्रा विवरणलाई बालकथा बनाएर सुनाउने ।<br>• त्यस्तै अनुभव सुनाउन प्रोत्साहित गर्ने ।<br>• छिमेकीलाई बोलाउने (साइनो लगाउँने) र उनीहरूसँग बोल्ने सरल, सभ्य र सही तरिकाका केही वाक्य लेखेको चार्ट देखाउने र सोको उच्चारण अभ्यास गराउने । | घरपरिवारको फोटो<br>• आफूभन्दा ठुलालाई र सानालाई अभिवादन गर्ने शब्दको सूची | लगाउँने ।<br>• उनीहरुले के कसरी स्वागत, सत्कार गर्छन् सो अनुरुप पृष्ठपोषण दिने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. कृषि, जडीबुटी, पशुपालन, पेसा व्यवसाय तथा उद्यमशीलता | ५.१ आफ्नो घर छिमेक वरिपरि गरिने कृषि गतिविधिहरू (जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि) चिन्न, र यस बारे बताउन तथा कम्तिमा ५ वाक्य लेख्न । | वैतेश्वर गा पा मा हुने विभिन्न कृषि क्रिया कलापहरू जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि<br>वैतेश्वरमा स्थानीय रुपमा उत्पादन हुने विभिन्न अन्नबाली, दलहन, तरकारीहरूको नामावली | आफ्नो घरमा के-के अन्न, दलहन, तरकारी उत्पादन हुन्छन तिनको नाम भन्न लगाउँने, ती नाम सेतोपाटीमा टिप्ने र दोहोऱ्याउने ।<br>ती खानेकुराको चित्र बनाइदिने र नाम लेख्ने वा नाम लेखेर चित्र बनाइदिने र रङ्ग्याउन लगाउँने ।<br>विभिन्न स्थानीय कृषि गतिविधिहरूको फोटो, छोटो भिडियो रेकर्ड गरेर देखाउने र त्यसबारे छलफल गर्ने । उनीहरुलाई कम्तिमा ५ वाक्यमा सोको व्याख्या गर्न लगाउँने<br>विभिन्न स्थानीय कृषि उपज विद्यार्थीलाई घरबाट एक-एक वटा नमूनाको रुपमा ल्याउन लगाउँने । प्रत्येक नमूनाको नाम कागजमा लेखेर कक्षाकोठामा डोरी झुण्ड्याएर राख्ने । | वास्तविक अन्न, दलहन, तरकारीहरूको नमूना, पेन्टिङ चित्र, फोटो, अडियो, भिडियो<br>सेतोपाटी, मार्कर<br>शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | कापीमा स्थानीय कृषि एवं नाज तरकारीको चित्र अनुसार नाम लेख्न, चिन्न लगाउँने र त्यसमा वास्तविक कृषि अनाजको केही दाना राखी वा टाँसी नाम लेख्न लगाउँने<br>तरकारीको सिङ्गो वा टुक्रा पात कापीमा टाँस्न र नाम लेख्न वा रंङ भर्न लगाउँने<br>कृषि उपजको नाम र चित्र वा नाम र त्यसको रुखबिरुवा बनाई जोडा मिलाउन लगाउँने । | ५ |
| | ५।२ वैतेश्वर गा. पा. मा भएका कुनै तीन वटा जडीबुटीहरु | वैतेश्वर गा.पा.भित्र उपलब्ध हुने घर वरपर पाइने जडीबुटीहरु | आफ्नो वरपर पाइने जडीबुटीहरु सङ्कलन गरी कक्षाकोठामा छलफल गर्ने ।<br>विद्यार्थीहरूलाई आफ्नो घर वरपर के के जडीबुटी पाइन्छ भनी सोध्ने र ती जडीबुटीहरुको नाम टीपोट गर्ने । | जडीबुटीको नमुना सङ्कलन | आफ्नो वरपर पाइने तीनओटा जडीबुटीको नाम सोध्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (जस्तै वनमारा, तितेपाती, मलायगिरि) को नाम र काम भन्न । | | | | | |
| | ५.३ वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा गरिने पशुपालन सम्बन्धी गतिविधिहरू (जस्तैः कुखुरा–बाखा पाल्ने, गाईभैंसी पाल्ने, दूध दुहुने, दही, मोही, घिउ बनाउने आदि) बताउन र ती उत्पादनको उपयोगिता बारे | वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा पाल्ने पशुपंक्षीहरूको नामावली जस्तैः कुखुरा, हाँस, खसीबाखा, भेडा, गाईगोरु, राँगा भैंसी, सुँगुर, बङ्गुर, खच्चड, घोडा, मौरी आदि<br>ती पशुपंक्षीहरूको उपयोग वा प्रयोग | विद्यार्थीहरूलाई के के घरपालुवा पशुपंक्षी देखेका छन भनी सोध्ने ।<br>मोवाइलमा घरेलु पशुपंक्षी कराएको आवाज (युटुबबाट डाउनलोड गरेर) सुनाउने र विद्यार्थीलाई त्यो पशुपंक्षीको नाम भन्न र लेख्न लगाउँने ।<br>ती पशुपंक्षीहरूले के दिन्छ वा के कामको लागि पालेको हो छलफल गर्ने (मासु, दूध, दही, घ्यू, अण्डा, मल, भारी बोक्न/यातायात आदि) ।<br>पशुपंक्षीको सूची, त्यसबाट पाइने कुराहरू, ती राख्ने वा बस्ने घर वा ठाउँको सूची बनाई जोडा मिलाउन लगाउँने ।<br>घरपालुवा पशुपंक्षी, तिनीहरूबाट पाइने कुरा, तिनीहरूको बासस्थान आदिको बारेमा मोवाइलमा पाइने बाल भिडियो गीत (अङ्ग्रेजी, नेपाली भाषामा) डाउनलोड गर्ने र विद्यार्थीलाई | घरेलु पशु पंक्षीहरूको पेन्टिङ चित्र, फोटो, अडियो, भिडियो, सेतोपाटी, मार्कर, शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | कापीमा स्थानीय रुपमा पालिने पशुपंक्षीको चित्र, टाउको, खुट्टा, पखेटा आदि शरीरको भागको चित्र र पशुपंक्षीको नाम जोडा मिलाउन लगाउँने ।<br>कुनै १० वटा घरपालुवा पशुपंक्षीको नाम लेख्न लगाउँने वा ती पशुपंक्षी केका लागि पालिन्छ भनी खालीठाउँ भर्न वा उपयुक्त शब्द छान्न लगाउँने ।<br>कुनै १० वटा | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भन्न र कम्तिमा १० वाक्यमा लेख्न । | | देखाई छलफल गराउने, सामूहिक नाचगान गराउने ।<br>घरेलु पशुपंक्षीको टाउको, खुट्टा, पखेटा, सिङको सङ्ख्याबाट अङ्कगणित, अण्डा वा बच्चा, आदि बाट विज्ञानको कुरा बुझाउँने ।<br>आफ्नो घरमा पालेको जनावरले कस्तो हाउभाउ गर्छ भनी नक्कल गरेर देखाउन भन्ने । | | घरपालुवा पशुपंक्षीको एक-एक वटा उपयोग लेख्न लगउने । | |
| | ५.४ वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँका मानिसहरूले गर्ने विभिन्न पेसा व्यवसायहरू मध्ये ५ वटाको नाम र कुनै एक पेसा व्यवसाय गर्ने तरिका भन्न र लेख्न । | वैतेश्वरबासीले गर्ने वा अपनाएका विभिन्न किसिमका पेसा तथा व्यवसायहरू जस्तैः कृषि (खेतीपाती, पशुपालन), पसल, होटल/खाजाघर, वैदेशिक रोजगारी, विभिन्न किसिमको जागिर आदि) | विद्यार्थीका परिवारका सदस्यहरू को-को कुन काममा संलग्न हुनुहुन्छ सोध्ने र सो पेसा व्यवसाय कसरी गर्नुहुन्छ ? सोध्ने । यसको आधारमा स्थानीय रुपमा भएका विभिन्न पेसा व्यवसायको बारेमा परिचित गराउने ।<br>विभिन्न पेसा व्यवसाय गर्ने ठाउँ जस्तै पसल, खेत, अफिस (कार्यालय), विद्यालय, प्रहरी कार्यलय, हेल्थपोस्ट, गाडी, वर्कसप आदिमा को-को काम गर्छन् भनी सोध्ने ।<br>विद्यालय वरिपरि भएका विभिन्न पेसा व्यवसायमा अवलोकन भ्रमण गराई र ती पेसा व्यवसायमा संलग्न व्यक्तिहरूसँग परिचित गराउने ।<br>अवलोकन भ्रमणपछि विद्यार्थीहरूसँग | स्थानीय स्तरमा भएका पेसा व्यवसाय, कार्यस्थल र संलग्न पेसाकर्मीहरूको चित्र,<br>फोटो, अडियो, भिडियो<br>सेतोपाटी, मार्कर<br>शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | स्थानीय स्तरमा भएका पेसा व्यवसाय, कार्यस्थल र संलग्न व्यक्ति (पेसाकर्मी) हरूका शब्दावली सूची बनाई जोडा मिलाउन लगाउँने वा सान्दर्भिक वाक्य बनाई खाली ठाउँ उपयुक्त शब्द छानेर भर्न लगाउँने ।<br>आफनो घर, विद्यालय आसपास, बाटो वा नजिकको बजारमा अवलोकन गरेको २/२ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | छलफल गर्ने र सोको बारेमा स्थानीय शब्दावली भए त्यसमा पनि सिकाउने । विद्यार्थीहरुलाई भ्रमणपछि गरिएको छलफलबाट बुझेको कुरा कम्तिमा ५ वाक्यमा लेखेर कक्षामा प्रस्तुत गर्न लगाउँने । | | वटा पेसा व्यवसायको बारेमा भन्न वा लेख्न लगाउँने । | |
| ६. स्थानीय ज्ञान, सिप तथा प्रविधि | ६.१ वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा विगत र वर्तमानमा अपनाएका विभिन्न किसिमका स्थानीय सिप तथा प्रविधिहरू मध्ये ५ वटाको सिप तथा प्रविधिहरु चिन्न र कुनै एकको त्यसको बारेमा कम्तिमा ५ पाँच | घरमा प्रयोग गर्ने वस्तु तथा सरसामानहरू बनाउने वा जीवन जीउनको लागि आवश्यक पर्ने सरसामान बनाउन वा प्रयोग गर्न चाहिने ज्ञान, सिप र प्रविधिहरू | विद्यार्थीहरूलाई उनीहरूको घरमा निम्न घरेलु सामान तथा औजारहरू छ कि छैन सोध्ने (स्थानीय नाम फरक पनि हुन सक्छ) । ती सामानहरूको चित्र बनाउन, नाम रङ भर्न र सो बनाउन आवश्यक पर्ने सामग्री को नाम लेख्न लगाउँने । बेतबाँसबाट के कस्ता सामानहरू बन्छन् भनी सोध्ने । (जस्तैः डोको नाम्लो, नाङ्लो, थुन्से, मान्द्रो आदि) काठबाट के कस्ता सामानहरू बन्छन् भनी सोध्ने । (जस्तैः ठेकी, दुधेरो, ढुङ्ग्रो, मदानी, पिरा, मुढा, ढिकी आदि) काठबाट के कस्ता घरेलु तथा कृषि औजारहरू बन्छन् भनी सोध्ने । ( जस्तैः हलो, जुवा, दाँते, दाँदे, डल्लेठो, काठको बाकस (सन्दुक), कालोपाटी, झ्यालढोका, ओखल, ढिकी, कोल, | स्थानीय ज्ञान, सिप र प्रविधि प्रयोग गरी बनाइएको घरेलु तथा कृषि सामग्री, औजारहरूको सचित्र सूची, फोटो र नमूनाहरू क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल आदि रङ भर्ने स्थानीय सामानहरूको सादा चित्रहरू | काठ र बाँसबाट बनेका घरमा भएका ५/५ वटा सामानको नाम लेख्न लगाउँने । स्थानीय रुपमा काठ, बाँस, ढुङ्गाबाट बनेका घरेलु तथा कृषि सामग्री र औजारको चित्र र नाम जोडा मिलाउन वा वाक्यमा खाली ठाउँ भर्न लगाउँने । विभिन्न सामान, वस्तुको सूची वा चित्र दिएर स्थानीय सामान भए ठीक र आधुनिक वा आयातित सामान भए | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वाक्यमा लेख्न । | | चर्खा आदि)<br>ढुङ्गाबाट के कस्ता सामानहरू बन्छन् भनी सोध्ने । (जस्तैः सिलौटो, लोहोरो, जाँतो आदि)<br>स्थानीय घरेलु तथा कृषि औजारहरू, जस्तैः खुकुरी, हँसिया, कुटो, कोदालो, स्थानीय प्रविधि जस्तैः ढिकी, कोल, चर्खा, पानी घट्ट आदिको चित्र बनाई सबै विद्यार्थीलाई एक-एक चित्रमा रङ भर्न लगाएर उनीहरूको नाम सहीत लेखेर कक्षाकोठामा झुड्याएर राख्ने ।<br>माथि उल्लिखित मध्ये कुनै ५ वटा सामान/औजारहरु केको लागि उपयोगी हुन्छन् भनी सोध्ने । | | बेठीक शब्द वा चिन्ह लेख्न लगाउँने ।<br>स्थानीय सामानहरूको सादा चित्रहरूमा रङ भरी नाम लेख्न लगाउँने ।<br>कुनै ५ वटा सामान/औजारहरु के को लागि उपयोगी हुन्छन् भनी सोध्ने । | |
| ७. मातृभाषा, संस्कृति र चाडपर्व | ७.१ आफ्नो मातृभाषामा आफ्नो परिचय दिन सक्ने र घरपरिवारमा बोलिने कम्तिमा ५० शब्दहरू र १० वाक्यहरू भन्न र बुझ्न । | वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको सूची<br>उनीहरूको मातृभाषाको सूची<br>मातृभाषामा | वैतेश्वर गा.पा. मा आफू बसोबास गर्ने ठाउँमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको सूची तयार गर्ने (आफ्नो मौलिक वेशभूषा वा पहिरन लगाएको) र पुस्तकालयमा राख्ने । त्यसलाई कक्षामा ल्याएर प्रदर्शन गरी विद्यार्थीलाई आ-आफ्नो जाति, समुदाय के हो भनी भन्न लगाउँने ।<br>आफ्नो साथी कुनकुन जाति, समुदायका छन् जोडीमा सोधेर भन्न लगाउँने। सबै जाति | स्थानीय जाति, समुदाय अनुसारको मौलिक (सांस्कृतिक) वेशभूषा र गरगहना<br>विभिन्न मातृभाषाको शब्दकोष<br>अङ्क, शब्द, परिवारका सदस्य | स्थानीय जाति, समुदाय अनुसारका मौलिक (सांस्कृतिक) वेशभूषा र गरगहनाको नाम र सम्बन्धित जाती जनजातिको सूची बनाई जोडा मिलाउन दिने ।<br>मातृभाषाबाट १० वाक्यमा आफ्नो परिचय | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सामान्य परिचय दिने वाक्यहरू (कम्तिमा १० वाक्य)<br>शरीरका मुख्य अङ्गहरू<br>मातृभाषामा अभिवादन, परिवार भित्र र नजिकको आफन्त साइनो, १ देखि १० अङ्क गणना, घर परिवारमा बोल्ने (बारम्बार प्रयोग हुने संज्ञा, क्रिया, सर्वनाम, विशेषण जन्य शब्दहरूको सूची (कम्तिमा २० शब्द) | समुदाय बराबर हो भन्ने कुरा बुझाउने । यस क्रममा जातीय भेदभावलाई दुरुत्साहन हुने कुनै पनि कुरा वा कार्य गर्न गराउने नहुने ।<br>विद्यार्थीहरूको आ-आफ्नो मातृभाषामा परिचय दिने सामान्य वाक्यहरू अभिभावकहरूबाट लिने (सम्भव भएमा नेपालीलाई सम्बन्धित मातृभाषामा भ्वाइस रेकर्ड गर्न लगाउँने) र सोही अनुसार सही उच्चारण सहीत भन्न लगाउँने । परिचय गर्ने वाक्यहरू जस्तैः मेरो नाम ...... हो । मेरो बुबा/आमा/दाजु/भाइ/दिदी ...... को नाम ... हो । म .... विद्यालयमा पढ्छु । म .... कक्षामा पढ्छु । मेरा घर .... मा पर्छ । मेरा मिल्ने साथीहरू...... हुन् । मेरो मन पर्ने खेल ........ हो । मलाई मन पर्ने ठाउँ ......... हो ।<br>शरीरका मुख्य अङ्गहरू (आँखा, नाक, कान, मुख, टाउको, घाटी, हात, खुट्टा, औँला, आदि) नेपालीमा लेखिदिने र त्यसलाई मातृभाषामा लेखेर ल्याउन गृहकार्य दिने । सो पश्चात विद्यार्थीलाई कक्षाकोठामा आफ्नो शरीरका अङ्गको नाम भन्न लगाउँने ।<br>परिवारभित्र र नजिकको आफन्तहरूलाई | तथा नातासम्बन्धको चार्ट<br>सेतोपाटी, मार्कर<br>मोबाइल रेकर्डर | दिन दिन लगाउँने वा परिचयात्मक प्रश्नोत्तर गर्ने ।<br>अभिवादन, बिदाइको हाउभाउ (सङ्केत) गरी विद्यार्थीलाई आफ्नो मातृभाषामा भन्न लगाउँने ।<br>परिवार र आफन्तहरूलाई लगाइने साइनो मातृभाषामा भन्न वा लेख्न लगाउँने ।<br>१ देखि १० सम्मका अङ्क, शरीरका अङ्गहरू मातृभाषामा भन्न लगाउँने ।<br>सामान्य र बोलचालमा भएको मातृभाषी शब्दहरू भन्न लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | लगाइने साइनो आफ्नो मातृभाषामा भन्न लगाउँने । नेपालीमा त्यस्ता शब्दहरू लेखेर दिई आफ्नो मातृभाषामा लेखेर ल्याउन गृहकार्य दिने यी परिचय दिने, अभिवादन गर्ने शब्द, शब्दावलीहरू विभिन्न मातृभाषामा लेखेर पुस्तकालय वा कक्षाकोठामा राख्ने र मातृभाषी विद्यार्थीलाई भन्न लगाउँने । त्यसरी नै आ-आफ्नो मातृभाषामा १ देखि १० सम्म अङ्क गन्ने शब्दहरू सामूहिक रुपमा तयार गरी कक्षामा झुण्ड्याउने र नेपाली तथा आ-आफ्नो मातृभाषामा लेख्न र भन्न लगाउँने । | | | |
| | ७.२ वैतेश्वरमा विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र सबैको साझा स्थानीय सामाजिक संस्कार र संस्कृतिको | वैतेश्वरको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको मौलिक पहिरन (वेशभूषा, गरहना) स्थानीय सामाजिक संस्कारहरू मध्ये केही शुभकर्म जस्तैः | कक्षाकोठा वा पुस्तकालयमा वैतेश्वरका विभिन्न जातीजनजातिहरूको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक–एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राख्ने र विद्यार्थीलाई अवलोकन गराई ती मध्ये विद्यार्थीहरूको आफ्नो सांस्कृतिक वेशभूषा वा पोसाक कुन हो भनेर सोध्ने र थाहा नभएमा चिनाउने । साथै सबैको सांस्कृतिक वेशभूषा उत्तिकै उत्कृष्ट, आकर्षक, मौलिक, पहिचान दिने र | वैतेश्वरका सबै जाति, जनजातिहरूको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक-एक जोडीको स्थानीय क्षेत्रमा गरिने शुभकार्यको भिडियो सामग्री | आ-आफ्नो मौलिक वेशभूषा, गरगहना मध्ये प्रायः लगाइने मुख्य-मुख्य चिन्न (नाम) भन्न लगाउँने विद्यालयको सांस्कृतिक कार्यक्रममा प्रदर्शन हुने सांस्कृतिक झाँकीमा विद्यार्थीको आफ्नो मौलिक वेशभूषामा | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बारेमा १० वाक्यमा बताउन र कम्तिमा ५ वाक्यमा आ-आफ्नो वेशभूषाको महत्त्व बताउन। | न्वारान, पास्नी, छेवर, गन्यूचोली दिने, व्रतबन्ध, विवाह आदि र तिनीहरुको मौतिक महत्त्व | मौलिक छ र एकअर्काको वेशभूषाको कदर गर्नु पर्ने कुरा सिकाउने ।<br>हरेक जातीजनजाति विशेषका मौलिक वेशभूषा र गहनाको नाम के हो ? भनी आफ्नो अभिभावकसँग सोधेर कापीमा लेखेर ल्याउन लगाउँने र फोटोमा देखाएर पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने ।<br>विद्यालयको सांस्कृतिक कार्यक्रममा कक्षागत रुपमा स्थानीय सामाजिक संस्कार चालचलन, विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण (नक्कली वा नमूना) सम्बन्धी झाँकी प्रदर्शन गर्न लगाउँने ।<br>स्थानीय चलन अनुसार हुने आफूले भाग लिएको चाडपर्वको बारेमा छोटो कथा बनाएर सुनाउने, छलफल गर्ने र सो पाठ सम्बन्धी गृहकार्य बनाएर दिने ।<br>भिडियोको माध्यमबाट विभिन्न चाडपर्वको बारेमा स्पष्ट पार्ने ।<br>विद्यार्थीको आफ्नो परिवार, आफन्त र छिमेकमा भएको शुभकार्यको बारेमा देखेको कुरा बताउन वा प्रस्तुत गर्न लगाउँने । | फ्लेक्स प्रिन्टिङ फोटो क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल, कलर साइनपेन आदि | सहभागिता गराउने ।<br>आ-आफ्नो जाति, समुदायको विवाह, पास्नी, व्रतबन्ध, छेवर वा गुन्यु चोली दिने जस्ता विभिन्न शुभकर्म मध्ये विद्यार्थी आफू सहभागी भएको, आफूले देखेका वा सुनेका कुनै एकमा लगाईने पहिरन बारेमा कम्तिमा १० वाक्यमा वर्णन गर्न लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ७.३ वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र साझा चाडपर्वहरू मध्ये ८ वटाको नाम बताउन र कुनै एकको महत्त्व बताउन। | वैतेश्वर गाउँपालिकामा विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र साझा मुख्य चाडपर्वहरू | विद्यार्थीहरूलाई आफ्नो गाउँघरमा मनाईने कुन कुन चाडपर्व मन पर्छ, किन मन पर्छ, ती चाडपर्वमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने ।<br>वैतेश्वरमा आफ्नो विद्यालय रहेको वडामा प्रचलित चाडपर्वको चिनारी तयार गरी पाठ बनाई पढाउने वा अडियोभिजुअल रेकर्ड (क्लिप) वा फोटो सङ्कलन गरी विद्यार्थीलाई देखाउने र छलफल गराउने ।<br>विद्यालय रहेको क्षेत्र वरिपरि मनाइने मुख्य चाडपर्वहरूको नाम लेख्न, कुनै जाति विशेषको भएमा कसको हो ? भनी छानेर लेख्न वा जोडा मिलाउन लगाउँने<br>वैतेश्वरमा आफ्नो विद्यालय रहेको वडामा मनाइने साझा चाडपर्व के के हुन ?<br>फोटो/अन्य सामग्री हेरी चिन्न लगाउँने र तिनीहरु कसरी मनाईन्छ चित्र वो भिडियो सामग्रीको माध्यमबाट प्रस्ट पारिदिने । | वैतेश्वरको विद्यालय रहेको वडामा प्रचलित चाडपर्वको चिनारी भिडियो रेकर्ड (क्लिप) चित्र, वा चाडपर्व मनाएका तस्वीरहरु सेतोपाटी, मार्कर | वैतेश्वरको विद्यालय रहेको वडामा मनाइने साझा चाडपर्वहरूको नाम लेख्न लगाउँने ।<br>कुनै जाति, जनजाति विशेषको वा सबैको भएमा कुन चाड, कसको हो भनी छानेर लेख्न वा जोडा मिलाउन दिने<br>विद्यार्थीहरुलाई आ-आफ्नो मन पर्ने चाडको बारेमा १० वाक्यमा वर्णन गर्न लगाउँने । | ५ |
| ८. स्थानीय खेलकुद, मनोरञ्जन | ८.१ वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने | वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा प्रचलित | विद्यार्थीहरुलाई कुन कुन खेल खेल्न मनपर्छ, के के खेल खेल्न आउँछ भनेर सोध्ने र आफ्नो गाउँमा पहिले देखि प्रचलनमा रहेका विभिन्न | खेल अनुसार खेल सामग्रीहरू खेलमैदान वा कक्ष र | कम्तिमा ४ वटा स्थानीय खेलको नाम भन्न लगाउँने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| र कला साहित्य | ठाउँमा प्रचलित स्थानीय खेलकुदहरू मध्ये ४ वटाको नाम बताउन र कम्तिमा तीन वटा खेल खेल्न । | स्थानीय खेलकुदहरू जस्तैः कपर्दी, डण्डीबियो, रुमाल लुकाई, सिन्का लुकाई, चिँ मुसी चिँ, हात्ती लखेटाई, भाले जुधाइ, गोरु जुधाइ, भकुण्डो, बाघचाल, डोरी नाघ्ने, डोरी तान्ने, पिटी, रिलेदौड, हिसाब दौड आदि खेल खेल्ने विधि वा तरिका | किसिमका खेलहरूको बारेमा चित्र देखाएर जानकारी गराउने । विद्यार्थीको शारीरिक, अवस्था, खेलमैदान वा कक्षाकोठा, विद्यार्थी सङ्ख्या र आवश्यक खेल सामग्री उपलब्धतालाई मध्यनजर गरेर समूहमा खेल्ने खेलहरू खेलाउने (हप्ताको १ पटक सकेसम्म बिदाको अघिल्लो दिन) सामूहिक खेल खेलाउने र खेल खेलाउनु पूर्व आवश्यक खेल सामग्रीहरू, खेलको नियम, समयावधी, अनुशासन, सावधानी अपनाउनु पर्ने कुरा, त्यो खेल खेल्दाको फाइदा आदि बारेमा विद्यार्थीलाई बुझाउने र खेल समाप्त भएपछि बालबालिको अनुभव, खेलबाट सिक्नु पर्ने सन्देश बारे बताउने । घरभित्र खेलिने स्थानीय खेल र घरबाहिर खेलिने स्थानीय खेलहरू छुट्याएर विद्यार्थीलाई बुझाउने र केही दबै किसिमका खेलहरू खेलाउने । खेल खेलाउँदा फरक क्षमता भएका बालबालिकाहरूलाई पनि समावेश गर्न सकिने खेलहरू खेलाउने र उनीहरूलाई पनि सक्ने | सोको तयारी प्राथमिक उपचार सामग्री बाकस खेलको नियम लेख्ने र नतिजा (स्कोर) लेख्ने सेतोपाटी वा चार्ट पेपर वा न्युज पेपर | कम्तिमा ३ वटा स्थानीय खेल खेल्न लगाउँने । एकल, जोडी र सामूहिक खेलहरूमा बालबालिकाको सहभागिता अवलोकन गर्ने । घरभित्र र घरबाहिर खेलिने ३/३ स्थानीय खेलहरूको नाम भन्न लगाउँने । विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | भूमिका दिने ।<br>विद्यालयको बार्षिकोत्सव तथा अन्य कार्यक्रममा विद्यार्थीहरूको सहभागिता गराउने । | | | |
| | ८.२ वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा प्रचलित लोकगीत र लोकनृत्यहरू मध्ये ५/५ वटाको नाम बताउन र कम्तिमा ३ वटा लोकगीत गाउन र ३ लोक नृत्य प्रदर्शन गर्न। | वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने वडामा प्रचलित लोकगीतहरू जस्तैः दोहोरी, तीज गीत, देउसीभैलो, रत्यौली, असारे, झ्याउरे, तामाङ सेलो, जुहारी, भजनकृतन, आदि प्रचलित लोकनृत्यहरू जस्तैः मारुनी, रत्यौली, देउसी भैलो, स्याब्रु, बालन आदि लोक नृत्य गर्ने तरिका | वैतेश्वरमा प्रचलित लोकगीतहरू जस्तैः दोहोरी, तीज गीत, देउसीभैलो, रत्यौली, असारे, झ्याउरे, तामाङ सेलो, जुहारी, भजनकृतन आदि मध्ये मुख्य–मुख्य लोकगीतका नाम बालबालिकालाई लेखाइदिने ।<br>ती मध्ये सबैले सुने देखेका लोकगीत र लोकनृत्यका तस्वीर वा भिडियो देखाउने र विद्यार्थीलाई नाचगानमा संलग्न गराउने ।<br>बालबालिकाले सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउन सिकाउने ।<br>सम्भव भए यस्तो गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर भाका मिलाएर गाउन लगाई बालबालिकालाई सुनाउने र सिकाउने ।<br>तत्पश्चात प्रचलित स्थानीय लोकनृत्यहरू के के हुन ? भनी सेतोपाटीमा लेखी सामान्य परिचय गराउने (कहिले, कसरी नाचिन्छ) । | स्थानीय लोकगीतको सूची सही भाका, लय र शब्दहरू<br>अडियो भिजुअल रेकर्डर<br>साउण्ड स्पिकर, मल्टिमेडिया प्रोजेक्टर र डिस्प्ले सिस्टम<br>सेतोपाटी वा चार्ट पेपर वा न्युज पेपर | कम्तिमा ५ वटा स्थानीय लोकगीत र लोकनृत्य नाम भन्न लगाउँने ।<br>लोकप्रिय स्थानीय लोकगीत संयुक्त वा सामूहिक रुपमा गाउन लगाउँने<br>लोकप्रिय स्थानीय लोकनृत्य संयुक्त वा सामूहिक रुपमा नाच्न/प्रदर्शन गर्न लगाउँने ।<br>विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बालबालिका घरमा गएपछि नाच्न सक्ने लोकनृत्यमा नाच्न अभ्यास गराउने । बालबालिकाले नाचेको, गाएको भिडियो रेकर्ड गरी उनीहरूलाई नै देखाउने र त्यस्तो स्थानीय नाचगानको लागि प्रोत्साहित गर्ने । | | सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |
| ९. धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल | ९.१ वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको वडामा प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरू मध्ये कुनै ५ वटाको नाम भन्न र दुई वटाको बारे कम्तिमा १० वाक्यमा भन्न । | वैतेश्वरको प्रमुख, प्रसिद्ध धार्मिक स्थलहरू जस्तैः मठमन्दिर, गुम्बा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरू सांस्कृतिक स्थलहरू जस्तैः कुनै जाति, समुदाय विशेषको पहिचान, संस्कृति, परम्परा, आस्था, संस्कार आदि गाँसिएको स्थल, गाउँ कुनै जातिजनजाति | वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको वडाका प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको सूची तयार गर्ने । तिनीहरु मध्ये कुन कुन पर्यटकीय स्थलहरु विद्यालय वरपर छन् भनी विद्यार्थीलाई सोध्ने र त्यसको बारेमा ३-५ वाक्यमा भन्न लगाउँने । विद्यार्थीहरूलाई आफ्नो गाउँघर र वरपर भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम सोध्ने, ती ठाउँमा पुगेको छ कि छैन, त्यहाँ के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिंदै ती स्थलहरूको विशेषता सहीत चिनारी बताउने । फोटो, भिडियो सङ्कलन प्रस्तुतीकरण गर्ने । विद्यार्थीलाई उपयुक्त समय, मौसममा अवलोकन भ्रमण लैजाने । त्यहाँका सम्बन्धित जानकार व्यक्तिहरूबाट | वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको वडाका प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको सूची, विशेषता, जानकारी दिने सामग्री वैतेश्वरको तथा सम्बन्धित वडाका प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको फोटो | कम्तिमा ५ वटा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम भन्न लगाउँने । विद्यार्थीले अवलोकन गरेका वा आफ्नो गाउँघरमा भएका र जानकारी भएका स्थलहरूको बारेमा चिनारी भन्न वा लेख्न लगाउँने । कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको चित्र दिएर रङ भर्न | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विशेषको मौलिक विशेषता भएको गाउँ, चाडपर्वमा मेला लाग्ने ठाउँहरू स्थानीय प्राकृतिक सम्पदा जस्तैः झरना, पहाड, हिमाल, ताल आदि । | ती ठाउँ विशेषको विशेषता, महत्त्व भन्न अनुरोध गर्ने र बालबालिकाले बुझ्ने भाषामा सरल तरिकाले अवलोकन गराउँदै बताउने । भ्रमण गरेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्ने, रङ भर्न लगाउँने र सो बारे एक अनुच्छेदमा वर्णन गर्न लगाउँने । | (फ्लेक्स प्रिन्ट) र छोटो चिनारी भिडियो गाउँपालिका वा वडाको स्रोत नक्साहरू चित्र कोरेर रङ भर्न आवश्यक पर्ने पेपर, कलर साइनपेन, पेन्सिल आदि | लगाउँने र सोको व्याख्या गर्न लगाउँने । विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |
| १०. समानता, समावेशीता र सामाजिक न्याय | १०.१ जातजाति तथा समुदाय बीच कुनै भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी तथा समुदायमा एकापसमा समानताको व्यवहार गर्न । | वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको क्षेत्रको सामाजिक अवस्था (विभिन्न जाति, जनजातिहरू मिलेर बसेको विविधता भित्रको एकता) को परिचय सहयोग, मेलमिलाप र समानताको | वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको क्षेत्रमा कुन कुन जाति, जनजाति (थर) का मानिसहरू बसोबास गर्छन्, आफ्नो छिमेकी कुन थरको छ भनी छलफल चलाउने, सेतोपाटीमा लेख्ने । छिमेकीहरूसँग कसरी बस्नु राम्रो हो र कसरी बस्नु नराम्रो हो भन्ने बुझाउन एकापसमा मिलेर बसेको फोटो र झै-झगडा गरेको फोटो देखाएर छलफल गर्ने । बाल कथा सुनाएर (देखाएर) वा चित्र कथा देखाएर सहयोग, मेलमिलाप र समानताको | सेतोपाटी, मार्कर समानता सम्बन्धी छोटो भिडियो, चित्र | मेलमिलाप सम्बन्धी कथा भन्न लगाउँने । बालबालिका बीच आपसी सम्मान, सद्भाव र समानताको बोली व्यवहार एक अर्कामा मिलेर बस्ने, खेल्ने, हिड्ने गतिविधि विद्यार्थीहरूमा भए नभएको अवलोकन गरी मूल्याङ्कन गर्ने । | 4 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अवधारणा | अर्थ बुझाउने सोही अनुरुप मिलेर बस्ने, एकअर्कालाई सहयोग गर्ने र समान व्यवहार गर्ने भनी बुझाउने र त्यसो गर्न प्रोत्साहित गर्ने । | | | |
| | १०.२ अपाङ्गता (फरक क्षमता) भएका, असहाय, वृद्धवृद्धा अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरू पहिचान गरी उनीहरुप्रति राम्रो बोली व्यवहार र सहयोग गर्न । | अपाङ्गताको प्रकार शारीरिक विरामीपन र सहयता वृद्ध उमेर र शारीरिक समस्या परिवार, आफन्त नभएका र आफूसँग केही नभएका बालबालिका, बिरामी, वृद्धवृद्धाका आदि र उनीहरूलाई आवश्यक पर्ने सहयोग बालबालिकाले गर्न सक्ने सहयोग, सम्मान जनक बोली | विद्यार्थीहरुलाई अपाङ्गता भएको, विरामी, वृद्ध बाजेबजै वा आफन्त कोही देखेको, भेटेको छ कि छैन भनी सोध्ने ।<br>त्यस्ता व्यक्तिको कस्तो अपाङ्गता छ भनी सोध्ने । त्यस्ता व्यक्तिको दैनिक जीवनयापनमा के के कठिनाई हुन्छहोला र कसले सहयोग गर्छहोला भनेर उदाहरण खुट्टा नभएको मान्छे कसरी हिड्छ होला, दृष्टिविहिन भएको बच्चाहरूले कसरी पढ्छ होला आदि सान्दर्भिक प्रश्नहरू सोधेर कौतुहलता जगाउँने ।<br>विभिन्न प्रकारका अपाङ्गता मध्ये धेरैजसो हुने अपाङ्गता (शारीरिक, दृष्टि, बोलाइ, सुनाइ) सम्बन्धी बालकथा बनाएर सुनाउने ।<br>बालकथामा उनीहरूको अपाङ्गता के कारणले भएको, परिवार र साथीले सहयोग के के सहयोग गर्छन र उनीहरू पनि सपाङ्ग सरह धेरै | अपाङ्गता र यसको प्रकार, अपाङ्गता सम्बन्धी सही शब्द सम्बन्धी जानकारी पुस्तिका<br>अपाङ्गता, वृद्धवृद्धा, असहाय, विरामी, दीर्घरोगी व्यक्तिहरूको चित्र, पम्प्लेट वा अडियो, भिडियो<br>अपाङ्गता परिचयपत्रकोनमूना (रातो, निलो, पहिलो र निलो)<br>अपाङ्गता, वृद्धवृद्धा, असहायले प्रयोग गर्ने | शारीरिक अपाङ्गताको कुनै ४ वटा प्रकार भन्न र चिन्न लगाउँने ।<br>अपाङ्गताको परिचयपत्रको प्रकार (रङ) भन्न वा लेख्न लगाउँने र कस्तो रङको अपाङ्गता परिचयपत्र पाएका व्यक्तिले भत्ता पाउछ भनी सोध्ने ।<br>अपाङ्गता सम्बन्धी सही र गलत शब्दहरू दिएर सही शब्दलाई ठिक र गलत शब्दलाई बेठीक चिन्ह लगाउन दिने वा सही शब्दहरू एउटा | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | व्यवहार | राम्रो काम गर्न सक्छन् (जस्तैः शिक्षक, शिक्षिका बन्न सक्छन्), उनीहरूलाई सधैं माया र सहयोग गर्नु पर्छ भन्ने सन्देश हुनु पर्दछ<br>अपाङ्गता भएको व्यक्तिलाई हिडहुल, गर्न खानेकुरा खान, पढ्न कति गाह्रो हुन्छ भन्ने बुझाउन कोही विद्यार्थीलाई आँखा चिम्लेर हिँड्ने वा पढ्ने वा लेख्ने, एउटा खुट्टाले हिँड्ने अभ्यास गर्न लगाउँने । त्यसपछि सजिलो कि अप्ठ्यारो भयो भनेर अनुभव आदान प्रदान गर्न लगाउँने र छलफल गर्ने । त्यसपछि अर्को साथीको सहयोगमा अघि कै काम गर्ने अभ्यास गर्ने र पुनः सोध्ने र छलफल गर्ने ।<br>अपाङ्गता सम्बन्धी राम्रो (उचित) शब्द र नराम्रो (गलत) शब्दहरू सेतोपाटीमा लेखेर राम्रा शब्दहरू मात्र भन्न वा बोल्न प्रेरित गर्ने ।<br>कोही अपाङ्गता भएको व्यक्ति विद्यालय नजिकमा भए निजलाई बोलाएर अपाङ्गता र उसको अनुभव बारेमा अन्तर्क्रिया गराउने ।<br>अपाङ्गताको आधारमा ४ प्रकारको (रातो, निलो,पहेंलो र सेतो रङ) को परिचयपत्र हुने र त्यसमध्ये रातो र निलो रङको परिचय पत्र | सहयता सामग्रीहरूको चित्र वा तस्वीर<br>रुमाल, गलबन्दी आदि खेल सामग्रीहरू | कोठामा र गलत शब्दहरू अर्को कोठामा छुट्टाएर लेख्न लगाउँने ।<br>अपाङ्गता, वृद्धवृद्धा, असहाय, विरामी भएको व्यक्तिलाई किन सहयोग गर्नुपर्छ भनी सोध्ने ।<br>अपाङ्गता, वृद्धवृद्धा, असहाय, विरामी भएको व्यक्तिलाई गर्नु पर्ने, गर्नु नहुने कुराहरू (बोली व्यवहार) बारे मौखिक सोध्ने र उनीहरूको व्यहार अवलोकन गर्ने ।<br>विद्यालयमा विद्यार्थीको क्रियाकलाप अवलोकन गरेर मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | भएकाले पैसा (सामाजिक सुरक्षा भत्ता) पाउने कुरा जानकारी गराउने ।<br>विना कुनै भेदभाव कक्षामा विद्यार्थीहरू एकअर्कालाई पालैपालो बस्ने ठाउँ र साथी साटेर बसाउने, बस्न लगाउँने । | | | |
| ११. सामाजिक रुपान्तरण, लोकतन्त्र र संघीयता | ११. वैतेश्वर गा. पा.घोषणा भएको साल, जम्मा वडाहरूको सङ्ख्या, साविक गा. वि. स. सङ्ख्या बताउन । | वैतेश्वर गा. पा. घोषणा भएको मिति, जम्मा वडा सङ्ख्या, साविक सङ्ख्या र गा.वि.स.हरूको नामावली | हामी कुन पालिकामा बस्छौं ? भनी सोध्ने । पछि हामी बसेको गा.पा.को नाम वैतेश्वर हो? भनी सेतोपाटीमा लेखिदिने र कापीमा सार्न लगाउँने ।<br>वैतेश्वर गा. पा. घोषणा भएको साल, महिना र गते लेखिदिने ।<br>वैतेश्वर गा. पा. साविकका कतिवटा गा.वि.स.हरू मिलेर बनेको हो भनी ती गा. वि. स. हरूको सङ्ख्या सेतोपाटीमा लेखिदिने र विद्यार्थीलाई कापीमा सार्न लगाउँने ।<br>दोहोऱ्याएर सोध्ने ।<br>साविक गा.वि.स.हरूको नाम भएको वैतेश्वर गा.पा.को नक्सा प्रदर्शन गर्दै वैतेश्वर गा.पा.को बारेमा प्रस्तुतीकरण गर्न लगाउँने ।<br>पदाधिकारीहरुको नामावली वताइदिने । | वैतेश्वर गाउँपालिका घोषणा भएको साल र साविक गा.वि.स.हरू र हालको .पा.को सिमाना छुट्टिएको नक्सा<br>चार्ट पेपर वा न्युज पेपर, मार्कर | वैतेश्वर. गा. पा. घोषणा कति साल कुन माहिना कति गते भयो ? भनी सोध्ने र वैतेश्वर गा. पा. मा जम्मा कति वटा वडाहरू छन् भनी सोध्ने कति वटा गा.वि.स.हरू मिलाएर वैतेश्वर गाउँपालिका बनाइएको हो भनी विभिन्न सङ्ख्या मध्ये सही सङ्ख्यामा गोलो घेरा गर्न लगाउँने<br>वैतेश्वर गा. पा. का जनप्रतिनीधिहरुको नाम भन्न लगाउँने । | ७ |

## २.९.४. कक्षा ४ को पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण

तालिका ८: कक्षा ४ को पाठ्यक्रमको *क्षेत्र, क्रम र विस्तृतीकरण* (Scope, Sequence and Specifications)

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु तथा विस्तृतीकरण | शिक्षण सिकाइ विधि तथा क्रियाकलाप | शैक्षिक सामग्रीहरू | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १. स्थानीय तहको परिचय | १.१ आफू बसिरहेको गाउँठाउँ, गाउँ, वडा, जिल्ला र प्रदेशको नाम लेख्न र कम्तिमा १० वाक्यमा वैतेश्वर गा. पा. को बारेमा बताउन । | • विद्यार्थी आफू जन्मेको, बसोबास गर्ने गाउँटोलको पूरा ठेगाना झल्किने लेख<br>• आफू बसोबास गर्ने वडा नं., गाउँपालिका, जिल्लाको र प्रदेशको नाम | • बागमती प्रदेशको नक्सा देखाई विद्यार्थीहरुलई दोलखा जिल्ला देखाउन लगाउँने ।<br>• दोलखा जिल्लाको नक्सा देखाई विद्यार्थीहरुलई वैतेश्वर गाउँपालिका देखाउन लगाउँने ।<br>• वैतेश्वर. गा. पा. को ८ वडाहरू छुट्याइएको नक्सा देखाई उनीहरूको घर भएको वडा देखाउन लगाउँने ।<br>• आफू बस्दै आएको जिल्लाभित्र पर्ने स्थानीय तहको नाम पत्ता लगाउन लगाउँने ।<br>• वैतेश्वर गाउँपालिकाको बारेमा चिनाई बताउने, लेखिदिने र दोहोऱ्याएर पढाउने<br>• विद्यालय वरपरको ठाउँहरू घुमाउन लाने (अध्ययन भ्रमण) र त्यसको बारेमा छलफल गर्ने ।<br>• भ्रमण गरेको ठाउँको चित्र बनाई नाम लेख्न लगाउँने ।<br>• वैतेश्वर गा. पा. को विभिन्न ठाउँको भिडियो क्लिप्स, फोटो आदि देखाई छलफल गर्ने । | • सिमाना तथा वडा छुट्टिएको बागमती प्रदेश, दोलखा जिल्ला र वैतेश्वर गा.पा.को नक्सा<br>• भिडियो क्लिप<br>• मोबाइल फोटो वा हातले तयार गरेको चित्र<br>• गाउँपालिकाको क्यालेण्डर | • विद्यार्थीलाई कुन गा.पा.र कति नं. वडामा बस्छन भनी लेख्न लगाउँने ।<br>• वैतेश्वर गा.पा.को नक्सामा आफू बसेको वडा नं. देखाउन लगाउँने ।<br>• आफ्नो गा. पा.को नक्सा बनाई वडा नम्बर छुट्याई लेख्न र रङ भर्न लगाउँने ।<br>• कक्षामा गरिएको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • आफ्नो गाउँ र विद्यालय एवं वरपरको भौगोलिक अवस्था हेरेर केही बताउन लगाउँने, सिकाउने<br>• आफ्नो वडाको बारेमा एक अनुच्छेदमा लेखेर ल्याउन लगाउँने । | | | |
| २. स्वास्थ्य सरसफाइ | २.१ आफ्नो सामान्य सरसफाइ आफैं गर्न, दैनिक हातमुख धुन र रुमाल वा सफा कपडाको प्रयोग गरी शरीर सुख्खा र सफा राख्न | • विहान उठ्ने बितिक्कै हातमुख धुने र रुमाल वा सफा कपडाले पुछ्ने बानी<br>• बाहिर गएपछि वा फोहोर सामान, ढुङ्गामाटो छोएपछि सावुन पानीले हात धुने बानी<br>• विद्यालयबाट वा बाहिर गएर फर्केपछि र चर्पी प्रयोग गरे पछि साबुन पानीले हात-खुट्टा धुने बानी<br>• खाना खानुभन्दा अघि र खाइसकेपछि हात मुख धुने बानी<br>• आफ्नो पोसाक, रुमाल, मोजा, केही लुगा धुने<br>• आफ्नो कापी किताब, कलम, कपडा र अन्य सामानहरू यथास्थानमा राख्ने<br>• घर, विद्यालय, बाटो र सार्वजनिक स्थलमा तोकिएको ठाउँमा फोहोर | • व्यक्तिगत सरसफाइ सम्बन्धी पोस्टर, चित्र, भिडियो देखाएर प्रश्नोत्तर गर्दै छलफल गर्ने ।<br>• साबुन पानीले र सफा पानीले मात्र हात-खुट्टा, मुख धुने सही तरिका प्रदर्शन गर्ने र सँगसँगै अभ्यास गर्न लगाउँने ।<br>• विद्यालय र घरमा पनि सो तरिकाले हातमुख, खुट्टा धुन प्रोत्साहित गर्ने ।<br>• विद्यार्थीलाई आफ्नो कपडा कसले धुने गरेको छ भनी सोध्ने । कपडा धुन तरिका सिकाउने र आफ्नो साना र हल्का कपडा जस्तै रुमाल, मोजा, भित्री कपडा आदि आफैंले अनिवार्य धुने प्रोत्साहित गर्ने ।<br>• घरबाहिर हिड्दा र चर्पी जाँदा जुत्ता वा चप्पल अनिवार्य लगाउँनु पर्ने, घर वा कोठा बाहिर वा तोकिएको ठाउँमा राख्नु पर्ने भनी सिकाउने<br>• कम्तिमा विद्यालयको कार्यालय कोठा बाहिर स्थानीय सामानले | • साबुन पानीले हात धोएको चित्र/पोस्टर<br>• सफा पानी<br>• साबुन वा खरानी<br>• हात पुछ्ने तौलिया वा सफा कपडा<br>• स्थानीय सामानबाट बनेको जुत्ताचप्पल राख्ने र्‍याक<br>• विद्यालय परिसरमा फोहोर राख्ने टोकरी, डोको वा तोकिएको निश्चित एवं व्यवस्थित ठाउँ<br>• सरसफाइ सम्बन्धी विद्यालयले बनाएको नियम | • सही तरिकाले साबुन पानीले हात-खुट्टा धुन जान्यो वा जानेन अभ्यास गर्न लगाएर हेर्ने ।<br>• चर्पीको प्रयोगपछि, खाना खानुअघि र खाइसकेपछि सधैं हात धुने र सफा कपडाले हातमुख धुने बानी बसेको छ कि छैन अभिभावकसँग सोध्ने ।<br>• पोसाक र सामान्य किसिमको कपडा विद्यार्थी आफैंले धुने गरेको छ छैन भनी अभिभावकसँग<br>• सोध्ने ।<br>• विद्यालयको सरसफाइ सम्बन्धी नियमको पालना गरेको विद्यार्थीको क्रियाकलापाको आधारमा मूल्याङ्कन गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | राख्ने (फ्याल्ने) | बनेको जुत्ताचप्पल राख्ने र्‍याक बनाउने र त्यसमा जुत्ताचप्पल राखेर मात्र कार्यालय भित्र पस्ने बानी गर्ने गराउने। बालबालिकाहरूलाई पनि सो कुरा देखाउने, सिकाउने र आफ्नो र तल्लो कक्षाको भाइबहिनीलाई पनि सिकाउन भन्ने ।<br>• हप्तामा कम्तिमा एक पटक नुहाउन र कपडा धोएर लगाउँनु पर्ने लगायतको सफाई सम्बन्धी विद्यालयको नियम बनाई सबै बालबालिका र अभिभावकलाई जानकारी गराउने र बारम्बार सम्झाउने ।<br>• अभिभावकहरूलाई समेत यसबारे जानकारी गराई बालबालिकालाई घरमा आफ्नो हल्का कपडा धुन बानी लगाउन अनुरोध गर्ने ।<br>• हरेक विद्यार्थीले आफूले गर्ने गरेको व्यक्तिगत सरसफाइको बारेमा कक्षामा मौखिक रुपमा प्रस्तुतीकरण गर्न लगाउँने । | • कपडा धोएको चित्र | | |
| | २.२ सफा खानेकुरा वा खानेकुरा सफा गरेर खान | • फलफूल, गाजर, मुला जस्ता काचै खाने खानेकुरा सफा गर्ने बानी<br>• भान्सामा पकाएका वा | • घरमा खानेकुरा कसले कसले छोपेर राख्न बाबा-आमालाई सहयोग गर्छन भनी विद्यार्थीलाई सोध्ने र सहयोग गर्नेलाई सम्मान गर्ने । | • सफा खाने कुरा र फोहोर खानेकुरा, त्यसको असर सम्बन्धी चित्र वा | • सफा खानेकुरा मात्र खाने बानी भयो कि भएन, भान्सामा खानेकुरा छोप्छन् कि छोप्दैनन्, | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पाकेका खानेकुरा छोपेर राख्ने बानी<br>• बासी, सडेगलेका, झिँगा भन्केका, गनाएका, बिग्रेका खानेकुरा नखाने र त्यसको व्यवस्थापन गर्ने सिप | • सफा खाने कुरा र फोहोर खानेकुराको चित्र वा पोस्टर देखाएर प्रश्नोत्तर गर्नै सही र गलत बताउने<br>• सफा र ताजा खानेकुरा खाँदा र फोहोर, सडेगलेका खानेकुरा खाँदा के हुन्छ भनेर बताउने र सफा र ताजा खानेकुरा मात्र खान प्रोत्साहित गर्ने<br>• दाल, भात, दूध जस्ता पकाएका खानेकुराहरू कसरी छोपेर राख्ने, नछोपे कसरी झिँगा र अन्य फोहोर पर्छ भनेर भान्साको अवलोकन गराएर बुझाउने ।<br>• फोहोर र राम्ररी नपाकेको खानेकुरा खाँदा के हुन्छ र सफा र राम्ररी पाकेको खानेकुरा खाँदा के हुन्छ भनी छलफल गरी बुझाउने र पछि विद्यार्थीलाई यसबारे कक्षामा प्रस्तुतीकरण गर्न लगाउँने । | पोस्टर<br>• भान्सामा खानेकुरा छोपेर राखेको र नछोपी राख्दा फोहोर, झिँगा परेको वास्तविक अवस्था वा पोस्टर वा श्रव्य, दृश्य सामग्री | फलफूल र अन्य खानेकुराहरू पानीले पखालेर वा सफा कपडाले पुछेर खान्छ कि खाँदैन भनेर निरीक्षण गर्ने, अभिभावकसँग सोध्ने ।<br>• विद्यालयमा हुँदा विद्यार्थीले खाने खाजा वा खानेकुरा सफा गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने । | |
| ३. खाद्यान्न तथा पोषण | ३.१ वैतेश्वर गा.पा.को विद्यार्थी बसोबास गर्ने क्षेत्रमा उत्पादन हुने खाद्यान्न, सागसब्जी, फलफूलको ७/७ वटा सम्मको नाम | • वैतेश्वर गा. पा. मा हुने कृषि उब्जनी जस्तै विभिन्न खाद्यान्न (अन्नबाली, दलहन, तरकारीहरू)को नाम जस्तैः धान, मकै, गहुँ, कोदो, दाल, साग, काउली, आलु, बन्दा, लौका, फर्सी, लसुन, प्याज | • आ-आफ्नो खेताबारीमा उत्पादन भएको अन्नबाली, दलहन, तेलहन र तरकारीको नाम सोध्दै सेतोपाटीमा टिप्ने ।<br>• विद्यार्थीलाई समूह विभाजन गरी १/१ समूहलाई आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्न , | • वैतेश्वर गा. पा. मा उत्पादन हुने विभिन्न खाद्यान्न, तरकारी तथा फलफूलको वास्तविक नमूना वा बिउ वा | • कुनै खाद्यान्न वा तरकारीको चित्र बनाई सोको बारेमा कहाँ फल्छ, कसरी, कहाँ रोप्नु पर्छ भनी बताउन लगाउँने<br>• स्थानीय खाद्यान्न, तरकारी, फलफूलहरूको सूची | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बताउन, चित्र र लेख्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे भन्न । | आदि । | तरकारी, दलहन-तेलहन, फलफूल, तरकारी केही नमूना ल्याउन लगाउँने र त्यो के हो भन्न, लेख्न र त्यसबारे केही बताउन लगाउँने ।<br>• उनीहरूको खेतबारीमा नफलेको तर छरछिमेकमा भएको र वैतेश्वरमा उत्पादन हुने स्थानीय कृषि उत्पादन बारे पनि बताउने र त्यसको पनि नमूना सङ्कलन गर्ने ।<br>• यस्ता स्थानीय खाद्यान्न , दलहन, तेलहन र तरकारीको बीउ (वा फल) कक्षामा डोरी टाँगी नाम लेखेर झुण्ड्याउने र हरेकको बारेमा छोटकरीमा बताउने लगाउँने, सिकाउने ।<br>• स्थानीय र आयातित फलफूल छुट्ट्याई किन स्थानीय फलफूल खानु राम्रो (यसको फाइदा) बताउने<br>• आफ्ना घरमा फलेको फलफूल खान प्रोत्साहित गर्ने । कहिले काही आफ्नो खेतबारीमा फलेको फलफूल विद्यालयमा खाजाको रुपमा ल्याउन लगाउँने र अभिभावकहरूलाई समेत यस बारे प्रोत्साहित गर्ने ।<br>• विद्यार्थीलाई आफूलाई मन पर्ने फलफूलको नाम भन्न लगाउँने र | फोटोहरू<br>• डोरी, सियो, धागो<br>• नमूना राख्ने प्लास्टिक ब्याग<br>• न्युजप्रिन्ट पेपर, मार्कर/साईनपेन | बनाउन लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विद्यार्थीको नामसँगै फलफूलको बोट सहीतको चित्र बनाउन लगाई त्यसको बारेमा कक्षामा प्रस्तुत गर्न लगाउँने । ती फलफूल तपाईंहरूको खेतबारीमा फल्छ कि फल्दैन भनी सोध्ने । | | | |
| | ३.२ आयातित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको प्रयोगबाट हुने कुनै ५ बेफाइदा बताउन र स्थानीय कृषि उत्पादन (खानेकुराहरू) र आयातित पोषणयुक्त कृषि उत्पादनको उपभोग गर्नुको कुनै ५ फाइदा बताउन । | • स्थानीय कृषि उपजबाट बनेक विभिन्न खानेकुराहरू (खानाका परिकार) जस्तैः दाल, भात, साग, गेडागुडी, तरकारी र विभिन्न चाडबाडमा बनाइने वा पकाइने परिकारहरू र तिनको फाइदा<br>• बजार पसलमा पाइने पत्रु खानेकुराहरू वा कम पोषणयुक्त (जङ्क फुड) जस्तैः चाउचाउ, विस्कुट, चिजबल, चक्लेट, कोक, जुस आदिको वेफाइदा | • आफ्नो घरमा पकाएको, तयार पारेको वा फलेको कुन खानेकुरा आफूलाई मन पर्छ सोध्ने । यस्तो खाना खाँदा के के फाइदा हुन्छ होला भनी सोध्ने र सो कुरा सेतोपाटीमा लेख्ने ।यसको आधारमा ताजा र सफा खानेकुरा खान विद्यार्थीलाई प्रोत्साहित गर्ने ।<br>• बजार वा पसलमा के के खानेकुरा, खाद्यान्न, तरकारी पाइन्छ भनेर विद्यार्थीहरूलाई सोध्ने, विद्यालय नजिकको पसल, बजारमा विद्यार्थीहरूलाई अवलोकन गर्न लैजाने र पसलमा लगेर विभिन्न किसिमका खानेकुराहरू (स्वस्थ एवं पत्रु दुवै) देखाउने ।<br>• फर्केर कक्षाकोठामा आएपछि विद्यार्थीहरूलाई कुन कुन खानेकुरा स्वस्थ खानेकुरा र कुन कुन खानेकुरा पत्रु खानेकुरा हो भनेर बुझाउने र पत्रु खानेकुरा किन सधैं | • स्वस्थ खानेकुरा र पत्रु खानेकुराहरूको सूची वा वास्तविक नमूना<br>• खाना, तरकारी, फलफूल सम्बन्धी बालबालिकाले बुझ्ने पोस्टर, भिजुअल बालगीत, भिडियो क्लिप, डिजिटल फोटो<br>• मार्कर, सेतोपाटी, कापी वा न्युजप्रिन्ट वा चार्ट पेपर | • स्वस्थ खानेकुरा र पत्रु खानेकुराहरूको सूची बनाउन लगाउँने ।<br>• स्वस्थ र पत्रु खानेकुरा बीचको मुख्य भिन्नता छुट्याउन लगाउँने ।<br>• घरमा तयार भएको खानेकुरा खानुपर्ने कारण बताउन लगाउँने ।<br>• विद्यार्थीले पत्रु खानेकुराहरू खाने बानी कम भएको छ, छैन भनी अभिभावकँग सोध्ने ।<br>• विद्यालयमा गर्ने विद्यार्थीको आनीबानीको आधारमा मूल्याङ्कन गर्ने ।<br>• | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | खानु हुँदैन भनी बताउने ।<br>• स्वस्थ खानेकुराहरू र पत्रु खानेकुराहरूको सूची बनाउने र स्वस्थ खानेकुरालाई ठीक र पत्रु खानेकुरालाई बेठीक चिन्ह लगाउन र कक्षामा सूची प्रस्तुत गर्न लगाउँने ।<br>• स्वस्थ खानेकुरा र पत्रु खानाको बारेमा पोस्टर वा चित्र वा बालभिडियो वा भिजुअल गीत मोवाइल (प्रोजेक्टर भएमा) देखाएर छलफल गर्ने ।<br>• सम्भव भएमा नजिक भएको स्वास्थकर्मीलाई बोलाएर यस विषयमा एक सेशन पाठ लिन लगाउँने । | | | |
| ४. सदाचार, नैतिकता र सामाजिक मूल्यमान्यता | ४.१ आफू भन्दा ठूलालाई आदर, सम्मान गर्ने, साइनो लगाएर बोल्ने र आफू सरह र सानालाई माया गर्ने । | • आफ्नो परिवार, आफन्त, छरछिमेकी र विद्यालयमा कार्यरत विभिन्न व्यक्तिसँगको साइनोहरू (स्थानीय चलनचल्ती र जाति समुदाय विशेषको)<br>• अभिवादन, स्वागत, बिदाइ गर्ने शब्दहरू (अङ्ग्रेजी, नेपाली, मातृभाषामा)<br>• अभिवादन गर्ने, बिदाइ गर्ने, स्वागत (हाउभाउ) गर्ने र भन्ने | • विद्यार्थीलाई कसको परिवारमा को को हुनुहुन्छ ? छरछिमेकमा, मामाघरमा को को हुनुहुन्छ ? भनी आ-आफ्नो कापीमा एउटा कोलम बनाएर लेख्न लगाउँने ।<br>• साइनो अनुसार कसलाई कसरी अभिवादन गर्ने भनेर अभिावादन गर्ने शब्द/तरिका अर्को कोलममा लेख्न लगाउँने र पालैपालो प्रस्तुत गर्न लगाउँने<br>• साइनो अनुसार कसलाई कसरी | • शब्द कार्डहरू<br>• स्वागत, अभिवादन, बिदाइ र अतिथि सत्कारका दृश्य (भिडियो), श्रव्य (अडियो) सामग्रीहरु, चित्रहरू, फोटोहरू र शब्दहरू<br>• सेतोपाटी, मार्कर | • अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कारका शब्दहरू भन्न र अभ्यास गरेर देखाउन लगाउँने<br>• अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार विद्यार्थीले आफ्नो घरमा, गर्छ कि गर्दैन भनी अविभावकसँग सोध्ने ।<br>• अभिवादन, स्वागत, बिदाइ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तरिका<br>• आफूभन्दा सानालाई माया गरेर बोलाउने, मायालु व्यवहार गर्ने, आफूसँग भएको खानेकुरा दिने आदि | अभिवादन गर्ने भनी सरल र सही शब्द र तरिका सिकाउने (अभिनय सहित)<br>• अभिवादन, स्वागत, बिदाइ गर्ने शब्दहरू नेपाली र अङ्ग्रेजी दुबै भाषामा लेखी विद्यार्थीलाई अभ्यास गराउने ।<br>• आफ्नो परिवार, समुदाय अनुसार अभिवादन, स्वागत वा बिदाइ गर्ने फरक मातृभाषी शब्द, तरिका भए विद्यार्थीलाई अविभावकसँग सोधेर लेखेर वा रेकर्ड गरेर ल्याउन लगाउँने र कक्षामा अभिनय गरेर देखाउन लगाउँने ।<br>• आफन्त, नेपाली वा विदेशी पर्यटक आएमा कसरी स्वागत सत्कार गर्ने भनी छलफल गर्ने र उपयुक्त तरिका सिकाउने<br>• आफूभन्दा सानालाई गर्ने व्यवहार सिकाउने कुराको बारेमा छलफल गर्ने ।<br>• तल्लो कक्षाका भाइबहिनीहरूसँग खेल्न र उनीहरूलाई खेलाउन लगाउँने । | | र अतिथि सत्कार सम्बन्धी फोटो वा चित्र वा भिडियोहरू देखाएर सही गलत छुट्टाउन लगाउँने ।<br>• एक जनालाई पर्यटकको भूमिका र अर्कोलाई स्थानीय व्यक्तिको भूमिका दिई स्थानीय अन्नबाली, खेलकुद आदिको बारेमा कुरा गर्न लगाउँने ।<br>• विद्यालयमा विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |
| | ४.२ राम्रो (असल) बोली व्यवहार प्रदर्शन गर्न (सभ्य | • दैनिक जीवनमा हुने, गरिने असल बानी र खराब बानीहरू (जस्तैः कक्षामा | • दैनिक जीवनमा विद्यालय, घर, बजार, सडक, बाटो, सार्वजनिक स्थलमा गरिने विभिन्न गतिविधिहरू | • राम्रो र नराम्रो बानी सम्बन्धी चित्र वा फोटोहरू | • विद्यालय, घर, बजार, सडक, बाटो, बजार आदिमा गर्नु पर्ने सही | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शब्द, साथीहरूसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर बस्ने, खेल्ने, रमाइलो गर्ने आदि) बानीको विकास गर्न । | हात उठाएर बोल्ने, लाइनमा बस्ने, कसैलाई गाली नगर्ने, नधकेल्ने, पालैपालो बोल्ने, अरुको सामान नलिने, फिर्ता दिने, गल्ती गरे माफ गर्नुहोस् भनेर माफ माग्ने, अपशब्द वा अश्लिल शब्द नबोल्ने)<br>• साथीहरूलाई सहयोग गर्ने, मिलेर पढ्ने, खेल्ने, नाच्ने, गीत गाउँने सिप | भन्ने वा सेतोपाटीमा लेखिदिने र विद्यार्थीलाई कापीमा सार्न लगाउँने र त्यसो गर्नु ठीक कि बेठीक भनेर विद्यार्थीलाई सोध्न लगाउँने र ठीक वा बेठिक के हो सही चिन्ह वा शब्द लेख्न लगाउँने अथवा त्यस्ता क्रियाकपाप गरेको चित्र वा भिडियो देखाउने वा कथा सुनाउने र त्यसो गर्नु राम्रो हो कि नराम्रो हो भनेर सोध्ने ।<br>• राम्रो वा नराम्रो जे छ त्यसो गर्नु हुन्छ कि हुँदैन भनी छलफल गराउने । नराम्रो हो भने के गर्नु पर्छ भनी विद्यार्थीलाई सोध्ने। असल आनीबानी र सही क्रियाकलाप गर्न विद्यार्थीहरूलाई सधैं प्रोत्साहित गर्ने<br>• साथीहरूसँगसँगै मिलेर पढ्न, बस्न, नाच्न, खेल्न, गीत गाउन लगाउँने, खाजा बाँडेर खान लगाउँने, साथीहरूलाई सभ्य तरिकाले नाम भनेर बोल्न, माथिल्लो कक्षाको लाई दाइ दिदी भनेर बोल्न र तल्लो कक्षामा पढ्नेलाई भाइबहिनी भनेर बोलाउन र सभ्य व्यवहार गर्न सिकाउने ।<br>• स्थानीय गाउँघरमा विद्यार्थीहरूले थाहा पाएको, देखेको केही असल र | • शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर<br>• सेतोपाटी, मार्कर | (ठीक) र गर्न नहुने गलत (बेठीक) क्रियाकलापहरूको बारेमा भन्ने र त्यसो गर्नु ठीक कि बेठीक भनेर छुट्टाउन लगाउँने<br>• बालबालिकाले गर्ने १० वटा असल र १० वटा खराब बानीहरू भन्न, लेख्न लगाउँने ।<br>• घरपरिवार, विद्यालय, साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने उचित (सही) व्यवहार, आनीबानी अवलोकनको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | खराब आनीबानी भन्न बताएर त्यसो गर्नु हुन्छ कि हुँदैन प्रश्नोत्तर गर्ने ।<br>• असल आनीबानी बताउने र विद्यार्थीलाई पालैपालो त्यस्तो कामको अभिनय गर्न लगाउँने । | | | |
| | ४.३ आफ्नो समाज, जाति, समुदाय र कुलघरानको भाषा, असल मूल्यमान्यता, संस्कार संस्कृति अनुसारको पाहुना, आफन्त र मान्यजनलाई अभिवादन गर्न, साइनो लगाएर बोल्न र सत्कार गर्न । | • आफ्नो परिवार, आफन्त, छरछिमेकीका विभिन्न व्यक्तिसँगको साइनोहरू (स्थानीय चलनचल्ती र जाति समुदाय विशेषको)<br>• अपरिचित व्यक्ति, स्वदेशी तथा विदेशी पर्यटकहरूलाई बोलाउने (साइनो लगाउँने) र उनीहरूसँग बोल्ने र व्यवहार गर्ने सरल, सभ्य र सही तरिका<br>• घर, टोल र विद्यालयमा पर्यटकहरू आउँदा गर्ने स्वागत, सत्कार | • विद्यार्थीलाई उनीहरुको घरमा को को पाहुना आउनु हुन्छ, पाहुना आउँदा तपाईं, आमा, बुबा, हजुरबा, हजुरआमा, काका, दिदी, दाजु र अरु (यदि भएमा स्थानीय वा मातृभाषामा जे भन्ने चलन छ) ले के कसरी स्वागत, सत्कार गर्नुहुन्छ भनी सोध्ने ।<br>• विद्यार्थीले त्यसरी नै स्वागत सत्कार गर्ने गरेको छ कि छैन भनी सोध्ने र अभिभावकले किन त्यसो गर्नु भएको होला, त्यसो नगर्दा हुँदैन भनी प्रश्नोत्तर गर्ने । यसरी गर्नुको कारण सरल भाषामा बुझाउने ।<br>• घर, टोल र विद्यालयमा स्वदेशी तथा विदेशी पर्यटकहरू वा आफ्नो समुदाय भन्दा बाहिरका मानिसहरू आउँदा के कसरी बोल्ने, स्वागत, सत्कार गर्ने बारेमा छलफल गरी उहाँहरूसँग कसरी बोल्ने, कसरी अतिथि सत्कार गर्ने भनेर सिकाउने | • विद्यालयमा भएको वार्षिक, सांस्कृतिक वा औपचारिक कार्यक्रममा अतिथि सत्कार गरेको भिडियो ।<br>• सेतोपाटी, मार्कर<br>• शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर<br>• स्वदेशी, विदेशी पर्यटकहरूको फोटो | • स्वदेशी वा विदेश पर्यटक आउँदा स्वागत, सत्कार गर्ने तरिका, प्रयोग गर्ने शब्द, शब्दावली ठीक वा बेठीक के हो भनी शब्द वा चिन्न लेखी छुट्टाउन लगाउँने ।<br>• विद्यालयमा विशिष्ट अतिथि वा विदेशी पाहुना आउँदा अतिथि सत्कारको लागि सहभागिता भए नभएको आधारमा मूल्याङ्कन गर्ने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. कृषि, जडीबुटी, पशुपालन, पेसा व्यवसाय तथा उद्यमशीलता | ५.१ वैतेश्वरमा गरिने कृषि गतिविधिहरू (जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि) बारे बताउन र कृषिउत्पादन तथा जडीबुटीहरूको सूची बनाउन | वैतेश्वरमा हुने विभिन्न कृषि क्रिया कलापहरू जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि<br>वैतेश्वरमा स्थानीय रुपमा उत्पादन हुने विभिन्न अन्नबाली, दलहन, तेलहन, तरकारी र फलफूलहरू | विभिन्न स्थानीय कृषि गतिविधिहरूको फोटो, छोटो भिडियो रेकर्ड गरेर देखाउने । त्यसबारे छलफल गर्ने र त्यस्तो कृषि क्रियाकलाप विद्यार्थीको घरपरिवारले, छरछिमेकीले गर्छन् कि गर्दैनन् भनी सोध्ने । गर्छन भने के कसरी गरिन्छ भनी सोध्ने ।<br>ती कृषि उपजबाट के के प्राप्त हुन्छ र ती उपज हामीलाई किन आवश्यक पर्छ समूह बनाई छलफल गरेर कापीमा लेख्न र हरेक समूहलाई प्रस्तुत गर्न लगाउँने (खान, बेच्न, आवश्यक परेको अरु सामान साट्न) । त्यसपछि छलफल गर्ने ।<br>विद्यार्थीलाई घरबाट विभिन्न स्थानीय कृषि उपजको एक-एक वटा र आफ्नो घर वरपर पाइने जडीबुटी नमूनाको रुपमा ल्याउन लगाउँने । प्रत्येक नमूनाको नाम कागजमा लेखेर कक्षामा डोरीमा झुड्याएर राख्न लगाउँने ।<br>विद्यालयमा वा तोकिएको ठाउँमा फूल तथा जडीबुटीको विरुवा रोप्न लगाउँने र तिनीहरुको नियमित गोडमेल गरी पानी राखेर हुर्काउन लगाउँने । | वास्तविक अन्न, दलहन, तरकारीहरूको नमूना, पेन्टिङ चित्र, फोटो, अडियो, भिडियो सेतोपाटी, मार्कर शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | वैतेश्वरमा गरिने खेतीबाली (कृषि उत्पादन) (खाद्यान्न, तरकारी, दलहन, तेलहन, फलफूल) को सूची तयार गर्न्न लगाउँने ।<br>कृषि क्रियाकलाप र त्यसबाट हुने कृषि उत्पादनहरूको जोडा मिलाउन वा वाक्यमा खाली ठाउँ भर्न लगाउँने ।<br>विद्यालयमा वा तोकिएको ठाउँमा गरिने विरुवा संरक्षण सम्बन्धी कामका संलग्लताको आधारमा मूलाङ्कन गर्ने । | ५ |
| | ५.२ वैतेश्वरमा गरिने पशुपालन सम्बन्धी | वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा पाल्ने पशुपंक्षीहरूको जस्तैः कुखुरा, | विद्यार्थीहरूलाई आफ्नो घरमा के के पशुपंक्षी पालेको छ र ती पशुपंक्षीले के दिन्छ वा केको लागि पालेको हो | घरेलु पशु पंक्षीहरूको पेन्टिङ चित्र, फोटो, अडियो, भिडियो | आफ्नो घरमा बाख्रा-खसी, गाईगोरु, राँगाभैंसी, कुखुरा, हाँस, बङ्गुर, परेवा कसरी | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गतिविधिहरू (जस्तैः कुखुरा-बाख्रा पाल्ने, गाईभैंसी पाल्ने, दही, मोही, घिउ बनाउने आदि) मध्ये कम्तिमा ८ वटाको बारेमा बताउन र यसको आवश्यकता र हेरचाह गर्ने सामान्य तरिका बारे छोटकरीमा भन्न । | हाँस, खसीबाख्रा, भेडा, गाईगोरु, राँगा भैंसी, सुँगुर, बङ्गुर, खच्चड, घोडा, मौरी आदिको हेरचाह ती पशुपंक्षीहरूको उपयोग वा प्रयोग | छलफल गर्ने । पशुपंक्षीको सूची, त्यसबाट पाइने कुराहरू, ती राख्ने वा बस्ने घर वा ठाउँको सूची बनाई जोडा मिलाउन लगाउँने । यस सम्बन्धी सान्दर्भिक बाल भिडियो गीत मोवाइलमा डाउनलोड गरी विद्यार्थीलाई देखाई छलफल गराउने र सामूहिक नाचगान गराउने । तपाईंहरूको घरमा पालेको कुन पशुपंक्षी कहाँ राख्ने गरेको छ भनी पशुपंक्षीको सूची बनाउँदै सोध्ने । विद्यार्थीहरूले भनेको जवाफ सङ्कलन गर्दै घरेलु पशुपंक्षी राख्ने ठाउँ (घर) को नाम लेखिदिने । यसको जोडा मिलाउने वा खाली ठाउँ भर्ने गृहकार्य वा कक्षाकार्य गराउने । घरमा पालेको पशुपंक्षीलाई दानापानी गर्न अभिभावकलाई सहयोग गर्न लगाउँने आफ्नो घरमा पालेको ( नभएमा छिमेकी वा आफन्तको घरमा पालेको) पशुपंक्षीको चित्र बनाई त्यसको बारेमा कक्षामा अगाडि गई वर्णन गर्न लगाउँने | सेतोपाटी, मार्कर शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | पालेको छ भन्न लगाउँने के-के का लागि कुन-कुन पशुपंक्षी पालिन्छ लेख्न लगाउँने । घरमा पशुपंक्षी पालेको भए आमाबुबालाई के कसरी, कहिले सहयोग गर्ने गरेको छ वा छैन भनेर बताउन लगाउँने । कक्षा, विद्यालयमा र घरमा गरेको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |
| | ५.३ वैतेश्वर गा. पा. मा भएका कुनै चारओटा जडीबुटी हरु (जस्तै वनमारा, | वैतेश्वर गा.पा.भित्र उपलब्ध हुने घर वरपर पाइने जडीबुटीहरु | आफ्नो वरपर पाइने जडीबुटीहरु सङ्कलन गरी कक्षाकोठामा छलफल गर्ने । विद्यार्थीहरूलाई आफ्नो घर वरपर के | जडीबुटीको नमुना सङ्कलन | आफ्नो वरपर पाइने चारओटा जडीबुटीको नाम सोधी लेख्नलगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तितेपाती, मलायगिरि,बोझो) | | के जडीबुटी पाइन्छ भनी सोध्ने र ती जडीबुटीको नाम टिपोट गर्ने । | | | |
| | ५.४ वैतेश्वरका मानिसहरूले गर्ने विभिन्न पेसा व्यवसायहरू मध्ये ८ वटाको नाम भन्न र कुनै २ वटाको बारेमा छोटकरीमा बताउन । | वैतेश्वरबासीले गर्ने वा अपनाएका विभिन्न किसिमका पेसा तथा व्यवसायहरू जस्तैः कृषि (खेतीपाती, पशुपालन), पसल, होटल/खाजाघर, वैदेशिक रोजगारी, जागिर (शिक्षण, निजामतिको जागिर, प्रहरी, सेना आदि), सिपमूलक (सिकर्मी, डकर्मी, मजदुरी, वाइरिङ, पेन्टिङ आदि) | विद्यार्थीका परिवारका सदस्यहरू को को काम गर्नु हुन्छ भनी सोध्ने र सोको सूची बनाई यसैको आधारमा स्थानीय रुपमा भए गरेका विभिन्न पेसा व्यवसायको बारेमा परिचित गराउने । विद्यालय वरिपरि भएका विभिन्न पेसा व्यवसायमा अवलोकन भ्रमण गराउने र स्थानीय व्यक्तिहरू भएको पेसा व्यवसायको बारेमा परिचित गराउने । अवलोकन भ्रमणपछि विद्यार्थीहरूसँग छलफल गर्ने । अवलोकन गरेको वा देखेको स्थानीय व्यवसाय, उद्योगको चित्र बनाई सोको बारेमा मौखिक रुपमा वर्णन गर्न लगाउँने । स्थानीय स्तरमा भएका पेसा व्यवसाय, कार्यस्थल र संलग्न व्यक्तिहरूको नेपाली, अङ्ग्रेजी र स्थानीय शब्दावली भए त्यसमा पनि सिकाउने । आफूलाई मन पर्ने पेसा कुन हो र किन भनी सोध्ने । त्यसको लागि मेहेनत गरी पढ्नु पर्ने र असल आनीबानीको विकास गर्नुपर्ने बताउने र अन्तमा सबै पेसा व्यवसाय समान, महत्त्वपूर्ण र सम्मानजनक हो भनी उदाहरण दिँदै बताउने । | स्थानीय स्तरमा भएका पेसा व्यवसाय, कार्यस्थल र संलग्न व्यक्तिहरूको चित्र, फोटो, अडियो, भिडियो सेतोपाटी, मार्कर शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | स्थानीय स्तरमा भएका पेसा व्यवसाय, कार्यस्थल र संलग्न व्यक्ति (पेसाकर्मी) हरूको शब्दावली सूची बनाई जोडा मिलाउन लगाउँने वा सान्दर्भिक वाक्य बनाई खाली ठाउँ उपयुक्त शब्द छानेर भर्न लगाउँने । आफनो घर, विद्यालय आसपास, बाटो वा नजिकको बजारमा अवलोकन गरेको २ वटा पेसा व्यवसायको बारेमा भन्न वा लेख्न लगाउँने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. स्थानीय ज्ञान, सिप तथा प्रविधि | ६.१ वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरू मध्ये १० वटा सिप तथा प्रविधिहरु चिन्न र कुनै २ को बारेमा कम्तिमा १० वाक्यमा लेख्न । | वैतेश्वरको स्थानीय ज्ञान, सिप र प्रविधिहरू<br>ती ज्ञान, सिप र प्रविधिबाट बनेका वा तयार गरिएका घरायसी दैनिक प्रयोजनको लागि, सामाजिक एवं संस्कृतिक कार्यका लागि आवश्यक पर्ने वस्तु तथा सरसामानहरू | विद्यार्थीहरूलाई आफ्नो घरमा काठ, बेतबाँस, ढुङ्गा, फलाम, तामा, पित्तल, काँसबाट बनेका के-के सामानहरू छन् भनी कापीमा सूचीबद्ध गरी लेख्न लगाउँने र पालैपाले भन्न लगाउँने ।<br>ती सामान कसले बनाएका र कसरी बनाएको हो भनी प्रश्नोत्तर गर्ने ।<br>सम्पूर्ण सामान आफ्नै घरमा बनेको, घरमा होइन तर वैतेश्वरमा बनेको र त्यो भन्दा बाहिरको बजारबाट ल्याएको गरी ३ समूहमा छुट्याउन लगाउँने ।<br>स्थानीय सरसामानहरूको चित्र, कागजको नमूना (क्राफ्टिङ) बनाउन र रङ लगाउन लगाउँने र सोको प्रदर्शनी गर्न लगाउँने ।<br>स्थानीय ज्ञान, सिप र प्रविधिमा बनेका सरसामान, र निर्माणको फाइदा बारेमा सरल भाषामा उदाहरण दिई बुझाउने र यस्ता सरसामानको प्रयोग गर्न सके आत्मनिर्भर हुन सकिने भनी यस्ता सामानको प्रयोग गर्न प्रोत्साहित गर्ने ।<br>यस्ता स्थानीय सरसामान, औजार आदिको बारेमा कक्षामा प्रस्तुतीकरण गराउने ।<br>सामानका केही उदाहरणहरू:<br>बेतबाँसका सामानहरू जस्तैः डोको नाम्लो, नाङ्लो, थुन्से आदि | स्थानीय ज्ञान, सिप र प्रविधि प्रयोग गरी बनाइएको घरेलु तथा कृषि सामग्री, औजारहरूको सचित्र सूची, फोटो र नमूनाहरू<br>क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल आदि<br>रङ भर्ने स्थानीय सामानहरूको सादा चित्रहरू | काठ र बाँसबाट बनेका घरमा भएका १० वटा सामानको नाम लेख्न लगाउँने ।<br>स्थानीय रुपमा काठ, बाँस, ढुङ्गाबाट बनेका घरेलु तथा कृषि सामग्री र औजारको चित्र र नाम जोडा मिलाउन वा वाक्यमा खाली ठाउँ भर्न लगाउँने ।<br>विभिन्न सामान, वस्तुको सूची वा चित्र दिएर स्थानीय सामान भए ठीक र आधुनिक वा आयातित सामान भए बेठीक शब्द वा चिन्ह लेख्न लगाउँने ।<br>स्थानीय सामानहरूको सादा चित्रहरूमा रङ भरी नाम लेख्न लगाउँने ।<br>कुनै १० वटा सामान/औजारहरु के को लागि उपयोगी हुन्छन् भनी सोध्ने । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | काठबाट बनेका सामानहरू जस्तैः ठेकी, दुधेरो, ढुङ्ग्रो, मदानी, पिरा, मुढा, ढिकी<br>काठबाट बनेका घरेलु तथा कृषि औजारहरू, जस्तैः हलो, जुवा, दाँते, दाँदे, डल्लेठो, काठको बाकस (सन्दुक), कालोपाटी, झ्यालढोका, ओखल, ढिकी<br>ढुङ्गाबाट बनेको सामान जस्तैः सिलौटो, लोहोरो, चनौटो, जाँतो<br>स्थानीय स्तरमा बनेका फलाम, तामा र अन्य धातुका घरेलु तथा कृषि औजारहरू, जस्तैः खुकुरी, हँसिया, कुटो, कोदालो, ओदान आदि के के छन् विद्यार्थीलाई सोध्ने र सूची बनाएर यसको महत्त्व बुझाउने । | | | |
| ७. मातृभाषा, संस्कृति र चाडपर्व | ७.१ आफ्नो मातृभाषामा आफ्नो र घरपरिवारको परिचय दिन र घरपरिवारमा बोलिने कम्तिमा १०० शब्दहरू (१ देखि २० सम्मका अङ्क) र २० वाक्यहरू भन्न र बुझ्न । | वैतेश्वर गा. पा. मा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको सूची<br>उनीहरूको मातृभाषाको सूची<br>मातृभाषामा सामान्य परिचय दिने र घरपरिवारको बारे बताउने वाक्यहरू (कम्तिमा २० वाक्य)<br>शरीरका बाहिरी अङ्गहरू (जस्तैः नाक, कान, आँखा, घाँटी, टाउको, गाला, चिँउडो, निधार, हात, खुट्टा, ढाड, कम्मर, घुँडा, औंला, कपाल आदि) | वैतेश्वर गा. पा. क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको सूची तयार गर्ने (आफ्नो मौलिक वेशभूषा वा पहिरन लगाएको) र पुस्तकालयमा राख्ने । त्यसलाई कक्षामा ल्याई प्रदर्शन गरी विद्यार्थीलाई आ-आफ्नो जाति, समुदाय के हो भनी भन्न लगाउँने ।<br>आफ्नो साथी र छिमेकीहरू कुनकुन जाति, समुदायका छन् लेख्न लगाउँने वा लेखेर ल्याउन गृहकार्य दिने । सबै जाति समुदाय बराबर हो भन्ने कुरा बुझाउने (जातीय भेदभावलाई | स्थानीय जाति, समुदाय अनुसारको मौलिक (सांस्कृतिक) वेशभूषा र गरगहना<br>विभिन्न मातृभाषाको शब्दकोष<br>अङ्क, शब्द, परिवारका सदस्य तथा नातासम्बन्धको चार्ट<br>सेतोपाटी, मार्कर<br>मोबाइल रेकर्डर | स्थानीय जाति, समुदाय अनुसारको मौलिक (सांस्कृतिक) वेशभूषा र गरगहनाको नाम र सम्बन्धित जातीजनजातिको सूची बनाई जोडा मिलाउन दिने ।<br>मातृभाषाबाट १० वाक्यमा आफ्नो परिचय दिन लगाउँने वा परिचयात्मक प्रश्नोत्तर गर्ने ।<br>अभिवादन, बिदाइको हाउभाउ (सङ्केत) गरी विद्यार्थीलाई | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मातृभाषामा अभिवादन, परिवार भित्र र नजिकको आफन्त साइनो, १ देखि २० अङ्क गणना, घर परिवारमा बोल्ने (बारम्बार प्रयोग हुने संज्ञा, क्रिया, सर्वनाम, विशेषण जन्य शब्दहरूको सूची (कम्तिमा २० शब्द) | दुरुत्साहन हुने कुनै पनि कुरा वा कार्य गर्न गराउन नहुने)<br>विद्यार्थीहरूको आ-आफ्नो मातृभाषामा परिचय दिने सामान्य वाक्यहरू अभिभावकहरूबाट लिने (सम्भव भएमा नेपालीलाई सम्बन्धित मातृभाषामा भ्वाइस रेकर्ड गर्न लगाउँने) र त्यहीं अनुसार सही उच्चारण सहीत भन्न लगाउँने । परिचय गर्ने वाक्यहरू (जस्तैः मेरो नाम ...... हो । मेरो घर ..... प्रदेश, ...... जिल्ला ..... गा. पा. ...... नम्बर वडा ...... टोलमा पर्छ । म..... बर्षको भएँ। मेरो बुबा/आमा/दाजु/भाइ/ दिदी ....... को नाम ... हो । म .... विद्यालयमा पढ्छु । म .... कक्षामा पढ्छु । मेरो विद्यालय .... मा पर्छ । मलाई .... गर्न मन पर्छ । मेरो बुबा/आमा/दाजु/दिदी ...... हो । उहाले ..... गर्नु हुन्छ । ...)<br>आफ्नो मातृभाषामा भन्न लगाउँने ।<br>परिचय दिने, अभिवादन गर्ने शब्द, शब्दावलीहरू विभिन्न मातृभाषामा लेखेर पुस्तकालय वा कक्षाको राखे र मातृभाषी विद्यार्थीलाई भन्न लगाउँने ।<br>त्यसरी नै आ-आफ्नो मातृभाषामा १ देखि १० सम्म अङ्क गन्ने शब्दहरू सामूहिक रुपमा तयार गरी कक्षामा झुण्ड्याउने र नेपाली तथा आ–आफ्नो | | आफ्नो मातृभाषामा भन्न लगाउँने ।<br>परिवार र आफन्तहरूलाई लगाइने साइनो मातृभाषामा भन्न वा लेख्न लगाउँने ।<br>१ देखि २० सम्म को अङ्क, शरीरका अङ्गहरू मातृभाषामा भन्न लगाउँने ।<br>सामान्य र बोलचालमा भएको मातृभाषी शब्दहरू भन्न लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मातृभाषामा लेख्न र भन्न लगाउँने ।<br>शरीरका  मुख्य अङ्गहरू, घरपालुवा पशुपंक्षी र घरायसी सरसामानहरू, परिवारभित्र र नजिकको आफन्तहरूलाई लगाइने साइनो आदि शब्दहरू नेपालीमा लेखिदिने र त्यसलाई मातृभाषामा लेखेर ल्याई कक्षामा प्रस्तुत गर्न लगाउँने ।<br>शरीरका अङ्ग, घरपालुवा पशुपंक्षी र घरायसी सरसामानको नाम मातृभाषामा भन्न र लेख्न लगाउँने । | | | |
| | ७.२ वैतेश्वरमा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र सबैको साझा स्थानीय सामाजिक संस्कार र संस्कृतिको बारेमा बताउन, आ-आफ्नो वेशभूषा चिनी सोको महत्त्व बताउन । | वैतेश्वर गा पा  क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको मौलिक पहिरन (वेशभूषा, गरहना)<br>स्थानीय सामाजिक संस्कारहरू मध्ये केही शुभकर्म जस्तैः न्वारान, पास्नी, छेवर, गन्यूचोली दिने, ब्रतबन्ध, विवाह आदि मध्ये कुनै एकको बारेमा केही कुरा बताउन | कक्षाकोठा वा पुस्तकालयमा वैतेश्वरका विभिन्न जातीजनजातिहरूको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक–एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राख्ने र विद्यार्थीलाई अवलोकन गराई ती मध्ये विद्यार्थीहरूको आफ्नो सांस्कृतिक वेशभूषा वा पोसाक कुन हो भनेर सोध्ने र थाहा नभएमा चिनाउने ।<br>हरेकका जातीजनजाति विशेषको मौलिक वेशभूषा र गहनाको नाम के हो भनी आफ्नो अभिभावकसँग सोधेर कापीमा लेखेर ल्याउन लगाउँने र फोटोमा देखाएर पालैपालो प्रस्तुतीकरण   गर्न लगाउँने । | वैतेश्वरका सबै जाति, जनजातिहरूको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक-एक जोडीको<br>स्थानीय क्षेत्रमा गरिने शुभकार्यको भिडियो सामग्री<br>फ्लेक्स प्रिन्टिङ फोटो क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल, कलर साइनपेन आदि | विद्यालयको सांस्कृतिक कार्यक्रममा प्रदर्शन हुने सांस्कृतिक झाँकीमा विद्यार्थीको आफ्नो मौलिक वेशभूषामा सहभागिता देखाएको र आ-आफ्नो जाति, समुदायको मौलिक सामाजिक संस्कार, संस्कृतीजन्य प्रदर्शन वा प्रस्तुतीकरणमा सहभागिता भएको बारेमा भन्न लगाउँने ।<br>आ-आफ्नो जाति, समुदायको विवाह, पास्नी, ब्रतबन्ध, छेवर वा गुन्यु  चोली दिने जस्ता विद्यार्थी आफूले सहभागी भएको वा देखेको कुनै एकको मनाउने तरिका र महत्त्व | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | आ-आफ्नो मौलिक पहिरन (वेशभूषा, गरहना) महत्त्व अभिभावकसँग सोधेर आई बातउन लगाउँने ।<br>सबैको सांस्कृतिक वेशभूषा उत्तिकै उत्कृष्ट, आकर्षक, मौलिक, पहिचान दिने र मौलिक छ र एकअर्काको वेशभूषाको कदर गर्नु पर्ने कुरा सिकाउने ।<br>विद्यालयको सांस्कृतिक कार्यक्रममा कक्षागत रुपमा स्थानीय सामाजिक संस्कार चालचलन, विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण (नक्कली वा नमूना) सम्बन्धी  झाँकी प्रदर्शन गर्न लगाउँने ।<br>स्थानीय चलन अनुसार हुने आफूले भाग लिएको चाडपर्वको बारेमा छोटो कथा बनाएर सुनाउने, छलफल गर्ने र सो पाठ सम्बन्धी गृहकार्य बनाएर दिने भिडियोको माध्यमबाट विभिन्न चाडपर्वको बारेमा स्पष्ट पार्ने ।<br>विद्यार्थीको आफ्नो परिवार, आफन्त र छिमेकमा भएको विवाह, पास्नी, व्रतबन्ध, छेवर वा गुन्यु  चोली दिने जस्ता शुभकार्यको बारेमा देखेको कुरा प्रस्तुत गर्न लगाउँने । | | बताउन लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ७.३ वैतेश्वर गाउँपालिकामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र साझा चाडपर्वहरू मध्ये १० वटाको नाम बताउन र कुनै ३ को मनाउने तरिका र महत्त्व बताउन। | वैतेश्वर गाउँपालिकाको विद्यालय रहेको वडामा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेष र साझा मुख्य चाडपर्वहरू | विद्यार्थीहरूलाई आफ्नो गाउँघरमा मनाईने कुन कुन चाडपर्व मन पर्छ, किन मन पर्छ, ती चाडपर्वमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने ।<br>वैतेश्वरमा प्रचलित चाडपर्वको चिनारी तयार गरी पाठ बनाई पढाउने वा अडियोभिजुअल रेकर्ड (क्लिप) वा फोटो सङ्कलन गरी विद्यार्थीलाई देखाउने र छलफल गराउने ।<br>वैतेश्वरमा मनाइने मुख्य चाडपर्वहरूको नाम लेख्न, कुनै जाति विशेषको भएमा कसको हो भनी छानेर लेख्न वा जोडा मिलाउन लगाउँने<br>वैतेश्वरमा मनाइने साझा चाडपर्व के के हुन फोटो/अन्य सामग्री हेरी चिन्न लगाउँने र तिनीहरु कसरी मनाईन्छ चित्र वा भिडियो सामग्रीको माध्यमबाट प्रस्ट पारिदिने । | वैतेश्वरमा प्रचलित चाडपर्वको चिनारी भिडियो रेकर्ड (क्लिप) चित्र, वा चाडपर्व मनाएका तस्वीरहरु सेतोपाटी, मार्कर | वैतेश्वरमा मनाइने साझा चाडपर्वहरूको नाम लेख्न लगाउँने ।<br>कुनै जाति, जनजाति विशेषको वा सबैको भएमा कुन चाड, कसको हो भनी छानेर लेख्न वा जोडा मिलाउन दिने ।<br>विद्यार्थीहरुलाई आ-आफ्नो मन पर्ने चाडको बारेमा १० वाक्यमा भन्न र लेख्न लगाउँने । मन पर्ने कुनै ३ चाडपर्व मनाउने तरिका र सोको महत्त्व भन्न लगाउँने । | ५ |
| ८. स्थानीय खेलकुद, मनोरञ्जन र कला साहित्य | ८.१ वैतेश्वर गा. पा. मा प्रचलित स्थानीय खेलकुदहरू मध्ये ८ वटाको नाम बताउन र कम्तिमा ४ वटा खेल खेल्न । | वैतेश्वर गा. पा. मा प्रचलित स्थानीय खेलकुदहरू जस्तै: कपर्दी, डण्डीबियो, रुमाल लुकाई, सिन्का लुकाई, चिँ मुसी चिँ, हात्ती लखेटाई, भाले जुधाइ, गोरु जुधाइ, भकुण्डो, बाघचाल, डोरी नाघ्ने, डोरी तान्ने, पिटी, रिलेदौड, हिसाब दौड आदि खेल खेल्ने विधि वा तरिका | विद्यार्थीहरुलाई कुन कुन खेल खेल्न मनपर्छ, के के खेल खेल्न आउँछ भनेर सोध्ने र वैतेश्वर गा. पा. मा पहिलेदेखि प्रचलनमा रहेका विभिन्न किसिमका खेलहरूको बारेमा चित्र देखाएर जानकारी गराउने ।<br>विद्यार्थीको शारीरिक, अवस्था, खेलमैदान वा कक्षाकोठा, विद्यार्थी सङ्ख्या र आवश्यक खेल सामग्री | खेल अनुसार खेल सामग्रीहरू<br>खेलमैदान वा कक्ष र सोको तयारी<br>प्राथमिक उपचार सामग्री बाकस<br>खेलको नियम लेख्ने र नतिजा (स्कोर) लेख्ने सेतोपाटी वा चार्ट पेपर | कम्तिमा ८ वटा स्थानीय खेलको नाम भन्न लगाउँने ।<br>कम्तिमा ४ वटा स्थानीय खेल खेल्न लगाउँने ।<br>एकल, जोडी र सामूहिक खेलहरूमा बालबालिकाको सहभागिता अवलोकन गर्ने ।<br>घरभित्र र घरबाहिर खेलिने कम्तिमा ८ स्थानीय | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | उपलब्धतालाई मध्यनजर गरेर समूहमा खेल्ने खेलहरू खेलाउने (हप्ताको १ पटक सकेसम्म विदाको अघिल्लो दिन) सामूहिक खेल खेलाउने र खेल खेलाउनु पूर्व आवश्यक खेल सामग्रीहरू, खेलको नियम, समयावधि, अनुशासन, सावधानी अपनाउनु पर्ने कुरा, त्यो खेल खेल्दाको फाइदा आदि बारेमा विद्यार्थीलाई बुझाउने र खेल समाप्त भएपछि बालबालिको अनुभव, खेलबाट सिक्नु पर्ने सन्देश बारे बताउने<br>घरभित्र खेलिने स्थानीय खेल र घरबाहिर खेलिने स्थानीय खेलहरू छुट्याएर विद्यार्थीलाई (सम्भव भएमा भिडियो देखाएर) बुझाउने र दुवै किसिमका केही किसिमका खेलहरू खेलाउने ।<br>खेल खेलाउँदा सबैलाई पालैपालो नेतृत्वको अवसर दिने, फरक क्षमता भएका बालबालिकाहरूलाई पनि समावेश गर्न सकिने खेलहरू खेलाउने र उनीहरूलाई पनि सक्ने भूमिका दिने<br>विद्यालयको बार्षिकोत्सव तथा अन्य कार्यक्रममा विद्यार्थीहरूको सहभागिता जनाउन प्रोत्साहित गर्ने । | वा न्युज पेपर | खेलहरूको नाम भन्न लगाउँने ।<br>विद्यालयमा खेलेको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने । | |
| | ८.२ वैतेश्वर गा. पा. मा प्रचलित | वैतेश्वर गा. पा. मा प्रचलित लोकगीतहरू जस्तैः दोहोरी, तीज | वैतेश्वर गा. पा. मा प्रचलित लोकगीतहरू जस्तैः दोहोरी, तीज गीत, देउसीभैलो, | स्थानीय लोकगीतको सूची | कम्तिमा ७ वटा स्थानीय लोकगीत र लोकनृत्यको नाम | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लोकगीत र लोकनृत्यहरू मध्ये कम्तिमा ६/६ वटाको नाम बताउन र कम्तिमा ४ वटा लोकगीत गाउन र लोकनृत्य प्रदर्शन गर्न। | गीत, देउसीभैलो, रत्यौली, असारे, झ्याउरे, तामाङ सेलो, जुहारी, भजनकृतन, आदि प्रचलित लोकनृत्यहरू जस्तैः मारुनी, रत्यौली, देउसी भैलो, स्याब्रु, बालन आदि लोक नृत्य गर्ने तरिका | रत्यौली, असारे, झ्याउरे, तामाङ सेलो, जुहारी, भजनकृतन आदि मध्ये मुख्य-मुख्य लोकगीतका नाम बालबालिकालाई लेखाइदिने । ती मध्ये सबैले सुने देखेका लोकगीत र लोकनृत्यका तस्वीर वा भिडियो देखाउने र विद्यार्थीलाई नाचगानमा संलग्न गराउने । बालबालिकाले सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउन सिकाउने सम्भव भए यस्तो गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर भाका मिलाएर गाउन लगाई बालबालिकालाई सुनाउने र सिकाउने तत्पश्चात प्रचलित स्थानीय लोकनृत्यहरू के के हुन भनी सेतोपाटीमा लेखी सामान्य परिचय गराउने (कहिले, कसरी नाचिन्छ) । बालबालिका घरमा गएपछि नाच्न सक्ने लोकनृत्यमा नाच्न अभ्यास गराउने । बालबालिकाले नाचेको, गाएको भिडियो रेकर्ड गरी उनीहरूलाई नै देखाउने र त्यस्तो स्थानीय नाचगानको लागि प्रोत्साहित गर्ने । | सही भाका, लय र शब्दहरू अडियो भिजुअल रेकर्डर साउण्ड स्पिकर, मल्टिमिडिया प्रोजेक्टर र डिस्प्ले सिस्टम सेतोपाटी वा चार्ट पेपर वा न्युज पेपर | भन्न लगाउँने । लोकप्रिय स्थानीय लोकगीत संयुक्त वा सामूहिक रुपमा गाउन लगाउँने लोकप्रिय स्थानीय लोकनृत्य संयुक्त वा सामूहिक रुपमा नाच्न/प्रदर्शन गर्न लगाउँने । विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल | ९.१ वैतेश्वर गाउँपालिकामा प्रचलित धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलहरू मध्ये कुनै १० वटाको नाम भन्न र १/१ वटाको बारे कम्तिमा १० वाक्यमा भन्न । | वैतेश्वरको प्रमुख, प्रसिद्ध धार्मिक स्थलहरू जस्तैः मठमन्दिर, गुम्बा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरू<br>सांस्कृतिक स्थलहरू जस्तैः कुनै जाति, समुदाय विशेषको पहिचान, संस्कृति, परम्परा, आस्था, संस्कार आदि गाँसिएको स्थल, गाउँ कुनै जातीजनजाति विशेषको मौलिक विशेषता भएको गाउँ, चाडपर्वमा मेला लाग्ने ठाउँहरू<br>स्थानीय प्राकृतिक सम्पदा जस्तैः झरना, पहाड, हिमाल, ताल आदि | वैतेश्वरका प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको सूची तयार गर्ने । तिनीहरु मध्ये कुन कुन पर्यटकीय स्थलहरु विद्यालय वरपर छन् भनी विद्यार्थीलाई सोध्ने र त्यसको बारेमा ५-७ वाक्यमा भन्न लगाउँने ।<br>विद्यार्थीहरूलाई आफ्नो गाउँघर र वरपर भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम सोध्ने, ती ठाउँमा पुगेको छ कि छैन, त्यहाँ के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिँदै ती स्थलहरूको विशेषता सहीत चिनारी बताउने ।<br>वैतेश्वरका विभिन्न सामाजिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक महत्त्व बोकेका स्थलको फोटो, भिडियो सङ्कलन प्रस्तुतीकरण गर्ने ।<br>विद्यार्थीलाई उपयुक्त समय, मौसममा अवलोकन भ्रमण लैजाने । अवलोकन गरेपछि आफूले अवलोकन गरेका कुराहरू कापीमा लेखेर ल्याउन लगाउँने र भ्रमणपछि भ्रमण कस्तो लाग्यो, के देख्यु भयो भनेर सोध्ने र ती | वैतेश्वरको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको सूची, विशेषता, जानकारी सम्बन्धी सामग्री<br>वैतेश्वरको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको फोटो (फ्लेक्स प्रिन्ट) र छोटो चिनारी भिडियो<br>गाउँपालिका वा वडाको स्रोत नक्साहरू<br>चित्र कोरेर रङ भर्न आवश्यक पर्ने पेपर, कलर साइनपेन, पेन्सिल आदि | वैतेश्वरमा रहेका कम्तिमा १० वटा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम भन्न लगाउँने ।<br>विद्यार्थीले अवलोकन गरेका वा आफ्नो गाउँघरमा भएका र जानकारी भएका स्थलहरूको बारेमा चिनारी भन्न वा सोको बारेमा एक अनुच्छेद लेख्न लगाउँने ।<br>कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको चित्र दिएर रङ भर्न लगाउँने र सोको व्याख्या गर्न लगाउँने।<br>विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | स्थलहरूको महत्त्व, संरक्षण एवं प्रवर्द्धन गर्ने कुरा बालबालिकाले बुझ्ने भाषामा बताउने ।<br>भ्रमण गरेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्ने, एक अनुच्छेद लेख्न र प्रस्तुत गर्न लगाउँने ।<br>त्यहाँको सम्बन्धित जानकार व्यक्तिहरूबाट ती ठाउँ विशेषको विशेषता, महत्त्व बुझी बालबालिकाले बुझ्ने भाषामा सरल तरिकाले अवलोकन गराउँदै बताउने ।<br>भ्रमण गरेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्ने, रङ भर्न लगाउँने र सो बारे एक अनुच्छेदमा वर्णन गर्न लगाउँने । | | | |
| १०. समानता, समावेशीता र सामाजिक न्याय | १०.१ जातजाति तथा समुदाय बीच कुनै भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी, समुदाय तथा समाजमा एकापसमा समानताको व्यवहार गर्न । | वैतेश्वर गा. पा. को सामाजिक अवस्था (विभिन्न जाति, जनजातिहरू मिलेर बसेको विविधता भित्रको एकता) को परिचय<br>सहयोग, मेलमिलाप र समानताको अवधारणा | वैतेश्वर गाउँपालिकामा कुन कुन जाति, जनजाति (थर) का मानिसहरू बसोबास गर्छन्, आफ्नो छिमेकी कुन थरको छ भनी छलफल चलाउने, सेतोपाटीमा लेख्ने ।<br>छिमेकीहरूसँग कसरी बस्नु राम्रो हो र कसरी बस्नु नराम्रो हो भन्ने बुझाउन एकापसमा मिलेर बसेको फोटो र झै-झगडा गरेको फोटो देखाएर छलफल | सेतोपाटी, मार्कर समानता सम्बन्धी छोटो भिडियो, चित्र | मेलमिलप सम्बन्धी कथा भन्न लगाउँने ।<br>बालबालिका बीच आपसी सम्मान, सद्भाव र समानताको बोली व्यवहार एक अर्कामा मिलेर बस्ने, खेल्ने, हिड्ने गतिविधि विद्यार्थीहरूमा भए नभएको अवलोकन गरी मूल्याङ्कन गर्ने । | 4 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गर्ने । सबैको रगत रातो हुन्छ, सबैलाई कुटे दु:ख्छ, सबैलाई गाली गरे नराम्रो लाग्छ, सबैलाई सहयोग गरे खुसी लाग्छ, बाँच्नलाई सबैले खाना खानु पर्छ । त्यसैले सबै जाति, जनजाति समान (बराबर) हो । भेदभाव, छुवाछुत गर्नु हुँदैन भनी समानताको अर्थ बुझाउने र सोही अनुरुप व्यवहार गर्न सिकाउने । | | | |
| | १०.२ अपाङ्गता (फरक क्षमता) भएका, असहाय, वृद्धवृद्धा अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरू पहिचान, उनीहरुलाई दैनिक जीवनमा आईपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन | अपाङ्गताको प्रकार<br>शारीरिक विरामीपन र सहयता<br>वृद्ध उमेर र शारीरिक समस्या<br>परिवार, आफन्त नभएका र आफूसँग केही नभएका बालबालिका, बिरामी, वृद्धवृद्धाका आदि र उनीहरूलाई आवश्यक पर्ने सहयोग<br>बालबालिकाले गर्न सक्ने सहयोग, सम्मान जनक बोली व्यवहार | विभिन्न प्रकारका अपाङ्गता मध्ये धेरैजसो हुने अपाङ्गता (शारीरिक, दृष्टि, बोलाइ, सुनाइ) सम्बन्धी बालकथा बनाएर सुनाउने । बालकथामा उनीहरूको अपाङ्गता के कारणले भएको, परिवार र साथीले के के सहयोग गर्छन र उनीहरू पनि साङ्ग सरह धेरै राम्रो काम गर्न सक्छन् (जस्तैः शिक्षक, ईन्जिनियर, निजामति सेवाका कर्मचारी बन्न, होटल तथा पर्यटन व्यवसाय गर्न सक्छन्), उनीहरूलाई अरुलाई जस्तै माया र सहयोग गर्नु पर्छ भन्ने सन्देश हुनु पर्दछ ।<br>अपाङ्गता सम्बन्धी राम्रो (उचित) शब्द र | अपाङ्गता र यसको प्रकार, अपाङ्गता सम्बन्धी सही शब्द सम्बन्धी जानकारी पुस्तिका<br>अपाङ्गता, वृद्धवृद्धा, असहाय, विरामी, दीर्घरोगी व्यक्तिहरूको चित्र, पम्प्लेट वा अडियो, भिडियो<br>अपाङ्गता परिचयपत्रको नमूना (रातो, निलो, पहिलो र | अपाङ्गताको कुनै ३ वटा प्रकार भन्न र चिन्न लगाउँने ।<br>अपाङ्गताको परिचयपत्रको प्रकार (रङ) भन्न वा लेख्न लगाउँने ।<br>अपाङ्गता सम्बन्धी सही र गलत शब्दहरू दिएर सही शब्दलाई ठिक र गलत शब्दलाई बेठीक चिन्ह लगाउन दिने वा सही शब्दहरू एउटा कोठामा र गलत शब्दहरू अर्को कोठामा छुट्टाएर लेख्न लगाउँने ।<br>अपाङ्गता, वृद्धवृद्धा, असहाय, | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्न । | | नराम्रो (गलत) शब्दहरू सेतापाटीमा लेखेर राम्रा शब्दहरू मात्र भन्न वा बोल्न प्रेरित गर्ने<br>कोही अपाङ्गता भएको व्यक्ति विद्यालय नजिकमा भए निजलाई बोलाएर अपाङ्गता र उसको अनुभव बारेमा अन्तरक्रिया गराउने<br>त्यसैगरी कोही नभएका (असहाय), विरामी, वृद्धवृद्धालाई पनि सम्मान गरेर बोल्ने र सहयोग गर्ने कुरा सिकाउने ।<br>कति उमेर पुगेको वृद्धवृद्धा र कुन परिचय पत्र भएको अपाङ्गता को अर्थ के हो र सो अन्तर्गतका अपाङ्गता भएका व्यक्तिलाई वडा कार्यालयले पैसा/भत्ता (सामाजिक सुरक्षा भत्ता) दिन्छ भनी जानकारी गराउने र वृद्ध, विधवा, अपाङ्गता परिचय पत्र बनाउन वडा कार्यालयमा जानु पर्ने, परिचय पत्र भएपछि सरकारले सेवासुविधा दिने करा आफ्नो घरपरिवार, छरछिमेकलाई भन्न प्रोत्सहित गर्ने<br>अपाङ्गता र वृद्धवृद्धा सम्बन्धी आफूले बुझेको कुराहरू एक परिच्छेदमा लेखेर कक्षामा प्रस्तुत गर्न लगाउँने । | निलो)<br>अपाङ्गता, वृद्धवृद्धा, असहायले प्रयोग गर्ने सहयता सामग्रीहरूको चित्र वा तस्वीर<br>रुमाल, गलबन्दी आदि खेल सामग्रीहरू | विरामी भएको व्यक्तिलाई गर्नु पर्ने, गर्नु नहुने कुराहरू (बोली व्यवहार) बारे मौखिक सोध्ने र उनीहरूको व्यहार अवलोकन गर्ने ।<br>कस्तो रङको अपाङ्गता परिचयपत्र पाएका व्यक्तिले भत्ता पाउछ भनी सोध्ने?<br>विद्यालयमा विद्यार्थीको क्रियाकलाप अवलोकन गरेर मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. सामाजिक रुपान्तरण, लोकतन्त्र र संघीयता | ११. प्रदेश र जिल्ला घोषणा भएको साल र वैतेश्वर गा. पा.घोषणा भएको साल र महिना र गते भन्न र वैतेश्वर गा. पा. का जम्मा वडाहरूको सङ्ख्या, साविक गा. वि. स. सङ्ख्या बताउन । | वैतेश्वर गा. पा. घोषणा भएको मिति, जम्मा वडा सङ्ख्या, साविक सङ्ख्या र गा.वि.स.हरूको नामावली | हामी कुन पालिकामा बस्छौं भनी सोध्ने । पछि हामी बसेको गा.पा.को नाम वैतेश्वर हो भनी सेतोपाटीमा लेखिदिने र कापीमा सार्न लगाउँने । वैतेश्वर गा. पा. घोषणा भएको साल, महिना र गते लेखिदिने । वैतेश्वर गा. पा. साविकका कतिवटा गा.वि.स.हरू मिलेर बनेको हो भनी ती गा. वि. स. हरूको सङ्ख्या सेतोपाटीमा लेखिदिने र विद्यार्थीलाई कापीमा सार्न लगाउँने । दोहोऱ्याएर सोध्ने । साविक गा. वि. स. हरूको नाम भएको वैतेश्वर गा.पा.को नक्सा प्रदर्शन गर्दै वैतेश्वर गा.पा.को बारेमा प्रस्तुतीकरण गर्न लगाउँने पदाधिकारीहरुको नामावली बताइदिने । | नेपालको संविधान वैतेश्वर गाउँपालिका घोषणा भएको साल र साविक गा.वि.स.हरू र हालको गा.पा.को सिमाना छुट्टिएको नक्सा चार्ट पेपर वा न्युज पेपर, मार्कर | तिमी बसेको गा. पा. कुन प्रदेशमा पर्छ भनी सोध्ने । नेपाल सरकारले कति सालमा प्रदेश घोषणा गरेको हो भनी सोध्ने । वैतेश्वर. गा. पा. घोषणा कति साल कुन माहिना कति गते भयो भनी सोध्ने र वैतेश्वर गा. पा. मा जम्मा कति वटा वडाहरू छन् भनी सोध्ने । कति वटा गा.वि.स.हरू मिलाएर वैतेश्वर गाउँपालिका बनाइएको हो भनी विभिन्न सङ्ख्या मध्ये सही सङ्ख्यामा गोलो घेरा गर्न लगाउँने । वैतेश्वर गा. पा. का जनप्रतिनीधिहरुको नाम भन्न लगाउँने । | ७ |
| १२. जीवनोपयोगी सिप | १२.१ जीवनोपयोगी ४ वटा सिप भन्न र कम्तिमा १ वटा अभ्यास गर्न | विभिन्न किसिमको जीवनोपयोगी सिपहरू (जस्तैः आत्मनिर्भर हुने अरुसँग मिलेर वस्नु, सहयोगी हुनु, आफ्नो काम र जिम्मेवारी, प्रभावकारी सुनाइ, आफनो सामानको सुरक्षा, पैसाको | केही महत्त्वपूर्ण जीवनोपयोगी सिपहरू बताउने जस्तैः आफ्नो सामानको उचित व्यवस्था र सुरक्षा गर्नु, व्यक्तिगत र पारिवारिक सरफाइँ गर्न जान्नु, आफ्नो लागि खाना पकाउनु (तयार गर्नु), अरुसँग मिलेर बस्नु, समयको पालना | जीवनोपयोगी सिपहरूको सूची वा फोटो केही महत्त्वपूर्ण जीवनोपयोगी सिपहरू सम्बन्धी मोवाइल | हामीलाई आवश्यक पर्ने कुनै ५ वटा जीवनोपयोगी सिपहरू भन्न वा लेख्न लगाउँने । ती सिप किन सिक्नु जरुरी छ भनी सोध्ने वा लेख्न लगाउँने । | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सदुपयोग, आफ्नो लागि खानेकुरा बनाएर (पकाएर) खाने, किनमेल गर्न, आदि) | (व्यवस्थापन), प्रभावकारी सञ्चार, पैसाको सही सदुपयोग, किनमेल गर्न जान्नु, समस्याको समाधान गर्ने, आफ्नो काम र जिम्मेवारी सधैँ पूरा गर्नु, कामको प्राथमिकीकरण गर्नु आदि) यस्ता जीवनोपयोगी सिप भए के हुन्छ र नभए के हुन्छ भनी छलफल गराउने । अन्य के के सिप हुन सक्छन भनी विद्यार्थीलाई सोधी सेतोपाटीमा लेखिदिने । यस्ता धेरै जीवनोपयोगी सिपहरू मध्ये कुनकुन सिप अहिलेदेखि नै तपाईंहरूसँग हुनपर्छ भनी कुनै ३ वटा छान्न वा भन्न लगाई आजैदेखि यी सिपहरू सिक्ने र अभ्यास गर्न भन्ने । कुनै २ वटा जीवनोपयोगी सिपको बारेमा आफूले बुझेको कुरा एक-एक परिच्छेद लेख्न लगाई प्रस्तुत गर्न लगाउँने । | भिडियो<br>मेटा कार्ड, मार्कर, सेतोपाटी आदि | विद्यार्थीहरूले केही जीवनोपयोगी सिपहरू सिके नसिकेको वा व्यवहारमा प्रयोग गरे नगरेको थाहा पाउन गाउँको अवलोकन गरी मूल्याङ्कन गर्ने (अभिभावकसँग सोधबुझ गर्ने) । | |
| १३. सहकारी | आफ्नो वडामा सञ्चालित सहकारीको सामान्य परिचय बताउन । | सहकारीको परिभाषा<br>नजिकको सहकारीको विवरण | सहकारीको परिभाषा थाहा छ भनी सोध्ने, थाहा नभए भनी दिने, लेख्न लगाउँने र लेखेको भन्न लगाउँने । परिवारको सदस्य रहेको सहकारीको नाम भन्न र उक्त सहकारीको स्थापना, सञ्चालक समितिको नाम र सदस्यलाई | सहकारीको स्मारिका<br>सहकारी पुस्तक<br>सहकारीको मोवाइल तस्वीर<br>ब्रोसरहरु | वडामा रहेका सहकारी संस्थाको नाम भन्न र लेख्न लगाउँने । | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | दिएको कुनै २ सेवा भन्न लगाउँने<br>प्रश्नोत्तर विधिबाट वडामा रहेका सहकारी संस्थाको नाम, कार्यालय रहेको स्थान, स्थापना भएको वर्ष, सदस्य सङ्ख्या, सदस्य सेवा , सञ्चालक समितिको सङ्ख्या पालैपालो सोध्ने र अरुलाई साथीले भनेको कुरा भन्न लगाउँने ।<br>सहकारीको अवलोकन भ्रमण गराउने र देखेका र सुनेका कुराहरुको शब्दमा, चित्रमा अभिलेखीकरण गर्न लगाउँने ।<br>अवलोकन गरेको सहकारीको श्रुतिलेखन गराउने । | | | |

### *२.९.५. कक्षा ५ को पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण*

तालिका ९: कक्षा ५ को पाठ्यक्रमको *क्षेत्र, क्रम र विस्तृतीकरण* (Scope, Sequence and Specifications)

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु तथा विस्तृतीकरण | शिक्षण सिकाइ विधि तथा क्रियाकलाप | शैक्षिक सामग्रीहरू | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १. स्थानीय तहको परिचय | १.१ आफू बसिरहेको गाउँठाउँ, वडा, जिल्ला र प्रदेशको नाम लेख्न र कम्तिमा १०/१० वाक्यमा आफू बस्ने वडा र गा. पा. को बारेमा बताउन । | • विद्यार्थी आफू जन्मेको, बसोबास गर्ने गाउँटोलको पूरा ठेगाना झल्किने लेख<br>• आफू बसोबास गर्ने वडा नं., गाउँपालिका, जिल्लाको र प्रदेशको नाम र परिचय | • नेपालको नक्सामा बगमती प्रदेश देखाउन लगाउँने ।<br>• बाग्मती प्रदेशको नक्सा देखाई विद्यार्थीहरुलाई दोलखा जिल्ला देखाउन लगाउँने।<br>• दोलखा जिल्लाको नक्सा देखाई विद्यार्थीहरुलई वैतेश्वर गा.पा. देखाउन लगाउँने।<br>• वैतेश्वर गा..पा. को ८ वडाहरू छुटयाएको नक्सा देखाई उनीहरूको घर भएको वडा देखाउन लगाउँने ।<br>• आफू बस्दै आएको जिल्ला भित्र पर्ने स्थानीय तहको नाम पत्ता लगाउन लगाउँने ।<br>• वैतेश्वर गाउँपालिकाको बारेमा चिनारी बताउने, लेखिदिने र दोहोऱ्याएर पढाउने ।<br>• वैतेश्वर गा. पा. को वेवसाईटबाट गा. पा. को बारेमा बुझउने ।<br>• वैतेश्वर गा. पा. को विभिन्न ठाउँको भिडियो क्लिप्स, फोटो आदि देखाई छलफल गर्ने ।<br>• विद्यार्थीहरुलाई आफूले भ्रमण | • नेपालको नक्सा, सिमाना तथा वडा छुट्टिएको बगमती प्रदेश, दोलखा जिल्ला र वैतेश्वर गा.पा.को नक्सा<br>• भिडियो क्लिप<br>• मोबाइल फोटो वा हातले तयार गरेको चित्र<br>• गाउँपालिकाको क्यालेण्डर | • विद्यार्थीलाई कुन प्रदेश, कुन जिल्ला, कुन गा.पा.र कति नंबर वडामा बस्छन भनी लेख्न लगाउँने ।<br>• वैतेश्वर गा.पा.को नक्सामा नक्सा बनाई वडा नम्बर छुटयाई लेख्न र रङ भर्न लगाउँने र सोको बारेमा लेख्न लगाउँने ।<br>• कक्षामा गरिएको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गरेको ठाउँको चित्र बनाई सोको भौगोलिक अवस्था बारे केही बताउन र लेख्न लगाउँने । | | | |
| २. स्वास्थ्य सरसफाइ | २.१ आफ्नो व्यक्तिगत सरसफाइ (हातमुख धुने, पोसाक धुने, घर तथा विद्यालय वरपर सफा राख्ने जस्ता कार्य) आफैं गर्न । | • व्यक्तिगत सरसफाइ<br>• आफ्नो पोसाक, रुमाल, मोजा, केही लुगा धुने बानी<br>• आफ्नो कापी किताब, कलम, कपडा र अन्य सामानहरू यथास्थानमा राख्ने बानी<br>• घर, विद्यालय, बाटो र सार्वजनिक स्थलमा तोकिएको ठाउँमा फोहोर राख्ने (फ्याल्ने) बानी | • विद्यालय र घरमा पनि सो तरिकाले हातमुख, खुट्टा धुन गरे वा नगरेको बारेमा सोध्ने र गर्न प्रोत्साहित गर्ने ।<br>• विद्यार्थीलाई आफ्नो कपडा कसले धुने गरेको छ भनी सोध्ने । कपडा धुन तरिका सिकाउने र आफ्नो कपडा आफैंले अनिवार्य धुनु पर्ने (ज्याकेट, स्वीटर जस्ता कपडा धुन सक्ने उमेरका विद्यार्थी छन् कि छैनन् विचार गर्ने) ।<br>• व्यक्तिगत सरसफाइ सम्बन्धी पोस्टर, चित्र, भिडियो देखाएर प्रश्नोत्तर गर्दै छलफल गर्ने ।<br>• चर्पी, जुत्ता, चप्पल रुमाल, तौलिया आदि सरसफाइ सम्बन्धी सामानको प्रयोगको बारेमा छलफल गर्ने ।<br>• विद्यालयको कार्यालय कोठा बाहिर स्थानीय सामानले बनेको जुत्ताचप्पल राख्ने र्‍याक बनाउने र त्यसमा जुत्ता-चप्पल राखेर मात्र कार्यालय भित्र पस्ने बानी गर्ने । बालबालिकाहरूलाई पनि सो कुरा देखाउने, सिकाउने र आफ्नो र | • व्यक्तिगत सरसफाइ सम्बन्धी पोस्टर, चित्र, भिडियो<br>• स्थानीय सामानबाट बनेको जुत्ताचप्पल राख्ने र्‍याक<br>• विद्यालय परिसरमा फोहोर राख्ने टोकरी, डोको वा तोकिएको निश्चित एवं व्यवस्थित ठाउँ<br>• सरसफाइ सम्बन्धी विद्यालयले बनाएको नियम । | • पोसाक र सामान्य किसिमको कपडा विद्यार्थी आफैंले धुने गरेको छ छैन भनी अभिभावकसँग सोध्ने ।<br>• व्यक्तिगत सरसफाइ सम्बन्धी आनीबानी परिवर्तनको अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>• कक्षाकोठा र विद्यालयको सरसफाइ सम्बन्धी नियमको पालना गरे नगरेको, तल्लो कक्षाको विद्यार्थीलाई सिकाएको आदि क्रियाकलापाको आधारमा मूल्याङ्कन गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | तल्लो कक्षाको भाइबहिनीलाई पनि सिकाउन लगाउँने<br>• हप्तामा कम्तिमा एक पटक नुहाउन र कपडा धोएर लगाउँनु पर्ने, कक्षा ५ र सो देखि माथिका विद्यार्थीले आफ्नो पोसाक आफैं धोएर लगाउँने लगायतको सफाई सम्बन्धी विद्यालयको नियम बनाई सबै बालबालिका र अभिभावकलाई जानकारी गराउने र बारम्बार सम्झाउने ।<br>• अभिभावकहरूलाई समेत यसबारे जानकारी गराई बालबालिकालाई घरमा आफ्नो कपडा धुन बानी लगाउन अनुरोध गर्ने ।<br>• आफ्नो व्यक्तिगत र घरपरिवारमा साप्ताहिक रुपमा गर्ने गरेको सरसफाइ बारेमा सबैलाई प्रस्तुत गर्न गराउने । | | | |
| | २.२ सफा र ताजा खानेकुरा खान, खानेकुरा सफा गरेर खान । | • सफा खानेकुराका फाइदाहरु<br>• सफा पिउने पानीबाट शरीरमा हुने फाइदा<br>• फलफूल जस्ता काँचै खाने खानेकुरा खाँदा ध्यान दिनु पर्ने कुराहरु<br>• भान्सामा पकाएका वा पाकेका खानेकुरा सफा र | • सफा खाने कुरा र फोहोर खानेकुराको चित्र वा पोस्टर दिएर समूहमा छलफल गरी कक्षामा बताउन लगाउँने<br>• सफा र ताजा खानेकुरा खाँदा र फोहोर, सडेगलेका खानेकुरा खाँदा के हुन्छ भनेर बताउने र सफा र ताजा खानेकुरा मात्र खान | • सफा खाने कुरा र फोहोर खानेकुरा, त्यसको असर सम्बन्धी चित्र वा पोस्टर<br>• भान्सामा खानेकुरा छोपेर राखेको र नछोपी राख्दा | • सफा खानेकुरा मात्र खाने बानी भयो कि भएन, भान्सामा खानेकुरा छोप्छन् कि छोप्दैन, फलफूल र अन्य खानेकुराहरू पानीले पखालेर वा सफा कपडाले पुछेर खान्छ कि खाँदैन | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सुरक्षित राख्ने विधि<br>• बासी, सडेगलेका, झिँगा भन्केका, गनाएका, बिग्रेका खानेकुराबाट हुने हानी । | प्रोत्साहित गर्ने ।<br>• दाल, भात, दूध जस्ता पकाएका खानेकुराहरू कसरी छोपेर राख्ने, नछोपे कसरी झिँगा र अन्य फोहोर पर्छ भनेर भान्साको अवलोकन गराएर बुझाउने ।<br>• फोहोर र राम्ररी नपाकेको खानेकुरा खाँदा के हुन्छ र सफा र राम्ररी पाकेको खानेकुरा खाँदा के हुन्छ भनी छलफल गरी बुझाउने ।<br>• सफा, ताजा, पाकेको र पकाएको खानेकुराहरू र स्वास्थ्य, तथा फोहोर, सडेगलेको, नपाकेको र रोगबिराम सम्बन्धी कक्षागत समूह कार्य गराई प्रस्तुत गर्न लगाउँने । | फोहोर, झिँगा परेको वास्तविक अवस्था वा पोस्टर वा श्रव्य, दृश्य सामग्री | भनेर निरीक्षण गर्ने, अभिभावकसँग सोध्ने ।<br>• विद्यालयमा हुँदा विद्यार्थीले खाने खाजा वा खानेकुरा सफा गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने । | |
| ३. खाद्यान्न तथा पोषण | ३.१ वैतेश्वर गा.पा.को विद्यार्थी बसोबास गर्ने क्षेत्रमा विभिन्न मौसममा उत्पादन हुने खाद्यान्न, सागसब्जी, फलफूलको नाम बताउन, चिन्न र लेख्न र त्यसको उपभोगबाट हुने पोषण सुधार बारे भन्न । | • वैतेश्वर गा. पा. मा विभिन्न मौसममा हुने कृषि उब्जनी जस्तै विभिन्न फलफूलहरु, खाद्यान्न (अन्नबाली, दलहन, तरकारीहरू) को नाम जस्तैः धान, मकै, गहुँ, कोदो, दाल, साग, काउली, आलु, बन्दा, लौका, फर्सी, लसुन, प्याज आदि) | • विद्यार्थीहरूलाई समूह विभाजन गरी प्रत्येक समूहलाई आ-आफ्नो खेतबारीमा फलेका १/१ खाद्यसमूह (खाद्यान्न , तरकारी, दलहन–तेलहन, फलफूल, तरकारी) को कापीमा सूचीबद्ध गरेर लेख्न लगाउँने र प्रस्तुत गर्न लगाउँने र छुटेमा अर्को समूहकोलाई थप्न लगाउँने ।<br>• उनीहरूको खेतबारीमा नफलेको तर छरछिमेकमा भएको र वैतेश्वरमा उत्पादन हुने स्थानीय | • वैतेश्वर गा. पा. मा उत्पादन हुने विभिन्न खाद्यान्न, तरकारी तथा फलफूलको वास्तविक नमूना वा बिउ वा फोटोहरू<br>• डोरी, सियो, धागो<br>• नमूना राख्ने प्लास्टिक व्याग<br>• न्युजप्रिन्ट पेपर, | • कुनै खाद्यान्न वा तरकारीको चित्र बनाई सोको बारेमा कहाँ फल्छ, कसरी, कहाँ रोप्नु पर्छ भनी बताउन लगाउँने<br>• स्थानीय खाद्यान्न, तरकारी, फलफूलहरूको सूची बनाउन लगाउँने र तिनीहरुबाट प्राप्त हुने पोषणतत्व बारे भन्न लगाउँने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कृषि उत्पादन बारे पनि बताउने र त्यसको पनि नमूना सङ्कलन गर्ने<br>• विद्यार्थीलाई आफूलाई मन पर्ने फलफूलको नाम भन्न लगाउँने र विद्यार्थीको नामसँगै फलफूलको चित्र बनाउने र कारण बताउन वा लेख्न लगाउँने  र सो फलफूलबाट प्राप्त हुने पोषण तत्वको बारेमा जानाकारी दिने ।<br>• स्थानीय वा आयातित फलफूल छुट्ट्याई किन स्थानीय फलफूल खानु राम्रो (यसको फाइदा) बताउने र विद्यार्थीलाई मौसम अनुसारको<br>• पोषणको हिसाबले स्थानीय खाद्यउत्पादनको फाइदाको बारेमा छलफल गरी बुँदागत रुपमा लेखिदिने ।<br>• आफ्ना घरमा फलेको फलफूल खान प्रोत्साहित गर्ने । कहिले काँही आफ्नो खेतबारीमा फलेको फलफूल विद्यालयमा खाजाको रुपमा ल्याउन लगाउँने र अभिभावकहरूलाई समेत यस बारे प्रोत्साहित गर्ने ।<br>• समूह विभाजन गरी आ-आफ्नो घरको खाद्य उत्पादनको सकेसम्म धेरै नमूना ल्याउन लगाउँने र एक- | मार्कर/साईनपेन | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | एक नमूनाको बारेमा कक्षामा प्रस्तुतीकरण गर्न लगाउँने ।<br>• स्थानीय खाद्य उत्पादनहरू कक्षामा डोरी टाँगी नाम लेखेर झुण्ड्याउने र हरेकको बारेमा चिनारी दिन विद्यार्थीहरू सिकाउने र अभ्यास गर्न लगाउँने । | | | |
| | ३.२ आयातित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको प्रयोगबाट हुने बेफाइदाहरु बताउन र स्थानीय कृषि उत्पादन (खानेकुराहरू) र आयातित पोषणयुक्त कृषि उत्पादनको उपभोग गर्नुको फाइदाहरु बताउन । | • स्थानीय कृषि उपजबाट बनेको विभिन्न खानेकुराहरू (खानाका परिकार) जस्तैः दाल, भात, साग, गेडागुडी, तरकारी र विभिन्न चाडपर्वमा बनाइने वा पकाइने परिकारहरू फाइदा<br>• बजार पसलमा पाइने पत्रु खानेकुराहरू वा कम पोषणयुक्त (जङ्क फुड) जस्तैः चाउचाउ, विस्कुट, चिजबल, चक्लेट, कोक, जुस आदिको र तिनको वेफाइदा | • बजार वा पसलमा के के खानेकुरा, खाद्यान्न, तरकारी पाइन्छ भनेर विद्यार्थीहरूलाई सोध्ने । विद्यालय नजिकको पसल, बजारमा विद्यार्थीहरूलाई अवलोकन गर्न लैजाने र पसलमा लगेर विभिन्न किसिमका खानेकुराहरू (स्वस्थ एवं पत्रु दुवै) देखाउने ।<br>• पत्रु खाना (जङ्क फुड) को अत्यधिक प्रयोगबाट स्वास्थमा परेका असर देखिने भिडियो वा चित्र देखाउने ।<br>• विद्यार्थीहरूलाई कुन कुन खानेकुरा स्वस्थ खानेकुरा र कुन कुन खानेकुरा पत्रु खानेकुरा हो भनेर बुझाउने र पत्रु खानेकुरा किन सधैं खानु हुँदैन भनी बताउने<br>• स्वस्थ खानेकुराहरू र पत्रु खानेकुराहरूको सूची बनाउने र स्वस्थ खानेकुरालाई ठीक र पत्रु खानेकुरालाई बेठीक चिन्ह | • स्वस्थ खानेकुरा र पत्रु खानेकुराहरूको सूची वा वास्तविक नमूना<br>• खाना, तरकारी, फलफूल सम्बन्धी बालबालिकाले बुझ्ने पोस्टर, भिजुअल बालगीत, भिडियो क्लिप, डिजिटल फोटो<br>• मार्कर, सेतोपाटी, कापी वा न्युजप्रिन्ट वा चार्ट पेपर | • स्वस्थ खानेकुरा र पत्रु खानेकुराहरूको सूची बनाउन लगाउँने ।<br>• स्वस्थ र पत्रु खानेकुरा बीचको मुख्य भिन्नता छुट्याउन लगाउँने ।<br>• घरमा तयार भएको खानेकुरा खान मन गर्छ कि गर्दैन वा पहिले खान मन नपराउने स्वस्थ खानेकुरा अहिले खान मन गर्छ कि गर्दैन अभिभावकलाई सोध्ने ।<br>• विद्यार्थीले पत्रु खानेकुराहरू खाने बानी कम भएको छ, छैन भनी अभिभावकसँग सोध्ने ।<br>• विद्यार्थीको विद्यालय र घर छिमेकमा गर्ने आनीबानीको आधारमा | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | लगाउन सिकाउने ।<br>• स्वस्थ खानेकुरा खानाको बारेमा पोस्टर वा चित्र वा बालभिडियो वा भिजुअल गीत मोवाइल (प्रोजेक्टर भएमा) देखाएर छलफल गर्ने ।<br>• सम्भव भएमा नजिक भएको स्वास्थकर्मीलाई बोलाएर यस विषयमा एक सेशन पाठ लिन लगाउँने ।<br>• समूहमा विद्यार्थीलाई स्वस्थ खानेकुराहरू र पत्रु खानेकुराहरूको सूची बनाई प्रस्तुति गर्न लगाउँने । | | मूल्याङ्कन गर्ने । | |
| ४. सदाचार, नैतिकता र सामाजिक मूल्यमान्यता | ४.१ आफून्दा ठूलालाई आदर, सम्मान गर्ने, साइनो लगाएर बोल्ने र आफू सरह र सानालाई माया गर्न र अरुलाई सिकाउन । | • आफ्नो परिवार, आफन्त, छरछिमेकी र विद्यालयमा कार्यरत विभिन्न व्यक्तिसँगको साइनोहरू (स्थानीय चलनचल्ती र जाति समुदाय विशेषको)<br>• अभिवादन, स्वागत, बिदाइ गर्ने शब्दहरू (अङ्ग्रेजी, नेपाली, मातृभाषामा)<br>• अभिवादन गर्ने, बिदाइ गर्ने, स्वागत (हाउभाउ) गर्ने तरिका<br>• आफूभन्दा सानालाई माया गरेर बोलाउने, मायालु व्यवहार गर्ने, आफूसँग भएको खानेकरा दिने आदि । | • विद्यार्थीलाई कसको परिवारमा को को हुनुहुन्छ,? छरछिमेकमा, मामाघरमा को को हुनुहुन्छ भनी आ–आफ्नो कापीमा एउटा कोलम बनाएर लेख्न लगाउँने ।<br>• साइनो अनुसार कसलाई कसरी अभिवादन गर्ने भनेर अभिावादन गर्ने शब्द/तरिका अर्को कोलममा लेख्न लगाउँने र पालैपालो प्रस्तुत गर्न लगाउँने<br>• साइनो अनुसार कसलाई कसरी अभिवादन गर्ने भनी सरल र सही शब्द र तरिका सिकाउने (अभिनय सहीत) र आवश्यकतानुसार पृष्ठपोषण दिने | • शब्द कार्डहरू<br>• स्वागत, अभिवादन, बिदाइ र अतिथि सत्कारका दृश्य (भिडियो), श्रव्य (अडियो) सामग्रीहरु, चित्रहरू, फोटोहरू र शब्दहरू<br>• सेतोपाटी, मार्कर | • विद्यार्थीहरुलाई विभिन्न भूमिकामा अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कारका अभ्यास गरेर देखाउन लगाउँने<br>• विद्यार्थीले घर, छरछिमेकमा अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार गर्छ कि गर्दैन भनी अविभावकसँग सोध्ने ।<br>• अभिवादन, स्वागत, बिदाइ र अतिथि सत्कार सम्बन्धी फोटो वा चित्र वा भिडियोहरू देखाएर सहीगलत छुट्टाउन | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • अभिवादन, स्वागत, बिदाइ गर्ने शब्दहरू नेपाली र अङ्ग्रेजी दुबै भाषामा लेखी विद्यार्थीलाई अभ्यास गराउने ।<br>• आफ्नो परिवार, समुदाय अनुसार अभिवादन, स्वागत वा बिदाइ गर्ने फरक मातृभाषी शब्द, तरिका भए विद्यार्थीलाई अविभावकसँग सोधेर लेखेर वा रेकर्ड गरेर ल्याउन लगाउँने र कक्षामा अभिनय गरेर देखाउन लगाउँने<br>• आफन्त, नेपाली वा विदेशी पर्यटक आएमा कसरी स्वागत सत्कार गर्ने भनी अभिनयद्वारा प्रस्तत गर्ने र सोको अभ्यास गराउने ।<br>• आफूभन्दा सानालाई गर्ने व्यवहार र सिकाउने कुराको बारेमा छलफल गर्ने ।<br>• तल्लो कक्षाका भाइबहिनीहरूसँग मिलेर खेल्ने र उनीहरूलाई मिलेर खेल्न लगाउँने । | | लगाउँने<br>• एक जनालाई पर्यटकको भूमिका र अर्कोलाई स्थानीय व्यक्तिको भूमिका दिई कुनै एक विषयमा कुराकानी गर्न लगाउँने ।<br>• विद्यालयमा विद्यार्थीको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |
| | ४.२ राम्रो (असल) बोली व्यवहार प्रदर्शन गर्न (सभ्य शब्द, साथीहरूसँग मिलनसार हुने, सहयोग गर्ने, मिलेर | • दैनिक जीवनमा हुने, गरिने असल बानी र खराब बानीहरू (जस्तैः कक्षामा हात उठाएर बोल्ने, लाइनमा बस्ने, कसैलाई गाली नगर्ने, नधकेल्ने, पालैपालो बोल्ने, | • दैनिक जीवनमा विद्यालय, घर, बजार, सडक, बाटो, सार्वजनिक स्थलमा गरिने विभिन्न गतिविधिहरू भन्ने र त्यसो गर्नु ठीक कि बेठीक भनेर विद्यार्थीलाई सोध्ने अथवा त्यस्ता क्रियाकपाप गरेको चित्र वा | • राम्रो र नराम्रो बानी सम्बन्धी चित्र वा फोटोहरू<br>• शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | • घर, छरछिमेक, बजार, सडक, बाटो, बजार, विद्यालय आदिमा गर्नु पर्ने सही (ठीक) र गर्न नहुने गलत (बेठीक) क्रियाकलापहरूको बारेमा | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बस्ने, खेल्ने, रमाइलो गर्ने आदि) बानीको प्रस्तुति गर्न । | अरुको सामान नलिने, फिर्ता दिने, गल्ती गरे सरी भनेर माफ माग्ने, अपशब्द वा अश्लिल शब्द नबोल्ने)<br>• साथीहरूलाई सहयोग गर्ने, मिलेर समूह तथा जोडीमा | भिडियो देखाउने त्यसो गर्नु राम्रो हो कि नराम्रो हो भनेर सोध्ने ।<br>• राम्रो वा नराम्रो जे छ त्यसो गर्नु हुन्छ कि हुँदैन भनी छलफल गराउने । नराम्रो हो भने के गर्नु पर्छ भनी विद्यार्थीलाई सोध्ने । असल आनीबानी र सही क्रियाकलाप गर्न विद्यार्थीहरूलाई सधैं प्रोत्साहित गर्ने ।<br>• विद्यार्थीले गर्नु पर्ने असल अनीबानी र गर्न नहुने खराब आनीबानीको सूची समूहगत रुपमा तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउँने र किन गर्ने, किन नगर्ने भनी छलफल चलाउने ।<br>• विद्यालयमा गर्ने विद्यार्थीहरूको बानी व्यवहार अवलोकन गरी आवश्यकतानुसार सम्झाउने, पृष्ठपोषण दिने र प्रोत्साहित गर्ने । | • सेतोपाटी, मार्कर | भन्ने र त्यसो गर्नु ठीक कि बेठीक भनेर छुट्टाउन लगाउँने<br>• आफूभन्दा साना भाइबहिनीहरुले विद्यालयमा गरिरहेका क्रियाकापहरुको सूची बनाई सही वा गलत के हो भन्न लगाउँने ।<br>• घरपरिवार, विद्यालय, साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने उचित (सही) व्यवहार, आनीबानी अवलोकनको आधारमा मूल्याङ्कन गर्ने । | |
| | ४.३ समाजमा आफ्नो सांस्कृतिक तथा धार्मिक परम्परा अनुसार बोलचाल तथा आदर सम्मान गरी बोल्न । | • आफ्नो सांस्कृतिक तथा धार्मिक परम्परा झल्कने खालका संवाद<br>• अपरिचित व्यक्ति, स्वदेशी तथा विदेशी पर्यटकहरूसँगको सम्वाद<br>• घर, टोल र विद्यालयमा पर्यटकहरू आउँदा गर्ने | • आ-आफ्नो घर तथा छरछिमेकमा ठुलाले सानासँग र सानाले ठुलासँग कुराकानी गरेको श्रव्य/दृश्य सामग्री विद्यार्थीहरुलाई सुनाउने वा देखाउने ।<br>• सो पश्चात् सो संवादमा प्रयोग गरिएको भाषा शैलीको बारेमा छलफल गर्ने ।यदि स्पष्ट भएन | • विद्यालयमा भएको वार्षिक, सांस्कृतिक वा औपचारिक कार्यक्रममा अतिथि सत्कार गरेको भिडियो<br>• सेतोपाटी, मार्कर | • स्वदेशी वा विदेश पर्यटक आउँदा स्वागत, सत्कार गर्ने तरिका, प्रयोग गर्ने शब्द, शब्दावली ठीक वा बेठीक के हो भनी शब्द वा चिन्न लेखी छुट्टाउन लगाउँने ।<br>• विद्यालयमा विशिष्ट अतिथि | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्वागत, सत्कार | भने अभिनय गरेर स्पष्ट पारिदिने ।<br>• विद्यार्थीलाई उनीहरुको घरमा को को पाहुना आउनु हुन्छ, पाहुना आउँदा तपाईँ, आमा, बुबा, हजुरबा, हजुरआमा, काका, दिदी, दाजु र अरु (यदि भएमा स्थानीय वा मातृभाषामा जे भन्ने चलन छ) ले के कसरी स्वागत, सत्कार गर्नुहुन्छ भनी सोध्ने ।<br>• विद्यार्थीहरुलाई जोडी-जोडीमा विभाजन गरी विभिन्न भूमिकामा अभिनय गर्न लगाउँने ।<br>• अपरिचित स्वदेशी तथा विदेशी पर्यटकहरू वा आफ्नो समुदाय भन्दा बाहिरका मानिसहरू आउँदा के कसरी बोल्ने, स्वागत, सत्कार गर्ने बारेमा छलफल गरी उहाँहरूसँग कसरी बोल्ने, कसरी अतिथि सत्कार गर्ने भनेर सिकाउने | • शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर<br>• स्वदेशी, विदेशी पर्यटकहरूको फोटो | वा विदेशी पाहुना आउँदा अतिथि सत्कारको लागि सहभागिता भए नभएको आधारमा मूल्याङ्कन गर्ने । | |
| ५. कृषि, जडीबुटी, पशुपालन, पेसा व्यवसाय तथा उद्यमशीलता | ५.१ वैतेश्वरमा गरिने कृषि गतिविधिहरू (जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि) बारे बताउन र कृषिउत्पादको | वैतेश्वरमा हुने विभिन्न कृषि क्रिया कलापहरू जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि<br>वैतेश्वरमास्थानीय रुपमा उत्पादन हुने विभिन्न अन्नबाली, दलहन, तेलहन, तरकारी र फलफूलहरू | विभिन्न स्थानीय कृषि गतिविधिहरूको फोटो, छोटो भिडियो रेकर्ड गरेर देखाउने । त्यसबारे छलफल गर्ने र त्यस्तो कृषि क्रियाकलाप विद्यार्थीको घरपरिवारले, छरछिमेकीले गर्छन् कि गर्दैनन् भनी सोध्ने । यस्ता क्रियाकलाप के कसरी गरिन्छ भनी सोध्ने र सो कुरा समूहमा छलफल गरी | वास्तविक अन्न, दलहन, तरकारीहरूको नमूना, पेन्टिङ चित्र, फोटो, अडियो, भिडियो सेतोपाटी, मार्कर शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न | वैतेश्वरमा गरिने खेतीबाली (कृषि उत्पादन) (खाद्यान्न, तरकारी, दलहन, तेलहन, फलफूल) को सूची तयार गर्न लगाउँने ।<br>कृषि क्रियाकलाप र त्यसबाट हुने कृषि उत्पादनहरूको जोडा मिलाउन वा वाक्यमा खाली | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सूची बनाई सो कार्य गर्ने तरिका बताउन । | | लेख्न लगाउँने । समूहको टोली नेतालाई आ-आफ्नो समूहको निष्कर्ष प्रतुत गर्न लगाउँने विद्यार्थीलाई घरबाट विभिन्न स्थानीय कृषि उपजको एक-एक वटा नमूनाको रुपमा ल्याउन लगाउँने । प्रत्येक नमूनाको नाम र त्यसको उपयोग गर्ने तरिका कागजमा लेखेर कक्षामा डोरीमा झुड्याएर राख्न लगाउँने । | सकिने पेपर | ठाउँ भर्न लगाउँने । विद्यालयमा वा तोकिएको ठाउँमा गरिने विरुवा संरक्षण सम्बन्धी कामका संलग्नताको आधारमा मूलाङ्कन गर्ने । | |
| | ५.२ वैतेश्वर गा. पा. मा गरिने पशुपालन सम्बन्धी गतिविधिहरू (जस्तैः कुखुरा-बाखा पाल्ने, गाईभैंसी पाल्ने, दही, मोही, घिउ बनाउने आदि) मध्ये कम्तिमा ८ वटाको बारेमा बताउन र कम्तिमा ३ वटाको आवश्यकता र हेरचाह गर्ने सामान्य तरिका बारे छोटकरीमा भन्न । | वैतेश्वर गा. पा. को आफू बसोबास गर्ने ठाउँमा पाल्ने पशुपंक्षीहरूको जस्तैः कुखुरा, हाँस, खसीबाखा, भेडा, गाईगोरु, राँगा भैंसी, सुँगुर, बङ्गुर, खच्चड, घोडा, मौरी आदिको हेरचाह ती पशुपंक्षीहरूको उपयोग वा प्रयोग | विद्यार्थीहरूलाई आफ्नो घरमा के के पशुपंक्षी पालेको छ र ती पशुपंक्षीहरूले के दिन्छ वा केको लागि पालेको हो छलफल गर्ने । पशुपंक्षीको सूची, त्यसबाट पाइने कुराहरू, ती राख्ने वा बस्ने घर वा ठाउँको सूची बनाई जोडा मिलाउन लगाउँने । यस सम्बन्धी सान्दर्भिक बाल भिडियो गीत मोवाइलमा डाउनलोड गरी विद्यार्थीलाई देखाई छलफल गराउने र सामूहिक नाचगान गराउने तपाईंहरूको घरमा पालेको कुन पशुपंक्षी कहाँ राख्ने गरेको छ भनी पशुपंक्षीको सूची बनाउँदै सोध्ने । विद्यार्थीहरूले भनेको जवाफ सङ्कलन गर्दै घरेलु पशुपंक्षी राख्ने ठाउँ (घर) को नाम लेखिदिने । यसको जोडा मिलाउने | घरेलु पशु पंक्षीहरूको पेन्टिङ चित्र, फोटो, अडियो, भिडियो सेतोपाटी, मार्कर शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | आफ्नो घरमा बाख्रा-खसी, गाईगोरु, राँगाभैंसी, कुखुरा, हाँस, बङ्गुर, परेवा कसरी पालेको छ भन्न लगाउँने के-के का लागि कुन-कुन पशुपंक्षी पालिन्छ लेख्न लगाउँने । घरमा पशुपंक्षी पालेको भए आमाबुबालाई के कसरी, कहिले सहयोग गर्ने गरेको छ वा छैन भनेर बताउन लगाउँने । कक्षा, विद्यालयमा र घरमा गरेको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | वा खाली ठाउँ भर्ने गृहकार्य वा कक्षाकार्य गराउने । घरमा पालेको पशुपंक्षीलाई दानापानी गर्न अभिभावकलाई सहयोग गर्न लगाउँने आफ्नो घरमा पालेको (सो नभएमा छिमेकी वा आफन्तको घरमा पालेको) पशुपंक्षीको चित्र बनाई त्यसको बारेमा कक्षामा अगाडि गई वर्णन गर्न लगाउँने | | | |
| | ५.३ वैतेश्वर गा. पा. मा भएका कुनै पाँच वटा जडीबुटी हरु (जस्तै वनमारा, तितेपाती, मलायगिरि, बोझो, ठुलो आख्ता) को उपयोग बताउन र संरक्षण गर्न वा गराउन अभिभावकलाई सघाउन । | वैतेश्वर गा.पा.भित्र उपलब्ध हुने घर वरपर पाइने जडीबुटीहरु | आफ्नो वरपर पाइने जडीबुटीहरु सङ्कलन गरी कक्षाकोठामा निम्न लिखित बुँदामा केन्द्रित भई विभिन्न समूह बनाई छलफल गर्न लगाउँने र सोको प्रस्तुति गर्न लगाउँने ।<br>• यसको बनोट<br>• यसको उयोग<br>• यसलाई लगाउँने, हुर्काउने वा संरक्षण गर्ने तरिका<br>• यसलाई भण्डारण गर्ने तरिका<br>विद्यार्थीहरूलाई आवश्यक परेको खण्डमा सहयोग गर्ने ।<br>विद्यालयले तोकेको ठाउँमा विद्यार्थीलाई कम्तिमा एउटा जडीबुटी लगाउन लगाई नियमित गोडमेल र संरक्षणं गर्न लगाउँने र सो क्रियाकलापको अवलोकन गर्ने । | जडीबुटीको नमुना सङ्कलन | कुनै पाँचवटा प्रचलित जडीबुटीको नाम सोध्ने । प्रत्येक जडीबुटीको चित्र देखाई त्यसलाई लगाउँने र भण्डारण गर्ने तरिका सोध्ने । प्रत्येक जडीबुटीको नाम र उपयोग जोडा मिलाउन लगाउँने ।<br>विद्यालयले तोकेको ठाउँमा कम्तिमा एउटा जडीबुटी लगाई नियमित गोडमेल र संरक्षणं गर्न लगाउँने र सो क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | ३ |
| | ५.४ वैतेश्वर गा. पा. का मानिसहरूले | वैतेश्वरबासीले गर्ने वा अपनाएका विभिन्न किसिमका पेसा तथा | विद्यार्थीहरुलाई मन पर्ने पेसा व्यवसाय कुन हो र किन भनी सोध्ने? | स्थानीय स्तरमा भएका पेसा व्यवसाय, | स्थानीय स्तरमा भएका पेसा व्यवसाय, कार्यस्थल र संलग्न | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्ने विभिन्न पेसा व्यवसायहरू मध्ये १० वटाको नाम भन्न र कुनै ३ वटाको लागि आवश्यक पर्ने ज्ञान सिपको बारेमा छोटकरीमा बताउन । | व्यवसायहरू जस्तैः कृषि (खेतीपाती, पशुपालन), पसल, होटल/खाजाघर, वैदेशिक रोजगारी, जागिर (शिक्षण, निजामतिको जागिर, प्रहरी, सेना आदि), सिपमूलक (सिकर्मी, डकर्मी, मजदुरी, वाइरिङ, पेन्टिङ आदि) | उनीहरुले रोजेको पेसा व्यवसाय गर्न के कस्तो सिप चाहिन्छ होला भनी छलफल गराउने र सो ज्ञान सिप कहाँबाट प्राप्त हुन्छ भनी सोध्ने ।<br>मेटा कार्डमा लेखेका पेसा व्यवसायको नाम र त्यसका लागि आवश्यक ज्ञान सिपलाई बोर्डमा टाँसेर छलफल गर्ने ।<br>विद्यालय वरिपरि भएका विभिन्न पेसा व्यवसायमा अवलोकन भ्रमण गराउने र स्थानीय व्यक्तिहरू भएको पेसा व्यवसायको बारेमा परिचित गराउने ।<br>अवलोकन भ्रमणपछि विद्यार्थीहरूसँग छलफल गर्ने ।<br>अवलोकन गरेको वा देखेको स्थानीय व्यवसाय, उद्योगको चित्र बनाई सोको बारेमा मौखिक रुपमा वर्णन गर्न लगाउँने ।<br>स्थानीय स्तरमा भएका पेसा व्यवसाय, कार्यस्थल र संलग्न व्यक्तिहरूको नेपाली, अङ्ग्रेजी र स्थानीय शब्दावली भए त्यसमा पनि सिकाउने ।<br>आफूलाई मन पर्ने पेसा कुन हो र किन भनी सोध्ने । त्यसको लागि मेहेनत गरी पढ्नु पर्ने र असल आनीबानीको विकास गर्नुपर्ने बताउने, र अन्तमा सबै पेसा व्यवसाय समान, महत्त्वपूर्ण र सम्मानजनक हो भनी उदाहरण दिँदै | कार्यस्थल र संलग्न व्यक्तिहरुको चित्र, फोटो, अडियो, भिडियो सेतोपाटी, मार्कर शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | व्यक्ति (पेसाकर्मी) हरूको शब्दावली सूची बनाई जोडा मिलाउन लगाउँने वा सान्दर्भिक वाक्य बनाई खाली ठाउँ उपयुक्त शब्द छानेर भर्न लगाउँने ।<br>आफनो घर, विद्यालय आसपास, बाटो वा नजिकको बजारमा अवलोकन गरेको ५ वटा पेसा व्यवसायको बारेमा भन्न वा लेख्न लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बुझाउने । | | | |
| ६. स्थानीय ज्ञान, सिप तथा प्रविधि | ६.१ वैतेश्वर गा.पा. मा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरू मध्ये १० वटाको सिप तथा प्रविधिहरु चिन्न र त्यसको बारेमा कम्तिमा २० वाक्यमा लेख्न । | वैतेश्वरको स्थानीय ज्ञान, सिप र प्रविधिहरू<br>ती ज्ञान, सिप र प्रविधिबाट बनेका वा तयार गरिएका घरायसी दैनिक प्रयोजनको लागि, सामाजिक एवं संस्कृतिक कार्यका लागि आवश्यक पर्ने वस्तु तथा सरसामानहरू | विद्यार्थीहरूलाई आफ्नो घरमा काठ, बेतबाँस, ढुङ्गा, फलाम, तामा, पित्तल, काँसबाट बनेका के-के सामानहरू छन् भनी कापीमा सूचीबद्ध गरी लेख्न लगाउँने र पालैपाले भन्न लगाउँने ।<br>ती सामान कसले बनाएका र कसरी बनाएको हो भनी प्रश्नोत्तर गर्ने ।<br>सम्पूर्ण सामान आफ्नै घरमा बनेको, घरमा होइन तर वैतेश्वरमास बनेको र त्यो भन्दा बाहिरको बजारबाट ल्याएको गरी ३ समूहमा छुट्याउन लगाउँने ।<br>स्थानीय सरसामानहरूको चित्र, कागजको नमूना (क्राफ्टिङ) बनाउन र रङ लगाउन लगाउँने र सोको प्रदर्शनी गर्न लगाउँने ।<br>स्थानीय ज्ञान, सिप र प्रविधिमा बनेका सरसामान, र निर्माणको फाइदा बारेमा सरल भाषामा उदाहरण दिई बुझाउने र यस्ता सरसामानको प्रयोग गर्न सके आत्मनिर्भर हुन सकिने भनी यस्ता सामानको प्रयोग गर्न प्रोत्साहित गर्ने<br>यस्ता स्थानीय सरसामान, औजार आदिको बारेमा कक्षामा प्रस्तुतीकरण गराउने ।<br>सामानका केही उदाहरणहरू:<br>बेतबाँसका सामानहरू जस्तैः डोको | स्थानीय ज्ञान, सिप र प्रविधि प्रयोग गरी बनाइएको घरेलु तथा कृषि सामग्री, औजारहरूको सचित्र सूची, फोटो र नमूनाहरू<br>क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल आदि<br>रङ भर्ने स्थानीय सामानहरूको सादा चित्रहरू | काठ र बाँसबाट बनेका घरमा भएका १० वटा सामानको नाम लेख्न लगाउँने ।<br>स्थानीय रुपमा काठ, बाँस, ढुङ्गाबाट बनेका घरेलु तथा कृषि सामग्री र औजारको चित्र र नाम जोडा मिलाउन वा वाक्यमा खाली ठाउँ भर्न लगाउँने ।<br>विभिन्न सामान, वस्तुको सूची वा चित्र दिएर स्थानीय सामान भए ठीक र आधुनिक वा आयातित सामान भए बेठीक शब्द वा चिन्ह लेख्न लगाउँने ।<br>स्थानीय सामानहरूको सादा चित्रहरूमा रङ भरी नाम लेख्न लगाउँने ।<br>कुनै १० वटा सामान/औजारहरु के को लागि उपयोगी हुन्छन् भनी सोध्ने ।<br>वैतेश्वरमा प्रचलित स्थानीय प्रविधि र आधुनिक वा आयातित सामान बिचको फरक लेख्न लगाउँने । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | नाम्लो, नाङ्लो, थुन्से आदि<br>काठबाट बनेका सामानहरू जस्तैः ठेकी, दुधेरो, ढुङ्ग्रो, मदानी, पिरा, मुढा, ढिकी<br>काठबाट बनेका घरेलु तथा कृषि औजारहरू, जस्तैः हलो, जुवा, दाँते, दाँदे, डल्लेठो, काठको बाकस (सन्दुक), कालोपाटी, झ्यालढोका, ओखल, ढिकी<br>ढुङ्गाबाट बनेको सामान जस्तैः सिलौटो, लोहोरो, चनौटो, जाँतो<br>स्थानीय स्तरमा बनेका फलाम, तामा र अन्य धातुका घरेलु तथा कृषि औजारहरू, जस्तैः खुकुरी, हँसिया, कुटो, कोदालो, ओदान आदि के के छन् विद्यार्थीलाई सोध्ने र सूची बनाएर यसको महत्त्व बुझाउने ।<br>फलामे ओदान, ढुङ्गामाटोको घर, छपट (ढुङ्गा)को छाना, बाँसको सामान, ढिकी, जाँतो, पानीघट्ट, ढुङ्गाको पर्खाल, बार बार्ने, कुलो, काठको सामान बनाउने कामहरूस्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित हो भनी बुझाउने । आधुनिक ज्ञान, सिप र प्रविधिको विकास वा उपलब्धता हुनु अगाडि यी सबै यी ज्ञान, सिप र प्रविधिको प्रयोग गरी स्थानीय जनजीवन चलेको र हाम्रा आवश्यकता पूरा भएको कुरा (महत्त्व) लाई सहज र | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सरल ढङ्गले बुझाउने । | | | |
| ७. मातृभाषा, संस्कृति र चाडपर्व | ७.१ आफ्नो मातृभाषामा आफ्नो र घरपरिवारको परिचय दिन र घरपरिवारमा बोलिने कम्तिमा २०० शब्दहरू प्रयोग गर्न, कम्तिमा २० वटा वाक्य बनाउन र १ देखि ५० सम्मका अङ्क भन्न । | वैतेश्वर गा. पा. मा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको सूची<br>उनीहरूको मातृभाषाको सूची<br>मातृभाषामा सामान्य परिचय दिने र घरपरिवारको बारे बताउने वाक्यहरू (कम्तिमा २० वाक्य)<br>शरीरका बाहिरी अङ्गहरू (जस्तैः नाक, कान, आँखा, घाँटी, टाउको, गाला, चिँउडो, निधार, हात, खुट्टा, ढाड, कम्मर, घुँडा, औँला, कपाल आदि)<br>मातृभाषामा अभिवादन, परिवार भित्र र नजिकको आफन्त साइनो, १ देखि ५० अङ्क गणना, घर परिवारमा बोल्ने (बारम्बार प्रयोग हुने संज्ञा, क्रिया, सर्वनाम, विशेषण जन्य शब्दहरूको सूची (कम्तिमा २०० शब्दहरु) | वैतेश्वर गा. पा. क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको सूची तयार गर्ने (आफ्नो मौलिक वेशभूषा वा पहिरन लगाएको) र पुस्तकालयमा राख्ने । त्यसलाई कक्षामा ल्याई प्रदर्शन गरी विद्यार्थीलाई आ-आफ्नो जाति, समुदाय के हो भनी भन्न लगाउँने आफ्नो साथी र छिमेकीहरू कुन कुन जाति, समुदायका छन् लेख्न लगाउँने वा लेखेर ल्याउन गृहकार्य दिने । सबै जातिसमुदाय बराबर हो भन्ने कुरा बुझाउने (जातीय भेदभावलाई दुरुत्साहन हुने कुनै पनि कुरा वा कार्य गर्न गराउन नहुने)<br>विद्यार्थीहरूको आ-आफ्नो मातृभाषामा परिचय दिने सामान्य वाक्यहरू अभिभावकहरूबाट लिने (सम्भव भएमा नेपालीलाई सम्बन्धित मातृभाषामा भ्वाइस रेकर्ड गर्न लगाउँने) र त्यहीं अनुसार सही उच्चारण सहीत भन्न लगाउँने । परिचय गर्ने वाक्यहरू (जस्तैः मेरो नाम ...... हो । मेरो घर ..... प्रदेश, ...... जिल्ला ..... गा. पा. ...... नम्बर वडा ...... टोलमा पर्छ । म..... बर्षको भएँ । मेरो बुबा/आमा/दाजु/भाइ/दिदी ...... को नाम ... हो । म .... विद्यालयमा | स्थानीय जाति, समुदाय अनुसारको मौलिक (सांस्कृतिक) वेशभूषा र गरगहना<br>विभिन्न मातृभाषाको शब्दकोश<br>अङ्क, शब्द, परिवारका सदस्य तथा नातासम्बन्धको चार्ट<br>सेतोपाटी, मार्कर<br>मोबाइल रेकर्डर | स्थानीय जाति, समुदाय अनुसारको मौलिक (सांस्कृतिक) वेशभूषा र गरगहनाको नाम र सम्बन्धित जातीजनजातिको सूची बनाई जोडा मिलाउन दिने ।<br>मातृभाषाबाट १० वाक्यमा आफ्नो परिचय दिन लगाउँने वा परिचयात्मक प्रश्नोत्तर गर्ने ।<br>अभिवादन, बिदाइको हाउभाउ (सङ्केत) गरी विद्यार्थीलाई आफ्नो मातृभाषामा भन्न लगाउँने ।<br>परिवार र आफन्तहरूलाई लगाइने साइनो मातृभाषामा भन्न वा लेख्न लगाउँने ।<br>१ देखि २० सम्मको अङ्क, शरीरका अङ्गहरू मातृभाषामा भन्न लगाउँने ।<br>सामान्य र बोलचालमा भएको मातृभाषी शब्दहरू भन्न लगाउँने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पढ्छु । म .... कक्षामा पढ्छु । मेरो विद्यालय .... मा पर्छ । मलाई .... गर्न मन पर्छ । मेरो बुबा/आमा/दाजु/दिदी ...... हो । उहाँले ..... गर्नु हुन्छ । हाम्रो घरको मुख्य आयस्रोत... हो । हामीले यो पेसा/व्यवसायबाट .... आम्दानी गर्छौं ....) आफ्नो मातृभाषामा भन्न लगाउँने । परिचय दिने, अभिवादन गर्ने शब्द, शब्दावलीहरू विभिन्न मातृभाषामा लेखेर पुस्तकालय वा कक्षाको राख्ने र मातृभाषी विद्यार्थीलाई भन्न लगाउँने । त्यसरी नै आ-आफ्नो मातृभाषामा १ देखि ५० सम्म अङ्क गन्ने शब्दहरू सामूहिक रुपमा तयार गरी कक्षामा झुण्ड्याउने र नेपाली तथा आ–आफ्नो मातृभाषामा लेख्न र भन्न लगाउँने । शरीरको मुख्य अङ्गहरू, घरपालुवा पशुपंक्षी र घरायसी सरसामानहरू, परिवारभित्र र नजिकको आफन्तहरूलाई लगाइने साइनो आदि शब्दहरू नेपालीमा लेखिदिने र त्यसलाई मातृभाषामा लेखेर ल्याई कक्षामा प्रस्तुत गर्न लगाउँने । शरीरका अङ्ग, घरपालुवा पशुपंक्षी र घरायसी सरसामानको नाम मातृभाषामा भन्न र लेख्न लगाउँने । | | | |
| | ७.२ वैतेश्वरमा | वैतेश्वर गा पा क्षेत्रमा बसोबास | कक्षाकोठा वा पुस्तकालयमा | वैतेश्वरका सबै जाति, | विद्यालयको सांस्कृतिक | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेषका स्थानीय सामाजिक संस्कार र संस्कृतिको बारेमा बताउन, आ-आफ्नो वेशभूषा चिनी सो लगाउँने चाडपर्व वा संस्कारको महत्त्व बताउन । | गर्ने विभिन्न जाति, जनजातिहरूको मौलिक पहिरन (वेशभूषा, गरहना)<br>स्थानीय सामाजिक संस्कारहरू मध्ये केही शुभकर्म (जस्तैः न्वारान, पास्नी, छेवर, गन्यूचोली दिने, व्रतबन्ध, विवाह आदि) वा मृत्य संस्कार मध्ये कुनै ३ को बारेमा केही कुरा बताउन । | वैतेश्वरका विभिन्न जातीजनजातिहरूको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक-एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राख्ने र विद्यार्थीलाई अवलोकन गराई सोको पहिचान गराउने ।<br>विद्यार्थीहरुलाई उनीहरुको जातजाति मिल्ने गरी समूहमा विभाजन गर्ने र ३ वटा शुभकार्यको बारेमा लेख्न लगाउँने र कक्षाकोठामा प्रस्तुत गर्न लगाउँने हरेका जातीजनजाति विशेषको मौलिक वेशभूषा र गहनाको नाम के हो र कस्तो कार्यमा त्यसको प्रयोग हुन्छ भनी आफ्नो अभिभावकसँग सोधेर कापीमा लेखेर ल्याउन लगाउँने र पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने ।<br>सबैको सांस्कृतिक वेशभूषा उत्तिकै उत्कृष्ट, आकर्षक, मौलिक, पहिचान दिने र मौलिक छ र एकअर्काको वेशभूषाको कदर गर्नु पर्ने कुरा सिकाउने ।<br>विद्यालयको सांस्कृतिक कार्यक्रममा कक्षागत रुपमा स्थानीय सामाजिक संस्कार चालचलन, विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण (नक्कली | जनजातिहरूको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक-एक जोडीको<br>स्थानीय क्षेत्रमा गरिने शुभकार्यको भिडियो सामग्री<br>फ्लेक्स प्रिन्टिङ फोटो क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल, कलर साइनपेन आदि | कार्यक्रममा प्रदर्शन हुने सांस्कृतिक झाँकीमा विद्यार्थीको आफ्नो मौलिक वेशभूषामा सहभागिता देखाएको र आ-आफ्नो जाति, समुदायको मौलिक सामाजिक संस्कार, संस्कृतीजन्य प्रदर्शन वा प्रस्तुतीकरणमा सहभागिता भएको बारेमा भन्न लगाउँने ।<br>आ-आफ्नो जाति, समुदायको विवाह, पास्नी, व्रतबन्ध, छेवर वा गुन्यु चोली दिने जस्ता विद्यार्थी आफूले सहभागी भएको वा देखेको कुनै ३ को मनाउने तरिका र महत्त्व बताउन लगाउँने ।<br>विद्यार्थीहरुलाई उनीहरले देखेका वा सुनेका मृत्यु संस्कारका बारेमा भन्न लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | वा नमूना) सम्बन्धी झाँकी प्रदर्शन गर्न लगाउँने ।<br>स्थानीय चलन अनुसार हुने आफूले भाग लिएको चाडपर्वको बारेमा छोटो कथा बनाएर सुनाउने, छलफल गर्ने र सो पाठ सम्बन्धी गृहकार्य बनाएर दिने<br>भिडियोको माध्यमबाट विभिन्न चाडपर्व तथा मृत्यु संस्कारको बारेमा स्पष्ट पार्ने<br>विद्यार्थीको आफ्नो परिवार, आफन्त र छिमेकमा भएको विवाह, पास्नी, व्रतबन्ध, छेवर वा गुन्यु चोली दिने जस्ता शुभकार्यको बारेमा देखेको कुरा प्रस्तुत गर्न लगाउँने । | | | |
| | ७.३ वैतेश्वर गाउँपालिकामा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुले मनाउने साझा चाडपर्वहरूको सूची बनाई कुनै दुईको मनाउने तरिका र महत्त्व बताउन। | वैतेश्वर गाउँपालिकामा बसोबास गर्ने मानिसहरुले मनाउने साझा चाडपर्वहरू | विद्यार्थीहरूलाई आफ्नो गाँउघरमा मनाइने कुन कुन चाडपर्व मन पर्छ, किन मन पर्छ, ती चाडपर्वमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने ।<br>वैतेश्वरमा प्रचलित चाडपर्वको चिनारी तयार गरी पाठ बनाई पढाउने वा अडियोभिजुअल रेकर्ड (क्लिप) वा फोटो सङ्कलन गरी विद्यार्थीलाई देखाउने र छलफल गराउने ।<br>वैतेश्वरमा मनाइने मुख्य चाडपर्वहरूको नाम लेख्न लगाउँने ।<br>वैतेश्वरमा मनाइने साझा चाडपर्व के के हुन फोटो/अन्य सामग्री हेरी चिन्न लगाउँने र तिनीहरु कसरी मनाईन्छ | वैतेश्वरमा प्रचलित चाडपर्वको चिनारी भिडियो रेकर्ड (क्लिप) चित्र, वा चाडपर्व मनाएका तस्वीरहरु सेतोपाटी, मार्कर | वैतेश्वरमा मनाइने साझा चाडपर्वहरूको नाम लेख्न लगाउँने ।<br>विद्यार्थीहरुलाई दिइएको मध्ये आ-आफ्नो मन पर्ने चाडको बारेमा एक पेज लेख्न लगाउँने ।<br>उनीहरुलाई मन पर्ने कुनै ३ चाडपर्व मनाउने तरिका र सोको महत्त्व भन्न लगाउँने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | चित्र वा भिडियो सामग्रीको माध्यमबाट प्रस्ट पारिदिने । | | | |
| ८. स्थानीय खेलकुद, मनोरञ्जन र कला साहित्य | ८.१ वैतेश्वर गा. पा. मा प्रचलित खेलकुदहरूको सूची बनाई कम्तिमा ५ वटा खेल खेल्न । | वैतेश्वर गा. पा. मा प्रचलित खेलकुदहरू जस्तैः फुटबल, हाईजम्प, लङजम्प, कपर्दी, डण्डीबियो, रुमाल लुकाई, सिन्का लुकाई, चिँ मुसी चिँ, हात्ती लखेटाई, बाघचाल, डोरी नाघ्ने, डोरी तान्ने, पिटी, रिलेदौड, हिसाब दौड आदि<br>खेल खेल्ने विधि वा तरिका | विद्यार्थीहरुलाई कुन कुन खेल खेल्न मनपर्छ, के के खेल खेल्न आउँछ भनेर सोध्ने र वैतेश्वर गा. पा. मा पहिलेदेखि प्रचलनमा रहेका विभिन्न किसिमका खेलहरूको बारेमा चित्र देखाएर जानकारी गराउने ।<br>विद्यार्थीको शारीरिक, अवस्था, खेलमैदान वा कक्षाकोठा, विद्यार्थी सङ्ख्या र आवश्यक खेल सामग्री उपलब्धतालाई मध्यनजर गरेर समूहमा खेल्ने खेलहरू खेलाउने (हप्ताको १ पटक सकेसम्म विदाको अघिल्लो दिन) सामूहिक खेल खेलाउने र खेल खेलाउनु पूर्व आवश्यक खेल सामग्रीहरू, खेलको नियम, समयावधि, अनुशासन, सावधानी अपनाउनु पर्ने कुरा, त्यो खेल खेल्दाको फाइदा आदि बारेमा विद्यार्थीलाई बुझाउने र खेल समाप्त भएपछि बालबालिको अनुभव, खेलबाट सिक्नु पर्ने सन्देश बारे बताउने घर भित्र खेलिने खेल र घर बाहिर खेलिने खेलहरू छुट्याएर विद्यार्थीलाई (सम्भव भएमा भिडियो देखाएर) बुझाउने र दुवै किसिमका केही खेलहरू खेलाउने । | खेल अनुसार खेल सामग्रीहरू<br>खेलमैदान वा कक्ष र सोको तयारी<br>प्राथमिक उपचार सामग्री बाकस<br>खेलको नियम लेख्ने र नतिजा (स्कोर) लेख्ने सेतोपाटी वा चार्ट पेपर वा न्युज पेपर | कम्तिमा १० वटा प्रचलित खेलको नाम भन्न लगाउँने ।<br>कम्तिमा ५ वटा खेल खेल्न लगाउँने ।<br>एकल, जोडी र सामूहिक खेलहरूमा बालबालिकाको सहभागिता अवलोकन गर्ने ।<br>घरभित्र र घरबाहिर खेलिने कम्तिमा १० खेलहरूको नाम भन्न लगाउँने ।<br>विद्यालयमा खेलेको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | खेल खेलाउँदा सबैलाई पालैपालो नेतृत्वको अवसर दिने, फरक क्षमता भएका बालबालिकाहरूलाई पनि समावेश गर्न सकिने खेलहरू खेलाउने र उनीहरूलाई पनि सक्ने भूमिका दिने<br>विद्यालयको वार्षिकोत्सव तथा अन्य कार्यक्रममा विद्यार्थीहरूको सहभागिता जनाउन प्रोत्साहित गर्ने। | | | |
| | ८.२ वैतेश्वर गा. पा. मा प्रचलित खेलकुदहरूको महत्त्व बताउन। | खेलकुदको महत्त्व झल्कने निवन्ध वा कथा | विद्यार्थीलाई खेलकुदको महत्त्वको बारेमा सोध्ने ।<br>खेलकुदको महत्त्व झल्कने लेख वा श्रव्य वा श्रव्य-दृश्य फाईल प्रस्तुत गरी छलफल गराउने ।<br>अन्त्यमा खेलकुदको महत्त्व बुँदागत रुपमा प्रस्तुत गर्ने । | खेलकुदको महत्त्व झल्कने लेख वा श्रव्य वा श्रव्य-दृश्य फाईल | खेलकुदको महत्त्व बाताउन लगाउँने । | |
| | ८.३ वैतेश्वर गा. पा. मा प्रचलित लोकगीत र लोकनृत्यहरू मध्ये कम्तिमा ७/७ वटाको नाम बताउन र कम्तिमा ५ वटा लोकगीत गाउन र सोको लोक नृत्य प्रदर्शन गर्न। | वैतेश्वर गा. पा. मा प्रचलित लोकगीतहरू जस्तैः दोहोरी, तीज गीत, देउसीभैलो, रत्यौली, असारे, झ्याउरे, तामाङ सेलो, जुहारी, भजनकृतन, आदि<br>प्रचलित लोकनृत्यहरू जस्तैः मारुनी, रत्यौली, देउसी भैलो, स्याब्रु, बालन आदि<br>लोक नृत्य गर्ने तरिका | वैतेश्वर गा. पा. मा प्रचलित लोकगीतहरू जस्तैः दोहोरी, तीज गीत, देउसीभैलो, रत्यौली, असारे, झ्याउरे, तामाङ सेलो, जुहारी, भजनकृतन आदि मध्ये मुख्य-मुख्य लोकगीतका नाम बालबालिकालाई लेखाइदिने ।<br>ती मध्ये सबैले सुने देखेका लोकगीत र लोकनृत्यका तस्वीर वा भिडियो देखाउने र विद्यार्थीलाई नाचगानमा संलग्न गराउने । बालबालिकाले सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउन सिकाउने । | स्थानीय लोकगीतको सूची<br>सही भाका, लय र शब्दहरू<br>अडियो भिजुअल रेकर्डर<br>साउण्ड स्पिकर, मल्टिमिडिया प्रोजेक्टर र डिस्प्ले सिस्टम<br>सेतोपाटी वा चार्ट पेपर वा न्युज पेपर | कम्तिमा ७ वटा स्थानीय लोकगीत र लोकनृत्य नाम भन्न लगाउँने ।<br>लोकप्रिय स्थानीय लोकगीत संयुक्त वा सामूहिक रुपमा गाउन लगाउँने<br>लोकप्रिय स्थानीय लोकनृत्य संयुक्त वा सामूहिक रुपमा नाच्न/प्रदर्शन गर्न लगाउँने ।<br>विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सम्भव भए यस्तो गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर भाका मिलाएर गाउन लगाई बालबालिकालाई सुनाउने र सिकाउने तत्पश्चात प्रचलित स्थानीय लोकनृत्यहरू के के हुन भनी सेतोपाटीमा लेखी सामान्य परिचय गराउने (कहिले, कसरी नाचिन्छ) । बालबालिका घरमा गएपछि नाच्न सक्ने लोकनृत्यमा नाच्न अभ्यास गराउने । बालबालिकाले नाचेको, गाएको भिडियो रेकर्ड गरी उनीहरूलाई नै देखाउने र त्यस्तो स्थानीय नाचगानको लागि प्रोत्साहित गर्ने । | | मूल्याङ्कन गर्ने । | |
| ९. धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल | ९.१ वैतेश्वर गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको छुट्टा-छुट्टै सूची बनाई १/१ संक्षिप्त परिचय दिन । | वैतेश्वरको प्रमुख, प्रसिद्ध धार्मिक स्थलहरू जस्तैः मठमन्दिर, गुम्बा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरू सांस्कृतिक स्थलहरू जस्तैः कुनै जाति, समुदाय विशेषको पहिचान, संस्कृति, परम्परा, आस्था, संस्कार आदि गाँसिएको स्थल, गाउँ कुनै जातीजनजाति विशेषको मौलिक विशेषता भएको गाउँ, चाडपर्वमा मेला लाग्ने ठाउँहरू | विद्यार्थीहरूलाई आफ्नो गाउँघर र वरपर भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम सोध्ने, ती ठाउँमा पुगेको छ कि छैन, त्यहाँ के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिँदै ती स्थलहरूको विशेषता सहित चिनारी बताउने । वैतेश्वरका विभिन्न सामाजिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक महत्त्व बोकेका स्थलको फोटो, भिडियो सङ्कलन प्रस्तुतीकरण गर्ने । वैतेश्वरका प्रमुख एवं प्रसिद्ध धार्मिक, | वैतेश्वरको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको सूची, विशेषता, जानकारी सम्बन्धी सामग्री वैतेश्वरको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरूको | वैतेश्वरमा रहेका कम्तिमा १० वटा स्थानीय धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरूको नाम भन्न लगाउँने । विद्यार्थीले अवलोकन गरेका वा आफ्नो गाउँघरमा भएका र जानकारी भएका स्थलहरूको बारेमा चिनारी भन्न वा सोको बारेमा एक अनुच्छेद लेख्न लगाउँने । कक्षामा स्थानीय धार्मिक, | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्थानीय प्राकृतिक सम्पदा जस्तैः झरना, पहाड, हिमाल, ताल आदि | सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको अलग अलग सूची तयार गरी तिनीहरुको संक्षिप्त परिचय दिने विद्यार्थीलाई उपयुक्त समय, मौसममा अवलोकन भ्रमण लैजाने । अवलोकन गरेपछि आफूले अवलोकन गरेका कुराहरू कापीमा लेखेर ल्याउन लगाउँने र भ्रमणपछि भ्रमण कस्तो लाग्यो, के देखु भयो भनेर सोध्ने र ती स्थलहरूको महत्त्व, संरक्षण एवं प्रवर्द्धन गर्ने कुरा बालबालिकाले बुझ्ने भाषामा बताउने ।<br>भ्रमण गरेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्ने, एक अनुच्छेद लेख्न र प्रस्तुत गर्न लगाउँने त्यहाँको सम्बन्धित जानकार व्यक्तिहरूबाट ती ठाउँ विशेषको विशेषता, महत्त्व बुझी बालबालिकाले बुझ्ने भाषामा सरल तरिकाले अवलोकन गराउँदै बताउने ।<br>भ्रमण गरेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्ने, रङ भर्न लगाउँने र सो बारे एक अनुच्छेदमा वर्णन गर्न लगाउँने । | फोटो (फ्लेक्स प्रिन्ट) र छोटो चिनारी भिडियो गाउँपालिका वा वडाको स्रोत नक्साहरू<br>चित्र कोरेर रङ भर्न आवश्यक पर्ने पेपर, कलर साइनपेन, पेन्सिल आदि | सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको चित्र दिएर रङ भर्न लगाउँने र सोको व्याख्या गर्न लगाउँने ।<br>विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |
| १०. समानता, समावेशीता र सामाजिक न्याय | १०.१ जातजाति तथा समुदाय बीच कुनै भेदभाव, | वैतेश्वर गा. पा. को सामाजिक अवस्था (विभिन्न जाति, जनजातिहरू मिलेर बसेको | वैतेश्वर गाउँपालिकामा कुन कुन जाति, जनजाति (थर) का मानिसहरू बसोबास गर्छन्, आफ्नो छिमेकी कुन थरको छ | सेतोपाटी, मार्कर समानता सम्बन्धी छोटो पाठ/समाचार/ | बालबालिका बीच आपसी सम्मान, सद्भाव र समानताको बोली व्यवहार एक अर्कामा | 4 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी, समुदाय तथा समाजमा एकापसमा समानताको व्यवहार गर्न । | विविधता भित्रको एकता) को परिचय<br>सहयोग, मेलमिलाप र समानताको अवधारणा | भनी छलफल चलाउने, सेतोपाटीमा लेख्ने ।<br>छिमेकीहरूसँग एकापसमा मिलेर बसेको फोटो देखाएर छलफल गर्ने<br>छुवाछुत त भेदभावले निम्त्याएका दुर्घटना सम्बन्धी पाठ/समाचार/भिडियो आदि प्रस्तुत गरेर यस्ता अमानवीय कार्यको दुष्परिणाम बारे बुझाउने र भेदभाव, छुवाछुत गर्नु सामाजिक तथा कानूनी तवरले अपराध हो भनी समानताको अर्थ बुझाउने र सोही अनुरुप व्यवहार गर्न सिकाउने । | भिडियो, चित्र | मिलेर बस्ने, खेल्ने, हिड्ने गतिविधि विद्यार्थीहरूमा भए नभएको अवलोकन गरी मूल्याङ्कन गर्ने । | |
| | १०.२ अपाङ्गता (फरक क्षमता) भएका, असहाय, वृद्धवृद्धा अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरू पहिचान, उनीहरुलाई दैनिक जीवनमा आईपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न । | अपाङ्गताको प्रकार<br>शारीरिक विरामीपन र सहयता<br>वृद्ध उमेर र शारीरिक समस्या<br>परिवार, आफन्त नभएका र आफूसँग केही नभएका बालबालिका, बिरामी, वृद्धवृद्धाका आदि र उनीहरूलाई आवश्यक पर्ने सहयोग<br>बालबालिकाले गर्न सक्ने सहयोग, सम्मान जनक बोली व्यवहार | अपाङ्गताको अर्थ बताउने र विभिन्न किसिमका अपाङ्गताको सचित्र व्याख्या गर्ने ।<br>आफ्नो परिवार, आफन्त, छरछिमेकमा कोही अपाङ्गता भएका व्यक्ति भए नभएको बारेमा सोध्ने र भएमा कुन किसिमको हो, कस्तो दैनिकी छ भनी प्रश्नोत्तर गर्ने ।<br>अपाङ्गता सम्बन्धी राम्रो (उचित) शब्द र नराम्रो (गलत) शब्दहरू सेतोपाटीमा लेखेर राम्रा शब्दहरू मात्र भन्न वा बोल्न प्रेरित गर्ने ।<br>कोही अपाङ्गता भएको व्यक्ति विद्यालय नजिकमा भए निजलाई बोलाएर अपाङ्गता र उसको अनुभव बारेमा | अपाङ्गता र यसको प्रकार, अपाङ्गता सम्बन्धी सही शब्द सम्बन्धी जानकारी पुस्तिका<br>अपाङ्गता, वृद्धवृद्धा, असहाय, विरामी, दीर्घरोगी व्यक्तिहरूको चित्र, पम्प्लेट वा अडियो, भिडियो<br>अपाङ्गता परिचयपत्रको नमूना (रातो, निलो, पहेंलो र निलो) | अपाङ्गताको कुनै ३ वटा प्रकार भन्न र चिन्न लगाउँने ।<br>अपाङ्गताको परिचयपत्रको प्रकार (रङ) भन्न वा लेख्न लगाउँने ।<br>अपाङ्गता सम्बन्धी सही र गलत शब्दहरू दिएर सही शब्दलाई ठिक र गलत शब्दलाई बेठीक चिन्ह लगाउन दिने वा सही शब्दहरू एउटा कोठामा र गलत शब्दहरू अर्को कोठामा छुट्टाएर लेख्न लगाउँने ।<br>अपाङ्गता, वृद्धवृद्धा, असहाय, विरामी भएको व्यक्तिलाई गर्नु | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अन्तरक्रिया गराउने ।<br>त्यसैगरी कोही नभएका (असहाय), विरामी, वृद्धवृद्धालाई पनि सम्मान गरेर बोल्ने र सहयोग गर्ने कुरा सिकाउने ।<br>अपाङ्गताको किसिम र सो जनाउन राज्यले व्यबस्था गरेको विभिन्न रङको अपाङ्गता परिचयपत्र बारे छलफल गराउने । त्यस्ता परिचयपत्र बाहक ब्यक्तिका लागि स्थानीय तहमा के कस्तो सुविधाको व्यबस्था गरिएको छ सोको बारे जानाकारी गराउने ।<br>छलफलको अन्त्यमा सही कुरा बताइदिने –हालको व्यवस्थामा रातो र निलो रङको परिचय पत्र भएकोले मात्र पाउँछ ।<br>कति उमेर पुगेको वृद्धवृद्धा र कुन परिचय पत्र भएको अपाङ्गता भएका व्यक्तिलाई वडा कार्यालयले पैसा/भत्ता (सामाजिक सुरक्षा भत्ता) दिन्छ भनी जानकारी गराउने र वृद्ध, विधवा, अपाङ्गता परिचय पत्र बनाउन वडा कार्यालयमा जानु पर्ने, परिचय पत्र भएपछि सरकारले सेवासुविधा दिने कुरा आफ्नो घरपरिवार, छरछिमेकलाई भन्न प्रोत्सहित गर्ने ।<br>नजिक बृद्धाश्रम भएमा भ्रमण गराउने वा नजिकै कोही वृद्धवृद्धा भएमा भेटेर | अपाङ्गता, वृद्धवृद्धा, असहायले प्रयोग गर्ने सहयता सामग्रीहरूको चित्र वा तस्वीर<br>रुमाल, गलबन्दी आदि खेल सामग्रीहरू | पर्ने, गर्नु नहुने कुराहरू (बोली व्यवहार) बारे मौखिक सोध्ने र उनीहरूको व्यहार अवलोकन गर्ने ।<br>कस्तो रङको अपाङ्गता परिचयपत्र पाएका व्यक्तिले भत्ता पाउछ भनी सोध्ने?<br>विद्यालयमा विद्यार्थीको क्रियाकलाप अवलोकन गरेर मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | भलाकुसारी गर्ने, उनीहरूको अनुभव सुन्ने र विद्यार्थीलाई अवलोकन गर्न लगाई पछि छलफल गराउने ।<br>भ्रमणपछि विद्यार्थीलाई प्रस्तुतीकरण गर्न लगाउँने ।<br>जो सुकै पनि विभिन्न दुर्घटनाको कारण अपाङ्ग हुन सक्ने सम्भावना भएकोले अपाङ्गता भएका व्यक्तिलाई सरसहयोग गर्नु पर्ने र उनीहरुको आत्मबल बढाउने खालको व्यवहार देखाउन प्रोत्साहित गर्ने ।<br>वृद्धवृद्धाहरूसँग कस्तो व्यवहार गर्ने, किन गर्ने र कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा समूहगत छलफलपछि प्रस्तुतीकरण गर्न लगाउँने । | | | |
| ११. सामाजिक रुपान्तरण, लोकतन्त्र र संघीयता | नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा भएको मिति र हालको वैतेश्वर गा.पा.को घोषणा भएको साल, जम्मा वडा सङ्ख्या, साविक गा. वि. स. हरूको नाम बताउन । | नेपालको संविधान घोषणा मिति (२०७२/०६/०३)<br>वैतेश्वर गा. पा. घोषणा भएको मिति, जम्मा वडा सङ्ख्या, साविक सङ्ख्या र गा.वि.स.हरूको नामावली | हाम्रो देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा भएको मिति प्रस्ट पारिदिने ।<br>हाम्रो देशमा कति जिल्ला छन् भनी सोध्ने र सोको जानाकरी गराउने । (७७ जिल्ला)<br>हामी कुन गाउँपालिकामा बस्छौं भनी सोध्ने । पछि हामी बसेको गा.पा.को नाम वैतेश्वर हो भनी सेतोपाटीमा लेखिदिने र कापीमा सार्न लगाउँने ।<br>वैतेश्वर गा. पा. घोषणा भएको साल, महिना र गते लेखिदिने । | नेपालको संविधान<br>नेपालको नक्सा<br>वैतेश्वर गाउँपालिका घोषणा भएको साल र साविक गा.वि.स.हरू र हालको गा.पा.को सिमाना छुट्टिएको नक्सा<br>चार्ट पेपर वा न्युज पेपर, मार्कर | संघीय संरचना हुनु भन्दा पहिले र भएपछिको नेपालको जिल्लाको सङ्ख्या र अन्य २ वटा फरक भन्न वा लेख्न लगाउँने<br>वैतेश्वर गा.पा.घोषणा भयो र कति वटा गा. वि. स. हरू मिलाएर वैतेश्वर गा.पा.बनाइएको हो भनी सोध्ने । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | वैतेश्वर गा. पा. साविकका कतिवटा गा.वि.स.हरू मिलेर बनेको हो भनी ती गा. वि. स. हरूको सङ्ख्या सेतोपाटीमा लेखिदिने र विद्यार्थीलाई कापीमा सार्न लगाउँने । साविक गा. वि. स. हरूको नाम भएको वैतेश्वर गा.पा.को नक्सा प्रदर्शन गर्दै वैतेश्वर गा.पा.को बारेमा प्रस्तुतीकरण गर्न लगाउँने । निर्वाचित पदाधिकारीहरुको नामावली वताइदिने र उनीहरुका मुख्य जिम्वेवारी बारे छलफल गर्ने | | | |
| १२. जीवनोपयोगी सिप | १२.१ जीवनोपयोगी ५ वटा सिप भन्न र कम्तिमा २ वटा अभ्यास गर्न | विभिन्न किसिमको जीवनोपयोगी सिपहरू (जस्तैः आत्मनिर्भर हुने अरुसँग मिलेर वस्नु, सहयोगी हुनु, आफ्नो काम र जिम्मेवारी, प्रभावकारी सुनाइ, आफनो सामानको सुरक्षा, पैसाको सदुपयोग, आफ्नो लागि खानेकुरा बनाएर (पकाएर) खाने, किनमेल गर्न, आदि) | केही महत्त्वपूर्ण जीवनोपयोगी सिपहरू बताउने जस्तैः आफ्नो सामानको उचित व्यवस्था र सुरक्षा गर्नु, व्यक्तिगत र पारिवारिक सरफाइँ गर्न जान्नु, आफ्नो लागि खाना पकाउनु (तयार गर्नु), अरुसँग मिलेर बस्नु, समयको पालना (व्यवस्थापन), प्रभावकारी सञ्चार, पैसाको सही सदुपयोग, किनमेल गर्न जान्नु, समस्याको समाधान गर्ने, आफ्नो काम र जिम्मेवारी सधैं पूरा गर्नु, कामको प्राथमिकीकरण गर्नु आदि) यस्ता जीवनोपयोगी सिप भए के हुन्छ र नभए के हुन्छ भनी छलफल गराउने । अन्य के के सिप हुन सक्छन भनी विद्यार्थीलाई सोधी सेतोपाटीमा | जीवनोपयोगी सिपहरूको सूची वा फोटो केही महत्त्वपूर्ण जीवनोपयोगी सिपहरू सम्बन्धी मोवाइल भिडियो मेटा कार्ड, मार्कर, सेतोपाटी आदि | हामीलाई आवश्यक पर्ने कुनै ५ वटा जीवन उपयोग सिपहरू भन्न वा लेख्न लगाउँने । ती सिप किन सिक्नु जरुरी छ भनी सोध्ने वा लेख्न लगाउँने । विद्यार्थीहरूले केही जीवनोपयोगी सिपहरू सिके नसिकेको वा व्यवहारमा प्रयोग गरे नगरेको थाहा पाउन गाउँको अवलोकन गरी मूल्याङ्कन गर्ने (अभिभावकसँग सोधबुझ गर्ने) । | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | लेखिदिने । यस्ता धेरै जीवनोपयोगी सिपहरू मध्ये कुनकुन सिप अहिले देखि नै तपाईंहरूसँग हुनपर्छ भनी कुनै ३ वटा छान्न वा भन्न लगाई आजै देखि यी सिपहरू सिक्ने र अभ्यास गर्न भन्ने । कुनै ३ वटा जीवनोपयोगी सिपको बारेमा आफूले बुझेको कुरा एक-एक परिच्छेद लेख्न लगाई प्रस्तुत गर्न लगाउँने । | | | |
| १३. सहकारी | सहकारीमा सदस्यता प्राप्तिका आधारहरु बताउन, सहकारीको परिभाषा दिन, परिवारको सदस्य रहेको सहकारीको नाम भन्न, उक्त सहकारीको स्थापना, सञ्चालक समितिको नाम र सदस्यलाई दिएको कुनै ४ सेवा भन्न । | सहकारीको परिभाषा, सदस्यता प्राप्तिका आधारहरु, सञ्चालक समिति<br>नजिकको सहकारीको विवरण, कार्य तथा महत्त्व वा आवश्यकता | सहकारीको सदस्यता प्राप्ति र समाप्तिको बारेमा जानकारी हुने ।<br>सदस्य भए पश्चात प्राप्त हुने अवसर र सेवाको बारेमा जानकारी हुने ।<br><br>सहकारीको परिभाषा थाहा छ भनी सोध्ने, थाहा नभए भनी दिने, लेख्न लगाउँने र लेखेको भन्न लगाउँने प्रश्नोत्तर विधिबाट वडामा रहेका सहकारी संस्थाको नाम, कार्यालय रहेको स्थान, स्थापना भएको वर्ष, सदस्य सङ्ख्या, सदस्य सेवा , सञ्चालक समितिको सङ्ख्या पालैपालो सोध्ने र अरुलाई साथीले भनेको कुरा भन्न लगाउँने ।<br>सहकारीको अवलोकन भ्रमण गराउने र देखेका र सुनेका कुराहरुको शब्दमा, चित्रमा अभिलेखीकरण गर्न लगाउँने आफू र परिवारका सदस्यहरु | सहकारीको स्मारिका<br>सहकारी पुस्तक<br>सहकारीको मोवाइल तस्वीर<br>ब्रोसरहरु<br>सहकारी भित्रेपात्रो<br>संघीय/प्रादेशिक/स्थानीय सहकारी ऐन, नियमावली र मापदण्ड | सहकारी सदस्यता प्राप्तिका आधारहरु भन्न र लेख्न लगाउँने । | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सहकारीको सदस्य भए नभएको जानकारी लिने ।<br>सदस्य भएको भए कहिले, कसरी र के का लागी सदस्य बनेको बारेमा छलफल सहीत बाल सदस्य र शेयर सदस्य प्राप्तिका आधारहरु बताइदिने, लेख्न लगाउँने र लेखेका कुरा बताउन लगाउँने । | | | |

## २.९.६. *कक्षा ६ को पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण*

तालिका १०: कक्षा ६ को पाठ्यक्रमको *क्षेत्र, क्रम र विस्तृतीकरण* (Scope, Sequence and Specifications)

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु तथा विस्तृतीकरण | शिक्षण सिकाइ विधि तथा क्रियाकलाप | शैक्षिक सामग्रीहरू | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १. स्थानीय तहको परिचय | १.१ आफ्नो गाउँटोल र वैतेश्वर गा.पा.को परिचय दिन । | • विद्यार्थी आफू बसोबास गर्ने गाउँटोलको चिनारी झल्किने लेख<br>• वैतेश्वर गाउँपालिकाको परिचात्मक ब्रोसर, लिफलेट वा पुस्तक | • सबै विद्यार्थीलाई आफ्नो गाउँपालिकाको परिचय दिन वा गाउँको बारेमा एक परिच्छेद लेख्न लगाउँने र त्यसपछि पालैपालो उठेर सुनाउन लगाउँने ।<br>• गाउँको परिचय दिँदा, भौगोलिक अवस्था, सामाजिक, सांस्कृतिक, आर्थिक, स्थानीय प्राकृतिक स्रोतसाधन, कलासाहित्य आदि विषयलाई समेटेर सिलसिलेबार रुपमा भन्न वा लेख्न सिकाउने । एउटा नमूना दिएर अर्को दिन एक पेजमा परिचय लेखेर ल्याउन गृहकार्य दिने<br>• विद्यार्थीहरूको घर भएको वडाको बारेमा पनि परिचय तयार गर्न लगाउँने । आवश्यक पृष्ठपोषण दिएर पुन तयार गर्न लगाउँने । वडागत मुख्यमुख्य जानकारी वा विवरण विद्यार्थीहरूलाई उपलब्ध गराइ दिने ।<br>• वैतेश्वर गा. पा. सम्बन्धी विभिन्न स्रोत सामग्रीहरू जस्तैः गाउँ पाश्र्वचित्र, जानकारी पुस्तिका, गाउँ परिचय, सन्दर्भ | • सिमाना तथा वडा छुट्टिएको वैतेश्वर गा.पा.को स्रोत नक्सा<br>• भिडियो क्लिप, फोटो<br>• गाउँ पाश्र्वचित्र वा जानकारी पुस्तिका, गाउँ परिचय अन्य सन्दर्भ सामग्रीहरू | • विद्यार्थीको आफ्नो गाउँ, वडा र वैतेश्वरगा.पा.को परिचय दिन वा एक पृष्ठमा लेखेर तयार गर्न लगाउँने ।<br>• नक्सा देखाएर वैतेश्वर गा.पा.को बारेमा बताउन लगाउँने ।<br>• वैतेश्वर गा. पा. को विविध पक्षमा हाजिरीजवाफ गराई सोको आधारमा मूल्याङ्कन गर्ने ।<br>• गृहकार्य, कक्षागत कार्यको आधारमा मूल्याङ्कन गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सामग्री उपलब्ध गराउने, आवश्यक निर्देशन वा खाका दिने र कक्षाको विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी वैतेश्वर .गा.पा.को छोटो परिचय तयार पार्न समूहगत अभ्यास गराउने र पछि सबै समूहलाई प्रस्तुति गर्न लगाउँने ।<br>• वैतेश्वरको विभिन्न ठाउँको भिडियो क्लिप्स, फोटो आदि देखाई छलफल गर्ने र त्यहाँ देखेको कुराहरू बताउन लगाउँने ।<br>• वैतेश्वरगा.पा.सम्बन्धी कक्षागत हाजिरी जवाफ गर्ने गराउने ।<br>• आफ्नो गाउँ, टोल र विद्यालयको बारेमा सचित्र प्रस्तुत गर्न लगाउँने । | | | |
| २. स्वास्थ्य सरसफाइ | २.१ आफ्नो व्यक्तिगत सरसफाइ (जस्तैः आफ्नो शारीरिक सरसफाइ, आफ्नो पोसाक र अन्य लुगा कपडा धुने, इस्त्री गर्ने, मिलाए राख्ने, आफ्नो सामानहरू यथास्थानमा | • व्यक्तिगत सरसफाइ<br>• आफ्नो सामानको उचित व्यवस्थापन गर्ने बानी<br>• घर, विद्यालय, बाटो र सार्वजनिक स्थलमा तोकिएको ठाउँमा फोहोर राख्ने (फ्याल्ने) बानी | • आफनो व्यक्तिगत शारीरिक सरसफाइ नियमित रुपमा आफैंले गर्ने गरेको छ कि छैन भनी प्रश्नोत्तर गर्ने ।<br>• विद्यार्थीलाई आफ्नो कपडा, झोला, जुत्ता, आफूले खाएको जुठो भाँडाकुँडा कसैले धुने गरेको छ कि छैन, आफ्नो कोठा कसले मिलाउने, सफा गर्ने गरेको छ भनी सोध्ने<br>• कम्तिमा विद्यालयको कार्यालय कोठा बाहिर स्थानीय सामानले बनेको जुत्ताचप्पल राख्ने र्‍याक बनाउने र त्यसमा जुत्ताचप्पल राखेर मात्र कार्यालय भित्र | • स्थानीय सामानबाट बनेको जुत्ताचप्पल राख्ने र्‍याक<br>• विद्यालय परिसरमा फोहोर राख्ने टोकरी, डोको वा तोकिएको निश्चित एवं व्यवस्थित ठाउँ<br>• सरसफाइ सम्बन्धी विद्यालयले बनाएको नियम | • चर्पीको प्रयोग पछि, खाना खानुअघि र खाइसकेपछि सधैं हात धुने र सफा कपडाले हातमुख धुने बानी बसेको छ कि छैन अभिभावकसँग सोध्ने ।<br>• आफ्नो सरसफाइ, पोसाक र अन्य कपडा विद्यार्थी आफैंले सधैं धुने गरे गाउँको बारेमा अभिभावकसँग सोध्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मिलाएर राख्ने जस्ता कार्य) आफैं गर्न र घरपरिवारको सरसफाइमा सहयोग गर्न र घर, विद्यालय, बाटो र सार्वजनिक स्थलमा तोकिएको ठाउँमा फोहोर राख्ने (फ्याल्ने) बानी प्रदर्शन गर्न । | | पस्ने बानी गर्ने । विद्यार्थीहरूलाई पनि सो कुरा अनिवार्य गर्न सम्झाउने र तल्लो कक्षाको भाइबहिनीलाई पनि सिकाउन लगाउँने ।<br>• हप्तामा कम्तिमा एक पटक विद्यार्थीहरूले आफ्नो पूर्ण सरसफाइ आफैंले गर्ने लगायतको सफाई सम्बन्धी विद्यालयको नियम बनाई विद्यालय सबैले देख्ने ठाउँमा झुण्ड्याउने । ती नियम पालना गर्न बालबालिकालाई भन्ने र यसबारे अभिभावकलाई जानकारी गराउने र घरमा बालबालिकाले यी नियम पालना गरे नगरेको बारेमा बेलाबेलामा सोध्ने ।<br>• आफ्नो व्यक्तिगत सरसफाइ बाहेक घर, कक्षाकोठा र विद्यालय परिसर, वरिपरिको बाटो नियमित रुपमा सरसफाइ गर्न कार्य तालिका बनाई सोही अनुसार गर्ने गराउने<br>• घर, विद्यालय, मन्दिर जस्ता सार्वजनिक स्थलमा फोहोर राख्ने टोकरी वा निश्चित ठाउँ बनाई त्यसको उचित प्रयोग गर्न लगाउँने । | • घर, कक्षाकोठा, र विद्यालय परिसर, वरिपरिको बाटो नियमित सरसफाइ गर्ने कार्यतालिका | • विद्यालयको सरसफाइ सम्बन्धी नियमको पालना गर्ने गाउँका विद्यार्थीको क्रियाकलापाको आधारमा मूल्याङ्कन गर्ने ।<br>• कक्षाकोठा, विद्यालय परिसर, नजिक सार्वजनिक स्थलको सरसफाइ कार्यतालिका अनुसार गर्ने गरे नगरेको निरीक्षण गरी मूल्याङ्कन गर्ने ।- | |
| | २.२ सफा खानेकुरा खाने तथा सफा पानी | • सफा खानेकुरा, सफा पिउने पानी र यसका फाइदाहरु | • फोहोर र दिसाको कीटाणु कसरी खाने कुरामा र मुखमा पर्छ भन्ने पोस्टर देखाएर प्रश्नोत्तर गर्ने । के यस्तो समस्या हाम्रो | • सफा खाने कुरा र फोहोर खानेकुरा, त्यसको असर सम्बन्धी | • फोहोर वा दिसाको कीटाणु कसरी मुखमा पुग्छ, त्यसबाट | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पिउने र खाना सफा गरेर खाने बानी प्रदर्शन गर्न । | • फलफूल जस्ता काचै खाने खानेकुरा सफा पानीले धोएर खाने बानी विकास<br>• भान्सामा पकाएका वा पाकेका खानेकुरा छोपेर सुरक्षित राख्ने तरिका<br>• बासी, सडेगलेका, झिँगा भन्केका, गनाएका, विग्रेका खानेकुरा खान नहुने कारणहरु | आफ्नो, परिवार र गाउँघरमा हुन्छ भनी छलफल गराई यदि यस्तो समस्या भए सोको समाधान गर्नु आवश्यक छ कि छैन र आवश्यक भएमा के कसरी रोकथाम गर्ने भनी छलफल चलाउने। छलफलबाट आएको रोकथामको उपायहरू सेतोपाटीमा लेखी सङ्क्षेपीकरण गरिदिने<br>• सफा र ताजा खानेकुरा खाँदा र फोहोर, बासी, सडेगलेको खानेकुरा खाँदा के हुन्छ भनेर छलफल गराउने र सफा र ताजा खानेकुरा मात्र खान प्रोत्साहित गर्ने ।<br>• राम्ररी नपाकेको खानेकुरा खाँदा के हुन्छ र राम्ररी पाकेको वा पकाएर खाँदा के हुन्छ भनी बुझाउने ।<br>• दाल, भात, दूध जस्ता पकाएका खानेकुराहरू छोपेर राख्ने चलन घरमा छ कि छैन भनी सोध्ने र नछोपे के-कसरी झिँगा र अन्य फोहोर पर्छ भनेर आ-आफ्नो भान्साको अवलोकन गरेर कक्षामा बताउन गृहकार्य दिने ।<br>• विद्यार्थीको प्रस्तुतीकरणको आधारमा अब आ-आफ्नो घरको भान्साको सरसफाइ सुधार गर्न के के गर्छौं भनी विद्यार्थी आफैंले लागू गर्न सक्ने भान्साको | चित्र वा पोस्टर<br>• भान्सामा खानेकुरा छोपेर राखेको र नछोपी राख्दा फोहोर, झिँगा परेको वास्तविक अवस्था वा पोस्टर वा श्रव्य, दृश्य सामग्री<br>• "भान्साको सरसफाइ सम्बन्धी कार्ययोजना" को खाका | मानिसलाई के हुन्छ र रोकथामको लागि के गर्नु पर्छ भनी सोध्ने वा लेख्न लगाउँने ।<br>• सफा खानेकुरा मात्र खाने बानी भयो कि भएन, भान्सामा खानेकुरा छोप्छ कि छोप्दैन, फलफूल र अन्य खानेकुराहरू पानीले पखालेर वा सफा कपडाले पुछेर खान्छ कि खाँदैन भनेर निरीक्षण गर्ने, अभिभावकसँग सोध्ने ।<br>• "भान्साको सरसफाइ सम्बन्धी कार्ययोजना" विद्यार्थीले आफ्नो घरमा लागू गरे नगरेको बुझी मूल्याङ्कन गर्ने ।<br>• विद्यालयमा हुँदा विद्यार्थीले खाने खाजा वा खानेकुरा सफा गर्ने आनी बानीको आधारमा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सरसफाइ सम्बन्धी कार्ययोजना बनाउन लगाउँने ।<br>• व्यवहारिक कार्ययोजना बनाउन उपयुक्त ढाँचा र आवश्यक निगरानी र प्रश्नोत्तर गरी कार्ययोजना लागू भए नभएको अनुगमन गर्ने | | मूल्याङ्कन गर्ने । | |
| ३. खाद्यान्न तथा पोषण | ३.१ वैतेश्वरमा उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी, फलफूलको ५/५ वटा सम्मको नाम बताउन, चिन्न र त्यसको उपभोगबाट व्यक्तिको पोषणमा हुने सुधार बारे बताउन । | • वैतेश्वरमा हुने कृषि उब्जनी<br>• हुने विभिन्न खाद्यान्न (अन्नबाली, दलहन,तेलहन, तरकारी तथा फलफूल सबैको नाम जस्तैः धान, मकै, गहुँ, कोदो, दाल, गहत, साग, काउली, आलु, बन्दा, लौका, फर्सी, लसुन, प्याज, कर्कला, निगुरो आदि) | • विद्यार्थीलाई समूह विभाजन गरी १/१ समूहलाई आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्न , तरकारी, दलहन-तेलहन, फलफूल, तरकारी (खेतबारी र जङ्गलमा पाइने फलफूल तथा सागसब्जी) को सूची तयार गर्न लगाई ती उत्पादन के का लागि गरिन्छ (खाइन्छ, बेचिन्छ, सामान, साटिन्छ वा त्यो बेचेर बजारको खाद्य सामग्री किनेर ल्याइन्छ) भन्ने प्रश्नको उत्तर कापीमा बुँदागत रुपमा तयार गर्न लगाई सबै समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउँने<br>• यस्ता स्थानीय खाद्यान्न , दलहन, तेलहन र तरकारीको बीउ (वा फल) कक्षामा डोरी टाँगी नाम लेखेर झुण्ड्याउने र हरेकको बारेमा बताउने र विद्यार्थीहरूलाई पनि त्यसरी नै बताउन लगाउँने ।<br>• स्थानीय खाद्य उत्पादन वा आयातिक खाद्य उत्पादन कुन उपभोग गर्नु उचित होला | • वैतेश्वरमा हुने उत्पादन<br>• हुने विभिन्न खाद्यान्न, दलहन, तेलहन, तरकारी, फलफूल र वनजङ्गलमा पाइने सब्जीहरूको वास्तविक नमूना वा बिउ वा फोटोहरू<br>• सेतोपाटी, मार्कर<br>• करेसाबारी तालिमका लागि आवश्यक तालिम सामग्रीहरू | • ५/५ वटा स्थानीय खाद्यान्न, सागसब्जी, फलफूलको नाम बताउन लगाउँने<br>• आयातित खाद्य उत्पादन भन्दा स्थानीय खाद्य उत्पादन र सो बाट बनेको खाद्य सामग्रीहरूमा पोषण तत्व बढि हुनुको कारण लेख्न लगाउँने ।<br>• हरेक विद्यार्थीले घरमा करेसाबारी बनाई (सुधार गरी) विद्यार्थीले उचित व्यवस्थापन गरे नगरेको सोधबुझ गरी मूल्याङ्कन गर्ने ।<br>• कक्षागत र समूहगत क्रियाकलापमा भएको | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | भनी छलफल गराउने । स्थानीय खाद्य उत्पादन र त्यसबाट बन्ने खाद्य सामग्री वा परिकारहरू बढि पोषणयुक्त हुने बारे कारण सहीत बताउने र ती उत्पादनको उपभोगमा जोड दिन र आयातित उत्पादन र सामग्री सामग्रीहरूको उपभोग कम गर्न प्रोत्साहित गर्ने ।<br>• आफ्नो घरमा फलेको खानेकुरा सधैँ खाजाको रुपमा विद्यालय ल्याउने विद्यार्थीलाई वार्षिक रुपमा पुरस्कृत गरी सबैलाई प्रोत्साहित गर्ने ।<br>• हरेक विद्यार्थीले घरमा करेसाबारी बनाई वा भएकोलाई सुधार गरी) विद्यार्थीले उचित व्यवस्थापन गर्न लगाउँने र यसको लागि स्थानीय कृषि प्राविधिक बोलाइ तालिम संचालन गर्ने ।<br>• पोषण सुधारको लागि स्थानीय खाद्य उत्पादनको महत्त्व सम्बन्धी वतृत्वकला तथा समुदायमा सचेतनामूलक कार्यक्रम गर्न लगाउँने (विद्यालय स्थानीय ज्ञान महोत्सव कार्यक्रम आयोजना गरेर) । | | सहभागिता र भूमिकाको आधारमा मूल्याङ्कन गर्ने । | |
| | ३.२ आयातित कम पोषणयुक्त र बजारको पत्रु | • स्थानीय कृषि उपजबाट बनेको विभिन्न खानेकुराहरू (खानाका | • कक्षामा समूह बनाई बजार वा पसलमा के के खाद्यसामग्री, खाद्यान्न, तरकारी, फलफूल पाइन्छ भनेर विद्यार्थीहरूलाई | • स्वस्थ खानेकुरा र पत्रु खानेकुराहरूको सूची वा वास्तविक नमूना | • स्वस्थ खानेकुरा र पत्रु खानेकुराहरूको फरक-फरक सूची बनाउन | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खानेकुराको सट्टा स्थानीय कृषि उत्पादन (खानेकुराहरू) र आयातित कृषि उत्पादनको उपभोग गर्ने बानी विकास (पोषण सुधार) गर्न । | परिकार) जस्तैः दाल, भात, साग, गेडागुडी, तरकारी र विभिन्न चाडबाडमा बनाइने वा पकाइने परिकारहरू<br>• बजार, पसलमा पाइने खाद्यान्न, तरकारी, फलफूल<br>• बजार पसलमा पाइने पत्रु खानेकुराहरू वा कम पोषणयुक्त (जङ्क फुड) जस्तैः चाउचाउ, विस्कुट, चिजबल, चक्लेट, कोक, जुस आदि | सूची बनाउन लगाउँने । ती मध्ये स्वस्थ र अस्वस्थ (पत्रु) खाद्य सामग्रीहरूको फरक फरक सूची बनाउन विद्याथीहरूलाई समूहगत कार्य गराई प्रस्तुत गर्न लगाउँने<br>• विद्यालय नजिकको पसल, बजारमा विद्यार्थीहरूलाई अवलोकन गर्न लैजाने र पसलमा लगेर विभिन्न किसिमका खानेकुराहरू (स्वस्थ एवं पत्रु दुवै) देखाउने<br>• विद्यार्थीहरूलाई कुन कुन खानेकुरा स्वस्थ खानेकुरा र कुन कुन खानेकुरा पत्रु खानेकुरा हो बनेर बुझाउने र पत्रु खानेकुरा किन सधैं खानु हुँदैन भनी बताउने ।<br>• स्वस्थ खानेकुरा र पत्रु खानाको बारेमा पोस्टर वा चित्र वा बालभिडियो देखाएर छलफल गर्ने<br>• सम्भव भएमा नजिक भएको स्वास्थकर्मीलाई बोलाएर यस विषयमा एक सेशन पाठ लिन लगाउँने ।<br>• आफ्नो घरमा पकाएको, तयार पारेको वा फलेको कुन खानेकुरा आफूलाई मन पर्छ सोध्ने र ताजा र सफा खानेकुरा खान विद्यार्थीलाई प्रोत्साहित गर्ने ।<br>• पोषण सुधारको लागि स्थानीय खाद्य उत्पादनको महत्त्व सम्बन्धी समूहगत | • खाना, तरकारी, फलफूल सम्बन्धी बालबालिकाले बुझ्ने पोस्टर, भिजुअल बालगीत, भिडियो क्लिप, डिजिटल फोटो<br>• मार्कर, सेतोपाटी, कापी वा न्युजप्रिन्ट वा चार्ट पेपर | लगाई स्वस्थ र पत्रु खानेकुरा बीचको मुख्य भिन्नता छुट्याउन लगाउँने ।<br>• विद्यार्थीले पत्रु खानेकुराहरू खाने बानी कम भएको छ, छैन भनी अभिभावकँग सोध्ने<br>• विद्यालयमा गर्ने विद्यार्थीको आनीबानीको आधारमा मूल्याङ्कन गर्ने<br>• पोषण सुधारको लागि स्थानीय खाद्य उत्पादनको महत्त्व सम्बन्धी ज्ञान महोत्सवमाभएको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अभ्यास गरी प्रस्तुतीकरण गर्न लगाउँने । | | | |
| ४. सदाचार, नैतिकता र सामाजिक मूल्यमान्यता | ४.१ असल, सभ्य र नैतिकवान् बानी जस्तै सभ्य र सुसंस्कृत बोलीव्यहार अभिवादन, स्वागत, आतिथ्यता सत्कार, सम्मान, मिलनसारिता, सहयोगीपन, दयामाया, असल चालचालनहरू व्यवहारको प्रदर्शन गर्न । | • आफ्नो परिवार, आफन्त, छरछिमेकी र विद्यालयमा कार्यरत विभिन्न व्यक्तिसँगको साइनोहरू<br>• अभिवादन, स्वागत, बिदाइ (अङ्ग्रेजी, नेपाली, मातृभाषामा)<br>• अभिवादन गर्ने, बिदाइ गर्ने, स्वागत (हाउभाउ) गर्ने तरिका<br>• आफूभन्दा सानालाई गर्ने व्यबहार | • कोको सँग के कसरी कस्तो व्यवहार (जस्तैः स्वागत, सत्कार, सभ्य र सुसंस्कृत भाषा, बोली) गर्ने भनी छलफल गर्ने र उपयुक्त तरिकाहरू टिपोट गर्दै सिकाउने<br>• विदेशी पर्यटकसँग गर्नु पर्ने असल (सभ्य) व्ववहार र गर्न नहुने गलत व्यवहार सम्बन्धी भूमिका अभिनय गर्न लगाई छलफल गर्ने ।<br>• साथीसङ्गी, परिवारका सदस्य, छरछिमेकी, आफन्त, शिक्षक–नेपाली वा विदेशी पर्यटकसँग के-कसरी बोल्ने र के कस्तो बोली व्यहार गर्नु उचित हुन्छ भनी समूहगत छलफल गराई प्रस्तुतीकरण गर्न लगाउँने । | • राम्रो र नराम्रो बानी सम्बन्धी चित्रहरू, फोटोहरू वा भिडियो<br>• स्वागत, अभिवादन, बिदाइ र अतिथि सत्कारका चित्रहरू, फोटोहरू र शब्दहरू<br>• सेतोपाटी, मार्कर<br>• शब्द कार्डहरू | • विदेशी पर्यटकसँग के कस्तो बोली व्यवहार गर्नुपर्छ भनी प्रश्न सोध्ने ।<br>• राम्रो र नराम्रो बानी सम्बन्धी चित्रहरू देखाएर त्यसबारे बताउन लगाउँने ।<br>• घरपरिवार, विद्यालय, साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने उचित (सही) व्यवहार, आनीबानी अवलोकनको आधारमा मूल्याङ्कन गर्ने ।<br>• भूमिका अभिनय अभ्यास छलफलमा सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | ५ |
| ५. कृषि, जडीबुटी, पशुपालन, पेसा व्यवसाय तथा उद्यमशीलता | ५.१ वैतेश्वर गा. पा. मा गरिने कृषि गतिविधिहरू (जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, | • वैतेश्वरमा हुने विभिन्न कृषि क्रियाकलापहरू जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि<br>• वैतेश्वर गा. पा. मा स्थानीय | • समय अनुसार भई रहेको कृषि क्रियाकलाप अवलोकन गर्न लैजाने यस बारे छलफल गरी के उत्पादनको लागि के कसरी बालीनाली लगाइन्छ, के-के तयारी गरिन्छ? गोडमेल, मलजल कहिले कहिले गरिन्छ, उत्पादन कहिले कसरी निकालिन्छ, | • वास्तविक अन्न, दलहन, तरकारीहरूको नमूना, पेन्टिङ चित्र,<br>• फोटो, अडियो, भिडियो<br>• सेतोपाटी, मार्कर<br>• शब्द/मेटा कार्ड वा सोको | • वैतेश्वर गा. पा. मा गरिने खेतीबाली (कृषि उत्पादन) (खाद्यान्न, तरकारी, दलहन, तेलहन, फलफूल) को सूची तयार गर्न लगाउँने ।<br>• के-के प्रयोजनको लागि | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | धान काट्ने आदि) बारे बताउन र कृषि उत्पादनहरूको सूची बनाउन र कुनै एक व्यावसायिक अन्नबाली वा तरकारी खेतीमा सहयोगीको भूमिका निर्वाह गर्न । | रुपमा उत्पादन हुने विभिन्न अन्नबाली, दलहन, तेलहन, तरकारी र फलफूलहरू<br>• वैतेश्वरमा व्यावसायिक खेतीको सम्भावना भएको अन्नबाली वा तरकारी बालीहरू | त्यसको प्रोसेसिङ, भण्डारण कहाँ कसरी गरिन्छ र अन्यमा उपभोग वा विक्रिवितरण कहिले, कसरी गरिन्छ छलफल गरी विद्यार्थीलाई कुनै कृषि उत्पादनको सम्पूर्ण चरणहरू बारे जानकारी गराउने ।<br>• के-के कृषि क्रियाकलाप विद्यार्थीको घरपरिवारले, छरछिमेकीले गर्छन् , ती कृषि उपजबाट के के प्राप्त हुन्छ र ती उपज हामीलाई किन आवश्यक पर्छ भनी समूह बनाई छलफल गरेर कापीमा लेख्न र हरेक समूहलाई प्रस्तुत गर्न लगाउँने (खान, बेच्न, आवश्यक परेको अरु सामान साट्न) । त्यसपछि छलफल गर्ने ।<br>• विभिन्न स्थानीय कृषि उपज विद्यार्थीलाई घरबाट एक-एक वटा नमूनाको रुपमा ल्याउन लगाउँने । प्रत्येक नमूनाको नाम कागजमा लेखेर कक्षामा डोरीमा झुड्याएर राख्न लगाउँने ।<br>• सम्भव भएमा गाउँपालिकाको कृषि विकास केन्द्रको प्राविधिकलाई आमन्त्रण गरी व्यवस्थित करेसाबारी, र व्यावसायिक तरकारी खेती बारे कक्षा लिन लगाउँने ।<br>• हरेक विद्यार्थीको घरमा करेसाबारी र तरकारी खेतीको नमूना अभ्यास गर्ने लगाउँने | लागि प्रयोग गर्न सकिने पेपर<br>• व्यावसायिक खेती गर्ने अन्नबाली वा तरकारीको बिउँ र सोको व्यसायिक खेती सम्बन्धी जानकारी पुस्तिका | कुन-कुन बालीनाली वैतेश्वरमा लगाउँने गरिन्छ भनी लेख्न र बताउन वा समूहगत प्रस्तुतीकरण गर्न लगाउँने ।<br>• विद्यार्थीले घरमा लगाएको (व्यस्थापन गरेको) करेसाबारी र तरकारी खेतीको नमूना अभ्यासको प्रगति विवरण एवं उत्पादनको प्रतिवेदन तयार गर्न लगाई सोको आधारमा मूल्याङ्कन गर्ने ।<br>• "पुस्तकालय" को लागि गरेको कक्षागत क्रियाकलाप, अभ्यास आदिको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | र शिक्षकले (वा ९, १० कक्षामा अध्ययनरत घर नजिकको विद्यार्थी मार्फत्) त्यसको निगरानी गर्ने गराउने। त्यो बाली पाकेपछि भ्रमण गरी वा सोको भिडियो हेरी विद्यार्थीको कार्यको पृष्टपोषण दिने । विद्यार्थीको नाम, कक्षा, रोल नं. र बाली निकालेको वा विद्यालयमा ल्याएको मिति समेत लेखेर पाकेको बालीको नमूना कक्षा र पुस्तकालय मा कक्षा अनुसार मिलाएर राख्ने । | | | |
| | ५.२ वैतेश्वर गा. पा. मा गरिने पशुपालन सम्बन्धी गतिविधिहरू बारे बताउन र यसको कुनै एक किसिमको पशुपंक्षी पालनको अभ्यासमा सहायक भूमिका निर्वाह गर्न । | वैतेश्वर गा. पा. बासीले पाल्ने पशुपंक्षीहरू जस्तै कुखुरा, हाँस, खसीबाख्रा, भेडा, गाईगोरु, राँगा भैंसी, सुँगुरबङ्गुर, खच्चड, घोडा, मौरी आदि पालन सम्बन्धी जानाकारी<br>ती पशुपंक्षीहरूको उपयोग वा त्यसबाट पाइने कुरा (उत्पादन) हरू<br>वैतेश्वर गा. पा. मा व्यावसायिक पशुपालनको सम्भावना भएको पशुपंक्षीहरू | विद्यार्थीहरूलाई आफ्नो घरमा के के पशुपंक्षी पालेको छ र ती पशुपंक्षीहरूले के दिन्छ वा केको लागि काम पालेको हो छलफल गर्ने ।<br>विद्यालय नजिककै कसैले गरेको व्यावसायिक वा उत्कृष्ट पशुपालनको अवलोकन भ्रमण गर्न लैजाने यस बारे छलफल गरी के उत्पादनको लागि के कसरी पशुपालकन गरेको हो, के कसरी गरेको, के कसरी कहिले स्याहासुसार, औषधीउपचार गर्नु पर्छ, कति समयमा, कहिले बेच्न तयार हुन्छ, कहाँ लगेर वा कसलाई विक्री गर्ने र कति आम्दानी हुन्छ भन्ने बारेमा अगुवा कृषकलाई बताउन लगाउँने र पछि छलफल गराउने ।<br>विद्यालय व्यवस्थापन समिति र पशु प्राविधिकसँग छलफल एवं परामर्श गरी | व्यावसायिक पशुपंक्षी पालन सम्बन्धी पोस्टर, भिडियो<br>सेतोपाटी, मार्कर<br>शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर "पुस्तकालय"<br>व्यावसायिक खेती गर्ने अन्नबाली वा तरकारीको बिउ र सोको व्यसायिक खेती सम्बन्धी जानकारी पुस्तिका | आफ्नो गाउँघरमा के-के का लागि कुन-कुन पशुपंक्षी पालिन्छ लेख्न लगाउँने<br>घरमा पशुपंक्षी पालेको भए आमाबुबालाई के कसरी, कहिले सहयोग गर्ने गरेको छ वा छैन भनेर अभिभावकलाई सोध्ने । यदि छैन भने कसैले गरेको पशुपंक्षी पालनको अवलोकन गरेर सोको विवरण तयार गरी प्रस्तुत गर्न लगाउँने ।<br>विद्यार्थीले घरमा गरेको व्यावसायिक पशु वा पंक्षी पालनको नमूना अभ्यासको | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विद्यार्थीको घरमा बाख्रा, भेँडा वा कुखुरा वा हाँस आदि मध्ये कुनै एकको व्यावसायिक नमूना अभ्यास लगाउँने वा गर्न प्रोत्साहित गर्ने सम्भव भएमा गाउँपालिकाको पशु सेवाकेन्द्रको प्राविधिकलाई आमन्त्रण गरी व्यावसायिक पशुपालन बारे कक्षा लिन लगाउँने । सो व्यावसायिक पशुपालनको लागि कहिले के के गर्ने भनी कार्यतालिका बनाई सोही अनुसार गर्न लगाउँने र शिक्षकले त्यसको निगरानीगर्ने ।<br>सो पशुपंक्षीको विकासबृद्धि के कसरी भएको छ सो बारे निश्चित अवधीको अन्तरालमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिने । | | प्रयास र प्रगतिको आधारमा मूल्याङ्कन गर्ने । | |
| | ५.३ वैतेश्वर गा. पा. मा भएका कुनै छ वटा जडीबुटी हरु (जस्तै वनमारा, तितेपाती, मलायगिरि, बोझो, ठुलो आख्ता, दुबो) को उपयोग बताउन र संरक्षण गर्न वा गराउन अभिभावकलाई सघाउन । | वैतेश्वर गा.पा.भित्र उपलब्ध हुने घर वरपर पाइने जडीबुटीहरु | आफ्नो वरपर पाइने जडीबुटीहरु सङ्कलन गरी कक्षाकोठामा निम्न बुँदामा केन्द्रित भई चार समूह बनाई छलफल गर्न लगाउँने र सोको प्रस्तुति गर्न लगाउँने ।<br>• यसको बनोट<br>• यसको उयोग<br>• यसलाई लगाउँने, हुर्काउन वा संरक्षण गर्ने तरिका<br>• यसलाई भण्डारण गर्ने तरिका<br>विद्यार्थीहरूलाई आवश्यक परेको खण्डमा सहयोग गर्ने ।<br>विद्यालयले तोकेको ठाउँमा विद्यार्थीलाई | जडीबुटीको नमुना सङ्कलन जडीबुटीको नाम र उपयोगिता चार्ट | कुनै छ वटा प्रचलित जडीबुटीको नाम सोध्ने ।<br>प्रत्येक जडीबुटीको चित्र देखाई त्यसलाई लगाउँने र भण्डारण गर्ने तरिका सोध्ने ।<br>प्रत्येक जडीबुटीको नाम र उपयोग जोडा मिलाउन लगाउँने ।<br>विद्यालयले तोकेको ठाउँमा कम्तिमा एउटा जडीबुटी लगाई नियमित गोडमेल र | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कम्तिमा एउटा जडीबुटी लगाउन लगाई नियमित गोडमेल र संरक्षणं गर्न लगाउँने र सो क्रियाकलापको अवलोकन गर्ने । | | संरक्षणं गर्न लगाउँने र सो क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |
| | ५.४ वैतेश्वर गा. पा. का मानिसहरूले गर्ने विभिन्न पेसा व्यवसायहरू मध्ये १० वटाको नाम भन्न र कुनै ४ वटाको लागि आवश्यक पर्ने ज्ञान सिपको बारेमा बताउन । | वैतेश्वरबासीले गर्ने वा अपनाएका विभिन्न किसिमका पेसा तथा व्यवसायहरू जस्तै कृषि (खेतीपाती, पशुपालन), पसल, होटल/खाजाघर, वैदेशिक रोजगारी, जागिर (शिक्षण, निजामतिको जागिर, प्रहरी, सेना आदि), सिपमूलक (सिकर्मी, डकर्मी, मजदुरी, मादल बनाउने, मादलमा खरी राख्ने, वाइरिङ, पेन्टिङ आदि) | विद्यालय वरिपरि भएका विभिन्न पेसा व्यवसायमा अवलोकन भ्रमण गराउने र स्थानीय व्यक्तिहरू भएको पेसा व्यवसायको बारेमा परिचित गराउने ।<br>अवलोकन भ्रमणपछि विद्यार्थीहरूसँग छलफल गर्ने र स्थानीय पेसा व्यवसायको फाइदा बारेमा छलफल गराउने र बुँदागत रुपमा पाटीमा लेखिदिने ।<br>स्थानीय स्तरमा भएका पेसा व्यवसाय, कार्यस्थल र संलग्न व्यक्ति (पेशेवर) हरूको नेपाली, अङ्ग्रेजी र स्थानीय शब्दावली भए त्यसमा पनि सिकाउने ।<br>आफूलाई मन पर्ने पेसा कुन हो र किन भनी सोध्ने । अन्तमा सबै पेसा व्यवसाय समान, महत्त्वपूर्ण र सम्मानजनक हो भनी बुझाउने ।<br>अवलोकन गरेको विभिन्न पेसा व्यवसाय मध्ये कुनै एकको बारेमा एक पृष्ठ लेखेर ल्याई कक्षामा प्रस्तुतीकरण गर्न लगाउँने । | स्थानीय स्तरमा भएका वास्तविक पेसा व्यवसाय, कार्यस्थल र संलग्न पेशेवरहरूको चित्र, फोटो, अडियो, भिडियो सेतोपाटी, मार्कर शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | स्थानीय स्तरमा भएका पेसा व्यवसाय, कार्यस्थल र संलग्न व्यक्तिहरूको शब्दावली सूची तयार गर्न लगाउँने वा जोडा मिलाउन लगाउँने ।<br>आफनो घरपरिवार वा छरछिमेक वा आफन्तले गरेको वा आफूले अवलोकन गरेको १/१ वटा पेसा व्यवसायको बारेमा भन्न वा लेख्न लगाउँने ।<br>स्थानीय पेसा व्यवसाको ५ वटा फाइदा भन्न, लेख्न लगाउँने । | ५ |
| | ५.५ वैतेश्वर गा. पा. मा गरिने प्रमुख उद्यम | वैतेश्वरमा गरिने विभिन्न उद्यम तथा व्यवसायहरु | उद्यमव्यवसाय सम्बन्धी जानकारी<br>श्रमको अर्थ कुनै पनि किसिमको वस्तु उत्पादन तथा सेवा दिनको लागि गरिने | सेतोपाटी, मार्कर<br>गाउँ पाश्र्वचित्र<br>गाउँपालिकाको स्रोत नक्सा | श्रमको अर्थ उदाहरण सहीत बताउन लगाउँने ।<br>वैतेश्वरमा भएको विभिन्न | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यवसायहरुलाई शारीरिक, मानसिक वा दुवै श्रमको आवश्यकता पर्ने गरी तीन समूहमा विभाजन गर्न । | | शारीरिक, मानसिक वा दुवै किसिमको काम हो भन्ने बुझाउने । खेतमा जोत्नेदेखि पढाउने र पसल चलाउने देखि हवाईजहाज चलाउने सम्म सबै श्रम हो । हामी हरेकले कुनै न कुनै प्रकारको श्रम गर्नु पर्छ अर्थात् कुनै किसिमको पेसा व्यवसाय वा उद्यम चलाउनु पर्छ भनी बुझाउने ।<br>पेसा व्यवसाय, उद्यम, उद्योगधन्दाको फाइदाहरू के के होला भनी छलफल गरी बुँदागत रुपमा लेखिदिने ।<br>वैतेश्वर गा. पा. मा के-के पेसा व्यवसाय र उद्योगधन्दाहरू छन् भनी सोध्ने र छुटेको भए थपिदिने ।<br>वैतेश्वरमा भएका र स्थानीय व्यक्तिले संचालन गरेको एउटा उत्पादनमूलक र एउटा सेवामूलक व्यवसाय, उद्यम वा उद्योगको अवलोकन भ्रमण गराई भ्रमणमा देखेसुनेको र थाहापाएको आधारमा १ अनुच्छेद लेख्न लगाई प्रस्तुत गर्न लगाउँने । | वैतेश्वर गा. पा. मा भएको श्रम, पेसा व्यवसाय, उद्यम, उद्योगधन्दाहरूको सूची तथा जानकारी विवरण भएका सन्दर्भ सामग्रीहरू<br>क्यामेरा<br>सान्दर्भिक भिडियो | पेसा, व्यवसाय र उद्यमको सूची तयार गर्न लगाउँने ।<br>आफूलाई थाहा भएको कुनै एक व्यवसाय वा उद्यम वा उद्योगको बारेमा बताउन वा एक अनुच्छेद लेख्न लगाउँने ।<br>विद्यालयमा गराएको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |
| ६. स्थानीय ज्ञान, सिप तथा प्रविधि | ६.१ वैतेश्वर गा. पा. मा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय | वैतेश्वरको स्थानीय ज्ञान, सिप र प्रविधिहरू<br>ती ज्ञान, सिप र प्रविधिबाट बनेका वा तयार गरीउका घरायसी दैनिक प्रयोजनको | विद्यार्थीहरूलाई आफ्नो घरमा काठ, बेतबाँस, ढुङ्गा, फलाम, तामा, पित्तल, काँसबाट बनेका के-के सामानहरू छन् भनी कापीमा सूचीबद्ध गरी लेख्न लगाउँने र पालैपाले भन्न लगाउँने ।<br>ती सामान कसले बनाएका र कसरी बनाएको | स्थानीय ज्ञान, सिप र प्रविधि प्रयोग गरी बनाइएको घरेलु तथा कृषि सामग्री, औजारहरूको सचित्र सूची, फोटो र नमूनाहरू | काठ, ढुङ्गा र बाँसबाट बनेका घरमा प्रयोग गरिने ५/५ वटा सामानको नाम लेख्न लगाउँने ।<br>स्थानीय रुपमा काठ, बाँस, | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सिप तथा प्रविधिहरू मध्ये १० वटाको सिप तथा प्रविधिहरुको सामान्य परिचय दिन र कुनै एक तयार पार्न वा सोको लागि सहयोग गर्न । | लागि, सामाजिक एवं संस्कृतिक कार्यका लागि आवश्यक पर्ने वस्तु तथा सरसामानहरू | हो भनी प्रश्नोत्तर गर्ने ।<br>सम्पूर्ण सामान आफ्नै घरमा बनेको, घरमा होइन तर वैतेश्वरमा बनेको र त्यो भन्दा बाहिरको बजारबाट ल्याएको गरी ३ समूहमा छुट्याउन लगाउँने ।<br>स्थानीय सरसामानहरूको चित्र, कागजको नमूना (क्राफ्टिङ) बनाउन र रङ लगाउन लगाउँने र सोको प्रदर्शनी गर्न लगाउँने ।<br>स्थानीय ज्ञान, सिप र प्रविधिमा बनेका सरसामान, र निर्माण गर्ने तरिका भिडियोको मार्फत् वा सम्बन्धित व्यक्ति मार्फत् प्रदर्शन गरी देखाउने<br>स्थानीय ज्ञान, सिप र प्रविधिमा बनेका सरसामान फाइदा बारेमा सरल भाषामा उदाहरण दिई बुझाउने र यस्ता सरसामानको प्रयोग गर्न सके आत्मनिर्भर हुन सकिने भनी यस्ता सामानको प्रयोग गर्न प्रोत्साहित गर्ने ।<br>यस्ता स्थानीय सरसामान, औजार आदिको बारेमा कक्षामा प्रस्तुतीकरण गराउने ।<br>सामानका केही उदाहरणहरू:<br>बेतबाँसका सामानहरू जस्तैः डोको नाम्लो, नाङ्लो, थुन्से आदि<br>काठबाट बनेका सामानहरू जस्तैः ठेकी, दुधेरो, ढुङ्ग्रो, मदानी, पिरा, मुढा, ढिकी | क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल आदि<br>रङ भर्ने स्थानीय सामानहरूको सादा चित्रहरू<br>स्थानीय सामानहरू बनाएको भिडियो | ढुङ्गाबाट बनेका घरेलु तथा कृषि सामग्री र औजारको चित्र र नाम जोडा मिलाउन वा वाक्यमा खाली ठाउँ भर्न लगाउँने ।<br>विभिन्न सामान, वस्तुको सूची वा चित्र दिएर स्थानीय सामान भए ठीक र आधुनिक वा आयातित सामान भए बेठीक शब्द वा चिन्ह लेख्न लगाउँने ।<br>स्थानीय सामानहरूको सादा चित्रहरूमा रङ भरी नाम लेख्न लगाउँने ।<br>कुनै १० वटा सामान/औजारहरु के को लागि उपयोगी हुन्छन् भनी सोध्ने ।<br>वैतेश्वरमा प्रचलित स्थानीय प्रविधि र आधुनिक वा आयातित सामान बिचको फरक लेख्न लगाउँने ।<br>कुनै एक स्थानीय प्रविधिको उचित प्रयोग गरे नगरेको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | काठबाट बनेका घरेलु तथा कृषि औजारहरू, जस्तैः हलो, जुवा, दाँते, दाँदे, डल्लेठो, काठको बाकस (सन्दुक), कालोपाटी, झ्यालढोका, ओखल, ढिकी<br>ढुङ्गाबाट बनेको सामान जस्तैः सिलौटो, लोहोरो, जाँतो<br>स्थानीय स्तरमा बनेका फलाम, तामा र अन्य धातुका घरेलु तथा कृषि औजारहरू, जस्तैः खुकुरी, हँसिया, कुटो, कोदालो, ओदान आदि के के छन् विद्यार्थीलाई सोध्ने र सूची बनाएर यसको महत्त्व बुझाउने ।<br>फलामे ओदान, ढुङ्गामाटोको घर, छपट (ढुङ्गा)को छाना, बाँसको सामान, ढिकी, जाँतो, पानीघट्ट, ढुङ्गाको पर्खाल, बार बार्ने, कुलो, काठको सामान बनाउने कामहरू स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित हो भनी बुझाउने । आधुनिक ज्ञान, सिप र प्रविधिको विकास वा उपलब्धता हुनु अगाडि यी सबै यी ज्ञान, सिप र प्रविधिको प्रयोग गरी स्थानीय जनजीवन चलेको र हाम्रा आवश्यकता पूरा भएको कुरा (महत्त्व) लाई सहज र सरल ढङ्गले बुझाउने | | बारे अभिभवकसँग बुझी मूल्याङ्कन गर्ने । | |
| ७. मातृभाषा, संस्कृति र | ७.१ वैतेश्वरमा बसोबास गर्ने | वैतेश्वर गा.पा.क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, | वैतेश्वर गा. पा. क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको सूची तयार गरी | स्थानीय जाति, समुदायको सामाजिक संस्कार, | आफ्नो परिवार (समुदायले) गर्ने सामाजिक संस्कार, | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| चाडपर्व | विभिन्न जाति, जनजातिहरूको मातृभाषा, मौलिक संस्कृति र सामाजिक संस्कारहरूको सूची बनाई आ-आफ्नो भाषा संस्कृतिको महत्त्व बताउन । | जनजातिहरूको सूची<br>उनीहरूको मातृभाषाको सूची<br>स्थानीय समुदायमा प्रचलित विभिन्न संस्कृति, सामाजिक संस्कार, चाडपर्व, मेलाको सूची<br>मातृभाषाको गीत तथा नृत्य, लघुकथा<br>उनीहरूको भाषा, संस्कृतिको महत्त्व | उनीहरूको मातृभाषा, साझा र सम्बन्धित समूदाय विशेषको मौलिक संस्कृति, सामाजिक संस्कार र मेलापर्वको सूची बनाउन समूहगत अभ्यास गराई पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने । विद्यार्थीले तयार गरेको सूचीलाई पूर्णता दिने ।<br>आ-आफ्नो परिवार (समुदाय) ले गर्दै आएको सामाजिक संस्कार र विभिन्न संस्कृतिहरू र तिनको महत्त्व बारे अभिभावकसँग सोधेर लेखेर ल्याउन लगाउँने र कक्षाकोठामा प्रस्तुत गर्न लगाउँने ।<br>ती मध्ये एउटाको बारेमा विस्तृत रुपमा व्याख्या गरेर लेखेर ल्याउन लगाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउँने ।<br>विद्यालयको सांस्कृतिक कार्यक्रममा कक्षागत रुपमा स्थानीय सामाजिक संस्कार चालचलन, विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण (नक्कली वा नमूना) संम्बन्धी झाँकी प्रदर्शन गर्न लगाउँने ।<br>मातृभाषाको गीत तथा नृत्य, लघुकथा प्रस्तुत गराउने ।<br>मातृभाषामा स्थानीय विषयको बारेमा अनुच्छेद लेख्न र कक्षामा सुनाउन लगाउँने । | सांस्कृतिक क्रियाकलापहरू, चाडपर्व सम्बन्धी जानकारी भएको सन्दर्भ सामग्रीहरू<br>गाउँ पाश्र्वचित्र<br>सेतोपाटी, मार्कर<br>भिडियो रेकर्डिङ | सांस्कृतिक क्रियाकलाप, समुदाय विशेषको मौलिक चाडपर्वको सूची तयार गर्न लगाउँने ।<br>वैतेश्वरबासी प्रायः सबैले मनाउने चाडपर्वको नाम भन्न लगाउँने ।<br>मातृभाषामा गीत गाउन, नृत्य प्रस्तुत गर्न र लघुकथा भन्न, सुनाउन लगाउँने ।<br>विद्यालयको सांस्कृतिक कार्यक्रममा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |
| | ७.२ वैतेश्वरमा | वैतेश्वर गा. पा. क्षेत्रमा | कक्षाकोठा वा पुस्तकालयमा वैतेश्वरका | वैतेश्वरका सबै जाति, | विद्यालयको सांस्कृतिक | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेषका सामाजिक संस्कार र संस्कृति मध्ये कुनै ३ को मनाउने तरिका बताउन, सो चाडपर्व पर्ने महिना/तिथि बताउन । | बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको मौलिक पहिरन (वेशभूषा, गरहना) स्थानीय सामाजिक संस्कारहरू मध्ये केही शुभकर्म (जस्तैः न्वारान, पास्नी, छेवर, गन्यूचोली दिने, व्रतबन्ध, विवाह आदि) वा मृत्य संस्कार मध्ये कुनै ३ को मनाउने तरिका र सो शुभकार्य पर्ने तिथि मिति बताउन कुरा बताउन । | विभिन्न जातीजनजातिहरूको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक-एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राख्ने र विद्यार्थीलाई अवलोकन गराई सोको पहिचान गराउने ।<br>विद्यार्थीहरुलाई उनीहरुको जातजाति मिल्ने गरी समूहमा विभाजन गर्ने र ३ वटा शुभकार्य र कुनै एक मृत्यु संस्कारको बारेमा लेख्न लगाउँने र कक्षाकोठामा प्रस्तुत गर्न लगाउँने ।<br>हरेका जातीजनजाति विशेषको मौलिक वेशभूषा र गहनाको नाम के हो र कस्तो कार्यमा त्यसको प्रयोग हुन्छ भनी आफ्नो अभिभावकसँग सोधेर कापीमा लेखेर ल्याउन लगाउँने र पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने ।<br>सबैको सांस्कृतिक वेशभूषा उत्तिकै उत्कृष्ट, आकर्षक, मौलिक, पहिचान दिने र मौलिक छ र एकअर्काको वेशभूषाको कदर गर्नु पर्ने कुरा सिकाउने ।<br>विद्यालयको सांस्कृतिक कार्यक्रममा कक्षागत रुपमा स्थानीय सामाजिक संस्कार चालचलन, विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण (नक्कली वा नमूना) संम्बन्धी | जनजातिहरूको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक-एक जोडीको स्थानीय क्षेत्रमा गरिने शुभकार्य तथा मृत्य संस्कारको भिडियो सामग्री फ्लेक्स प्रिन्टिङ फोटो क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल, कलर साइनपेन आदि | कार्यक्रममा प्रदर्शन हुने सांस्कृतिक झाँकीमा विद्यार्थीको आफ्नो मौलिक वेशभूषामा सहभागिता देखाएको र आ-आफ्नो जाति, समुदायको मौलिक सामाजिक संस्कार, संस्कृतीजन्य प्रदर्शन वा प्रस्तुतीकरणमा सहभागिता भएको बारेमा भन्न लगाउँने ।<br>आ-आफ्नो जाति, समुदायको विवाह, पास्नी, व्रतबन्ध, छेवर वा गुन्यु चोली दिने जस्ता विद्यार्थी आफूले सहभागी भएको वा देखेको कुनै ३ को मनाउने तरिका र महत्त्व बताउन लगाउँने ।<br>विद्यार्थीहरुलाई उनीहरले देखेका वा सुनेका मृत्यु संस्कारका बारेमा भन्न लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | झाँकी प्रदर्शन गर्न लगाउँने ।<br>स्थानीय चलन अनुसार हुने आफूले भाग लिएको चाडपर्वको बारेमा छोटो कथा बनाएर सुनाउने, छलफल गर्ने र सो पाठ सम्बन्धी गृहकार्य बनाएर दिने ।<br>भिडियोको माध्यमबाट विभिन्न चाडपर्व तथा मृत्यु संस्कारको बारेमा स्पष्ट पार्ने ।<br>विद्यार्थीको आफ्नो परिवार, आफन्त र छिमेकमा भएको विवाह, पास्नी, व्रतबन्ध, छेवर वा गुन्यु चोली दिने जस्ता शुभकार्यको बारेमा देखेको कुरा प्रस्तुत गर्न लगाउँने । | | | |
| | ७.३ वैतेश्वर गाउँपालिकामा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुले मनाउने साझा चाडपर्वहरूको सूची बनाई कुनै ३ को मनाउने तरिका र महत्त्व बताउन। | वैतेश्वर गाउँपालिकामा बसोबास गर्ने मानिसहरुले मनाउने साझा चाडपर्वहरू | विद्यार्थीहरूलाई आफ्नो गाँउघरमा मनाईने कुन कुन चाडपर्व मन पर्छ, किन मन पर्छ, ती चाडपर्वमा के के गरिन्छ भनी सोध्ने र छलफल गर्ने ।<br>वैतेश्वरमा प्रचलित चाडपर्वको चिनारी तयार गरी पाठ बनाई पढाउने वा अडियोभिजुअल रेकर्ड (क्लिप) वा फोटो सङ्कलन गरी विद्यार्थीलाई देखाउने र छलफल गराउने ।<br>वैतेश्वरमा मनाइने मुख्य चाडपर्वहरूको नाम लेख्न लगाउँने ।<br>वैतेश्वरमा मनाइने साझा चाडपर्व के के हुन फोटो/अन्य सामग्री हेरी चिन्न लगाउँने र तिनीहरु कसरी मनाईन्छ चित्र वा भिडियो | वैतेश्वरमा प्रचलित चाडपर्वको चिनारी भिडियो रेकर्ड (क्लिप) चित्र, वा चाडपर्व मनाएका तस्वीरहरु<br>सेतोपाटी, मार्कर | वैतेश्वरमा मनाइने साझा चाडपर्वहरूको नाम लेख्न लगाउँने ।<br>विद्यार्थीहरुलाई दिईएको मध्ये आ-आफ्नो मन पर्ने चाडको बारेमा एक पेज लेख्न लगाउँने ।<br>उनीहरुलाई मन पर्ने कुनै ३ चाडपर्व मनाउने तरिका र सोको महत्त्व भन्न लगाउँने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सामग्रीको माध्यमबाट प्रस्ट पारिदिने । | | | |
| ८. स्थानीय खेलकुद, मनोरञ्जन ा साहित्य | ८.१ वैतेश्वर गा. पा. मा प्रचलित खेलकुदहरूको सूची बनाई कुनै ६ वटा खेल खेल्न र तिनीहरुको नियम बताउन खेल्न । | वैतेश्वर गा. पा. मा प्रचलित खेलकुदहरू जस्तैः फुटबल, हाईजम्प, लङजम्प, कपर्दी, डण्डीवियो, रुमाल लुकाई, सिन्का लुकाई, चिँ मुसी चिँ, हात्ती लखेटाई, बाघचाल, डोरी नाघ्ने, डोरी तान्ने, पिटी, रिलेदौड, हिसाब दौड आदि खेल खेल्ने विधि वा तरिका | विद्यार्थीहरुलाई कुन कुन खेल खेल्न मनपर्छ, के के खेल खेल्न आउँछ भनेर सोध्ने र वैतेश्वर गा. पा. मा पहिले देखि प्रचलनमा रहेका र राष्ट्रिय रुपमा प्रचलित विभिन्न किसिमका खेलहरूको बारेमा चित्र देखाएर जानकारी गराउने ।<br>विद्यार्थीको शारीरिक, अवस्था, खेलमैदान वा कक्षाकोठा, विद्यार्थी सङ्ख्या र आवश्यक खेल सामग्री उपलब्धतालाई मध्यनजर गरेर समूहमा खेल्ने खेलहरू खेलाउने (हप्ताको १ पटक सकेसम्म विदाको अघिल्लो दिन)<br>सामूहिक खेल खेलाउने र खेल खेलाउनु पूर्व आवश्यक खेल सामग्रीहरू, खेलको नियम, समयावधि, अनुशासन, सावधानी अपनाउनु पर्ने कुरा, त्यो खेल खेल्दाको फाइदा आदि बारेमा विद्यार्थीलाई बुझाउने र खेल समाप्त भएपछि बालबालिको अनुभव, खेलबाट सिक्नु पर्ने सन्देश बारे बताउने ।<br>घर भित्र खेलिने खेल र घर बाहिर खेलिने खेलहरू छुट्याएर विद्यार्थीलाई (सम्भव भएमा भिडियो देखाएर) बुझाउने र दुवै किसिमका केही किसिमका खेलहरू खेलाउने ।<br>खेल खेलाउँदा सबैलाई पालैपालो नेतृत्वको | खेल अनुसार खेल सामग्रीहरू<br>खेलमैदान वा कक्ष र सोको तयारी<br>प्राथमिक उपचार सामग्री बाकस<br>खेलको नियम लेख्ने र नतिजा (स्कोर) लेख्ने<br>सेतोपाटी वा चार्ट पेपर वा न्युज पेपर | कम्तिमा १० वटा प्रचलित खेलको नाम भन्न लगाउँने ।<br>कम्तिमा ६ वटा खेल खेल्न लगाउँने ।<br>एकल, जोडी र सामूहिक खेलहरूमा बालबालिकाको सहभागिता अवलोकन गर्ने ।<br>घरभित्र र घरबाहिर खेलिने कम्तिमा ५/५ खेलहरूको नाम भन्न लगाउँने ।<br>विद्यालयमा खेलेको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अवसर दिने, फरक क्षमता भएका बालबालिकाहरूलाई पनि समावेश गर्न सकिने खेलहरू खेलाउने र उनीहरूलाई पनि सक्ने भूमिका दिने ।<br>विद्यालयको वार्षिकोत्सव तथा अन्य कार्यक्रममा विद्यार्थीहरूको सहभागिता जनाउन प्रोत्साहित गर्ने । | | | |
| | ८.२ वैतेश्वर गा. पा. मा प्रचलित खेलकुदहरूको शारीरिक, सामाजिक तथा मनोवैज्ञानिक महत्त्व बताउन । | खेलकुदको महत्त्व झल्कने निवन्ध वा कथा | विद्यार्थीलाई खेलकुदको महत्त्वको बारेमा सोध्ने ।<br>खेलकुदको महत्त्व झल्कने लेख वा श्रव्य वा श्रव्य-दृश्य फाईल प्रस्तुत गरी छलफल गराउने र सो लेखबाट मानिसमा खेलबाट हुने शारीरिक, सामाजिक तथा मनोवैज्ञानिक महत्त्व छुट्याएर लेखी प्रस्तुत गर्न लगाउँने । | खेलकुदको महत्त्व झल्कने लेख वा श्रव्य वा श्रव्य-दृश्य फाईल | खेलकुदको शारीरिक, सामाजिक तथा मनोवैज्ञानिक महत्त्व बाताउन लगाउँने । | |
| | ८.३ वैतेश्वर गा. पा. मा प्रचलित लोकगीत र लोकनृत्यहरुको नाम बताउन र कम्तिमा ५ वटा लोकगीत गाउन र ५ वटा लोकनृत्य प्रदर्शन गर्न । | वैतेश्वर गा. पा. मा प्रचलित लोकगीतहरू जस्तैः दोहोरी, तीज गीत, देउसीभैलो, रत्यौली, असारे, झ्याउरे, तामाङ सेलो, जुहारी, भजनकृतन, आदि<br>प्रचलित लोकनृत्यहरू जस्तैः मारुनी, रत्यौली, देउसी भैलो, स्याब्रु, बालन आदि<br>लोक नृत्य गर्ने तरिका | वैतेश्वर गा. पा. मा प्रचलित लोकगीतहरू जस्तैः दोहोरी, तीज गीत, देउसीभैलो, रत्यौली, असारे, झ्याउरे, तामाङ सेलो, जुहारी, भजनकृतन आदि लोकगीतका नाम बालबालिकालाई लेखाइदिने ।<br>ती मध्ये सबैले सुने देखेका लोकगीत र लोकनृत्यका तस्वीर वा भिडियो देखाउने र विद्यार्थीलाई नाचगानमा संलग्न गराउने ।<br>बालबालिकाले सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउन सिकाउने । | स्थानीय लोकगीतको सूची<br>सही भाका, लय र शब्दहरू<br>अडियो भिजुअल रेकर्डर<br>साउण्ड स्पिकर,<br>मल्टिमिडिया प्रोजेक्टर र डिस्प्ले सिस्टम<br>सेतोपाटी वा चार्ट पेपर वा न्युज पेपर | स्थानीय लोकगीत र लोकनृत्यको सूची बनाउन लगाउँने ।<br>लोकप्रिय स्थानीय लोकगीत संयुक्त वा सामूहिक रुपमा गाउन लगाउँने ।<br>लोकप्रिय स्थानीय लोकनृत्य संयुक्त वा सामूहिक रुपमा नाच्न/प्रदर्शन गर्न लगाउँने ।<br>विद्यालयमा गरिने अतिरिक्त | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सम्भव भए यस्तो गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर भाका मिलाएर गाउन लगाई बालबालिकालाई सुनाउने र सिकाउने तत्पश्चात प्रचलित स्थानीय लोकनृत्यहरू के के हुन भनी सेतोपाटीमा लेखी सामान्य परिचय गराउने (कहिले, कसरी नाचिन्छ) ।<br>बालबालिका घरमा गएपछि नाच्न सक्ने लोकनृत्यमा नाच्न अभ्यास गराउने ।<br>बालबालिकाले नाचेको, गाएको भिडियो रेकर्ड गरी उनीहरूलाई नै देखाउने र त्यस्तो स्थानीय नाचगानको लागि अभ्यास गराउने । | | क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |
| ९. धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल | ९.१ वैतेश्वर गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक स्थलहरूको छुट्टा-छुट्टै सूची बानाई २/२ वटाको संक्षिप्त परिचय दिन । | वैतेश्वरको प्रमुख, प्रसिद्ध धार्मिक स्थलहरू जस्तैः मठमन्दिर, गुम्बा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरू<br>सांस्कृतिक स्थलहरू जस्तैः कुनै जाति, समुदाय विशेषको पहिचान, संस्कृति, परम्परा, आस्था, संस्कार आदि गाँसिएको स्थल, गाउँ कुनै जातीजनजाति विशेषको मौलिक विशेषता भएको गाउँ, चाडपर्वमा मेला लाग्ने ठाउँहरू | विद्यार्थीहरूलाई आफ्नो गाउँघर र वरपर भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम सोध्ने, ती ठाउँमा पुगेको छ कि छैन, त्यहाँ के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिँदै ती स्थलहरूको विशेषता सहीत चिनारी बताउने ।<br>वैतेश्वरका विभिन्न सामाजिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक महत्त्व बोकेका स्थलको फोटो, भिडियो सङ्कलन प्रस्तुतीकरण गर्ने ।<br>वैतेश्वरका प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको अलग अलग सूची तयार गरी तिनीहरुको संक्षिप्त | वैतेश्वरको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरूको सूची, विशेषता, जानकारी सम्बन्धी सामग्री<br>वैतेश्वरको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको फोटो (फ्लेक्स प्रिन्ट) र छोटो चिनारी भिडियो<br>गाउँपालिका वा वडाको स्रोत नक्साहरू<br>चित्र कोरेर रङ भर्न | वैतेश्वरमा रहेका कम्तिमा १० वटा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम भन्न लगाउँने ।<br>विद्यार्थीले अवलोकन गरेका वा आफ्नो गाउँघरमा भएका र जानकारी भएका स्थलहरूको बारेमा चिनारी भन्न वा सोको बारेमा एक अनुच्छेद लेख्न लगाउँने ।<br>कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्थानीय प्राकृतिक सम्पदा जस्तैः झरना, पहाड, हिमाल, ताल आदि | परिचय दिने । विद्यार्थीलाई उपयुक्त समय, मौसममा अवलोकन भ्रमण लैजाने । अवलोकन गरेपछि आफूले अवलोकन गरेका कुराहरू कापीमा लेखेर ल्याउन लगाउँने र भ्रमणपछि भ्रमण कस्तो लाग्यो, के देख्नु भयो भनेर सोध्ने र ती स्थलहरूको महत्त्व, संरक्षण एवं प्रवर्द्धन गर्ने कुरा बालबालिकाले बुझ्ने भाषामा बताउने । भ्रमण गरेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्ने, एक अनुच्छेद लेख्न र प्रस्तुत गर्न लगाउँने । त्यहाँको सम्बन्धित जानकार व्यक्तिहरूबाट ती ठाउँ विशेषको विशेषता, महत्त्व बुझी बालबालिकाले बुझ्ने भाषामा सरल तरिकाले अवलोकन गराउँदै बताउने । भ्रमण गरेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्ने, रङ भर्न लगाउँने र सो बारे एक अनुच्छेदमा वर्णन गर्न लगाउँने । | आवश्यक पर्ने पेपर, कलर साइनपेन, पेन्सिल आदि | स्थलहरूको चित्र दिएर रङ भर्न लगाउँने र सोको व्याख्या गर्न लगाउँने । विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |
| | ९.२ वैतेश्वर गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, सांस्कृतिक, | वैतेश्वर गा. पा. को धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको महत्त्व सम्बन्धी अवधारणा | धार्मिक तथा सांस्कृतिक कार्यक्रमले कसरी समुदाय तथा समाजमा मेलमिलाप गराउँछ भन्ने बारे छलफल गराउने । यस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रमले कसरी पर्यटकलाई आकर्षित गर्छन र सो बाट | वैतेश्वर गा. पा. को पर्यटन विकास योजना सम्बन्धी पुस्तिका | धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको महत्त्व बारे भन्न लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको सामाजिक, सांस्कृतिक तथा आर्थिक महत्त्व बारे भन्न । | | के कति आय आर्जन गर्न सकिन्छ भनी छलफल गराउने ।<br>त्यस्तै धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदाको पर्यटनसँग जोडेर छलफल गराउने । | | | |
| १०. समानता, समावेशीता र सामाजिक न्याय | १०.१ जातजाति तथा समुदाय बीच कुनै भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र साथी, समुदाय तथा समाजमा एकापसमा समानता र समावेशीताको मर्म अनुरुप व्यवहार गर्न । | वैतेश्वर गा. पा. को सामाजिक अवस्था (विभिन्न जाति, जनजातिहरू मिलेर बसेको विविधता भित्रको एकता) को परिचय<br>एकता, मेलमिलाप, समानता, सामाजिक विविधता, समता र समावेशीताको अवधारणा | वैतेश्वर गाउँपालिकामा कुन कुन जाति, जनजाति (थर) का मानिसहरू बसोबास गर्छन्, आफ्नो छिमेकी कुन थरको छ भनी छलफल चलाउने, सेतोपाटीमा लेख्ने ।<br>छिमेकीहरूसँग एकापसमा मिलेर बसेको फोटो देखाएर छलफल गर्ने ।<br>छुवाछुत त भेदभावले निम्त्याएका दुर्घटना सम्बन्धी पाठ/समाचार/भिडियो आदि प्रस्तुत गरेर यस्ता अमानवीय कार्यको दुष्परिणाम बारे बुझाउने र भेदभाव, छुवाछुत गर्नु सामाजिक तथा कानूनी तवरले अपराध हो भनी समानताको अर्थ बुझाउने र सोही अनुरुप व्यवहार गर्न सिकाउने ।<br>सबै जाति, जनजाति, वर्ग, लिंग, धर्म, उमेर र अवस्थाका मानिसहरूले समाज समान सहभागिता र अवसर पाउनु पर्छ । टाढा बस्ने (दुर्गम), घरजग्गा नहुने वा थोरै हुने (आर्थिक | सेतोपाटी, मार्कर<br>समावेशी खेल खेलाउनको लागि स्थानीय खेल सामग्री (ससाना ढुङ्गा, रोडा, बालुवा वा माटो, बाल्टी वा अन्य भाँडो, पानी आदि)<br>समावेशी खेल सम्बन्धी छोटो भिडियो | सामाजिक एकता, विविधता, समानता, समता र समावेशीताको अर्थ र उदाहरण बताउन लगाउँने ।<br>सबै बालबालिका मिलेर बस्ने, सँगै खेल्ने, सँगै बसेर खाजा खाने जस्ता समावेशीताको अभ्यास विद्यार्थीले गर्छन् कि गर्दैनन् (विशेष गरी जातीयता, साप्रदायिकता, लैङ्गिकता, अपाङ्गता आदि आधारमा) अवलोकन गर्ने ।<br>विद्यालयमा विद्यार्थीहरूको गतिविधि (बोली व्यवहार) को अवलोकन गरी सोको | 4 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गरीबी), आदि सबैले मौका पाउनु पर्छ । सबैलाई मिलाउनु पर्छ भन्ने अर्थ बुझाउने र समावेशीताको सही सन्देश दिन हातको ५ साना, ठूला, लामा, छोटा औंलाको उदाहरण, विभिन्न प्रजातिका फूलहरू भएको फूलबारी, ससाना ढुङ्गा, रोडा र बालुवा एउटा भाँडोमा अटाएर राख्ने समावेशी खेल खेलाएर वा यस्तै खेलको भिडियो देखाएर समावेशीताको अर्थ र औचित्य बुझाउने ।<br>समानता नभएमा के हुन्छ भनी घरमा छोरा र छोरी बीच, विद्यालयमा छात्र र छात्रा बीच असमान व्यवहार भएमा के हुन्छ तपाईंहरूलाई कस्तो लाग्छ भनेर बालबालिकाले बुझ्ने उदाहरणहरू दिएर समानता र असमानताको अर्थ, असर, आश्यकता बारे बुझाउने ।<br>समावेशीताको बारेमा छलफल गराई सो बारेमा विद्यार्थीलाई आफूले बुझेको कुरा लेखेर कक्षामा प्रस्तुत गर्न लगाउँने । | | आधारमा मूल्याङ्कन गर्ने । | |
| | १०.२ अपाङ्गता (फरक क्षमता) भएका, असहाय, वृद्धवृद्धा अन्य विशेष सहयोग | अपाङ्गताको प्रकार<br>शारीरिक विरामीपन र सहयता<br>वृद्ध उमेर र शारीरिक समस्या<br>परिवार, आफन्त नभएका र | विभिन्न प्रकारका अपाङ्गता मध्ये धेरैजसो हुने अपाङ्गता (शारीरिक, दृष्टि, बोलाइ, सुनाइ) सम्बन्धी बालकथा बनाएर सुनाउने ।<br>बालकथामा उनीहरूको अपाङ्गता के कारणले भएको, परिवार र साथीले के के सहयोग गर्छन | अपाङ्गता र यसको प्रकार, अपाङ्गता सम्बन्धी सही शब्द सम्बन्धी जानकारी पुस्तिका<br>अपाङ्गता, वृद्धवृद्धा, असहाय, | अपाङ्गताको कुनै ३ वटा प्रकार भन्न र चिन्न लगाउँने ।<br>अपाङ्गताको परिचयपत्रको प्रकार (रङ) भन्न वा लेख्न लगाउँने । | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आवश्यक पर्ने व्यक्तिहरू पहिचान, उनीहरुलाई दैनिक जीवनमा आईपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न । | आफूसँग केही नभएका बालबालिका, बिरामी, वृद्धवृद्धाका आदि र उनीहरूलाई आवश्यक पर्ने सहयोग<br>बालबालिकाले गर्न सक्ने सहयोग, सम्मान जनक बोली व्यवहार | र उनीहरू पनि साङ्ग सरह धेरै राम्रो काम गर्न सक्छन् भन्ने बुझाउने ।<br>साहित्यकार झमक कुमारी घिमिरे, लुइस ब्रेइल र अन्य व्यक्तिहरूको फोटो, अपाङ्गता भएका बालबालिका विशेषको) सन्देशमूलक भिडियोहरू सङ्कलन गर्ने र विद्यार्थीहरूलाई देखाएर छलफल गराउने र उनीहरूलाई सधैं माया र सहयोग गर्नु पर्छ, उनीहरूले पनि अरुभन्दा राम्रो र महान् काम गर्न सक्छन भन्ने कुरा बुझाउनु पर्छ ।<br>अपाङ्गता सम्बन्धी राम्रो (उचित) शब्द र नराम्रो (गलत) शब्दहरू सेतोपाटीमा लेखेर राम्रा शब्दहरू मात्र भन्न वा बोल्न प्रेरित गर्ने ।<br>त्यसैगरी कोही नभएका (असहाय), विरामी, वृद्धवृद्धालाई पनि सम्मान गरेर बोल्ने र सहयोग गर्ने कुरा सिकाउने ।<br>कति उमेर पुगेको वृद्धवृद्धा र कुन परिचय पत्र भएको अपाङ्गता भएका व्यक्तिलाई वडा कार्यालयले पैसा/भत्ता (सामाजिक सुरक्षा भत्ता) दिन्छ भनी जानकारी गराउने र वृद्ध, विधवा, अपाङ्गता परिचय पत्र बनाउन वडा कार्यालयमा जानु पर्ने, परिचय पत्र भएपछि सरकारले सेवासुविधा दिने कुरा आफ्नो घरपरिवार, छरछिमेकलाई भन्न प्रोत्सहित गर्ने । | विरामी, दीर्घरोगी व्यक्तिहरूको चित्र, पम्प्लेट वा अडियो, भिडियो<br>अपाङ्गता परिचयपत्रकोनमूना (रातो, निलो, पहिलो र निलो)<br>अपाङ्गता, वृद्धवृद्धा, असहायले प्रयोग गर्ने सहयता सामग्रीहरूको चित्र वा तस्वीर<br>रुमाल, गलबन्दी आदि खेल सामग्रीहरू | अपाङ्गता सम्बन्धी सही र गलत शब्दहरू दिएर सही शब्दलाई ठिक र गलत शब्दलाई बेठीक चिन्ह लगाउन दिने वा सही शब्दहरू एउटा कोठामा र गलत शब्दहरू अर्को कोठामा छुट्टाएर लेख्न लगाउँने ।<br>अपाङ्गता, वृद्धवृद्धा, असहाय, विरामी भएको व्यक्तिलाई गर्नु पर्ने, गर्नु नहुने कुराहरू (बोली व्यवहार) बारे मौखिक सोध्ने र उनीहरूको व्यहार अवलोकन गर्ने ।<br>कस्तो रङको अपाङ्गता परिचयपत्र पाएका व्यक्तिले भत्ता पाउँछ भनी सोध्ने ।<br>विद्यालयमा विद्यार्थीका क्रियाकलाप अवलोकन गरेर मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कोही अपाङ्गता भएको व्यक्ति विद्यालय नजिकमा भए निजलाई बोलाएर अपाङ्गता र उसको अनुभव बारेमा अन्तरक्रिया गराउने ।<br>अपाङ्गता भएका व्यक्ति र वृद्धवृद्धाहरूसँग कस्तो व्यवहार गर्ने, किन गर्ने र कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा समूहगत छलफलपछि प्रस्तुतीकरण गर्न लगाउँने । | | | |
| ११. सामाजिक रुपान्तरण, लोकतन्त्र र संघीयता | ११.१ वैतेश्वर गा. पा. का विभिन्न शाखाहरुको नाम र १/१ वटा काम बताउन । | वैतेश्वर गा. पा. को परिचय, प्रशासनिक कार्यविभाजन र जननिर्वाचित पदाधिकारीहरुको विवरण | वैतेश्वर गा. पा. को चिनारी दिने पुस्तक वा वेवसाईटबाट विभिन्न शाखा र तिनको प्रमुख कार्य लेखिएका मेटा कार्डहरुलाई जोडा मिलाएर राख्ने र सोको बारेमा छलफल गराउने ।<br>वैतेश्वर गा. पा. का जननिर्वाचित पदाधिकारीहरुको नामावली देखाई उनीहरुको वरियताक्रम मिलाएर देखाई पढ्न र लेख्न लगाउँने । | वैतेश्वर गा. पा. को परिचयात्मक पुस्तक, प्रशासनिक चार्ट<br>वैतेश्वर गा. पा. को वेवसाईट | | ७ |
| १२. जीवनोपयोगी सिप | १२.१ जीवनोपयोगी ५ वटा सिप भन्न र कम्तिमा ३ वटा अभ्यास गर्न | विभिन्न किसिमको जीवनोपयोगी सिपहरू (जस्तैः आत्मनिर्भर हुने समूहमा अरुसँग मिलेर बस्नु, सहयोगी हुनु, आफ्नो काम र जिम्मेवारी, प्रभावकारी सुनाइ, आफ्नो सामानको सुरक्षा, पैसाको सदुपयोग, आफ्नो | पेसा व्यवसाय वा रोजगारीका लागी गर्न आवश्यक पर्ने योग्यता, सिपको अतिरिक्त हरेक व्यक्ति आत्मनिर्भर भएर जीवन जीउन विभिन्न किसिमका उपयोगी सिपहरू आवश्यकता पर्ने बताउँदै उदाहरण दिई छलफल गराउने ।<br>केही महत्त्वपूर्ण जीवनोपयोगी सिपहरू बताउने जस्तै आफ्नो सामानको उचित | जीवनोपयोगी सिपहरूको सूची वा फोटो<br>केही महत्त्वपूर्ण जीवनोपयोगी सिपहरू सम्बन्धी मोवाइल भिडियो<br>मेटा कार्ड, मार्कर, सेतोपाटी आदि | हामीलाई आवश्यक पर्ने कुनै ५ वटा जीवनोपयोगी सिपहरू भन्न वा लेख्न लगाउँने ।<br>ती सिप किन सिक्नु जरुरी छ भनी सोध्ने वा लेख्न लगाउँने ।<br>विद्यार्थीहरूले केही | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | लागि खानेकुरा बनाएर (पकाएर) खाने, मितव्ययी तरिकाले किनमेल गर्नु, आदि) | व्यवस्था र सुरक्षा गर्नु, व्यक्तिगत र पारिवारिक सरफाइँ गर्न जान्नु, आफ्नो लागि खाना पकाउनु (तयार गर्नु), अरुसँग मिलेर बस्नु, समयको पालना (व्यवस्थापन), प्रभावकारी सञ्चार, आर्थिक मितव्ययिता (पैसाको सही सदुपयोग), किनमेल गर्न जान्नु, समस्याको समाधान गर्ने, आफ्नो काम र जिम्मेवारी सधैं पूरा गर्नु, कामको प्राथमिकिकरण गर्नु आदि ।<br>यस्ता जीवनोपयोगी सिप भए के हुन्छ र नभए के हुन्छ भनी छलफल गराउने ।<br>अन्य के के सिप हुन सक्छन् भनी विद्यार्थीलाई सोधी सेतोपाटीमा लेखिदिने । यस्ता धेरै जीवनोपयोगी सिपहरू मध्ये कुनकुन सिपअहिले देखि नै तपाईंहरूसँग हुनपर्छ भनी छलफल र अभ्यास गर्न लगाउँने ।<br>कुनै ५ वटा जीवनोपयोगी सिपको बारेमा आफूले बुझेको कुरा एक-एक परिच्छेद लेख्न लगाई प्रस्तुत गर्न लगाउँने । | | जीवनोपयोगी सिपहरू सिके नसिकेको वा व्यवहारमा प्रयोग गरे नगरेको थाहा पाउन गाउँको अवलोकन गरी मूल्याङ्कन गर्ने (अभिभावकसँग सोधबुझ गर्ने) । | |
| १३. सहकारी | सहकारीको साधारण सभाको महत्त्व बताउन, परिवारको सदस्य रहेको सहकारीको | सहकारीको परिभाषा<br>सहकारी सञ्चालनमा साधारण सभाको आवश्यकता<br>स्थानीय तह (वैतेश्वर गा. पा. को विद्यार्थी बसोबास गर्ने | सहकारी सञ्चालनमा साधारण सभाको आवश्यकता थाहा छ भनी सोध्ने, थाहा नभए भनी दिने, लेख्न लगाउँने र लेखेको भन्न लगाउँने ।<br>प्रश्नोत्तर विधिबाट वडामा रहेका सहकारी | सहकारीको स्मारिका<br>सहकारी पुस्तक<br>सहकारीको मोवाइल तस्वीर<br>ब्रोसरहरु | सहकारी संस्था सञ्चालनमा साधारण सभाको महत्त्व भन्न र लेख्न लगाउँने । | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नाम भन्न, उक्त सहकारीको स्थापना, सञ्चालक समितिका पदाधिकारी तथा सहकारीका सदस्यहरुको नाम र सदस्यलाई दिएको कुनै २ सेवा भन्न । | वडा) मा रहेका सहकारीको परिचय, सञ्चालक समिति र ती सहकारीका कार्यहरु | संस्थाको नाम, कार्यालय रहेको स्थान, स्थापना भएको वर्ष, सदस्य सङ्ख्या, सदस्य सेवा , सञ्चालक समितिको सङ्ख्या पालैपालो सोध्ने र अरुलाई साथीले भनेको कुरा भन्न लगाउँने ।<br>सहकारीको अवलोकन भ्रमण गराउने र देखेका र सुनेका कुराहरुको शब्दमा, चित्रमा अभिलेखीकरण गर्न लगाउँने ।<br>साधारण सभामा आफू सहभागी भए नभए जानकारी लिइ साधारण सभाको आवश्यकताको बारेमा बताइदिने<br>सम्भव भएसम्म सहकारीको साधारण सभामा सहभागी गराउने ।<br>सहकारी अभियन्ताद्धारा आमन्त्रित कक्षा लिन लगाउँने ।<br>सहकारीको साधारण सभा सञ्चालन गर्दाको तस्वीर देखाई व्याख्या गर्न लगाउँने । | सहकारी भित्रेपात्रो<br>संघीय/प्रदेशिक/स्थानीय सहकारी ऐन, नियमावली र मापदण्ड<br>सहकारीको साधारण सभाको तस्वीर | | |

## २.९.७. कक्षा ७ को पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण

तालिका ११: कक्षा ७ को पाठ्यक्रमको *क्षेत्र, क्रम* र *विस्तृतीकरण* (Scope, Sequence and Specifications)

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तु तथा विस्तृतीकरण | शिक्षण सिकाइ विधि तथा क्रियाकलाप | शैक्षिक सामग्रीहरू | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १. स्थानीय तहको परिचय | १.१ आफ्नो गाउँटोल र वैतेश्वर गा. पा. को भौगिलिक अवस्था, सामाजिक, सांस्कृतिक, आर्थिक, स्थानीय प्राकृतिक स्रोतसाधन, कलासाहित्य आदि विषयलाई समेटेर परिचय दिन । | □ विद्यार्थी आफू बसोबास गर्ने गाउँटोलको चिनारी झल्किने लेख<br>□ वैतेश्वर गाउँपालिकाको परिचात्मक ब्रोसर, लिफलेट वा पुस्तक | □ गाउँपालिकाको परिचय दिँदा भौगोलिक अवस्था, सामाजिक, सांस्कृतिक, आर्थिक, स्थानीय/प्राकृतिक स्रोतसाधन, कलासाहित्य आदि विषयलाई समेटेर सिलसिलेवार रुपमा भन्न वा लेख्न सिकाउने । एउटा नमूना बनाएर अर्को दिन एक पेजमा परिचय लेखेर ल्याउन गृहकार्य दिने ।<br>□ वैतेश्वर गा. पा. सम्बन्धी विभिन्न स्रोत सामग्रीहरू जस्तै गाउँ पाश्र्वचित्र, जानकारी पुस्तिका, गाउँ परिचय, सन्दर्भ सामग्री उपलब्ध गराउने, आवश्यक निर्देशन वा खाका दिने र कक्षाका विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी वैतेश्वर गा. पा. को छोटो परिचय तयार पार्न समूहगत अभ्यास | □ वैतेश्वर गा. पा. को पाश्र्वचित्र वा जानकारी पुस्तिका<br>□ सिमाना तथा वडा छुट्टिएको वैतेश्वर गा. पा. को स्रोत नक्सा<br>□ भिडियो क्लिप, फोटो<br>□ अन्य सन्दर्भ सामग्रीहरू | □ विद्यार्थीको आफ्नो गाउँ, वडा र वैतेश्वर गा. पा. को परिचय दिन वा एक पृष्ठमा लेखेर तयार गर्न लगाउँने ।<br>□ नक्सा देखाएर वैतेश्वर गा. पा. को बारेमा बताउन लगाउँने ।<br>□ जिल्लाको परिचय लिन लगाउँने ।<br>□ वैतेश्वर गा. पा. को विविध पक्षमा हाजिरीजवाफ गराई सोको आधारमा मूल्याङ्कन गर्ने | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गराउने र पछि सबै समूहलाई प्रस्तुति गर्न लगाउँने<br>□ वैतेश्वरको विभिन्न ठाउँको भिडियो क्लिप्स, फोटो आदि देखाई छलफल गर्ने<br>□ वैतेश्वर गा. पा. सम्बन्धी कक्षागत हाजिरी जवाफ गर्ने गराउने ।<br>□ जिल्लाको सामान्य जानकारी गराउने ।<br>□ वैतेश्वर गा. पा. को परिचय तयार गर्न लगाई प्रस्तुतीकरण गर्न लगाउँने | | | |
| २. स्वास्थ्य सरसफाइ | २.१ आफ्नो व्यक्तिगत सरसफइ आफैं गर्न घर परिवारको सरसफइमा सहयोग गर्न र घर, विद्यालय, बाटो र सार्वजनिक स्थलको सरसफइमा | □ व्यक्तिगत सरसफाइ<br>□ आफ्नो सामानको उचित व्यवस्थापन गर्ने बानी<br>□ घर, विद्यालय, बाटो र सार्वजनिक स्थलको सरसफइ तथा यसमा विद्यार्थीको भूमिका | □ विद्यार्थीको आफ्नो पूर्ण सरसफाइ सम्बन्धी विद्यालयले नियम बनाई सबैले देख्ने ठाउँमा झुण्ड्याउने । ती नियम पालना गर्न बालबालिकालाई भन्ने र यसबारे अभिभावकलाई जानकारी गराउने र घरमा बालबालिकाले यी नियम पालना गरे नगरेको बारेमा बेलाबेलामा सोध्ने<br>□ आफ्नो व्यक्तिगत बाहेक घर, | □ जुत्ता-चप्पल राख्ने र्याक बनाउने स्थानीय सामग्रीहरू<br>□ विद्यालय परिसरमा फोहोर राख्ने टोकरी, डोको वा तोकिएको निश्चित एवं व्यवस्थित ठाउँ<br>□ सरसफइ सम्बन्धी विद्यालयले बनाएको नियम<br>□ घर, कक्षाकोठा, र विद्यालय परिसर, | □ आफ्नो सरसफाइ, पोशाक र अन्य कपडा विद्यार्थी आफैंले सधैं धुने गरे नगरेको बारेमा अभिभावकसँग सोध्ने ।<br>□ विद्यालयको सरसफइ सम्बन्धी नियमको पालना गरे नगरेको विद्यार्थीको क्रियाकलापाको आधारमा मूल्याङ्कन गर्ने ।<br>□ कक्षाकोठा, विद्यालय परिसर, नजिक सार्वजनिक स्थलको सरसफाइ कार्यतालिका | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सहयोग गर्न । | | कक्षाकोठा र विद्यालय परिसर, वरिपरिको बाटो नियमित रुपमा सरसफाइ गर्न कार्य तालिका बनाई सोही अनुसार गर्ने गराउने घर, विद्यालय, मन्दिर जस्ता सार्वजनिक स्थलमा फोहोर राख्ने टोकरी वा निश्चित ठाउँ बनाई त्यसको उचित प्रयोग गर्न लगाउँने<br>□ कम्तिमा विद्यालयको कार्यालय कोठा बाहिर स्थानीय सामानले बनेको जुत्ताचप्पल राख्ने ऱ्याक बनाउने र त्यसमा जुत्ताचप्पल राख्ने व्यवस्था गर्न लगाउँने र तल्लो कक्षाको भाइबहिनीलाई पनि सिकाउन लगाउँने ।<br>□ आफ्नो घर र वरिपरि सफासुग्घर गर्ने बानी लगाउँने र हरेक हप्ताको पहिलो दिन सबै विद्यार्थीले आफूले व्यक्तिगत, घरपरिवार र समुदयमा के कस्तो सरसफइ गरेको हो बताउन लगाउँने । | वरिपरिको बाटो नियमित सरसफाइ गर्ने कार्यतालिका | अनुसार गर्ने गरे गाउँको निरीक्षण गरी मूल्याङ्कन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | □ आफ्नो व्यक्तिगत, घरपरिवार र विद्यालयको सफाईको अवस्था बारेमा सचित्र प्रस्तुतीकरण गर्न लगाउँने । | | | |
| | २.२ सफा र ताजा खानेकुरा, खाना सफा गरेर खान र सफा पानी मात्र पिउन । | □ खानेकुरा सफा र सुरक्षित राख्ने तरिका<br>□ पानी शुद्ध बनाउने र पिउने बानी<br>□ काचै खाने खानेकुरा सफा पानीले धोएर खाने बानी विकास<br>□ बासी, सडेगलेका, झिँगा भन्केका, गनाएका, विग्रेका खानेकुरा खान नहुने कारणहरु | □ सफा खाने कुरा र फोहोर खानेकुरा, त्यसको असर सम्बन्धी चित्र वा पोस्टर देखाएर सफा र ताजा खानेकुरा खाँदा र फोहोर, बासी, सडेगलेको खानेकुरा खाँदा के हुन्छ भनेर छलफल गराउने र सफा र ताजा खानेकुरा मात्र खान प्रोत्साहित गर्ने<br>□ भान्साको सरसफइको बारेमा छलफल गराउने र आवश्यक सुधार गर्नु पर्छ भनी छलफल गर्ने ।<br>□ विद्यार्थी आफैंले लागू गर्न सक्ने भान्साको सरसफाइ सम्बन्धी कार्ययोजना बनाउन लगाउँने । व्यावहारिक कार्ययोजना बनाउन उपयुक्त ढाँचा र आवश्यक फलोअप र पश्नोत्तर गरी कार्ययोजना लागू भए नभएको अनुगमन गर्ने | □ सफा खाने कुरा र फोहोर खानेकुरा, त्यसको असर सम्बन्धी चित्र वा पोस्टर<br>□ भान्सामा खानेकुरा छोपेर राखेको र नछोपी राख्दा फोहोर, झिँगा परेको वास्तविक अवस्था वा पोस्टर वा श्रव्य, दृश्य सामग्री<br>□ भान्साको सरसफाइ सम्बन्धी कार्ययोजना को खाका | □ "भान्साको सरसफाइ सम्बन्धी कार्ययोजना" विद्यार्थीले आफ्नो घरमा लागू गरे नगरेको बुझी मूल्याङ्कन गर्ने ।<br>□ विद्यालयमा हुँदा विद्यार्थीले खाने खाजा वा खानेकुरा सफा गर्ने आनीबानीको आधारमा मूल्याङ्कन गर्ने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. खाद्यान्न तथा पोषण | ३.१ वैतेश्वरमा उत्पादन हुने विभिन्न खाद्यान्न, सागसब्जी, फलफूलको ५/५ वटाको नाम बताउन र त्यसको उपभोगबाट व्यक्तिको पोषणमा हुने सुधार बारे बताउन । | □ वैतेश्वरमा हुने कृषि उब्जनी जस्तैः विभिन्न खाद्यान्न (अन्नबाली, दलहन,तेलहन, तरकारी तथा फलफूल सबैको नाम जस्तै धान, मकै, गहुँ, कोदो, दाल, गहत, साग, काउली, आलु, बन्दा, लौका, फर्सी, लसुन, प्याज, कर्कला, निगुरो आदि । | □ विद्यार्थीलाई समूह विभाजन गरी प्रत्यक समूहलाई आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्न , तरकारी, दलहन-तेलहन, फलफूल, तरकारी (खेतबारी र जङ्गलमा पाइने फलफूल तथा सागसब्जी) को सूची तयार गर्न लगाई ती उत्पादन के का लागि गरिन्छ ( जस्तैः आफैं खान, बेच्न, सामानसँग साट्न वा त्यो बेचेर बजारको खाद्य सामग्री किन्न) भन्ने प्रश्नको उत्तर कापीमा तयार गर्न लगाई सबै समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउँने<br>□ यस्ता स्थानीय खाद्यान्न , दलहन, तेलहन र तरकारीको बिउ कक्षामा डोरी टाँगी नाम लेखेर झुण्डयाउने र हरेकको बारेमा बताउने र विद्यार्थीहरूलाई पनि त्यसरी नै बताउन लगाउँने ।<br>□ स्थानीय खाद्य उत्पादन वा आयातित खाद्य उत्पादन कुन उपभोग गर्नु उचित होला भनी छलफल गराउने । | □ वैतेश्वरमा हुने उत्पादन<br>□ हुने विभिन्न खाद्यान्न, दलहन, तेलहन, तरकारी, फलफूल र वनजङ्गलमा पाइने सब्जीहरूको वास्तविक नमूना वा बिउ वा फोटोहरू<br>□ सेतोपाटी, मार्कर<br>□ करेसाबारी तालिमका लागि आवश्यक तालिम सामग्रीहरू | □ विद्यार्थीलाई ५/५ वटा स्थानीय खाद्यान्न, सागसब्जी, फलफूलको नाम बताउन लगाउँने<br>□ आयातित खाद्य उत्पादन भन्दा स्थानीय खाद्य उत्पादन र सोबाट बनेको खाद्य सामग्रीहरूमा पोषण तत्त्व बढी हुनुको कारण लेख्न लगाउँने ।<br>□ हरेक विद्यार्थीले घरमा करेसाबारी बनाई (सुधार गरी) विद्यार्थीले उचित व्यवस्थापन गरे नगरेको सोधबुझ गरी मूल्याङ्कन गर्ने ।<br>□ कक्षागत र समूहगत क्रियाकलापमा भएको सहभागिता र भूमिकाको आधारमा मूल्याङ्कन गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | स्थानीय खाद्य उत्पादन र त्यसबाट बन्ने खाद्य सामग्री वा परिकारहरू बढी पोषणयुक्त हुने कारण सहित बताउने । ती उत्पादनको उपभोगमा जोड दिन र आयातित उत्पादन र सामग्री सामग्रीहरूको उपभोग कम गर्न प्रोत्साहित गर्ने । हरेक विद्यार्थीले आफ्नो परिवार र छर छिमेकमा यस किसिमको खानपान गर्न गराउन बुझाउन प्रयास गर्न लगाउँने ।<br>□ हरेक विद्यार्थीले घरमा करेसाबारी बनाई वा भएकोलाई सुधार गरी विद्यार्थीलाई उचित व्यवस्थापन गर्न लगाउँने र यसको लागि स्थानीय कृषि प्राविधिक बोलाई तालिम सञ्चालन गर्ने<br>□ पोषण सुधारको लागि स्थानीय खाद्य उत्पादनको महत्त्व सम्बन्धी वतृत्वकला तथा प्रस्तुति गर्न लगाउँने । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३.२ आयातित कम पोषणयुक्त र बजारको पत्रु खानेकुराको सट्टा स्थानीय कृषि उत्पादन (खानेकुराहरू) र आयातित कृषि उत्पादनको उपभोग गर्न र सो बारे समुदायमा सचेतना फैल्याउन । | □ स्थानीय कृषि उपजबाट बनेका विभिन्न खानेकुराहरू (खानाका परिकार) जस्तैः दाल, भात, साग, गेडागुडी, तरकारी र विभिन्न चाडपर्वमा बनाइने वा पकाइने परिकारहरू<br>□ बजार, पसलमा पाइने खाद्यान्न, तरकारी, फलफूल<br>□ बजार पसलमा पाइने पत्रु खानेकुराहरू वा कम पोषणयुक्त (जङ्क फुड) जस्तैः चाउचाउ, विस्कुट, चिजबल, चक्लेट, कोक, जुस आदि | □ कक्षामा समूह बनाई बजार वा पसलमा पाइने खाद्यबस्तुको सूची बनाउन लगाई ती मध्ये स्वस्थ र अस्वस्थ (पत्रु) खाद्य सामग्रीहरूको फरक फरक सूची बनाउन विद्यार्थीहरूलाई समूहगत कार्य गराई प्रस्तुत गर्न लगाउँने<br>□ स्वस्थ खानेकुरा र पत्रु खानाको पोस्टर वा चित्र वा भिडियो देखाएर तिनीहरुको फाइदा तथा वेफाइदा छलफल गर्ने ।<br>□ सम्भव भएमा नजिक भएको स्वास्थकर्मीलाई बोलाएर यस विषयमा एक सेशन पाठ लिन लगाउँने<br>□ आफ्नो घरमा पकाएको, तयार पारेको वा फलेको खानेकुरा खान विद्यार्थीलाई प्रोत्साहित गर्ने ।<br>□ पोषण सुधारको लागि स्थानीय खाद्य उत्पादनको महत्त्व सम्बन्धी समूहगत अभ्यास गरी प्रस्तुतीकरण गर्न लगाउँने । | □ स्वस्थ खानेकुरा र पत्रु खानेकुराहरूको सूची वा वास्तविक नमूना<br>□ खाना, तरकारी, फलफूल सम्बन्धी बालबालिकाले बुझ्ने पोस्टर, भिजुअल बालगीत, भिडियो क्लिप, डिजिटल फोटो<br>□ मार्कर, सेतोपाटी, कापी वा न्युजप्रिन्ट वा चार्ट पेपर | □ स्वस्थ खानेकुरा र पत्रु खानेकुराहरूको फरक-फरक सूची बनाउन लगाउँने ।<br>□ स्वस्थ र पत्रु खानेकुरा बीचको मुख्य भिन्नता छुट्याउन लगाउँने ।<br>□ विद्यार्थीले पत्रु खानेकुराहरू खाने बानी कम भएको छ, छैन भनी अभिभावकसँग सोध्ने<br>□ विद्यालयमा गर्ने विद्यार्थीको आनीबानीको आधारमा मूल्याङ्कन गर्ने<br>□ पोषण सुधारको लागि स्थानीय खाद्य उत्पादनको महत्त्व सम्बन्धी ज्ञान महोत्सवमा भएको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. सदाचार, नैतिकता र सामाजिक मूल्यमान्यता | ४.१ घरपरिवार, समुदाय, समाज, विद्यालय आदि ठाउँमा असल, सभ्य र नैतिकवान् बानी व्यवहार प्रदर्शन गर्न । | □ सभ्य र सुसंस्कृत बोलीव्यहार<br>□ अभिवादन, स्वागत्, आतिथ्यता सत्कार<br>□ सम्मान, मिलनसारिता, सहयोगीपन, दयामाया<br>□ असल चालचालनहरू | □ साथीसङ्गी, परिवारका सदस्य, छरछिमेकी, आफन्त, शिक्षक-शिक्षिका, नेपाली वा विदेशी पर्यटकसँग के कसरी बोल्ने, व्यहार गर्ने अभ्यास छ भनी विद्यार्थीहरूसँग प्रश्नोत्तर गर्ने ।<br>□ यसरी अहिले सम्म गर्दै आएको अभ्यास मध्ये के के सही होला के के गलत होला, के कसरी सुधार गर्नु पर्ला भनेर अन्तरक्रिया गर्ने<br>□ विदेशी पर्यटकसँग गर्न नहुने गलत व्यवहार र गर्नु पर्ने असल (सभ्य) व्यवहार सम्बन्धी भूमिका अभिनय गर्न लगाई छलफल गर्ने<br>□ को को सँग के कसरी कस्तो व्यवहार (जस्तैः स्वागत्, सत्कार, सभ्य र सुसंस्कृत भाषा, बोली) गर्ने भनी छलफल गर्दै उपयुक्त तरिकाहरू टिपोट गरी सिकाउने<br>□ तल्लो कक्षामा पढ्नेलाई भाइबहिनी भनेर बोलाउने र सभ्य व्यवहार गर्नुपर्छ भनी, | □ शब्द कार्डहरू<br>□ राम्रो र नराम्रो बानी सम्बन्धी चित्रहरू, फोटोहरू वा भिडियो<br>□ स्वागत, अभिवादन, विदाइ र अतिथि सत्कारका चित्रहरू, फोटोहरू र शब्दहरू<br>□ सेतोपाटी, मार्कर | □ स्वदेशी तथा विदेशी पर्यटकसँग के कस्तो बोली व्यवहार गर्नुपर्छ भनी प्रश्न सोध्ने<br>□ राम्रो र नराम्रो बानी सम्बन्धी चित्रहरू देखाएर त्यसबारे बताउन लगाउँने ।<br>□ घरपरिवार, विद्यालय, साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने उचित (सही) व्यवहार, आनीबानी अवलोकनको आधारमा मूल्याङ्कन गर्ने ।<br>□ भूमिका अभिनय अभ्यास र छलफलमा सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सिकाउने ।<br>□ विद्यालय र घरपरिवारमा सभ्य र सुसंस्कृत व्यवहार के कसरी गर्न सकिन्छ भन्नेबारेमा कक्षागत अभ्यास गराई प्रस्तुतीकरण गर्न लगाउँने । | | | |
| ५. कृषि, जडीबुटी, पशुपालन, पेसा व्यवसाय तथा उद्यमशीलता | ५.१ वैतेश्वर गा. पा. मा गरिने कृषि गतिबिधिहरू र कृषि उत्पादनहरूको सूची बनाउन र कुनै दुई व्यावसायिक अन्नबाली वा तरकारी खेतीमा सहयोगीको भूमिका निर्वाह गर्न । | □ वैतेश्वरमा हुने विभिन्न कृषि क्रियाकलापहरू जस्तैः खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि<br>□ वैतेश्वर गा. पा. मा स्थानीय रुपमा उत्पादन हुने विभिन्न अन्नबाली, दलहन, तेलहन, तरकारी र फलफूलहरू<br>□ वैतेश्वरमा व्यावसायिक खेतीको सम्भावना भएको अन्नबाली वा तरकारी बालीहरू | □ स्थानीय तहमा समय अनुसार भइरहेको कृषि क्रियाकलाप अवलोकन गर्न लैजाने यस बारे छलफल गरी के उत्पादनको लागि के कसरी बालीनाली लगाइन्छ, के-के तयारी गरिन्छ गोडमेल, मलजल कहिले कहिले गरिन्छ उत्पादन कहिले कसरी निकालिन्छ त्यसको चरण,वा प्रकृया (प्रोसेसिङ) भण्डारण कहाँ कसरी गरिन्छ र अन्यमा उपभोग वा विक्री वितरण कहिले, कसरी गरिन्छ छलफल गरी विद्यार्थीलाई कुनै दुई कृषि उत्पादनको सम्पूर्ण चरणहरू बारे जानकारी गराउने ।<br>□ समूह विभाजन गरी अवलोकन गरेको विभिन्न पेसा व्यवसाय मध्ये कुनै एकको | □ वास्तविक अन्न, दलहन, तरकारीहरूको नमूना, पेन्टिङ चित्र,<br>□ फोटो, अडियो, भिडियो<br>□ सेतोपाटी, मार्कर<br>□ शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर<br>□ पुस्तकालय | □ व्यावसायिक खेती गर्ने अन्नबाली वा तरकारीको बिउँ र सोको व्यावसायिक खेती सम्बन्धी जानकारी पुस्तिका वैतेश्वरमा गरिने खेतीबाली वा कृषि उत्पादन (खाद्यान्न, तरकारी, दलहन, तेलहन, फलफूल) को सूची तयार गर्न लगाउँने<br>□ के-के प्रयोजनको लागि कुन-कुन बालीनाली वैतेश्वरमा लगाउँने गरिन्छ भनी लेख्न र बताउन वा समूहगत प्रस्तुतीकरण गर्न लगाउँने ।<br>□ विद्यालयमा वा तोकिएको ठाउँमा कुनै एक अन्न बाली वा तरकारीको व्यावसायिक नमूना अभ्यास गरी उत्पादन तयार गर्न | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बारेमा एक पृष्ठ लेखेर ल्याई कक्षामा प्रस्तुतीकरण गर्न लगाउँने । <br> विद्यालय व्यवस्थापन समिति, कृषि प्राविधिकसँग छलफल एवं परामर्श गरी विद्यालयले उपलब्ध गराएको जग्गामा वा विद्यार्थीको आफ्नै घरजग्गामा कुनै एक अन्नबाली वा तरकारी बालीको खेती गर्न लगाउँने। सम्भव भएमा गाउँपालिकाको कृषि विकास केन्द्रको प्राविधिकलाई आमन्त्रण गरी व्यावसायिक खेती सम्बन्धी कक्षा लिन लगाउँने । उक्त खेतीको लागि कहिले के के गर्ने भनी कार्यतालिका बनाई सोही अनुसार गर्न लगाउँने र शिक्षकले त्यसको फल्लो अप गर्ने । त्यो बाली पाकेपछि भ्रमण गरी विद्यार्थीको मूल्याङ्कन गर्ने । विद्यार्थीको नाम, कक्षा, रोल नं. र बाली निकालेको वा विद्यालयमा ल्याएको मिति समेत लेखेर पाकेको बालीको नमूना कक्षा | | लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | र पुस्तकालयमा कक्षा अनुसार मिलाएर राख्ने । | | | |
| | ५.२ वैतेश्वर गा. पा. मा गरिने पशुपालन सम्बन्धी गतिबिधिहरू बताउन र दुई किसिमको पशुपंक्षी पालनको अभ्यासमा सहायक भूमिका निर्वाह गर्न । | वैतेश्वर गा .पा .बासीले पाल्ने पशुपंक्षीहरू जस्तै कुखुरा, हाँस, खसीबाख्रा, भेडा, गाई, गोरु, राँगा, भैंसी, सुँगुर, बङ्गुर, खच्चड, घोडा, मौरी पालन सम्बन्धी जानाकारी<br>ती पशुपंक्षीहरूको उपयोग वा त्यसबाट पाइने कुराहरु (उत्पादन)<br>वैतेश्वर गा .पा .मा व्यावसायिक पशुपालनको सम्भावना भएको पशुपंक्षीहरू | विद्यालय नजिकैकै कसैले गरेको व्यावसायिक वा उत्कृष्ट पशुपालनको अवलोकन भ्रमण गर्न लैजाने वा भिडियो देखाउने यस बारे छलफल गरी के उत्पादनको लागि के कसरी पशुपालकन गरेको हो, कसरी गरेको ? कसरी र कहिले स्याहासुसार, औषधि उपचार गर्नुपर्छ ? कति समयमा, कहिले बेच्न तयार हुन्छ, कहाँ लगेर वा कसलाई विक्री गर्ने र कति आम्दानी हुन्छ भन्ने बारेमा कृषकलाई बताउन लगाएर वा सो सम्बन्धीको भिडियो देखाएर छलफल गराउने ।<br>सम्भव भएमा गाउँपालिको पशु सेवा केन्द्रको प्राविधिकलाई आमन्त्रण गरी व्यावसायिक पशुपालन बारे कक्षा लिन लगाउँने ।<br>विद्यालय व्यवस्थापन समिति र पशु प्राविधिकसँग छलफल एवं परामर्श गरी विद्यार्थीको घरमा बाख्राभेंडा वा कुखुरा वा हाँस | व्यावसायिक पशुपंक्षी पालन सम्बन्धी पोस्टर, भिडियो<br>सेतोपाटी, मार्कर<br>शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर<br>पुस्तकालय<br>व्यावसायिक खेती गर्ने अन्नबाली वा तरकारीको बिउँ र सोको व्यावसायिक खेती सम्बन्धी जानकारी पुस्तिका | आफ्नो गाउँघरमा के-के का लागि कुन-कुन पशुपंक्षी पालिन्छ लेख्न लगाउँने ।<br>घरमा पशुपंक्षी पालेको भए आमाबुबालाई के कसरी, कहिले सहयोग गर्ने गरेको छ वा छैन भनेर अभिभावकलाई सोध्ने ।<br>यदि छैन भने कसैले गरेको पशुपंक्षी पालनको अवलोकन गरेर सोको विवरण तयार गरी प्रस्तुत गर्न लगाउँने ।<br>विद्यार्थीले घरमा गरेको व्यावसायिक पशु वा पंक्षी पालनको नमूना अभ्यासको प्रयास र प्रगतिको आधारमा मूल्याङ्कन गर्ने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | आदि मध्ये कुनै दुईको व्यावसायिक नमूना अभ्यास गर्न लगाउँने । सो व्यावसायिक पशुपालनको लागि कहिले के के गर्ने भनी कार्यतालिका बनाई सोही अनुसार गर्न लगाउँने र शिक्षकले त्यसको फलोअप गर्ने । सो पशुपंक्षीको बृद्धि विकास के कसरी भएको छ सो बारे निश्चित अवधिको अन्तरालमा अनुगमन भ्रमण गरी विद्यार्थीको मूल्याङ्कन गर्ने । ती पशुपंक्षी पालनको अन्तिम मूल्याङ्कन गरी विद्यार्थीको नाम, कक्षा, रोल नं. र सो पशुपंक्षी सहित विद्यार्थीको फोटो खिचेर कक्षा र पुस्तकालय मा कक्षा अनुसार मिलाएर राख्ने | | | |
| | ५.३ वैतेश्वर गा. पा. मा भएका कुनै सात वटा जडीबुटी हरु (जस्तै वनमारा, तितेपाती, मलयगिरि, बोझो, ठुलो आख्ता, दुबो) को उपयोग | वैतेश्वर गा.पा. भित्र उपलब्ध हुने घर वरपर पाइने जडीबुटीहरु | आफ्नो वरपर पाइने जडीबुटीहरु सङ्कलन गरी कक्षाकोठामा निम्न बुँदामा केन्द्रित भई विभिन्न समूह बनाई छलफल गर्न लगाउँने र सोको प्रस्तुति गर्न लगाउँने ।<br>(क) यसको बनोट<br>(ख) यसको उयोग<br>(ग) यसलाई लगाउँने, हुर्काउने वा संरक्षण गर्ने तरिका | जडीबुटीको नमुना सङ्कलन जडीबुटीको नाम र उपयोगिता चार्ट | कुनै ७ वटा प्रचलित जडीबुटीको नाम सोध्ने । प्रत्येक जडीबुटीको चित्र देखाई त्यसलाई लगाउँने र भण्डारण गर्ने तरिका सोध्ने । प्रत्येक जडीबुटीको नाम र उपयोग जोडा मिलाउन लगाउँने । विद्यालयले तोकेको ठाउँमा | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बताउन र संरक्षण गर्न वा गराउन अभिभावकलाई सघाउन । | | (घ) यसलाई भण्डारण गर्ने तरिका<br>विद्यार्थीहरूलाई आवश्यक परेको खण्डमा सहयोग गर्ने ।<br>विद्यालयले तोकेको ठाउँमा विद्यार्थीलाई कम्तिमा एउटा जडीबुटी लगाउन लगाई नियमित गोडमेल र संरक्षणं गर्न लगाउँने र सो क्रियाकलापको अवलोकन गर्ने | | कम्तिमा एउटा जडीबुटी लगाई नियमित गोडमेल र संरक्षणं गर्न लगाउँने र सो क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |
| | ५.४ वैतेश्वर गा. पा. का मानिसहरूले गर्ने विभिन्न पेसा व्यवसायहरू कुनै ५ वटाको लागि आवश्यक पर्ने ज्ञान सिप र सोबाट प्रदान गरिने उत्पादन वा सेवा को बारेमा बताउन । | वैतेश्वरबासीले गर्ने वा अपनाएका विभिन्न किसिमका पेसा तथा व्यवसायहरू जस्तै कृषि (खेतीपाती, पशुपालन), पसल, होटल/खाजाघर, वैदेशिक रोजगारी, जागिर (शिक्षण, निजामतिको जागिर, प्रहरी, सेना आदि), सिपमूलक (सिकर्मी, डकर्मी, मजदुरी, मादल बनाउने, मादलमा खरी राख्ने, वाइरिङ, पेन्टिङ आदि) | विद्यालय वरिपरि भएका विभिन्न पेसा व्यवसायमा अवलोकन भ्रमण गराउने र स्थानीय व्यक्तिहरू भएको पेसा व्यवसायको बारेमा परिचित गराउने वा भिडियो सामग्री देखाएर कम्तिमा ५ वटा पेसा व्यवसायको लागि आवश्यक ज्ञान, सिप बारे प्रस्ट पारिदिने ।<br>अवलोकन भ्रमणपछि स्थानीय पेसा व्यवसायको फाइदा बारेमा छलफल गराउने र बुँदागत रुपमा पाटीमा लेखिदिने ।<br>स्थानीय स्तरमा भएका पेसा व्यवसाय, कार्यस्थल र संलग्न व्यक्तिहरूको नेपाली, अंग्रेजी र स्थानीय शब्दावली भए त्यसमा | स्थानीय स्तरमा भएका वास्तविक पेसा व्यवसाय, कार्यस्थल र संलग्न व्यक्तिहरूको चित्र, फोटो, पेसा व्यवसाय सम्बन्धी अडियो, भिडियो सेतोपाटी, मार्कर शब्द/मेटा कार्ड वा सोको लागि प्रयोग गर्न सकिने पेपर | आफनो घरपरिवार वा छरछिमेक वा आफन्तले गरेको वा आफूले अवलोकन गरेको १/१ वटा पेसा व्यवसाय गर्न आवश्यक ज्ञान, सिप र मेहनत बारे भन्न वा लेख्न लगाउँने ।<br>स्थानीय पेसा व्यवसाको ५ वटा फाइदा भन्न, लेख्न लगाउँने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पनि सिकाउने ।<br>आफूलाई मन पर्ने पेसा कुन हो र किन भनी सोध्ने । अन्तमा सबै पेसा व्यवसाय समान, महत्त्वपूर्ण र सम्मानजनक हो भनी बुझाउने<br>अवलोकन गरेको विभिन्न पेसा व्यवसाय मध्ये दुईको बारेमा एक-एक पृष्ठ लेखेर ल्याई कक्षामा प्रस्तुतीकरण गर्न लगाउँने । | | | |
| | ५.५ वैतेश्वर गा. पा. मा गरिने प्रमुख उद्यम व्यवसायहरु मध्ये शारीरिक, मानसिक वा दुबै श्रमको आवश्यकता पर्ने कुनै एक-एक उद्यम व्यवसायको बारेमा भन्न र र उपभोक्ता समितिको सङ्गठन प्रक्रिया सहित परिचय दिन । | वैतेश्वरमा गरिने विभिन्न उद्यम तथा व्यवसाय शारीरिक, मानसिक वा दुबै श्रमको आवश्यकता पर्ने व्यवसाय र तिनीहरुको लागि आवश्यक ज्ञान सिप वडामा रहेका उपभोक्ता समितिहरु र तिनीहरुको काम<br>नेतृत्व चयन विधि सङ्गठन प्रक्रिया | उद्यम व्यवसाय सम्बन्धी जानकारी श्रमको अर्थ कुनै पनि किसिमको वस्तु उत्पादन तथा सेवा दिनको लागि गरिने शारीरिक, मानसिक वा दुबै किसिमको काम हो भन्ने बुझाउने । खेतबरीमा काम गर्ने देखि पढाउने, पसल चलाउनेदेखि गाडी, हवाईजहाज चलाउनेसम्म सबै श्रम हो । हामी हरेकले कुनै न कुनै प्रकारको श्रम गर्नु पर्छ अर्थात् कुनै किसिमको पेसा व्यवसाय वा उद्यम चलाउनु पर्छ भनी बुझाउने ।<br>शारीरिक, मानसिक वा दुबै | सेतोपाटी, मार्कर<br>गाउँ पाश्र्वचित्र<br>गाउँपालिकाको स्रोत नक्सा<br>वैतेश्वर गा. पा. मा भएको श्रम पेसा व्यवसाय, उद्यम, उद्योगधन्दाहरूको सूची तथा जानकारी विवरण भएका सन्दर्भ सामग्रीहरू<br>क्यामेरा<br>सान्दर्भिक भिडियो<br>उपभोक्ता समिति वा समितिहरुको फोटा/भिडियो | श्रमको अर्थ उदाहरण सहित बताउन लगाउँने ।<br>वैतेश्वरमा भएको शारीरिक, मानसिक वा दुबै श्रमको आवश्यकता पर्ने व्यवसाय र तिनीहरुको लागि आवश्यक ज्ञान सिप सम्वन्धि चार्ट बनाएर प्रस्तुत गर्न लगाउँने ।<br>तिनीहरु मध्ये कुनै एक व्यवसाय वा उद्यम वा उद्योगको बारेमा बताउन वा एक अनुच्छेद लेख्न लगाउँने ।<br>उपभोक्ता समितिमा नेतृत्व चयनको विधि लेख्न लगाउँने ।<br>विद्यालयमा गराएको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | श्रमको आवश्यकता पर्ने व्यवसाय र तिनीहरुको लागि आवश्यक ज्ञान सिप बारे छलफल गराउने ।<br>पेसा व्यवसाय, उद्यम, उद्योगधन्दाको फाइदाहरू के के होला भनी छलफल गरी बुँदागत रुपमा लेखिदिने ।<br>वैतेश्वर गा. पा. मा के-के पेसा व्यवसाय र उद्योगधन्दाहरू छन् भनी सोध्ने र छुटेको भए थपिदिने ।<br>वैतेश्वरमा भएका र स्थानीय व्यक्तिले सञ्चालन गरेको एउटा उत्पादनमूलक र एउटा सेवामूलक व्यवसाय वा उद्यम वा उद्योगको अवलोकन भ्रमण गराई भ्रमणमा देखे सुनेको र थाहापाएको आधारमा १ अनुच्छेद लेख्न लगाई प्रस्तुत गर्न लगाउँने ।<br>आफू बसोबास गरेको वडाभित्रका उपभोक्ता समितिको खोजी गरी वर्णन गर्न, पदाधिकारीको नाम भन्न र लेख्न लगाउँने, गरेका कार्यहरुको सूचीकृत गर्न लगाउँने , | | क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अवलोकन र भूमिका निर्वाह गर्न लगाई नेतृत्व चयनको विधि छलफल गर्ने । | | | |
| ६. स्थानीय ज्ञान, सिप तथा प्रविधि | ६.१ वैतेश्वर गा. पा. मा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरू मध्ये १० वटा सिप तथा प्रविधिहरुको सामान्य परिचय दिन र कुनै दुई तयार पार्न वा सोको लागि सहयोग गर्न । | वैतेश्वरको स्थानीय ज्ञान, सिप र प्रविधिहरू ती ज्ञान, सिप र प्रविधिबाट बनेका वा तयार गरिएका घरायसी दैनिक प्रयोजनको लागि, सामाजिक एवं साँकृतिक कार्यका लागि आवश्यक पर्ने वस्तु तथा सरसामानहरू | विद्यार्थीहरूलाई आफ्नो घरमा काठ, बेतबाँस, ढुङ्गा, फलाम, तामा, पित्तल, काँसबाट बनेका के-के सामानहरू छन् भनी कापी सूचीबद्ध गरी लेख्न लगाउँने र पालैपालो भन्न लगाउँने । ती सामान कसले बनाएका र कसले बनाएको हो भनी प्रश्नोत्तर गर्ने । ती मध्ये आफ्नै घरमा बनेको, घरमा होइन तर वैतेश्वर बनेको र त्यो भन्दा बाहिरको बजारबाट ल्याएको गरी ३ समूहमा छुट्याउन लगाउँने ।<br>स्थानीय ज्ञान, सिप र प्रविधिमा बनेका सरसामान, र निर्माणको फाइदा बारेमा सरल भाषामा उदाहरण दिई बुझाउने र यस्ता सरसामानको प्रयोग गर्न सके आत्मनिर्भर हुन सकिने भनी यस्ता सामानको प्रयोग गर्न प्रोत्साहित गर्ने ।<br>विद्यार्थीले गरेको नमूना व्यावसायिक कृषि र | स्थानीय ज्ञान, सिप र प्रविधि प्रयोग गरी बनाइएको घरेलु तथा कृषि सामग्री तथा औजारहरूको सचित्र सूची, फोटो र केही नमूनाहरू क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल आदि | काठ, ढुङ्गा र बाँसबाट बनेका घरमा प्रयोग गरिने ५/५ वटा सामानको नाम लेख्न लगाउँने ।<br>स्थानीय रुपमा काठ, बाँस, ढुङ्गाबाट बनेका घरेलु तथा कृषि सामग्री र औजारको चित्र र नाम जोडा मिलाउन वा वाक्यमा खाली ठाउँ भर्न लगाउँने ।<br>विभिन्न सामान, बस्तुको सूची वा चित्र दिएर स्थानीय सामान भए ठीक र आधुनिक वा आयतित सामान भए बेठीक शब्द वा चिन्ह लेख्न लगाउँने ।<br>स्थानीय सामानहरूको सादा चित्रहरूमा रङ भरी नाम लेख्न लगाउँने<br>कुनै १० वटा सामान/औजारहरु के को लागि उपयोगी हुन्छन् भनी सोध्ने ।<br>वैतेश्वरमा प्रचलित स्थानीय प्रविधि र आधुनिक वा आयतित सामान बिचको फरक लेख्न लगाउँने । | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पशुपालनको लागि स्थानीय ज्ञान, सिप र प्रविधिबाट बनेको सामानहरू, औजारको समेत अनिवार्य रुपमा प्रयोग गर्न लगाउँने । केही उदाहरणहरूः बेतबाँसका सामानहरू जस्तैः डोको नाम्लो, नाङ्लो, थुन्से आदि काठबाट बनेका सामानहरू जस्तैः ठेकी, दुधेरो, ढुङ्ग्रो, मदानी, मुढा, ढिकी काठबाट बनेका घरेलु तथा कृषि औजारहरू, जस्तैः हलो, जुवा, दाँते, दाँदे, डल्लेठो, काठको बाकस (सन्दुक), कालोपाटी, झ्यालढोका, ओखल, ढिकी ढुङ्गाबाट बनेको सामान जस्तैः सिलौटो, लोहोरो, जाँतो स्थानीय स्तरमा बनेका फलाम, तामा र अन्य धातुका घरेलु तथा कृषि औजारहरू जस्तै खुकुरी, हँसिया, कुटो, कुटो कोदालो, ओदान आदि के के छन् विद्यार्थीलाई सोध्ने र सूची बनाएर यसको महत्त्व बुझाउने । फलामे ओदान, ढुङ्गामाटोको घर, | | कुनै दुई स्थानीय प्रविधिको उचित प्रयोग गरे नगरेको बारे अभिभवकसँग बुझी मूल्याङ्कन गर्ने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | छपट (ढुङ्गा)को छाना, बाँसको सामान, ढिकी जाँतो, पानीघट्ट, ढुङ्गाको पर्खाल, बार बार्ने, कुलो, काठको सामान बनाउने कामहरू स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित हो भनी बुझाउने ।<br>आधुनिक ज्ञान, सिप र प्रविधिको विकास वा उपलब्धता हुनु अगाडि यी सबै ज्ञान, सिप र प्रविधिको प्रयोग गरी स्थानीय जनजीवन चलेको र हाम्रा आवश्यकता पूरा भएको कुरा (महत्त्व) लाई सहज र सरल ढङ्गले बुझाउने ।<br>यदि आधुनिक ज्ञान, सिप र प्रविधिलाई हाम्रो स्थानीय ज्ञान, सिप र प्रविधिसँग मिलाउन सकेमा पेसा तथा व्यबसायबाट अझ बढी फाइदा लिन सकिने कुरा स्पष्ट पारिदिने । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. मातृभाषा, संस्कृति र चाडपर्व | ७.१ वैतेश्वरमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको मातृभाषा, मौलिक संस्कृति र सामाजिक संस्कारहरूको सूची बनाई कुनै २ वटाको बारेमा विस्तृत रुपमा बताउन । | वैतेश्वर गा.पा. क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको सूची उनीहरूको मातृभाषाको सूची स्थानीय समुदायमा प्रचलित विभिन्न संस्कृति, सामाजिक संस्कार, चाडपर्व, मेलाको सूची र सोको बारेमा प्रस्ट पार्ने विवरण<br>मातृभाषाको गीत तथा नृत्य, लघुकथा | विद्यार्थीहरुलाई समूह-समूहमा विभाजन गरी वैतेश्वर गा. पा. क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको सूची तयार गरी तिनीहरूको मातृभाषा, साझा र सम्बन्धित समूदाय विशेषको मौलिक संस्कृति, सामाजिक संस्कार र मेलापर्वको सूची बनाउन लगाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने ।<br>विद्यार्थीले तयार गरेको सूचीलाई पूर्णता दिने ।<br>आ-आफ्नो परिवार (समुदाय) ले गर्दै आएको सामाजिक संस्कार र विभिन्न संस्कृतिहरू र तिनको महत्त्व बारे अभिभावकसँग सोधेर लेखेर ल्याउन लगाउँने र कक्षाकोठामा प्रस्तुत गर्न लगाउँने ।<br>ती मध्ये दुईवटाको बारेमा विस्तृत रुपमा व्याख्या गरेर लेखेर ल्याउन लगाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउँने<br>लघुकथा वा विभिन्न संस्कार एवं चाडपर्वका भिडियो देखाई सोको बारेमा छलफल गराउने ।<br>विद्यालयको सांस्कृतिक कार्यक्रममा कक्षागत रुपमा स्थानीय सामाजिक संस्कार चालचलन, विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण (नक्कली वा नमूना) सम्बन्धी झाँकी प्रदर्शन गर्न लगाउँने ।<br>मातृभाषाको गीत तथा नृत्य, लघुकथा प्रस्तुत गराउने । | स्थानीय जाति, समुदायको सामाजिक संस्कार, सांस्कृतिक क्रियाकलापहरू, चाडपर्व सम्बन्धी जानकारी भएको सन्दर्भ सामग्रीहरू गाउँ पाश्र्वचित्र सेतोपाटी, मार्कर भिडियो रेकर्डिङ | आफ्नो परिवार (समुदायले) गर्ने सामाजिक संस्कार, सांस्कृतिक क्रियाकलाप, समुदाय विशेषको मौलिक चाडपर्वको सूची तयार गर्न लगाउँने<br>वैतेश्वरबासी प्रायः सबैले मनाउने चाडपर्वको नाम भन्न लगाउँने ।<br>मातृभाषामा गीत गाउन, नृत्य प्रस्तुत गर्न र लघुकथा भन्न, सुनाउन लगाउँने ।<br>विद्यालयको सांस्कृतिक कार्यक्रममा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | १० |
| | ७.२ वैतेश्वरमा बसोबास गर्ने विभिन्न जाति, जनजाति विशेषका सामाजिक संस्कार र | वैतेश्वर गा. पा. क्षेत्रमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको मौलिक पहिरन (वेशभूषा, गरहना) स्थानीय सामाजिक | कक्षाकोठा वा पुस्तकालयमा वैतेश्वरका विभिन्न जाति जनजातिहरूको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक-एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राख्ने र विद्यार्थीलाई अवलोकन गराई सोको पहिचान गराउने ।<br>विद्यार्थीहरुलाई उनीहरुको जातजाति मिल्ने गरी समूहमा विभाजन गर्ने र ४ वटा शुभकार्य र कुनै एक मृत्यु | वैतेश्वरका सबै जाति, जनजातिहरूको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको | विद्यालयको सांस्कृतिक कार्यक्रममा प्रदर्शन हुने सांस्कृतिक झाँकीमा विद्यार्थीको आफ्नो मौलिक वेशभूषामा सहभागिता देखाएको र आ-आफ्नो जाति, | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संस्कृति मध्ये कुनै ४ को मनाउने तरिका बताउन, सो चाडपर्व पर्ने महिना/तिथि बताउन । | संस्कारहरू मध्ये केही शुभकर्म (जस्तैः न्वारान, पास्नी, छेवर, गन्यूचोली दिने, व्रतबन्ध, विवाह आदि) वा मृत्य संस्कार मध्ये कुनै ४ को मनाउने तरिका बताउन । | संस्कारको बारेमा लेखी कक्षाकोठामा प्रस्तुत गर्न लगाउँने ।<br>वैतेश्वरमा बसोबास गर्ने जाति जनजातिको नामावली दिई प्रत्येकको मौलिक वेशभूषा र गहनाको नाम र तिनीहरु प्रयोग हुने संस्कार वा चाडपर्वको के हो भनी आफ्नो अभिभावकसँग सोधेर कापीमा लेखेर ल्याउन लगाउँने र पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने ।<br>सबैको सांस्कृतिक वेशभूषा उत्तिकै उत्कृष्ट, आकर्षक, मौलिक, पहिचान दिने र मौलिक छ र एकअर्काको वेशभूषाको कदर गर्नु पर्ने कुरा सिकाउने ।<br>स्थानीय चलन अनुसार हुने आफूले भाग लिएको चाडपर्वको बारेमा छोटो कथा बनाएर सुनाउने, छलफल गर्ने र सो पाठ सम्बन्धी गृहकार्य बनाएर दिने ।<br>भिडियोको माध्यमबाट विभिन्न चाडपर्व तथा मृत्यु संस्कारको बारेमा स्पष्ट पार्ने ।<br>विद्यार्थीको आफ्नो परिवार, आफन्त र छिमेकमा भएको विवाह, पास्नी, व्रतबन्ध, छेवर वा गुन्यु चोली दिने जस्ता शुभकार्यको कसरी मनाइन्छ भनी प्रस्तुत गर्न लगाउँने विद्यालयको सांस्कृतिक कार्यक्रममा कक्षागत रुपमा स्थानीय सामाजिक संस्कार चालचलन, विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण (नक्कली वा नमूना) सम्बन्धी झाँकी प्रदर्शन गर्न लगाउँने । | एक-एक जोडीको स्थानीय क्षेत्रमा गरिने शुभकार्य तथा मृत्य संस्कारको भिडियो सामग्री फ्लेक्स प्रिन्टिङ फोटो<br>क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल, कलर साइनपेन आदि | समुदायको मौलिक सामाजिक संस्कार, संस्कृतीजन्य प्रदर्शन वा प्रस्तुतीकरणमा सहभागिता भएको बारेमा भन्न लगाउँने ।<br>आ-आफ्नो जाति, समुदायको विवाह, पास्नी, व्रतबन्ध, छेवर वा गुन्यु चोली दिने जस्ता विद्यार्थी आफूले सहभागी भएको वा देखेको कुनै ४ वटा मनाउने तरिका र महत्त्व बताउन लगाउँने ।<br>विद्यार्थीहरुलाई उनीहरुले देखेका वा सुनेका मृत्यु संस्कारका बारेमा भन्न लगाउँने । | |
| | ७.३ वैतेश्वर गाउँपालिकामा | वैतेश्वर गाँउपालिकामा बसोबास गर्ने | विद्यार्थीहरूलाई आफ्नो गाँउघरमा मनाईने कुन कुन चाडपर्व मन पर्छ, किन मनपर्छ ? ती चाडपर्वमा के के | वैतेश्वरमा प्रचलित चाडपर्वको चिनारी | वैतेश्वरमा मनाइने साझा चाडपर्वहरूको नाम | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बसोबास गर्ने विभिन्न जाति, जनजातिहरुले मनाउने साझा चाडपर्वहरूको सूची बनाई कुनै ४ को मनाउने तरिका र महत्त्व बताउन। | मानिसहरुले मनाउने साझा चाडपर्वहरू | गरिन्छ ? भनी सोध्ने र छलफल गर्ने ।<br>वैतेश्वरमा प्रचलित चाडपर्वको चिनारी तयार गरी पाठ बनाई पढाउने वा अडियोभिजुअल रेकर्ड (क्लीप) वा फोटो सङ्कलन गरी विद्यार्थीलाई देखाउने र छलफल गराउने ।<br>वैतेश्वरमा मनाइने मुख्य चाडपर्वहरूको नाम लेख्न लगाउँने ।<br>वैतेश्वरमा मनाइने साझा चाडपर्व के के हुन फोटो/अन्य सामग्री हेरी चिन्न लगाउँने र तिनीहरु कसरी मनाइन्छ चित्र वा भिडियो सामग्रीको माध्यमबाट प्रस्ट पारिदिने । | भिडियो रेकर्ड (क्लीप) चित्र, वा चाडपर्व मनाएका तस्वीरहरु<br>सेतोपाटी, मार्कर | लेख्न लगाउँने ।<br>विद्यार्थीहरुलाई दिइएको मध्ये आ-आफ्नो मन पर्ने चाडको बारेमा एक पेज लेख्न लगाउँने<br>उनीहरुलाई मन पर्ने कुनै ४ चाडपर्व मनाउने तरिका र सोको महत्त्व भन्न लगाउँने । | |
| ८. स्थानीय खेलकुद, मनोरञ्जन र कला साहित्य | ८.१ वैतेश्वर गा. पा. मा प्रचलित स्थानीय तथा आयातित खेलकुदहरूको सूची बनाई कुनै ६ वटा स्थानीय र कुनै १ आयातित खेल खेल्न र तिनीहरुको नियम बताई खेल्न । | वैतेश्वर गा. पा. मा प्रचलित स्थानीय खेलकुदहरू जस्तैः डण्डीवियो, रुमाल लुकाई, सिन्का लुकाई, चिँ मुसी चिँ, हात्ती लखेटाई, बाघचाल, डोरी नाघ्ने, डोरी तान्ने, पिटी, रिलेदौड, हिसाब दौड आदि र आयातित खेलकुदहरु जस्तै फुटबल, हाईजम्प, लङजम्प, कपर्दी,, | वैतेश्वर गा. पा. मा पहिले देखि प्रचलनमा रहेका र राष्ट्रिय रुपमा प्रचलित विभिन्न किसिमका खेलहरूको बारेमा चित्र देखाएर जानकारी गराउने ।<br>भिडियो वा प्रवचनको माध्यमबाट खेल खेल्ने तरिका बुझाउने ।<br>विद्यार्थीको शारीरिक, अवस्था, खेलमैदान वा कक्षाकोठा, विद्यार्थी सङ्ख्या र आवश्यक खेल सामग्री उपलब्धतालाई मध्यनजर गरेर समूहमा खेल्ने खेलहरू खेलाउने (हप्ताको १ पटक सकेसम्म विदाको अघिल्लो दिन) सामूहिक खेल खेलाउने र खेल खेलाउनु पूर्व आवश्यक खेल सामग्रीहरू, खेलको नियम, समयावधि, अनुशासन, सावधानी अपनाउनु पर्ने कुरा, त्यो खेल खेल्दाको फाइदा आदि बारेमा विद्यार्थीलाई बुझाउने र खेल समाप्त भएपछि बालबालिको अनुभव, खेलबाट सिक्नु | खेल अनुसार खेल सामग्रीहरू<br>खेल सम्बन्धीका भिडियोहरु<br>खेलमैदान वा कक्षा र सोको तयारी<br>प्राथमिक उपचार सामग्री बाकस<br>खेलको नियम लेख्ने र नतिजा (स्कोर) लेख्ने सेतोपाटी वा चार्ट पेपर वा न्युज पेपर | कम्तिमा १० वटा प्रचलित खेलको नाम भन्न लगाउँने ।<br>एकल, जोडी र सामुहिक खेलहरूमा बालबालिकाको सहभागिता अवलोकन गर्ने ।<br>विद्यालयमा खेलेको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बास्केटबल, भलिबल आदि<br>खेल खेल्ने विधि वा तरिका | पर्ने सन्देश बारे बताउने ।<br>खेल खेलाउँदा सबैलाई पालैपालो नेतृत्वको अवसर दिने, फरक क्षमता भएका बालबालिकाहरूलाई पनि समावेश गर्न सकिने खेलहरू खेलाउने र उनीहरूलाई पनि सक्ने भूमिका दिने ।<br>विद्यालयको वार्षिकोत्सव तथा अन्य कार्यक्रममा विद्यार्थीहरूलाई सहभागी हुन प्रोत्साहित गर्ने। | | | |
| | ८.२<br>खेलकुदको शारीरिक, सामाजिक तथा मनोवैज्ञानिक महत्त्व बताउन। | खेलकुदको महत्त्व झल्कने निबन्ध वा कथा | विद्यार्थीलाई स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुदबारे छलफल गराउने<br>खेलकुदले शारीरिक तन्दुरुस्ती कायम राख्न मद्दत पुऱ्याउने केही उदाहरण दिने ।<br>खेलकुदले मानसिक रुपमा स्वस्थ राख्न मद्दत पुऱ्याउने केही उदाहरण दिने ।<br>खेलकुदले समाजमा मेलमिलाप र अमन चैन राख्न मद्दत पुऱ्याउने केही उदाहरण दिने ।<br>खेलकुदको आर्थिक महत्त्वको बारेमा छलफल गराउने जस्तैः विभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद आयोजना गर्दा हुने आर्थिक गतिबिधि बारे चलफल गराउने।<br>सम्भव भएमा खेलकुदको महत्त्व झल्कने लेख वा श्रव्य वा श्रव्य-दृष्य फाईल प्रस्तुत गरी छलफल गराउने र सो लेखबाट मानिसमा खेलबाट हुने शारीरिक, सामाजिक तथा मनोवैज्ञानिक महत्त्व छुट्याएर लेखी प्रस्तुत गर्न लगाउँने । | खेलकुदको महत्त्व झल्कने लेख वा श्रव्य वा श्रव्य-दृश्य फाईल | खेलकुदको शारीरिक, सामाजिक तथा मनोवैज्ञानिक र आर्थिक महत्त्व बाताउन लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ८.३ वैतेश्वर गा. पा. मा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये कम्तिमा ५/५ वटा लोकगीत गाउन र लोक नृत्य गर्न र लोकगीत तथा लोकनृत्यको सामाजिक, संस्कृतिक र पर्यटकीय महत्त्व बताउन । | वैतेश्वर गा. पा. मा प्रचलित लोकगीतहरू जस्तै दोहोरी, तीज गीत, देउसीभैलो, रत्यौली, असारे, झाउरे, तामाङ सेलो, जुहारी, भजनकृतन, आदि प्रचलित लोकनृत्यहरू जस्तैः मारुनी, रत्यौली , देउसी भैलो, स्याब्रु, ल्होसार, बालन आदि लोक नृत्य गर्ने तरिका लोकगीत तथा लोकनृत्यको सामाजिक, संस्कृतिक र पर्यटकीय महत्त्व | वैतेश्वर गा. पा. मा प्रचलित लोकगीतहरू जस्तैः दोहोरी, तीज गीत, देउसीभैलो, रत्यौली, असारे, झाउरे, तामाङ सेलो, ल्होसार, जुहारी, भजनकृतन आदि लोकगीतका नाम बालबालिकालाई लेखाइदिने ।<br>ती मध्ये सबैले सुने देखेका लोकगीत र लोकनृत्यका तस्वीर वा भिडियो देखाउने र विद्यार्थीलाई नाचगानमा संलग्न गराउने । बालबालिकाले सजिलै गाउन सक्ने गीत छनौट गरी भाका मिलाएर गाउन सिकाउने ।<br>सम्भव भए यस्तो गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर भाका मिलाएर गाउन लगाई बालबालिकालाई सुनाउने र सिकाउने ।<br>तत्पश्चात प्रचलित स्थानीय लोकनृत्यहरू के के हुन भनी सेतोपाटीमा लेखी सामान्य परिचय गराउने (कहिले, कसरी नाचिन्छ) ।<br>बालबालिका घरमा गएपछि नाच्न सक्ने लोकनृत्यमा नाच्न अभ्यास गराउने ।<br>बालबालिकाले नाचेको, गाएको भिडियो रेकर्ड गरी उनीहरूलाई नै देखाउने र त्यस्तो स्थानीय नाचगानको लागि अभ्यास गराउने ।<br>विद्यार्थीहरुलाई ३ समूहमा विभाजन गरी समूह १ लाई लोकगीतको तथा लोकनृत्यको सामाजिक महत्त्व, समूह २ लाई लोकगीतको तथा लोकनृत्यको संस्कृतिक र समूह ३ लाई लोकगीतको तथा लोकनृत्यको पर्यटकीय महत्त्व लेख्न लगाई प्रस्तुत गर्न लगाउँने । | स्थानीय लोकगीतको सूची<br>सही भाका, लय र शब्दहरू<br>अडियो भिजुअल रेकर्डर<br>साउण्ड स्पिकर, मल्टिमिडिया प्रोजेक्टर र डिस्प्ले सिस्टम<br>सेतोपाटी वा चार्ट पेपर वा न्युज पेपर<br>लोकगीत तथा लोकनृत्यको सामाजिक, संस्कृतिक र पर्यटकीय महत्त्व प्रस्ट पार्ने चार्ट | स्थानीय लोकगीत र लोकनृत्यको सूची बनाउन लगाउँने ।<br>लोकप्रिय स्थानीय लोकगीत संयुक्त वा सामुहिक रुपमा गाउन लगाउँने ।<br>लोकप्रिय स्थानीय लोकनृत्य संयुक्त वा सामुहिक रुपमा नाच्न/प्रदर्शन गर्न लगाउँने ।<br>लोकगीत तथा लोकनृत्यको सामाजिक, संस्कृतिक र पर्यटकीय महत्त्व बताउन लगाउँने ।<br>विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. धार्मिक, संस्कृतिक, पर्यटकीय स्थल | ९.१ वैतेश्वर गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक स्थलहरूको छुट्टा-छुट्टै सूची बानाई ३/३ वटाको संक्षिप्त परिचय बताउन । | वैतेश्वरको प्रमुख, प्रसिद्ध धार्मिक स्थलहरू जस्तैः मठमन्दिर, गुम्बा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरू<br>सांस्कृतिक स्थलहरू जस्तैः कुनै जाति, समुदाय विशेषको पहिचान, संस्कृति, परम्परा, आस्था, संस्कार आदि गाँसिएको स्थल, गाउँ कुनै जातीजनजाति विशेषको मौलिक विशेषता भएको गाउँ, चाडपर्वमा मेला लाग्ने ठाउँहरू<br>स्थानीय प्राकृतिक सम्पदा जस्तैः झरना, पहाड, हिमाल, ताल आदि | विद्यार्थीहरूलाई वैतेश्वर गा. पा. मा भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम सोध्ने, ती ठाउँमा पुगेको छ कि छैन, त्यहाँ के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिंदै ती स्थलहरूको विशेषता सहित चिनारी बताउने ।<br>वैतेश्वरका विभिन्न सामाजिक, संस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक महत्त्व बोकेका स्थलको फोटो, भिडियो सङ्कलन प्रस्तुतीकरण गर्ने ।<br>वैतेश्वरका प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको अलग अलग सूची तयार गरी तिनीहरुको संक्षिप्त परिचय दिने र तिनीहरुको महत्त्व बारे छलफल गर्ने गराउने।<br>विद्यार्थीलाई उपयुक्त समय, मौसममा अवलोकन भ्रमण लैजाने । अवलोकन गरेपछि आफूले अवलोकन गरेका कुराहरू कापीमा लेखेर ल्याउन लगाउँने र भ्रमणपछि भ्रमण कस्तो लाग्यो, के देखु भयो भनेर सोध्ने र ती स्थलहरूको महत्त्व, संरक्षण एवं प्रवर्द्धन गर्ने कुरा बालबालिकाले बुझ्ने भाषामा बताउने ।<br>भ्रमण गरेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्न, एक अनुच्छेद लेख्न र प्रस्तुत गर्न लगाउँने ।<br>त्यहाँको सम्बन्धित जानकार व्यक्तिहरूबाट ती ठाउँ विशेषको विशेषता, महत्त्व बुझी बालबालिकाले बुझ्ने भाषामा सरल तरिकाले अवलोकन गराउँदै बताउने । | वैतेश्वरको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरूको सूची, विशेषता र जानकारी सम्बन्धी सामग्री<br>वैतेश्वरको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको फोटो (फ्लेक्स प्रिन्ट) र छोटो चिनारी भिडियो<br>गाउँपालिका वा वडाको स्रोत नक्साहरू<br>चित्र कोरेर रङ भर्न आवश्यक पर्ने पेपर, कलर साइनपेन, पेन्सिल | वैतेश्वरमा रहेका कम्तीमा १० वटा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम भन्न लगाउँने ।<br>विद्यार्थीले अवलोकन गरेका वा आफ्नो गाउँघरमा भएका र जानकारी भएका स्थलहरूको बारेमा चिनारी भन्न वा सोको बारेमा एक अनुच्छेद लेख्न लगाउँने ।<br>कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको चित्र दिएर रङ भर्न लगाउँने र सोको व्याख्या गर्न लगाउँने।<br>विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | भ्रमण गरेका धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलका चित्र कोर्न, रङ भर्न लगाउँने र सो बारे एक अनुच्छेदमा वर्णन गर्न लगाउँने । | आदि । | | |
| | ९.२ वैतेश्वर गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको सामाजिक, संस्कृतिक तथा आर्थिक महत्त्व बारे उदाहरण सहित भन्न । | वैतेश्वर गा. पा. को धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको महत्त्व सम्बन्धी अवधारणा | धार्मिक तथा सांस्कृतिक कार्यक्रमले मानिसको सकारात्मक मनोवैज्ञानिक प्रभाव पार्ने कुरा कथा/लेख/सत्य घटना आदिको सहायताले प्रस्ट पार्ने । धार्मिक तथा सांस्कृतिक कार्यक्रमले कसरी समुदाय तथा समाजमा मेलमिलाप गराउँछ भन्ने बारे छलफल गराउने ।<br>यस्ता धार्मिक तथा सांस्कृतिक कार्यक्रमले कसरी पर्यटकलाई आकर्षित गर्छन् र सोबाट के कति आय आर्जन गर्न सकिन्छ भनी छलफल गराउने ।<br>त्यस्तै धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदाको पर्यटनसँग जोडेर छलफल गराउने । | वैतेश्वर गा. पा. को पर्यटन विकास योजना सम्बन्धी पुस्तिका | धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको महत्त्व बारे बुँदागत रुपमा भन्न लगाउँने । | |
| १०. समानता, समावेशीता र सामाजिक न्याय | १०.१ सबै जाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव, छुवाछुत गर्नु हुँदैन भन्ने बताउन र समानताको | वैतेश्वर गा. पा. को सामाजिक अवस्था (विभिन्न जाति, जनजातिहरू मिलेर बसेको विविधता , समानता भित्रको एकता) को परिचय एकता, मेलमिलाप, | समानता र समावेशीताको अर्थ उदाहरण सहित बुझाउने ।<br>बैतेशवर गा. पा. को जातीय, सामाजिक, सांस्कृतिक, धार्मिक विविधताको बारेमा छलफल गर्ने, समूहगत अभ्यास गर्न लगाउँने ।<br>सबै जाति, जनजाति, वर्ग, लिङ्ग, धर्म, उमेर र अवस्थाका मानिसहरूले समाज समान सहभागिता र अवसर पाउनु पर्छ । टाढा बस्ने (दुर्गम), घरजग्गा नहरने वा थोरै हुने | सेतोपाटी, मार्कर समावेशी खेल खेलाउनको लागि स्थानीय खेल सामग्री (ससाना ढुङ्गा, रोडा, बालुवा वा माटो, बाल्टी वा अन्य भाँडो पानी | सामाजिक एकता, विविधता, समानता, समता र समावेशीताको अर्थ र उदाहरण बताउन लगाउँने ।<br>सबै बालबालिका मिलेर बस्ने, सँगै खेल्ने, सँगै बसेर खाजा खाने जस्ता | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यवहार गर्न | समानता, सामाजिक विविधता, समता र समावेशीताको अवधारणा | (आर्थिक गरीबी), आदि सबैले मौका पाउनु पर्छ । सबैलाई मिलाउनु पर्छ भन्ने अर्थ बुझाउने र समावेशीताको सही सन्देश दिन "हातको ५ साना, ठूला, लामा, छोटा औंलाको उदाहरण विभिन्न प्रजातिका फूलहरू भएको फूलपाती, ससाना ढुङ्गा, रोडा र बालुवा एउटा भाँडोमा अटाएर राख्ने "समावेशी खेल" खेलाएर वा यस्तै खेलको भिडियो देखाएर समावेशीताको अर्थ र औचित्य बुझाउने ।<br>वैतेश्वर गा. पा. मा के कसरी समानता र सामाजिक समावेशीतालाई उचित अभ्यास, र प्रवर्द्धन गर्न सकिन्छ भन्ने बारेमा समूहगत कार्य गरी प्रस्तुतीकरण गर्न लगाउँने | आदि)<br>समावेशी खेल सम्बन्धी छोटो भिडियो | समावेशीताको अभ्यास विद्यार्थीले गर्छन् कि गर्दैनन् (विशेष गरी जातीयता, साम्प्रदायिकता, लैङ्गिकता, अपाङ्गता आदि आधारमा) अवलोकन गर्ने ।<br>विद्यालयमा विद्यार्थीहरूको गतिबिधि (बोली व्यवहार) को अवलोकन गरी सोको आधारमा मूल्याङ्कन गर्ने | |
| | १०.२ अपाङ्गता (फरक क्षमता) भएका, असहाय, वृद्धवृद्ध अन्य विशेष सहयोग आवश्यक पर्ने व्यक्तिहरू पहिचान, उनीहरुलाई दैनिक जीवनमा आईपरेका | अपाङ्गताको प्रकार<br>शारीरिक विरामीपन र सहयता<br>वृद्ध उमेर र शारीरिक समस्या<br>परिवार, आफन्त नभएका र आफूसँग केही नभएका बालबालिका, बिरामी, वृद्धवृद्धहरु आदि र उनीहरूलाई | अपाङ्गताको प्रकारलाई विभिन्न तरीकाले बर्गीकरण गर्न लगाउँने जस्तैः शारीरिक, दृष्टि, बोलाइ, सुनाइ, मानसिक गम्भीरताका आधारमा सरकारले ४ समूहमा वर्गीकरण गरेको कुरा बुझाउने जन निम्नानुसार छन्<br>"क" वर्गमा पर्ने (पूर्णअशक्त अपाङ्गता भएका र रातो रङको परिचय पत्र बाहक, "ख" वर्गमा पर्ने (अतिअशक्त अपाङ्गता भएका र नीलो रङको परिचयपत्र बाहक, "ग" वर्गमा पर्ने (मध्यम अपाङ्गता भएका र पहेंलो रङको परिचयपत्र बाहक र "घ" वर्गमा पर्ने (सामान्य अपाङ्गता भएका र सेतो रङको परिचयपत्र बाहक व्यक्ति कुन खालको आपाङ्गता भएकोलाई कस्तो सहयोग | अपाङ्गता र यसको प्रकार, अपाङ्गता सम्बन्धी सही शब्द सम्बन्धी जानकारी पुस्तिका<br>अपाङ्गता, वृद्धवृद्ध, असहाय, विरामी, दीर्घरोगी व्यक्तिहरूको चित्र, पम्प्लेट वा अडियो, भिडियो | अपाङ्गताको प्रकार भन्न र चिन्न लगाउँने ।<br>अपाङ्गताको परिचयपत्रको प्रकार (रङ) र अपाङ्गता बीच जोडा मिलाउन लगाउँने ।<br>अपाङ्गता, वृद्धवृद्ध, असहाय, विरामी भएको व्यक्तिलाई गर्नु पर्ने, गर्नु | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न । | आवश्यक पर्ने सहयोग<br>बालबालिकाले गर्न सक्ने सहयोग,<br>सम्मानजनक बोली व्यवहार | चाहिन्छ सो बारे छलफल गराउने । उनीहरुले गरेका सहयोग बारे छलफल गराउने ।<br>अपाङ्गता सम्बन्धी राम्रो (उचित) शब्द र नराम्रो (गलत) शब्दहरू सेतापाटीमा लेखेर राम्रा शब्दहरू मात्र भन्न वा बोल्न प्रेरित गर्ने ।<br>त्यसैगरी कोही नभएका (असहाय), बिरामी, वृद्धवृद्धलाई पनि सम्मान गरेर बोल्ने र सहयोग गर्ने कुरा सिकाउने कति उमेर पुगेको वृद्धवृद्ध र कुन परिचय पत्र भएको अपाङ्गता भएका व्यक्तिलाई वडा कार्यालयले पैसा/भत्ता (सामाजिक सुरक्षा भत्ता) दिन्छ भनी जानकारी गराउने र वृद्ध, विधवा, अपाङ्गता परिचय पत्र बनाउन वडा कार्यालयमा जानु पर्ने, परिचय पत्र भएपछि सरकारले सेवासुविधा दिने कुरा आफ्नो घरपरिवार, छरछिमेकलाई भन्न प्रोत्सहित गर्ने ।<br>कोही अपाङ्गता भएको व्यक्ति विद्यालय नजिकमा भए निजलाई बोलाएर अपाङ्गता र उसको अनुभव बारेमा अन्तरक्रिया गराउने ।<br>अपाङ्गता भएका व्यक्ति र वृद्धवृद्धहरूसँग कस्तो व्यवहार गर्ने, किन गर्ने र कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा समूहगत छलफलपछि प्रस्तुतीकरण गर्न लगाउँने । | अपाङ्गता परिचप पत्रको नमूना (रातो, नीलो, पहिलो र सेतो)<br>अपाङ्गता, वृद्धवृद्ध, असहायले प्रयोग गर्ने सहयता सामग्रीहरूको चित्र वा तस्वीर<br>रुमाल, गलबन्दी आदि खेल सामग्रीहरू | नहुने कुराहरू (बोली व्यवहार) बारे मौखिक रुपमा सोध्ने र उनीहरूको व्यहार अवलोकन गर्ने ।<br>कस्तो रङको अपाङ्गता परिचयपत्र पाएका व्यक्तिले भत्ता पाउँछ भनी सोध्ने ।<br>विद्यालयमा विद्यार्थीको क्रियाकलाप अवलोकन गरेर मूल्याङ्कन गर्ने । | |
| ११. सामाजिक रुपान्तरण, | ११.१ वैतेश्वर गा. पा. का विभिन्न | वैतेश्वर गा. पा. को परिचय, प्रशासनिक कार्य विभाजन र | वैतेश्वर गा. पा. को चिनारी दिने पुस्तक वा वेवसाईटबाट विभिन्न शाखा र तिनको प्रमुख कार्य लेखिएका मेटा कार्डहरुलाई जोडा मिलाएर राख्ने र सोको बारेमा | वैतेश्वर गा. पा. को परिचयात्मक पुस्तक, | वैतेश्वर गा. पा. को शैक्षिक गतिविधि बारे बुझ्न कुन शाखामा | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| लोकतन्त्र र संघीयता | शाखाहरुको नाम र २/२ वटा काम बताउन । | जननिर्वाचित पदाधिकारीहरुको विवरण | छलफल गराउने ।<br>बैतेश्व गा. पा. को शैक्षिक गतिबिधि बुझ्न कुन शाखामा जानुपर्छ, सामाजिक न्याय सम्बन्धी बुझ्न कुन शाखामा जानु पर्छ जस्ता पश्न बनाई छलफल गराउने र सोको सही उत्तर नआएमा आफूले भनिदिने ।<br>वैतेश्वर गा. पा. का जननिर्वाचित पदाधिकारीहरुको नामावली देखाई उनीहरुको वरियताक्रम मिलाएर देखाई पढ्न र लेख्न लगाउँने ।<br>गाउँपालिकाको सबै भन्दा मुख्य व्यक्ति को हो र सो व्यक्तिको कुनै ४ प्रमुख कामहरु बताउन लगाउँने । | प्रशासनिक चार्ट वैतेश्वर गा. पा. को वेवसाईट | जानुपर्छ भनी सोध्ने सामाजिक न्याय सम्बन्धी बुझ्न कुन शाखामा जानु पर्छ भनी सोध्ने ।<br>वैतेश्वर गा. पा. का जननिर्वाचित पदाधिकारीहरुको सूची लेख्न लगाउँने<br>बैतेश्बर गाउँपालिकाको प्रमुखको नाम के हो? | |
| १२. जीवनोपयोगी सिप | १२.१ जीवनोपयोगी ५ वटा सिप भन्न र कम्तिमा ४ वटा अभ्यास गर्न | विभिन्न किसिमको जीवनोपयोगी सिपहरू (जस्तैः आत्मनिर्भर हुनु समूहमा अरुसँग मिलेर वस्नु, सहयोगी हुनु, आफ्नो काम र जिम्मेवारी, प्रभावकारी सुनाई, आफनो सामानको सुरक्षा, पैसाको सदुपयोग, आफ्नो लागि खानेकुरा बनाएर (पकाएर) खानु, | पेसा व्यवसाय वा रोजगारीका लागि गर्न आवश्यक पर्ने योग्यता, सिपको अतिरिक्त हरेक व्यक्ति आत्मनिर्भर भएर जीवन जिउन विभिन्न किसिमका उपयोगी सिपहरू आवश्यकता पर्ने बताउँदै उदाहरण दिई छलफल गराउने ।<br>केही महत्त्वपूर्ण जीवनोपयोगी सिपहरू बताउने जस्तै आफ्नो सामानको उचित व्यवस्था र सुरक्षा गर्नु, व्यक्तिगत र पारिवारिक सरफाइ गर्न जान्नु, आफ्नो लागि खाना पकाउनु (तयार गर्नु), अरुसँग मिलेर बस्नु, समयको पालना (व्यवस्थापन), प्रभावकारी सञ्चार, आर्थिक मितव्ययिता (पैसाको सही सदुपयोग), किनमेल गर्न जान्नु, समस्याको समाधान गर्ने, आफ्नो काम र जिम्मेवारी सधैं पूरा गर्नु, कामको प्राथमिकीकरण गर्नु आदि । | जीवनोपयोगी सिपहरूको सूची वा फोटो<br>केही महत्त्वपूर्ण जीवनोपयोगी सिपहरू सम्बन्धी मोवाइल भिडियो मेटा कार्ड, मार्कर, सेतोपाटी आदि | हामीलाई आवश्यक पर्ने कुनै ५ वटा जीवन उपयोग सिपहरू भन्न वा लेख्न लगाउँने ।<br>ती सिप किन सिक्नु जरुरी छ भनी सोध्ने वा लेख्न लगाउँने ।<br>विद्यार्थीहरूले केही जीवनोपयोगी सिपहरू सिके नसिकेको वा व्यवहारमा प्रयोग गरे नगरेको थाहा पाउन गाउँको अवलोकन गरी | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मितव्ययी तरिकाले किनमेल गर्नु, आदि) | यस्ता जीवनोपयोगी सिप भए के हुन्छ र नभए के हुन्छ भनी छलफल गराउने ।<br>अन्य के के सिप हुन सक्छन भनी विद्यार्थीलाई सोधी सेतोपाटीमा लेखिदिने । यस्ता धेरै जीवनोपयोगी सिपहरू मध्ये कुनकुन सिपअहिले देखि नै उनीहरुसँग हुनपर्छ भनी छलफल र अभ्यास गर्न लगाउँने ।<br>कुनै ५ वटा जीवनोपयोगी सिपको बारेमा आफूले बुझेको कुरा एक-एक परिच्छेद लेख्न लगाई प्रस्तुत गर्न लगाउँने । | | मूल्याङ्कन गर्ने (अभिभावकसँग सोधबुझ गर्ने) । | |
| १३. सहकारी | सहकारीको परिभाषा दिई सहकारी सञ्चालनका कुनै ५ वटा मापदण्ड बताउन र परिवारको सदस्य रहेको सहकारीको नाम भन्न । | सहकारी सञ्चालनमा साधारण सभाको आवश्यकता भन्न<br>सहकारी सञ्चालनका मापदण्डहरु | सहकारी सञ्चालनका मापदण्डको आवश्यकता र तयार गर्ने विधिको बारेमा बताउन, सहकारीको परिभाषा भन्न लगाउँने, थाहा नभए भनीदिने, लेख्न लगाउँने र लेखेको भन्न लगाउँने ।<br>प्रश्नोत्तर विधिबाट वडामा रहेका सहकारी संस्थाको नाम, कार्यालय रहेको स्थान, स्थापना भएको वर्ष, सदस्य सङ्ख्या, सदस्य सेवा, सञ्चालक समितिको सङ्ख्या पालैपालो सोध्ने र अरुलाई साथीले भनेको कुरा भन्न लगाउँने ।<br>सहकारीको अवलोकन भ्रमण गराउने र देखेका र सुनेका कुराहरुको शब्दमा, चित्रमा अभिलेखीकरण गर्न लगाउँने ।<br>साधारण सभामा आफू सहभागी भए नभएको जानकारी लिई साधारण सभाको आवश्यकताको बारेमा बताइदिने । | सहकारीको स्मारिका<br>सहकारी पुस्तक<br>सहकारीको मोवाइल तस्वीर<br>ब्रोसरहरु<br>सहकारी भित्रेपात्रो<br>संघीय/प्रादेशिक/स्थानीय सहकारी ऐन, नियमावली र मापदण्ड | सहकारी शुसञ्चालनका मापदण्डहरु मध्ये कुनै ५ मापदण्ड लेख्न, भन्न, प्रश्नोत्तर गर्न र संबाद लेख्न लगाउँने । | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सम्भव भएसम्म सहकारीको साधारण सभामा सहभागी गराउने ।<br>सहकारी अभियन्ताद्वारा आमन्त्रित कक्षा लिन लगाउँने ।<br>सहकारीको साधारण सभा सञ्चालन गर्दाको तस्वीर देखाई व्याख्या गर्न लगाउँने ।<br>सहकारी सञ्चालन मापदण्डको अर्थ र आवश्यकता बताइदिने लेख्न लगाउँने र छलफल गर्ने ।<br>सहकारी सञ्चालन मापदण्ड बुँदागत रुपमा प्रस्तुत गरीदिने र मापदण्ड अनुसार सहकारी सञ्चालन गर्दा हुने फाइदा बेफाइदाको बारेमा छलफल गराउने । | | | |

### २.९.८. *कक्षा ८ को पाठ्यक्रमको क्षेत्र, क्रम र विस्तृतीकरण*

## तालिका १२: कक्षा ८ को पाठ्यक्रमको *क्षेत्र, क्रम* र *विस्तृतीकरण* (Scope, Sequence and Specifications)

| क्षेत्र | *सिकाइ उपलब्धि* | विषयवस्तु तथा विस्तृतीकरण | शिक्षण सिकाइ विधि तथा क्रियाकलाप | शैक्षिक सामग्रीहरू | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १. स्थानीय तहको परिचय | १.१ वैतेश्वर गा.पा. को भौगोलिक, जनसाङख्यिकी, सामाजिक, आर्थिक र राजनैतिक व्यवस्थाबारे बताउन । | □ वैतेश्वर गाउँपालिकाको भौगोलिक, जनसाङख्यिकी, सामाजिक, आर्थिक र राजनैतिक व्यवस्था | □ वैतेश्वर गा. पा. सम्बन्धी विभिन्न स्रोत *सामग्रीहरू* जस्तै वैतेश्वर गाँउपालिका पाश्र्वचित्र, जानकारी पुस्तिका, गाउँ परिचय, सन्दर्भ *सामग्री* उपलब्ध गराउने, आवश्यक निर्देशन वा खाका दिई विद्यार्थीहरूलाई विभिन्न समूहमा (छात्रछात्रा मिसाएर) विभाजन *गरी* वैतेश्वर गा. पा. को भौगोलिक अवस्था, राजनैतिक अवस्था, जनसाङख्यिकी अवस्था, सामाजिक अवस्था, *सांस्कृतिक* अवस्था, आर्थिक अवस्था, स्थानीय/प्राकृतिक स्रोतसाधन, कलासाहित्य आदि एक-एक शीर्षकमा गाउँपालिकाको परिचय तयार *गरी* प्रस्तुतीकरण गर्न लगाउँने ।<br>□ वैतेश्वरको चिनारी, वृत्तचित्र वा भिडियो प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई गाउँपालिकाको विविध विषयमा छलफल गराउने ।<br>□ वैतेश्वर.गा.पा.को परिचय दिंदा, भौगोलिक, राजनैतिक, *जनसाङख्यिकी,* सामाजिक, | □ वैतेश्वर गा. पा. भौगोलिक, जनसाङख्यिकी, सामाजिक, आर्थिक र राजनैतिक व्यवस्थाबारे परिचात्मक ब्रोसर, लिफलेट वा पुस्तक<br>□ वैतेश्वर गा. पा. को पाश्र्वचित्र वा जानकारी पुस्तिका<br>□ सिमाना तथा वडा छुट्टिएको वैतेश्वर गा. पा. को स्रोत | □ नक्सा देखाएर वैतेश्वर गा. पा. को बारेमा बताउन लगाउँने ।<br>□ जिल्लाको परिचय दिन लगाउँने ।<br>□ वैतेश्वर गा. पा. को विविध पक्षमा हाजिरीजवाफ गराई सोको आधारमा मूल्याङ्कन गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | *सांस्कृतिक,* आर्थिक, स्थानीय/प्राकृतिक स्रोतसाधन, कलासाहित्य आदि विषयलाई समेटेर सिलसिलेबार रुपमा भन्न वा लेख्न सिकाउने । एउटा शीर्षक जस्तै "वैतेश्वरको भौगोलिक अवस्था" मा नमूना बनाएर दिने र अर्को दिन हरेक विद्यार्थीलाई राजनैतिक, *जनसाङख्यिकी,* सामाजिक, *सांस्कृतिक,* आर्थिक, स्थानीय/प्राकृतिक स्रोतसाधन, कलासाहित्य आदि फरक फरक शीर्षकमा वैतेश्वरको परिचय लेखेर ल्याउन गृहकार्य दिने ।<br>□ वैतेश्वर गा. पा. सम्बन्धी कक्षागत हाजिरी जवाफ गर्ने गराउने ।<br>□ वैतेश्वरको विभिन्न ठाउँको भिडियो क्लिप्स, फोटो आदि देखाई छलफल गर्ने र त्यहाँ देखेको कुराहरू एक पृष्ठमा लेख्न लगाउँने ।<br>□ अन्यमा सबै पक्षलाई समेटेर वैतेश्वरको बारेमा विस्तृत रुपमा लेख्न लगाउँने । | नक्सा<br>□ भिडियो क्लिप, फोटो<br>□ अन्य सन्दर्भ *सामग्री*हरू | | |
| २. स्वास्थ्य सरसफाइ | २.१ आफ्नो व्यक्तिगत शारीरिक सरसफाइ गर्न र घरपरिवारको | □ व्यक्तिगत सरसफाइ<br>□ आफ्नो सामानको उचित व्यवस्थापन गर्ने बानी<br>□ घर, विद्यालय, | □ आफनो सम्पूर्ण व्यक्तिगत शारीरिक सरसफाइ नियमित रुपमा आफैंले गर्ने गरेको छ कि छैन भनी प्रश्नोत्तर गर्ने ।<br>□ विद्यार्थीलाई आफ्नो कपडा, झोला, जुत्ता, आफूले खाएको जुठो भाँडाकुँडा कसले धुने गरेको छ, आफ्नो कोठा कसले मिलाउने, सफा गर्ने गरेको छ भनी सोध्ने र आफैंले अनिवार्य गर्न लगाउँने । | □ स्थानीय सामानबाट बनेको जुत्ताचप्पल राख्ने र्‍याक<br>□ फोहोर फ्याल्ने (सङ्कलन गर्ने) टोकरी बनाउने | □ आफ्नो सरसफाइ, पोशाक र अन्य कपडा विद्यार्थी आफैंले सधैं धुने गरे नगरेको बारेमा अभिभावकसँग सोध्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सरसफाइ गर्न र घर, विद्यालय, बाटो र सार्वजनिक स्थलको सरसफाइमा भाग लिन । | बाटो र सार्वजनिक स्थलको सरसफाइ तथा यसमा विद्यार्थीको संलग्नता | □ कम्तिमा विद्यालयको कार्यालय कोठा बाहिर स्थानीय सामानले बनेको जुत्ताचप्पल राख्ने ऱ्याक बनाउन र फोहोर फ्याल्ने (सङ्कलन गर्ने) चोया वा बाँसको टोकरीहरू र फोहोर थुपार्ने वा छुटुयाउने ठाउँ बनाउन र प्रयोग गर्न गराउन लगाउँने ।<br>□ सफाइ सम्बन्धी विद्यार्थीहरूका लागि विद्यालयले बनाएको नियम बारेमा जानकारी गराई ती नियम अनिवार्य रुपमा पालना गर्न लगाउँने र यसबारे अभिभावकलाई जानकारी गराउने र घरमा बालबालिकाले यी नियम पालना गरे गाउँको बारेमा बेलाबेलामा सोधबुझ गर्ने ।<br>□ आफ्नो व्यक्तिगत बाहेक घर, कक्षाकोठा र विद्यालय परिसर, वरिपरिको बाटो नियमित रुपमा सरसफाइ गर्न कार्य तालिका बनाई सोही अनुसार गर्ने गराउने । घर, विद्यालय, मन्दिर जस्ता सार्वजनिक स्थलमा फोहोर राख्ने टोकरी वा निश्चित ठाउँ बनाई त्यसको उचित प्रयोग गर्न लगाउँने ।<br>□ फोहोर व्यवस्थापन सम्बन्धी जानकारी गराई (१) पुनःप्रयोग गर्नसकिने फोहोर (२) कुहिने फोहोर (३) नकुहिने फोहोर (जस्तै फुटेका सिसा) जस्ता समूहमा | स्थानीय *सामग्री* एवं औजारहरू<br>□ विद्यालय परिसरमा फोहोर राख्ने टोकरी, डोको वा तोकिएको निश्चित एवं व्यवस्थित ठाउँ<br>□ सरसफाइ सम्बन्धी विद्यालयले बनाएको नियम<br>□ घर, कक्षाकोठा, र विद्यालय परिसर, वरिपरिको बाटो नियमित सरसफाइ गर्ने कार्यतालिका | □ विद्यालयको सरसफाइ सम्बन्धी नियमको पालना गरे नगरेको विद्यार्थीको क्रियाकलापाको आधारमा मूल्याङ्कन गर्ने ।<br>□ फोहोर फ्याल्ने (सङ्कलन गर्ने) टोकरी तथा फोहोर फ्याल्ने ठाउँ बनाएको र त्यसको प्रयोग गरेको आधारमा मूल्याङ्कन गर्ने ।<br>□ कक्षाकोठा, विद्यालय परिसर, नजिक सार्वजनिक स्थलको सरसफाइ कार्यतालिका अनुसार गर्ने गरे नगरेको निरीक्षण *गरी* मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | छुट्याई सोही अनुसार व्यवस्थापन गर्न सिकाउने ।<br>□ विद्यार्थीहरूलाई आफ्नो घरमा र विद्यालयमा तल्लो कक्षाको भाइबहिनीहरूलाई यसरी नै फोहोर छुट्याएर व्यवस्थापन गर्न सिकाउने अभ्यास कार्य गर्न लगाउँने । | | | |
| | २.२ स्वास्थ्य समस्याको रोकथाम सम्बन्धी बानी व्यवहार प्रस्तुत गर्न । | □ २.२ स्वास्थ्य समस्याको रोकथाम सम्बन्धी बानी व्यवहार प्रस्तुत गर्न । | □ सम्भावित जनस्वास्थ्य समस्याप्रति सजगता र पूर्वसावधानी खानेकुराहरू ताजा, सफा र सुरक्षित कसरी बनाउन सकिन्छ भनेर कक्षामा छलफल गराउने र व्यवहारमा उचित तरिका अवलम्बन गर्न र परिवारको सदस्यलाई पनि सिकाउन प्रोत्साहित गर्ने<br>□ भान्साको सरसफाइ सम्बन्धी कार्ययोजना बनाउन लगाउँने । व्यवहारिक कार्ययोजना बनाउन उपयुक्त ढाँचा र आवश्यक फलोअप र प्रश्नोत्तर *गरी* कार्ययोजना लागू भए नभएको अनुगमन गर्ने<br>□ प्रजनन् उमेरमा आफैंले गर्न सकिने सरसफाइ, छात्राहरूको महिनावारी स्वच्छता सम्बन्धी अभ्यास, समस्या बारेमा छलफल *गरी* राम्रो अभ्यासलाई कायम राख्न र समस्या भए समाधानको उपायको लागि निष्कर्ष निकाली विद्यालयमा गर्न | □ सफा खाने कुरा र फोहोर खानेकुरा, त्यसको असर सम्बन्धी चित्र वा पोस्टर<br>□ महिनावारी स्वच्छता सम्बन्धी भिडियो वा पोस्टर<br>□ भान्साको सरसफाइ सम्बन्धी कार्ययोजना को खाका<br>□ जनस्वास्थ्य समस्या, | □ “भान्साको सरसफाइ सम्बन्धी कार्ययोजना” विद्यार्थीले आफ्नो घरमा लागू गरे नगरेको बुझी मूल्याङ्कन गर्ने ।<br>□ विद्यालयमा विद्यार्थीको सरसफाइ र स्वच्छता सम्बन्धी आनीबानीको आधारमा मूल्याङ्कन गर्ने ।<br>□ छात्राहरुको महिनावारीको समयमा प्रयोग *गरिने* आराम कक्ष, | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सकिने उचित व्यवस्था गर्ने गराउने जस्तै आराम कक्ष, महिनावारी (घरेलु) प्याड बनाउने ।<br>□ झाडापखाला, हैजा, महामारी जस्ता फोहोर पानी, सरसफाइको अभाव र परम्परागत अन्धविस्वासको कारण गलत अभ्यासको कारण समुदायमा आइपर्न सक्ने रोगबाट बच्न के कस्ता रोकथामका उपायहरू गर्न सकिन्छ त्यस्ता सावधानी गर्ने गरेको छ कि छैन भनी छलफल गर्ने । २०६५ सालमा कर्णाली प्रदेशको जाजरकोटमा झाडापखालाले माहामारीको रुप लिई दर्जनौको मृत्यु भएको घटनालाई संझाउने । यसको कारण र असर समेत बताइदिने ।<br>□ यस्ता सम्भावित समस्याप्रति सधैं सजग रहन र रोकथामको उपाय अपनाउन के गर्न सकिन्छ भनी विद्यार्थीहरूलाई छलफल *गरी* सूची बनाएर प्रस्तुतीकरण गर्न लगाउँने । | रोकथामका उपाय, पूर्व सावधानीका विधिहरू सम्बन्धी पोस्टर, पम्प्लेट | घरेलु महिनावारी प्याड बनाउने र विद्यालयको सरसफाइमा भएको सहभागिता ।<br>□ जनस्वास्थ्य सम्बन्धी परिवार र समुदायमा सचेतना फैलाउने कार्यमा भएको सहभागिता र खेलेको भूमिकाको आधारमा मूल्याङ्कन गर्ने । | |
| ३. खाद्यान्न तथा पोषण | ३.१ वैतेश्वरमा उत्पादन हुने | □ वैतेश्वरमा हुने कृषि उब्जनी<br>□ पोषणको स्रोत तथा पोषण | □ विद्यार्थीलाई समूह विभाजन *गरी* १/१ समूहलाई आ-आफ्नो खेतबारीमा फलेका खाद्यान्न , तरकारी, दलहन, तेलहन, फलफूल, तरकारी (खेतबारी र जङ्गलमा | □ वैतेश्वरमा हुने उत्पादन<br>□ हुने विभिन्न खाद्यान्न, दलहन, | □ आयातित खाद्य उत्पादन भन्दा स्थानीय खाद्य उत्पादन र सोबाट | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विभिन्न खाद्यान्न, सागसब्जी, फलफूलको सूची तयार पारी त्यसको उपयोगिता बारे बताउन । | सुधारको उपाय<br>□ बजार पसलमा पाइने पत्रु खानेकुराहरू वा कम पोषणयुक्त (जङ्क फुड) | पाइने फलफूल तथा सागसब्जी) को सूची तयार गर्न लगाई ती उत्पादन केका लागि *गरिन्छ* (आफैं खान, वेचविखन गर्न, सामानसँग साट्न वा त्यो बेचेर बजारको खाद्य *सामग्री* किनेर ल्याउन) भन्ने प्रश्नको उत्तर कापीमा तयार गर्न लगाई सबै समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउँने ।<br>□ स्वास्थको हिसाबले स्थानीय खाद्य उत्पादन वा आयातित खाद्य उत्पादन कुन उपभोग गर्नु उचित होला भनी छलफल गराउने र छलफलको निष्कर्ष बुँदामा लेखिदिने ।<br>□ के कसरी हाम्रो व्यक्तिगत र परिवारका पोषण सुधार गर्न सकिएला भनी छलफल गर्ने र पोषण सुधारको सबैभन्दा महत्त्वपूर्ण र प्रभावकारी उपाय स्थानीय कृषि उत्पादनको उचित तरिकाले उपभोग गर्नु हो भनी सिकाउने । साथै पोषण सुरक्षाको लागि स्थानीय उत्पादनलाई कसरी बढी पोषणयुक्त हुनेगरी (पोषण जोगाएर) राख्न र उपभोग गर्न सकिन्छ भनी छलफल गर्ने । स्थानीय स्वास्थ्यकर्मीलाई स्रोतव्यक्ति/विज्ञको रुपमा ल्याएर यस | तेलहन, तरकारी, फलफूल र वनजङ्गलमा पाइने सब्जीहरूको वास्तविक नमूना वा बिउ वा फोटोहरू<br>□ सेतोपाटी, मार्कर<br>□ करेसाबारी तालिमका लागि आवश्यक तालिम *सामग्री*हरू | बनेको खाद्य *सामग्री*हरूमा पोषण तत्त्व बढी हुनुको कारण लेख्न लगाउँने ।<br>□ हरेक विद्यार्थीले घरमा करेसाबारी बनाई (सुधार गरी) विद्यार्थीले उचित व्यवस्थापन गरे नगरेको सोधबुझ *गरी* मूल्याङ्कन गर्ने ।<br>□ समूदायमा सचेतनामूलक कार्य गरे नगरेको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विषयमा छलफल गराउने ।<br> स्थानीय खाद्य उत्पादन र त्यसबाट बन्ने खाद्य *सामग्री* वा परिकारहरू बढी पोषणयुक्त हुने बारे कारण सहित बताउने र ती उत्पादनको उपभोगमा जोड दिन र आयातित उत्पादन र *सामग्री*हरूको उपभोग कम गर्न प्रोत्साहित गर्ने ।<br> कम पोषणयुक्त वा पोषणविहीन खानेकुरा (पत्रु खानेकुरा) को बारेमा बुझाई विद्यार्थीहरूलाई विद्यालय नजिकको पसल वा बजारमा अवलोकन गरेर विभिन्न खानेकुराहरूको नाम टिपेर ल्याउन लगाउँने ।<br> त्यसपछि पत्रु खानेकुराहरूको नाम छुट्याएर सूची तयार गर्न लगाउँने र छलफल गर्ने ।<br> पत्रु खानेकुराको बेफाइदा र स्वास्थ्यमा कसरी नकारात्मक असर पार्छ भनी बुझाउने र त्यस्तो खानेकुरा नखान वा कम खान प्रोत्साहित गर्ने ।<br> हरेक विद्यार्थीको घरमा अनिवार्य रुपमा करेसाबारी बनाउन र व्यवस्थित गर्न लगाउँने । करेसाबारी व्यवस्थापनको लागि स्थानीय कृषि प्राविधिक बोलाइ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अभिमुखीकरण तालिम दिने ।<br>□ पोषण सुधारको लागि स्थानीय खाद्य उत्पादनको *महत्त्व* सम्बन्धी वतृत्वकला तथा समुदायमा सचेतनामूलक कार्यक्रम गर्न लगाउँने (विद्यालय स्थानीय ज्ञान महोत्सव कार्यक्रम आयोजना गरेर)<br>□ विद्यार्थीहरूको समूह बनाई समुदायमा गएर पोषण सुधार सम्बन्धी सचेतनामूलक अभिमुखीकरण कार्यक्रम गर्न लगाउँने । यसका लागि स्थानीय स्थास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकाहरूसँग समन्वय र सहकार्य गर्ने । | | | |
| ४. सदाचार, नैतिकता र सामाजिक मूल्यमान्यता | ४.१ असल, सभ्य र नैतिकवान् बानी व्यवहारको प्रस्तुति गर्न । | □ सभ्य र सुसंस्कृत बोली व्यवहार<br>□ अभिवादन, स्वागत, आतिथ्यता सत्कार<br>□ सम्मान, मिलनसारिता, सहयोगीपन, दयामाया<br>□ असल चालचालनहरू | □ घर, टोल र विद्यालयमा स्वदेशी तथा विदेशी पर्यटकहरू वा आफ्नो समुदाय भन्दा बाहिरका मानिसहरू आउँदा के कसरी बोल्ने, स्वागत, सत्कार गर्ने बारेमा छलफल *गरी* उहाँहरूसँग कसरी बोल्ने, कसरी अतिथि सत्कार गर्ने छलफल गरेर सरल सही र सभ्य बोलीव्यहार बारे टिपोट गर्ने ।<br>□ आफ्नो समुदाय, घरपरिवारमा भइरहेको राम्रा, सभ्य र अनुकरणीय बानी व्यवहार, अभ्यास, विश्वास, मूल्यमान्यता र नराम्रा वा गलत बानी व्यवहार, अन्धविश्वास, | □ शब्द कार्डहरू<br>□ राम्रो र नराम्रो बानी सम्बन्धी चित्रहरू, फोटोहरू वा भिडियो<br>□ स्वागत, अभिवादन, बिदाइ र अतिथि सत्कारका चित्रहरू, | □ विदेशी पर्यटकसँग के कस्तो बोली व्यवहार गर्नुपर्छ भनी प्रश्न सोध्ने ।<br>□ राम्रो र नराम्रो बानी सम्बन्धी चित्रहरू देखाएर त्यसबारे बताउन लगाउँने ।<br>□ घरपरिवार, विद्यालय, साथीसङ्गी, सार्वजनिक ठाउँमा गर्ने उचित (सही) | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | □ अपरिचित व्यक्ति, स्वदेशी तथा विदेशी पर्यटकहरूलाई बोलाउने (साइनो लगाउँने) र उनीहरूसँग बोल्ने र व्यवहार गर्ने सरल, सभ्य र सही तरिका<br>□ घर, टोल र विद्यालय पर्यटकहरू आउँदा स्वागत, सत्कार गर्ने तरिका | गलत अभ्यास के के छन् भनी छलफल गराई सूची तयार गरेर प्रस्तुतीकरण गर्न लगाउँने ।<br>□ तत्पश्चात छलफल चलाउने र समाजमा व्याप्त ती गलत बानी व्यवहार वा गलत सामाजिक चालचलनलाई के कसरी सुधार गर्न सकिन्छ भनी समूहगत छलफल गर्न लगाई प्रस्तुतीकरण गर्न लगाउँने । | फोटोहरू र शब्दहरू<br>□ सेतोपाटी, मार्कर<br>□ स्वदेशी, विदेशी पर्यटकहरूको फोटो | व्यवहार र छरछिमेक, साथीहरूलाई समस्या परेको बेलामा सरसहयोग गरे नगरेको अवलोकनको आधारमा मूल्याङ्कन गर्ने ।<br>□ विद्यालयमा विशिष्ट अतिथि वा विदेशी पाहुना आउँदा अतिथि सत्कारको लागि सहभागिता भए नभएको आधारमा मूल्याङ्कन गर्ने । | |
| ५. कृषि, जडीबुटी, पशुपालन, पेसा व्यवसाय तथा | ५.१ वैतेश्वर गा. पा. मा गरिने कृषि गतिविधिहरू र कृषि उत्पादनहरूको | □ वैतेश्वरमा हुने विभिन्न कृषि क्रियाकलापहरू जस्तै खेत जोत्ने, खेत रोप्ने, मकै छर्ने, धान गोड्ने, धान काट्ने आदि | □ विद्यालय नजिक वा विद्यालय रहेको वडामा समय अनुसार भए गरेका कम्तिमा ३ वटा कृषि क्रियाकलापहरु अवलोकन गर्न लैजाने । यस बारे छलफल गरी के उत्पादनको लागि के कसरी बालीनाली लगाइन्छ, के-के तयारी *गरिन्छ*, गोडमेल, मलजल कहिले कहिले *गरिन्छ*, उत्पादन | □ व्यावसायिक खेती गर्ने अन्नबाली वा तरकारीको बिउँ र *सोको* व्यसायिक खेती सम्बन्धी | □ वैतेश्वरमा *गरिने* खेतीबाली वा कृषि उत्पादन (खाद्यान्न, तरकारी, दलहन, तेलहन, फलफूल) को सूची तयार गर्न लगाउँने | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उद्यमशीलता | सूची बनाउन र कुनै तीन व्यावसायिक अन्नबाली वा तरकारी खेतीमा सहयोगीको भूमिका निर्वाह गर्न । | □ वैतेश्वर गा. पा. मा स्थानीय रुपमा उत्पादन हुने विभिन्न अन्नबाली, दलहन, तेलहन, तरकारी र फलफूलहरू<br>□ वैतेश्वरमा व्यावसायिक खेतीको सम्भावना भएको अन्नबाली वा तरकारी बालीहरू | कहिले कसरी निकालिन्छ, त्यसको प्रोसेसिङ, भण्डारण कहाँ कसरी *गरिन्छ* र अन्त्यमा उपभोग वा विक्रिवितरण कहिले, कसरी *गरिन्छ* छलफल गरी विद्यार्थीलाई ३ समूहमा बाँडी एक-एक वटा कृषि क्रियाकलापको बारेमा निम्नानुसारका बुँदामा रही परियोजना प्रतिवेदन बनाउन लगाउँने ।<br>□ बालीको नाम<br>□ बाली लगाउँनुपूर्व *गरिने* तयारी<br>□ बाली लगाउँने समय र तरिका<br>□ गोडमेल तथा मलजल गर्ने समय र तरिका<br>□ बाली प्रशोधीकरण र भण्डारण<br>□ उत्पादित खाद्यान्नको उपभोग तथा विक्रिवितरण<br>□ सबैको प्रस्तुति पश्चात प्रत्येक कृषि उत्पादनको सम्पूर्ण चरणहरू बारे जानकारी गराउने ।<br>□ सम्भव भएमा गाउँपालिकाको कृषि विकास केन्द्रको प्राविधिकलाई आमन्त्रण गरी व्यावसायिक खेती बारे कक्षा लिन लगाउँने ।<br>□ विद्यालय व्यवस्थापन समिति कृषि | जानकारी पुस्तिका<br>□ वास्तविक अन्न, दलहन, तरकारीहरूको नमूना, पेन्टिङ चित्र,<br>□ फोटो, अडियो, भिडियो<br>□ सेतोपाटी, मार्कर<br>□ शब्द/मेटा कार्ड वा *सोको* लागि प्रयोग गर्न सकिने पेपर<br>□ "पुस्तकालय | ।<br>□ के-के प्रयोजनको लागि कुन-कुन बालीनाली वैतेश्वरमा लगाउँने *गरिन्छ* भनी लेख्न र बताउन वा समूहगत प्रस्तुतीकरण गर्न लगाउँने ।<br>□ विद्यालयमा वा तोकिएको ठाउँमा कुनै एक अन्न बाली वा तरकारीको व्यावसायिक नमूना अभ्यास *गरी* उत्पादन तयार गर्न लगाउँने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्राविधिकसँग छलफल एवं परामर्श *गरी* विद्यालयले उपलब्ध गराएको जग्गामा वा विद्यार्थीको आफ्नै घरजग्गामा कुनै एक अन्नबाली वा तरकारी बालीको खेती गर्न लगाउँने । सो खेतीको लागि कहिले के के गर्ने भनी कार्यतालिका भनाई सोही अनुसार गर्न लगाउँने र शिक्षकले त्यसको फलोअप गर्ने । विद्यार्थीको नाम, कक्षा, रोल नं. र बाली निकालेको वा विद्यालयमा ल्याएको मिति समेत लेखेर पाकेको बालीको नमूना कक्षा र "पुस्तकालय" मा कक्षा अनुसार मिलाएर राख्ने ।<br>□ विद्यार्थीले उत्पादन गरेको कृषि उपजलाई "स्थानीय ज्ञान महोत्सव" मा प्रदर्शनी एवं बिक्रीको लागि राख्ने । | | | |
| | ५.२ वैतेश्वर गा. पा. मा *गरिने* पशुपालन सम्बन्धी गतिविधिहरू बारे बताउन र यसको कुनै तीन किसिमको | वैतेश्वर गा .पा . बासीले पाल्ने पशुपंक्षीहरू जस्तै कुखुरा, हाँस, खसीबाख्रा, भेडा, गाई, गोरु, राँगा, भैंसी, सुँगुर, बङ्गुर, खच्चड, घोडा, मौरी | विद्यार्थीहरूलाई आफ्नो घरमा के के पशुपंक्षी पालेको छ र ती पशुपंक्षीहरूले के दिन्छ वा के कामका लागि पालेको हो छलफल गर्ने ।<br>वैतेश्वर गा. पा. को विद्यालय नजिककै कसैले गरेको व्यावसायिक वा उत्कृष्ठ पशुपंक्षीपालनको अवलोकन भ्रमण गर्न लैजाने यस बारे निम्न बुँदामा केन्द्रित भई छलफल | घरेलु पशु पंक्षीहरूको व्यावसायिक खेती सम्बन्धी जानकारी पुस्तिका पेन्टिङ चित्र, फोटो, अडियो, भिडियो | आफ्नो घरमा बाख्रा-खसी, गाईगोरु, राँगाभैंसी, कुखुरा, हाँस, बंगुर, परेवा कसरी पालेको छ भन्न लगाउँने<br>के-के का लागि कुन-कुन पशुपंक्षी पालिन्छ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पशुपंक्षी<br>पालनको<br>अभ्यासमा<br>सहायक भूमिका<br>निर्वाह गर्न । | पालन सम्बन्धी<br>जानाकारी<br>ती पशुपंक्षीहरूको<br>उपयोग वा<br>त्यसबाट पाइने<br>कुराहरू<br>(उत्पादन)<br>वैतेश्वर गा .पा .मा<br>व्यावसायिक<br>पशुपालनको<br>सम्भावना भएको<br>पशुपंक्षीहरू | गराउने ।<br>(क) पशुपंक्षीपालनको उद्देश्य<br>(ख) पशुपंक्षीपालनको गरेको तरिका<br>(ग) पशुपंक्षी स्याहासुसार तथा औषधीउपचार<br>(घ) बिक्रि (बिक्रि गर्ने ठाउँ, आम्दानी<br>(ङ) आम्दानीको व्यवस्थापन<br>सम्भव भएमा गाउँपालिको पशु सेवा केन्द्रको प्राविधिकलाई आमन्त्रण *गरी* व्यावसायिक पशुपालन बारे कक्षा लिन लगाउँने र विद्यालय व्यवस्थापन समिति र पशु प्राविधिकसँग छलफल एवं परामर्श *गरी* विद्यार्थीको घरमा बाख्राभेडा वा कुखुरा वा हाँस आदि मध्ये कुनै एकको व्यावसायिक नमूना अभ्यास लगाउँने गर्न लगाउँने ।स्थानीय स्रोत साधन, सिप र प्रविधिमा आधारित खोर बनाउन लगाउँने ।<br>सो व्यावसायिक पशुपालनको लागि कहिले के के गर्ने भनी कार्यतालिका बनाई सोही अनुसार गर्न लगाउँने र शिक्षकले त्यसको फलोअप गर्ने । सो पशुपंक्षीको वृद्धि के कसरी भएको छ सो बारे निश्चित अवधीको अन्तरालमा अनुगमन भ्रमण *गरी* विद्यार्थीको मूल्याङ्कन गर्ने । सो पशुपंक्षी पालनको | सेतोपाटी, मार्कर<br>शब्द/मेटा कार्ड<br>वा *सोको* लागि<br>प्रयोग गर्न सकिने<br>पेपर<br>पुस्तकालय | लेख्न लगाउँने ।<br>घरमा पशुपंक्षी पालेको भए आमाबुबालाई के कसरी, कहिले सहयोग गर्ने गरेको छ वा छैन भनेर अभिभावकलाई सोध्ने ।<br>विद्यालयले तोकिएको कुनै व्यावसायिक पशु वा पंक्षी पालनको नमूना अभ्यासको प्रयास र प्रगतिको आधारमा मूल्याङ्कन गर्ने ।<br>स्थानीय ज्ञान महोत्सव मा विद्यार्थीहरूको सहभागिता र योगदानको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अन्तिम मूल्याङ्कन *गरी* विद्यार्थीको नाम, कक्षा, रोल नं. र सो पशुपंक्षी सहित विद्यार्थीको फोटो खिचेर कक्षा र पुस्तकालयमा कक्षा अनुसार मिलाएर राखे<br>विद्यार्थीले पालेको पशुपंक्षीलाई "स्थानीय ज्ञान महोत्सव" मा प्रदर्शनी एवं विक्रीको लागि राख्ने । | | | |
| | ५.३ वैतेश्वर गा. पा. मा भएका कुनै आठवटा जडीबुटीहरु (जस्तै वनमारा, तितेपाती, मलायगिरि बोझो, ठुलो आख्ता, दुबो र चिराइतो लोक्ता) को उपयोग बताउन र संरक्षण गर्न वा गराउन अभिभावकलाई सघाउन । | वैतेश्वर गा.पा. भित्र उपलब्ध हुने घर वरपर पाइने जडीबुटीहरु | वैतेश्वरमा पाइने ८ वटा जडीबुटीहरु/फोटो/भिडियो सङ्कलन गरी कक्षाकोठामा निम्न बुँदामा केन्द्रित भई चार समूह बनाई प्रत्येक समूहलाई २/२ वटा जडीबुटीको बारेमा छलफल गर्न लगाउँने र *सोको* प्रस्तुति गर्न लगाउँने ।<br>(ङ) यसको बनोट<br>(च) यसको उयोग<br>(छ) यसलाई लगाउँने, हुर्काउने वा संरक्षण गर्ने तरिका<br>(ज) यसलाई भण्डारण गर्ने तरिका<br>विद्यार्थीहरूलाई आवश्यक परेको खण्डमा सहयोग गर्ने ।<br>विद्यालयले तोकेको ठाउँमा विद्यार्थीलाई कम्तिमा एउटा जडीबुटी लगाउन लगाई नियमित गोडमेल र संरक्षणं गर्न लगाउँने र सो क्रियाकलापको अवलोकन गर्ने । | जडीबुटीको नमुना/ फोटो/ भिडियो सङ्कलन<br>जडीबुटीको नाम र उपयोगिता चार्ट | कुनै ८ वटा प्रचलित जडीबुटीको नाम सोध्ने ।<br>प्रत्येक जडीबुटीको चित्र देखाई त्यसलाई लगाउँने र भण्डारण गर्ने तरिका सोध्ने ।<br>प्रत्येक जडीबुटीको नाम र उपयोग जोडा मिलाउन लगाउँने ।<br>विद्यालयले तोकेको ठाउँमा कम्तिमा एउटा जडीबुटी लगाई नियमित गोडमेल र संरक्षण गर्न लगाउँने र सो क्रियाकलापको आधारमा मूल्याङ्कन गर्ने | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ५.४ वैतेश्वर गा. पा. का मानिसहरूले गर्ने विभिन्न पेसा व्यवसायहरू मध्ये कुनै ६ वटाको लागि आवश्यक पर्ने ज्ञान सिप र सोबाट *गरिने* उत्पादन वा प्रदान *गरिने* सेवाको बारेमा बताउन । | वैतेश्वरबासीले गर्ने वा अपनाएका विभिन्न किसिमका पेसा तथा व्यवसायहरू जस्तै कृषि (खेतीपाती, पशुपालन), पसल, होटल/खाजाघर, वैदेशिक रोजगारी, जागिर (शिक्षण, निजामतिको जागिर, प्रहरी, सेना आदि), सिपमूलक (सिकर्मी, डकर्मी, मजदुरी, मादल बनाउने, मादलमा खरी राख्ने, माटोको भाँडा बनाउने, वाइरिङ, पेन्टिङ आदि) | विद्यालय वरिपरि भएका विभिन्न पेसा व्यवसायमा अवलोकन भ्रमण गराउने र स्थानीय व्यक्तिहरू भएको पेसा व्यवसायको बारेमा परिचित गराउने ।<br>अवलोकन भ्रमणपछि विद्यार्थीहरूसँग छलफल गर्ने र स्थानीय पेसा व्यवसायको फाइदा बारेमा छलफल गराउने र बुँदागत रुपमा सेतोपाटीमा लेखिदिने .।<br>विद्यार्थीलाई ६ समूह/जोडीमा विभाजन गरी उनीहरुले अवलोकन गरेको पेसा व्यवसाय मध्ये कुनै एक/एक वटाको बारेमा निम्न बुँदामा केन्द्रित भई छलफल गर्न लगाउँने र *सोको* निष्कर्षलाई कक्षाकोठामा प्रस्तुत गर्न लगाउँने ।<br>(क) पेसा व्यवसायको नाम<br>(ख) पेसा व्यवसायको प्रकृति (सेवामूलक/उत्पादनमूलक)<br>(ग) यो पेसा व्यवसाय गर्न आवश्यक ज्ञान सिप<br>(घ) यो पेसा व्यवसायबाट *गरिने* उत्पादन वा प्रदान *गरिने* सेवा<br>(ङ) यो पेसा व्यवसायबाट हुने/हुन सक्ने आय<br>विद्यार्थीलाई आ-आफ्नो परिवारको मुख्य पेसा | स्थानीय स्तरमा भएका वास्तविक पेसा व्यवसाय, कार्यस्थल र संलग्न व्यक्तिहरूको चित्र, फोटो, पेसा व्यवसाय सम्बन्धी अडियो, भिडियो सेतोपाटी, मार्कर शब्द/मेटा कार्ड वा *सोको* लागि प्रयोग गर्न सकिने पेपर | स्थानीय स्तरमा भएका वास्तविक पेसा व्यवसाय, कार्यस्थल र संलग्न व्यक्तिहरुको चित्र,<br>फोटो, अडियो, भिडियो सेतोपाटी, मार्कर शब्द/मेटा कार्ड वा *सोको* लागि प्रयोग गर्न सकिने पेपर<br>स्थानीय स्तरमा भएका पेसा व्यवसाय, कार्यस्थल र संलग्न व्यक्ति (पेशेवर) हरूको शब्दावली सूची तयार गर्न लगाउँने वा जोडा मिलाउन लगाउँने ।<br>आफनो घरपरिवार वा छरछिमेक वा आफन्तले गरेको वा आफूले अवलोकन गरेको १/१ वटा पेसा व्यवसायको बारेमा भन्न वा लेख्न लगाउँने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | के हो भनी सोध्ने र आफ्नो परिवारको मुख्य पेसाको बारेमा १ देखि २ पृष्ठ लामो निबन्ध लेखेर ल्याउन गृहकार्य दिने । व्यवस्थित प्रस्तुतिकणको लागि पछि पृष्ठपोषण दिने । अन्तमा सबै पेसा व्यवसाय समान, *महत्त्व*पूर्ण र सम्मानजनक हो भनी बुझाउने । | | स्थानीय पेसाव्यवसाको ५ वटा फाइदा भन्न, लेख्न लगाउँने । विद्यार्थीको आफ्नो परिवारको मुख्य पेसाको बारेमा निबन्ध लेख्न दिने । | |
| | ५.५ वैतेश्वर गा. पा. मा *गरिने* प्रमुख उद्यम व्यवसायहरु मध्ये शारीरिक, मानसिक वा *दुबै* श्रमको आवश्यकता पर्ने कुनै दुई-दुई उद्यम व्यवसायको बारेमा भन्न । | वैतेश्वरमा *गरिने* विभिन्न उद्यम तथा व्यवसाय शारीरिक, मानसिक वा *दुबै* श्रमको आवश्यकता पर्ने व्यवसाय र तिनीहरुको लागि आवश्यक ज्ञान सिप | श्रमको अर्थ कुनै पनि किसिमको वस्तु उत्पादन तथा सेवा दिनको लागि *गरिने* शारीरिक, मानसिक वा *दुबै* किसिमको काम हो भन्ने बुझाउने । खेतबरीमा काम गर्ने देखि मानसिक कार्य गर्ने सम्म सबै श्रम हो । हामी हरेकले कुनै न कुनै प्रकारको श्रम गर्नु पर्छ अर्थात् कुनै किसिमको पेसा व्यवसाय वा उद्यम चलाउनु पर्छ र कुनै पनि श्रम ठूलो वा साने *हुँदैनन्* भनी बुझाउने । दुई-दुई वटा शारीरिक र मानसिक श्रमको आवश्यकता पर्ने व्यवसाय र तिनीहरुको लागि आवश्यक ज्ञान सिप बारे छलफल गराउने ।<br>पेसा व्यवसाय, उद्यम, उद्योगधन्दाको आवश्यकता बारे प्रस्ट्याइदिने ।<br>वैतेश्वर गा. पा. मा भएका पेसा व्यवसाय सूची बनाउन लगाउँने र आफूले देखे सुनेको | सेतोपाटी, मार्कर<br>गाउँ पाश्र्वचित्र<br>गाउँपालिकाको स्रोत नक्सा<br>वैतेश्वर गा. पा. मा भएको श्रम पेसा व्यवसाय, उद्यम, उद्योगधन्दाहरूको सूची तथा जानकारी विवरण भएका सन्दर्भ *सामग्रीहरू*<br>क्यामेरा<br>सान्दर्भिक भिडियो | श्रमको अर्थ उदाहरण सहित बताउन लगाउँने ।<br>वैतेश्वरमा भएको शारीरिक, मानसिक वा *दुबै* श्रमको आवश्यकता पर्ने व्यवसाय र तिनीहरुको लागि आवश्यक ज्ञान सिप सम्बन्धी चार्ट बनाएर प्रस्तुत गर्न लगाउँने ।<br>तिनीहरु मध्ये कुनै दुई व्यवसाय वा उद्यम वा उद्योगको बारेमा बताउन वा एक-एक अनुच्छेद लेख्न | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | र थाहापाएको आधारमा कुनै दुई पेसा व्यवसायको बारेमा १/१ अनुच्छेद लेख्न लगाई प्रस्तुत गर्न लगाउँने । आफ्नै समुदायमा बसेर उद्यम, व्यवसाय गरेमा आफू, परिवार र समुदायको आर्थिक उन्नति हुने कुरा बुझाउने । | | लगाउँने । | |
| | ५.६ उपभोक्ता समितिको आवश्यकताको पहिचान, बैठक सञ्चालन प्रक्रिया तथा *महत्त्व* बताउन | वडामा रहेका उपभोक्ता समितिहरु बैठक सञ्चालन प्रक्रिया तथा *महत्त्व* | आफू बसोबास गरेको वडा भित्रका उपभोक्ता समितिका पदाधिकारि वा सदस्यलाई उपभोक्ता समितिको बैठक सञ्चालन प्रक्रिया बारे भन्न लगाउँने वो उपभोक्ता समितिको बैठक सञ्चालन प्रक्रिया अवलोकन गर्न लगाउँने र *महत्त्व*को सूची बनाउन लगाउँने । | सेतोपाटी, मार्कर उपभोक्ता समिति वा समितिहरुको फोटा/भिडियो | उपभोक्ता समितिको *महत्त्व*को सूची टिपोट गर्न लगाउँने । | |
| ६. स्थानीय ज्ञान, सिप तथा प्रविधि | ६.१ वैतेश्वर गा. पा. मा विगत र वर्तमानमा अपनाएको विभिन्न किसिमको स्थानीय सिप तथा प्रविधिहरू मध्ये १० वटाको सिप | वैतेश्वरको स्थानीय ज्ञान, सिप र प्रविधिहरू ती ज्ञान, सिप र प्रविधिबाट बनेका वा तयार *गरिएका* घरायसी दैनिक प्रयोजनको लागि, सामाजिक एवं साँकृतिक कार्यका लागि आवश्यक पर्ने | विद्यार्थीहरूलाई आफ्नो घरमा काठ, बेतबाँस, ढुङ्गा, फलाम, तामा, पित्तल, काँसबाट बनेका के-के सामानहरू छन् भनी कापी सूचीबद्ध *गरी* लेख्न लगाउँने र पालैपालो भन्न लगाउँने । ती सामान कसले बनाएका र कसले बनाएको हो भनी प्रश्नोत्तर गर्ने । ती मध्ये आफ्नै घरमा बनेको, घरमा होइन तर वैतेश्वर बनेको र त्यो भन्दा बाहिरको बजारबाट ल्याएको *गरी* ३ समूहमा छुट्याउन लगाउँने । स्थानीय ज्ञान, सिप र प्रविधिमा बनेका | स्थानीय ज्ञान, सिप र प्रविधि प्रयोग गरी बनाइएको घरेलु तथा कृषि *सामग्री,* औजारहरूको सचित्र सूची, फोटो र केही नमूनाहरू क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल आदि | काठ, ढुङ्गा र बाँसबाट बनेका घरमा प्रयोग *गरिने* ५/५ वटा सामानको नाम लेख्न लगाउँने । स्थानीय रुपमा काठ, बाँस, ढुङ्गाबाट बनेका घरेलु तथा कृषि *सामग्री* र औजारको चित्र र नाम जोडा मिलाउन वा वाक्यमा खाली ठाउँ | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा प्रविधिहरुको सामान्य परिचय दिन र कुनै ३ वटा तयार पार्न वा *सोको* लागि सहयोग गर्न । | वस्तु तथा सरसामानहरू | सरसामान, र निर्माणको फाइदा बारेमा सरल भाषामा उदाहरण दिई बुझाउने र यस्ता सरसामानको प्रयोग गर्न सके आत्मनिर्भर हुन सकिने भनी यस्ता सामानको प्रयोग गर्न प्रोत्साहित गर्ने ।<br>विद्यार्थीले गरेको नमूना व्यावसायिक कृषि र पशुपालनको लागि स्थानीय ज्ञान, सिप र प्रविधिबाट बनेको सामानहरू, औजारको समेत अनिवार्य रुपमा प्रयोग गर्न लगाउँने ।<br>केही उदाहरणहरूः<br>बेतबाँसका सामानहरू जस्तै डोको नाम्लो, नाङ्लो, थुन्से आदि ।<br>काठबाट बनेका सामानहरू जस्तै ठेकी, दुधेरो, ढुङ्ग्रो, मदानी, मुढा, ढिकी<br>काठबाट बनेका घरेलु तथा कृषि औजारहरू, जस्तै हलो, जुवा, दाँति, दाँदे, डल्लेठो, काठको बाकस (सन्दुक), कालोपाटी, झ्यालढोका, ओखल, ढिकी<br>ढुङ्गाबाट बनेको सामान जस्तै सिलौटो, लोहोरो, जाँतो स्थानीय स्तरमा  बनेका फलाम, तामा र अन्य धातुका घरेलु तथा कृषि औजारहरू जस्तै खुकुरी, हँसिया, कुटो, कुटो कोदालो, ओदान आदि के के छन् विद्यार्थीलाई सोध्ने र सूची बनाएर यसको *महत्त्व* बुझाउने । | | भर्न लगाउँने ।<br>विभिन्न सामान, बस्तुको सूची वा चित्र दिएर स्थानीय सामान भए ठीक र आधुनिक वा आयातित सामान भए बेठीक शब्द वा चिन्ह लेख्न लगाउँने ।<br>स्थानीय सामानहरूको सादा चित्रहरूमा रङ भरी नाम लेख्न लगाउँने ।<br>कुनै १० वटा सामान/औजारहरु के को लागि उपयोगी हुन्छन् भनि सोध्ने ।<br>वैतेश्वरमा प्रचलित स्थानीय प्रविधि र आधुनिक वा आयातित सामान बिचको फरक लेख्न लगाउँने ।<br>कुनै तीन स्थानीय प्रविधिको उचित प्रयोग गरे नगरेको बारे | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | फलामे ओदान, ढुङ्गामाटोको घर, छपट (ढुङ्गा)को छाना, बाँसको सामान, ढिकीजाँतो, पानीघट्ट, ढुङ्गाको पर्खाल, बार बार्ने, कुलो, काठको सामान बनाउने कामहरू स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित हो भनी बुझाउने । आधुनिक ज्ञान, सिप र प्रविधिको विकास वा उपलब्धता हुनु अगाडि यी सबै यी ज्ञान, सिप र प्रविधिको प्रयोग *गरी* स्थानीय जनजीवन चलेको र हाम्रा आवश्यकता पूरा भएको कुरा (*महत्त्व*) लाई सहज र सरल ढंगले बुझाउने ।<br>यदि आधुनिक ज्ञान, सिप र प्रविधिलाई हाम्रो स्थानीय ज्ञान, सिप र प्रविधिसँग मिलाउन सकेमा पेसा तथा व्यवसायबाट अझ बढी फाइदा लिन सकिने कुरा स्पष्ट पारिदिने । | | अभिभवकसँग बुझि मूल्याङ्कन गर्ने । | |
| ७. मातृभाषा, संस्कृति र चाडपर्व | ७.१ वैतेश्वरमा बसोबास गर्ने विभिन्न जाति, जनजातिहरूको मातृभाषा, मौलिक संस्कृति र सामाजिक संस्कारहरूको | वैतेश्वर गा. पा. क्षेत्रमा बसोबास गर्ने विभिन्न *जाति, जनजाति*हरूको सूची उनीहरूको मातृभाषाको सूची स्थानीय समुदायमा प्रचलित विभिन्न संस्कृति, सामाजिक | विद्यार्थीहरुलाई समूह-समूहमा विभाजन गरी वैतेश्वर गा. पा. क्षेत्रमा बसोबास गर्ने विभिन्न *जाति, जनजाति*हरूको सूची तयार *गरी* तिनीहरूको मातृभाषा, साझा र सम्बन्धित समूदाय विशेषको मौलिक संस्कृति, सामाजिक संस्कार र मेलापर्वको सूची बनाउन लगाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने । विद्यार्थीले तयार गरेको सूचीलाई पूर्णता दिने । | स्थानीय जाती, समुदायको सामाजिक संस्कार, सांस्कृतिक क्रियाकलापहरू, चाडपर्व सम्बन्धी जानकारी भएको सन्दर्भ *सामग्री*हरू गाउँ पाश्र्वचित्र | आफ्नो परिवार (समुदायले) गर्ने सामाजिक संस्कार, सांस्कृतिक क्रियाकलाप, समुदाय विशेषको मौलिक चाडपर्वको सूची तयार गर्न लगाउँने । मातृभाषामा गीत गाउन, | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सूची बनाई कुनै ३ वटाको बारेमा विस्तृत रुपमा बताउन । | संस्कार, चाडपर्व, मेलाको सूची र *सोको* बारेमा प्रस्ट पार्ने विवरण मातृभाषाको गीत तथा नृत्य, लघुकथा | आ-आफ्नो परिवार (समुदाय) ले गर्दै आएको सामाजिक संस्कार र विभिन्न संस्कृतिहरू र तिनको *महत्त्व* बारे अभिभावकसँग सोधेर लेखेर ल्याउन लगाउँने र कक्षाकोठामा प्रस्तुत गर्न लगाउँने ।<br>ती मध्ये दुईवटाको बारेमा विस्तृत रुपमा व्याख्या गरेर लेखेर ल्याउन लगाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउँने ।<br>लघुकथा वा विभिन्न संस्कार एवं चाडपर्वका भाडियो देखाई *सोको* बारेमा छलफल गराउने ।<br>विद्यालयको सांस्कृतिक कार्यक्रममा कक्षागत रुपमा स्थानीय सामाजिक संस्कार चालचलन, विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण (नक्कली वा नमूना) सम्बन्धी झाँकी प्रदर्शन गर्न लगाउँने ।<br>मातृभाषाको गीत तथा नृत्य, लघुकथा प्रस्तुत गराउने । | सेतोपाटी, मार्कर भिडियो रेकर्डिङ | नृत्य प्रस्तुत गर्न र लघुकथा भन्न, सुनाउन लगाउँने ।<br>विद्यालयको सांस्कृतिक कार्यक्रममा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ७.२ वैतेश्वरमा बसोबास गर्ने विभिन्न *जाति, जनजाति* विशेषका सामाजिक संस्कार र संस्कृति मध्ये कुनै ५ को मनाउने तरिका बताउन, सो चाडपर्व पर्ने महिना/तिथि बताउन । | वैतेश्वर गा. पा. क्षेत्रमा बसोबास गर्ने विभिन्न *जाति, जनजाति*हरूको मौलिक पहिरन (वेशभूषा, गरहना) स्थानीय सामाजिक संस्कारहरू मध्ये केही शुभकर्म (जस्तै न्वारान, पास्नी, छेवर, गुन्यु चोली दिने, व्रतबन्ध, विवाह आदि) वा मृत्य संस्कार मध्ये कुनै ५ वटाको मनाउने तरिका बताउन । | कक्षाकोठा वा पुस्तकालयमा वैतेश्वरका विभिन्न जातीजनजातिहरूको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक-एक जोडीको चित्र वा फ्लेक्स प्रिन्टिङ फोटो राख्ने र विद्यार्थीलाई अवलोकन गराई सोको पहिचान गराउने ।<br>विद्यार्थीहरुलाई उनीहरुको जातजाति मिल्ने गरी समूहमा विभाजन गर्ने र ४ वटा शुभकार्य र कुनै एक मृत्यु संस्कारको बारेमा लेखी कक्षाकोठामा प्रस्तुत गर्न लगाउँने ।<br>वैतेश्वरमा बसोबास गर्ने जातीजनजातिको नामावली दिई प्रत्येकको मौलिक वेशभूषा र गहनाको नाम र तिनीहरु प्रयोग हुने संस्कार वा चाडपर्वको के हो भनी आफ्नो अभिभावकसँग सोधेर कापीमा लेखेर ल्याउन लगाउँने र पालैपालो प्रस्तुतीकरण गर्न लगाउँने ।<br>सबैको *सांस्कृतिक* वेशभूषा उत्तिकै उत्कृष्ट, आकर्षक, मौलिक, पहिचान दिने र मौलिक छ र एकअर्काको वेशभूषाको कदर गर्नु पर्ने कुरा सिकाउने ।<br>स्थानीय चलन अनुसार हुने आफूले भाग लिएको चाडपर्वको बारेमा छोटो कथा बनाएर सुनाउने, छलफल गर्ने र सो पाठ सम्बन्धी | वैतेश्वरका सबै *जाति, जनजाति*हरूको मौलिक वेशभूषा, गरगहना लगाएको महिला र पुरुष वा केटा र केटीको एक-एक जोडीको स्थानीय क्षेत्रमा *गरिने* शुभकार्य तथा मृत्य संस्कारको भिडियो *सामग्री*<br>फ्लेक्स प्रिन्टिङ फोटो क्राफ्टिङ गर्ने रङ्गीन कागज, कैंची, स्केल, कलर साइनपेन आदि | विद्यालयको *सांस्कृतिक* कार्यक्रममा प्रदर्शन हुने *सांस्कृतिक* झाँकीमा विद्यार्थीको आफ्नो मौलिक वेशभूषामा सहभागिता देखाएको र आ-आफ्नो जाती, समुदायको मौलिक सामाजिक संस्कार, संस्कृतीजन्य प्रदर्शन वा प्रस्तुतीकरणमा सहभागिता भएको बारेमा भन्न लगाउँने ।<br>आ-आफ्नो जाती, समुदायको विवाह, पास्नी, व्रतबन्ध, छेवर वा गुन्यु चोली दिने जस्ता विद्यार्थी आफूले सहभागी भएको वा देखेको कुनै ५ को मनाउने तरिका र *महत्त्व* बताउन लगाउँने ।<br>विद्यार्थीहरुलाई उनीहरुले देखेका वा सुनेका मृत्यु संस्कारका बारेमा भन्न लगाउँने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | गृहकार्य बनाएर दिने ।<br>भिडियोको माध्यमबाट विभिन्न चाडपर्व तथा मृत्यु संस्कारको बारेमा स्पष्ट पार्ने ।<br>विद्यार्थीको आफ्नो परिवार, आफन्त र छिमेकमा भएको विवाह, पास्नी, व्रतबन्ध, छेवर वा गुन्यु चोली दिने जस्ता शुभकार्यको कसरी बनाइन्छ भनी प्रस्तुत गर्न लगाउँने ।<br>विद्यालयको सांस्कृतिक कार्यक्रममा कक्षागत रुपमा स्थानीय सामाजिक संस्कार चालचलन, विभिन्न मौलिक संस्कृति, वेशभूषा र आभूषण (नक्कली वा नमूना) सम्बन्धी झाँकी प्रदर्शन गर्न लगाउँने । | | | |
| | ७.३ वैतेश्वर गाउँपालिकामा बसोबास गर्ने विभिन्न *जाति, जनजाति*हरुले मनाउने साझा चाडपर्वहरूको सूची बनाई कुनै ५ को मनाउने तरिका र *महत्त्व* बताउन। | वैतेश्वर गाँउपालिकामा बसोबास गर्ने मानिसहरुले मनाउने साझा चाडपर्वहरू | वैतेश्वरमा मनाइने मुख्य चाडपर्वहरूको नाम लेख्न लगाउँने ।<br>वैतेश्वरमा प्रचलित चाडपर्वको चिनारी तयार *गरी* पाठ बनाई पढाउने वा अडियोभिजुअल रेकर्ड (क्लीप) वा फोटो सङ्कलन *गरी* विद्यार्थीलाई देखाउने र छलफल गराउने ।<br>वैतेश्वरमा मनाइने साझा चाडपर्व के के हुन फोटो/अन्य *सामग्री* हेरी चिन्न लगाउँने र तिनीहरु कसरी मनाइन्छ चित्र वा भिडियो *सामग्री*को माध्यमबाट प्रस्ट पारिदिने ।<br>स्थानीय चाडपर्व, संस्कृति आदिको पर्यटकीय *महत्त्व* (होमस्टे) बारे पनि छलफल गराउने । | वैतेश्वरमा प्रचलित चाडपर्वको चिनारी भिडियो रेकर्ड (क्लिप) चित्र, वा चाडपर्व मनाएका तस्वीरहरु सेतोपाटी, मार्कर | वैतेश्वरमा मनाइने साझा चाडपर्वहरूको नाम लेख्न लगाउँने ।<br>उनीहरुलाई मन पर्ने कुनै ५ चाडपर्व मनाउने तरिका भन्न लगाउँने ।<br>स्थानीय चाडपर्व, संस्कृति आदिको पर्यटकीय *महत्त्व*बारे एउटा वर्णनात्मक लेख लेख्न लगाउँने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. स्थानीय खेलकुद, मनोरञ्जन र कला साहित्य | ८.१ वैतेश्वर गा. पा. मा प्रचलित स्थानीय तथा आयातित खेलकुदहरूको सूची बनाई कुनै ७ वटा स्थानीय र कुनै २ आयातित खेल खेल्न र तिनीहरुको नियम बताउन खेल्न । | वैतेश्वर गा. पा. मा प्रचलित स्थानीय खेलकुदहरू जस्तै डण्डीवियो, रुमाल लुकाई, सिन्का लुकाई, चिँ मुसी चिँ, हात्ती लखेटाई, बाघचाल, डोरी नाघ्ने, डोरी तान्ने, पिटी, रिलेदौड, हिसाब दौड आदि र आयातित खेलकुदहरु जस्तै फुटबल, हाईजम्प, लङजम्प, कपर्दी,, बास्केटबल, भलिबल आदि<br>खेल खेल्ने विधि वा तरिका | वैतेश्वर गा. पा. मा पहिले देखि प्रचलनमा रहेका र राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रचलित विभिन्न किसिमका खेलहरूको बारेमा चित्र देखाएर जानकारी गराउने ।<br>भिडियो वा प्रवचनको माध्यमबाट खेल खेल्ने तरिका बुझाउने ।<br>विद्यार्थीको शारीरिक, अवस्था, खेलमैदान वा कक्षाकोठा, विद्यार्थी सङ्ख्या र आवश्यक खेल *सामग्री* उपलब्धतालाई मध्यनजर गरेर समूहमा खेल्ने खेलहरू खेलाउने (हप्ताको १ पटक सकेसम्म विदाको अघिल्लो दिन) सामूहिक खेल खेलाउने र खेल खेलाउनु पूर्व आवश्यक खेल *सामग्रीहरू*, खेलको नियम, समयावधि, अनुशासन, सावधानी अपनाउनु पर्ने कुरा, त्यो खेल खेल्दाको फाइदा आदि बारेमा विद्यार्थीलाई बुझाउने र खेल समाप्त भएपछि बालबालिको अनुभव, खेलबाट सिक्नु पर्ने सन्देश बारे बताउने ।<br>खेल खेलाउँदा सबैलाई पालैपालो नेतृत्वको अवसर दिने, फरक क्षमता भएका बालबालिकाहरूलाई पनि समावेश गर्न सकिने खेलहरू खेलाउने र उनीहरूलाई पनि सक्ने भूमिका दिने ।<br>विद्यालयको बार्षिकोत्सव तथा अन्य कार्यक्रममा | खेल अनुसार खेल *सामग्रीहरू*<br>खेल सम्बन्धीका भिडियोहरु<br>खेलमैदान वा कक्ष र सोको तयारी<br>प्राथमिक उपचार *सामग्री* बाकस<br>खेलको नियम लेख्ने र नतिजा (स्कोर) लेख्ने सेतोपाटी वा चार्ट पेपर वा न्युज पेपर | अभ्यास गरेका प्रचलित खेलको खेल्ने तरिका भन्न लगाउँने ।<br>एकल, जोडी र सामूहिक खेलहरूमा बालबालिकाको सहभागिता अवलोकन गर्ने ।<br>विद्यालयमा खेलेको आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विद्यार्थीहरूलाई सहभागी हुन प्रोत्साहित गर्ने। | | | |
| | ८.२ खेलकुदको *शारीरिक*, सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक *महत्त्व* बताउन। | खेलकुदको *महत्त्व* झल्कने निबन्ध वा कथा | विश्वकप, राष्ट्रिय तथा स्थानीय तहमा आयोजित विभिन्न खेलकुदको बारेमा निम्नानुसारको बुँदामा केन्द्रित भई छलफल गर्ने ।<br>(क) सामाजिक पक्ष<br>(ख) आर्थिक पक्ष<br>(ग) पर्यटन विकास<br>खेलकुदले शारीरिक तन्दुरुस्ती कायम राख्न मद्दत पुऱ्याउने केही उदाहरण दिने ।<br>खेलकुदले मानसिक रुपमा स्वस्थ राख्न मद्दत पुऱ्याउने केही उदाहरण दिने ।<br>खेलकुदले समाजमा मेलमिलाप र अमन चैन राख्न मद्दत पुऱ्याउने केही उदाहरण दिने ।<br>खेलकुदको आर्थिक *महत्त्व*को बारेमा छलफल गराउने जस्तै विभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद आयोजना गर्दा हुने आर्थिक गतिबिधि बारे चलफल गराउने।<br>सम्भव भएमा खेलकुदको *महत्त्व* झल्कने लेख वा श्रव्य वा श्रव्य-दृष्य फाईल प्रस्तुत गरी छलफल गराउने र सो लेखबाट मानिसमा खेलबाट हुने *शारीरिक*, सामाजिक तथा मनोवैज्ञानिक *महत्त्व* छुट्याएर लेखी प्रस्तुत गर्न | खेलकुदको *महत्त्व* झल्कने लेख वा श्रव्य वा श्रव्य-दृष्य फाईल | खेलकुदलाई पेसाको रुपमा बिकास गर्न स्थानीय तहको भूमिका कस्तो हुनु पर्दछ भनी सोध्ने ।<br>खेलकुद प्रतियोगिता आयोजना गरी सो मा उनीहरुले देखाएको सहभागीताको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | लगाउँने । | | | |
| | ८.३ वैतेश्वर गा. पा. मा प्रचलित लोकगीत र लोकनृत्यहरु मध्ये कम्तिमा ५/५ वटा लोकगीत गाउन र लोक नृत्य गर्न र लोकगीत तथा लोकनृत्यको सामाजिक, *सांस्कृतिक* र पर्यटकीय *महत्त्व* बताउन । | वैतेश्वर गा. पा. मा प्रचलित लोकगीतहरू जस्तै दोहोरी, तीज गीत, देउसीभैलो, रत्यौली, असारे, झाउरे, तामाङ सेलो, ल्होसार, जुहारी, भजनकृतन, आदि<br>प्रचलित लोकनृत्यहरू जस्तै मारुनी, रतौली, देउसी भैलो, स्याब्रु, ल्होसार, बालन आदि लोक नृत्य गर्ने तरिका<br>लोकगीत तथा लोकनृत्यको सामाजिक, *सांस्कृतिक* र पर्यटकीय *महत्त्व* | वैतेश्वर गा. पा. मा प्रचलित लोकगीतहरू जस्तै दोहोरी, तीज गीत, देउसीभैलो, रत्यौली, असारे, झाउरे, तामाङ सेलो, जुहारी, भजनकृतन आदिका नाम बालबालिकालाई लेखाइदिने ।<br>ती मध्ये सबैले सुने देखेका लोकगीत र लोकनृत्यका तस्वीर वा भिडियो देखाउने र विद्यार्थीलाई नाचगानमा संलग्न गराउने ।<br>बालबालिकाले सजिलै गाउन सक्ने गीत छनौट *गरी* भाका मिलाएर गाउन सिकाउने ।<br>सम्भव भए यस्तो गीत गाउन जान्ने स्थानीय बासीलाई बोलाएर भाका मिलाएर गाउन लगाई बालबालिकालाई सुनाउने र सिकाउने ।<br>तत्पश्चात प्रचलित स्थानीय लोकनृत्यहरू के के हुन भनी सेतोपाटीमा लेखी सामान्य परिचय गराउने (कहिले, कसरी नाचिन्छ) ।<br>बालबालिका घरमा गएपछि नाच्न सक्ने लोकनृत्यमा नाच्न अभ्यास गराउने ।<br>बालबालिकाले नाचेको, गाएको भिडियो रेकर्ड *गरी* उनीहरूलाई नै देखाउने र त्यस्तो स्थानीय नाचगानको लागि अभ्यास गराउने ।<br>विद्यार्थीहरुलाई ३ समूहमा विभाजन गरी समूह १ लाई लोकगीतको तथा लोकनृत्यको | स्थानीय लोकगीतको सूची<br>सही भाका, लय र शब्दहरू<br>अडियो भिजुअल रेकर्डर<br>साउण्ड स्पिकर, मल्टीमेडिया प्रोजेक्टर र डिस्प्ले सिस्टम<br>सेतोपाटी वा चार्ट पेपर वा न्युज पेपर<br>लोकगीत तथा लोकनृत्यको सामाजिक, *सांस्कृतिक* र पर्यटकीय *महत्त्व* प्रस्ट पार्ने चार्ट | स्थानीय लोकगीत र लोकनृत्यको सूची बनाउन लगाउँने ।<br>लोकप्रिय स्थानीय लोकगीत संयुक्त वा सामूहिक रुपमा गाउन लगाउँने ।<br>लोकप्रिय स्थानीय लोकनृत्य संयुक्त वा सामूहिक रुपमा नाच्न/प्रदर्शन गर्न लगाउँने ।<br>लोकगीत तथा लोकनृत्यको सामाजिक, *सांस्कृतिक* र पर्यटकीय *महत्त्व* बताउन लगाउँने ।<br>विद्यालयमा *गरिने* अतिरिक्त क्रियाकलापमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सामाजिक *महत्त्व,* समूह २ लाई लोकगीतको तथा लोकनृत्यको *सांस्कृतिक* र समूह ३ लाई लोकगीतको तथा लोकनृत्यको पर्यटकीय *महत्त्व* बारे लेख्न लगाई प्रस्तुत गर्न लगाउँने ।<br>अन्त्यमा लोकगीत तथा लोकनृत्यको सामाजिक, *सांस्कृतिक* र पर्यटकीय *महत्त्व* बुझाउने चार्ट देखाई स्पष्ट पारिदिने । | | | |
| ९. धार्मिक, *सांस्कृतिक,* पर्यटकीय स्थल | ९.१ वैतेश्वर गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, ऐतिहासिक तथा *सांस्कृतिक* स्थलहरूको छुट्टा-छुट्टै सूची बानाई ४/४ वटाको संक्षिप्त परिचय बताउन र लेख्न । | वैतेश्वरको प्रमुख, प्रसिद्ध धार्मिक स्थलहरू जस्तै मठमन्दिर, गुम्बा, चाडपर्वमा पूजाआजा गर्ने ठाउँहरू सांस्कृतिक स्थलहरू जस्तै कुनै जाती, समुदाय विशेषको पहिचान, संस्कृति, परम्परा, आस्था, संस्कार आदि गाँसिएको स्थल, गाउँ कुनै जाती जनजाती विशेषको मौलिक विशेषता भएको गाउँ, | विद्यार्थीहरूलाई वैतेश्वर गा. पा. मा भएको धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम सोध्ने, ती ठाउँमा पुगेको छ कि छैन, त्यहाँ के छ भनी प्रश्न सोध्ने र थप जानकारी दिंदै ती स्थलहरूको विशेषता सहित चिनारी बताउने ।<br>वैतेश्वरका विभिन्न सामाजिक, *सांस्कृतिक,* ऐतिहासिक तथा प्राकृतिक *महत्त्व* बोकेका स्थलको फोटो, भिडियो सङ्कलन तथा प्रस्तुतीकरण गर्ने ।<br>वैतेश्वरका प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको अलग अलग सूची तयार गरी तिनीहरुको संक्षिप्त परिचय दिने र तिनीहरुको *महत्त्व* बारे छलफल गर्ने गराउने।<br>विद्यार्थीलाई उपयुक्त समय, मौसममा अवलोकन भ्रमण लैजाने । अवलोकन गरेपछि | वैतेश्वरको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरूको सूची, विशेषता र जानकारी सम्बन्धी *सामग्री*<br>वैतेश्वरको प्रमुख एवं प्रसिद्ध धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरूको फोटो (फ्लेक्स प्रिन्ट) र छोटो चिनारी भिडियो | वैतेश्वरमा रहेका कम्तिमा १० वटा स्थानीय धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थलहरूको नाम भन्न लगाउँने ।<br>विद्यार्थीले अवलोकन गरेका वा आफ्नो गाउँघरमा भएका र जानकारी भएका स्थलहरूको बारेमा चिनारी भन्न वा सो स्थलहरुको संक्षिप्त वर्णनात्मक निबन्ध लेख्न लगाउँने ।<br>कक्षामा स्थानीय धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरूको चित्र दिएर/बनाउन लगाएर रङ | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | चाडपर्वमा मेला लाग्ने ठाउँहरू<br>स्थानीय प्राकृतिक सम्पदा जस्तै नदी, झरना, पहाड, गुफा, हिमाल, ताल आदि<br>स्थानीय ऐतिहासिक धरोहरहरु जस्तै किल्ला, स्मारक आदि | आफूले अवलोकन गरेका कुराहरू कापीमा लेखेर ल्याउन लगाउँने र भ्रमणपछि भ्रमण कस्तो लाग्यो, के देख्नु भयो भनेर सोध्ने र ती स्थलहरूको *महत्त्व*, संरक्षण एवं प्रर्वद्धन गर्ने कुरा बालबालिकाले बुझ्ने भाषामा बताउने ।<br>भ्रमण गरेका धार्मिक, *सांस्कृतिक* एवं पर्यटकीय स्थलका चित्र कोर्ने, एक अनुच्छेद लेख्न र प्रस्तुत गर्न लगाउँने ।<br>त्यहाँको सम्बन्धित जानकार व्यक्तिहरूबाट ती ठाउँ विशेषको विशेषता, *महत्त्व* बुझि बालबालिकाले बुझ्ने भाषामा सरल तरिकाले अवलोकन गराउँदै बताउने ।<br>भ्रमण गरेका धार्मिक, *सांस्कृतिक* एवं पर्यटकीय स्थलका चित्र कोर्ने, रङ भर्न लगाउँने र सो बारे एक अनुच्छेदमा वर्णन गर्न लगाउँने । | गाउँपालिका वा वडाको स्रोत नक्साहरू<br>चित्र कोरेर रङ भर्न आवश्यक पर्ने पेपर, कलर साइनपेन, पेन्सिल आदि | भर्न लगाउँने र सोको व्याख्या गर्न लगाउँने।<br>विद्यालयमा विद्यार्थीको सहभागिताको आधारमा मूल्याङ्कन गर्ने । | |
| | ९.२ वैतेश्वर गाउँपालिकामा प्रचलित मुख्य धार्मिक, *सांस्कृतिक*, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको सामाजिक, | वैतेश्वर गा. पा. को धार्मिक, *सांस्कृतिक*, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको *महत्त्व* सम्बन्धी अवधारणा | धार्मिक तथा *सांस्कृतिक* कार्यक्रमले मानिसको सकारात्मक मनोवैज्ञानिक प्रभाव पार्ने कुरा कथा/लेख/सत्य घटना आदिको सहायताले प्रस्ट पार्ने ।<br>धार्मिक तथा *सांस्कृतिक* कार्यक्रमले कसरी समुदाय तथा समाजमा मेलमिलाप गराउँछ भन्ने बारे छलफल गराउने ।<br>यस्ता धार्मिक तथा *सांस्कृतिक* कार्यक्रमले कसरी पर्यटकलाई आकर्सित गर्छन र सोबाट | वैतेश्वर गा. पा. को पर्यटन विकास योजना सम्बन्धी पुस्तिका | धार्मिक, *सांस्कृतिक*, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको *महत्त्व* बारे बुँदागत रुपमा भन्न लगाउँने ।<br>वक्तृत्वकला प्रतियोगीतामा सहभागिता जनाएको आधारमा मूल्याङ्कन गर्ने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | *सांस्कृतिक* तथा आर्थिक *महत्त्व* बारे उदाहरण सहित भन्न । | | के कति आय आर्जन गर्न सकिन्छ भनी छलफल गराउने<br>त्यस्तै धार्मिक, *सांस्कृतिक*, ऐतिहासिक र प्राकृतिक सम्पदाको पर्यटनसँग जोडेर छलफल गराउने<br>धार्मिक तथा *सांस्कृतिक* मेला, उत्सव हेर्न आन्तरिक तथा बाह्य पर्यटक भित्रिने हुँदा स्थानीय तहको समन्वयमा स्थानीय पर्यटन प्रवर्द्धनमा विद्यार्थी (युवा) को भूमिका विषयक विद्यालय स्तरीय वा वडा स्तरीय वा गा. पा. वक्तृत्वकला प्रतियोगीता आयोजना गर्ने गराउने | | | |
| १०. समानता, समावेशीता र सामाजिक न्याय | १०.१ सबै जाति तथा समुदाय समान हो कुनै कुरामा भेदभाव, छुवाछुत गर्नु *हुँदैन* भन्ने समाज/समुदायमा सचेतना जगाउन र समानता तथा समावेशीताको मर्म अनुरुप व्यवहार प्रदर्शन । | वैतेश्वर गा. पा. को सामाजिक अवस्था (विभिन्न जाति, जनजातिहरू मिलेर बसेको विविधता भित्रको एकता) को परिचय<br>एकता, मेलमिलाप, समानता, सामाजिक विविधता, समता र समावेशीताको अवधारणा र *महत्त्व* | समानता र समावेशीताको अर्थ र आवश्यकता बारे विभिन्न उदाहरण सहित बुझाउने ।<br>बैतेशवर गा. पा. को जातीय, सामाजिक, *सांस्कृतिक*, धार्मिक विविधताको बारेमा छलफल गर्ने, समूहगत अभ्यास गर्न लगाउँने ।<br>सबै जाति, जनजाति, वर्ग, लिङ्ग, धर्म, उमेर र अवस्थाका मानिसहरूले समाज समान सहभागिता र अवसर पाउनु पर्छ । टाढा बस्ने (दुर्गम), घरजग्गा नहरने वा थोरै हुने (आर्थिक *गरी*बी), आदि सबैले मौका पाउनु पर्छ ।<br>सबैलाई मिलाउनु पर्छ भन्ने अर्थ बुझाउने र समावेशीताको सही सन्देश दिन विभिन्न उदाहरण दिने वा समावेशी खेल खेलाउने । | सेतोपाटी, मार्कर<br>समावेशी खेल खेलाउनको लागि स्थानीय खेल *सामग्री*<br>समावेशी खेल सम्बन्धी छोटो भिडियो | सामाजिक एकता, विविधता, समानता, समता र समावेशीताको अर्थ, उदाहरण र *महत्त्व* बताउन लगाउँने ।<br>सबै बालबालिका मिलेर बस्ने, सँगै खेल्ने, सँगै बसेर खाजा खाने जस्ता अभ्यास विद्यार्थीले गर्छन् कि गर्दैनन् (विशेष गरी जातीयता, साप्रदायिकता, लैगिँकता, अपाङ्गता आदि आधारमा) अवलोकन | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | समानता र समावेशीताको सिध्दान्तको आवश्यकता बारे छलफल गर्न लगाई प्रस्ट पारिदिने ।<br>अन्तयमा वैतेश्वर गा. पा. मा के कसरी समानता र सामाजिक समावेशीतालाई उचित अभ्यास, र प्रर्वद्धन गर्न सकिन्छ भन्ने बारेमा समूहगत कार्य गरी प्रस्तुतीकरण गर्न लगाउँने । | | गर्ने ।<br>विद्यालयमा विद्यार्थीहरूको गतिविधि (बोली व्यवहार) को अवलोकन *गरी सोको* आधारमा मूल्याङ्कन गर्ने | |
| | १०.२ अपाङ्गता हुने कारणहरु बताउन र अपाङ्गता (फरक क्षमता) भएका व्यक्तिको प्रकार र उनीहरुलाई पर्ने आवश्यकता बारे आफ्नो समूदाय/समाजमा सचेतनामूलक कार्यक्रम गर्न । | वृद्ध उमेर र शारीरिक समस्या<br>परिवार, आफन्त नभएका र आफूसँग केही नभएका बालबालिका, बिरामी, *वृद्धवृद्धा*का आदि र उनीहरूलाई आवश्यक पर्ने सहयोग<br>बालबालिकाले गर्न सक्ने जनचेतमूलक कार्यक्रम र यसको सामाजिक प्रभाव | कुनै व्यक्ति के के कारणले अपाङ्ग बन्छ होला भनि छलफल गराउने र हामी जोसुकैलाई पनि यस्तो अवस्था आउन सक्ने बारे विभिन्न प्राकृतिक बिपत्ती आदिले गरेको क्षतिको उदाहरण दिँदै प्रस्ट पारिदिने । त्यसैले यस्ता मानिसलाई समाजमा माया र सहयोगको आवश्यकता पर्ने भएकोले हामीले यस्ता कुराको बारेमा आ-आफ्नो घरपरिवार, समुदाय र समाजमा सबैलाई सचेत गराउनु पर्ने कुरा बुझाउने ।<br>कुन परिचय पत्र भएको अपाङ्गता भएका व्यक्तिलाई वडा कार्यालयले पैसा/भत्ता (सामाजिक सुरक्षा भत्ता) दिन्छ भनी जानकारी गराउनेर र अपाङ्गता परिचय पत्र बनाउन वडा कार्यालयमा जानु पर्ने, परिचय पत्र भएपछि सरकारले सेवासुविधा दिने कुरा आफ्नो | अपाङ्गता र यसको प्रकार, अपाङ्गता सम्बन्धी सही शब्द सम्बन्धी जानकारी पुस्तिका<br>अपाङ्गता भएका व्यक्तिहरूको चित्र, पम्प्लेट वा अडियो, भिडियो<br>अपाङ्गता परिचप पत्रको नमूना (रातो, नीलो, पहिलो र सेतो)<br>अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहयता *सामग्रीह*रूको चित्र वा तस्वीर | अपाङ्गताको प्रकार भन्न र चिन्न लगाउँने ।<br>अपाङ्गताको परिचयपत्रको प्रकार (रङ) र अपाङ्गता बीच जोडा मिलाउन लगाउँने ।<br>अपाङ्गता भएको व्यक्तिलाई गर्नु पर्ने, गर्नु नहुने कुराहरू (बोली व्यवहार) बारे मौखिक सोध्ने र उनीहरूको व्यवहार अवलोकन गर्ने ।<br>कस्तो रङको अपाङ्गता परिचयपत्र पाएका व्यक्तिले भत्ता पाउँछ भनी सोध्ने ।<br>विद्यालयमा विद्यार्थीको | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | घरपरिवार, छरछिमेकलाई भन्न प्रोत्सहित गर्ने ।<br>कोही अपाङ्गता भएको व्यक्ति विद्यालय नजिकमा भए निजलाई बोलाएर अपाङ्गता र उसको अनुभव बारेमा अन्तरक्रिया गराउने ।<br>अपाङ्गता भएका व्यक्तिसँग कस्तो व्यवहार गर्ने, किन गर्ने र कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा समूहगत छलफलपछि प्रस्तुतीकरण गर्न लगाउँने । | रुमाल, गलबन्दी आदि खेल सामग्रीहरू | क्रियाकलाप अवलोकन गरेर मूल्याङ्कन गर्ने । | |
| | १०.३ असहाय, *वृद्धवृद्धा* अन्य विशेष सहयोग आवश्यक पर्ने दैनिक जीवनमा आईपरेका समस्याहरुको पहिचान र उनीहरुप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न । | शारीरिक विरामीपन र सहयता<br>वृद्ध उमेर र शारीरिक समस्या<br>परिवार, आफन्त नभएका र आफूसँग केही नभएका बालबालिका, बिरामी, *वृद्धवृद्धा*का आदि र उनीहरूलाई आवश्यक पर्ने सहयोग<br>बालबालिकाले गर्न सक्ने सहयोग | कुनै व्यक्ति कसरी असहाय बन्छ होला भनी छलफल गराउने र हामी जोसुकैलाई पनि यस्तो अवस्था आउन सक्ने बारे विभिन्न बाढी, पहिरो, भुकम्प आदिले गरेको क्षतिको उदाहरण दिँदै प्रस्ट पारिदिने । त्यसैले यस्ता मानिसलाई समाजमा माया र सहयोगको आवश्यकता पर्ने भएकोले हामीले यस्ता कुराको बारेमा आ-आफ्नो घरपरिवार, समुदाय र समाजमा सबैलाई सचेत गराउनु पर्ने कुरा बुझाउने ।<br>विरामी र *वृद्धवृद्धा*लाई सम्मान गरेर बोल्ने र सहयोग गर्ने कुरा सिकाउने ।<br>कति उमेर पुगेको *वृद्धवृद्धा*लाई वडा कार्यालयले पैसा/भत्ता (सामाजिक सुरक्षा भत्ता) दिन्छ भनी जानकारी गराउने र असक्त, वृद्ध र विधवा, परिचय पत्र बनाउन वडा | *वृद्धवृद्धा*, असहाय, विरामी, दीर्घरोगी व्यक्तिहरूको चित्र, पम्प्लेट वा अडियो, भिडियो<br>*वृद्धवृद्धा*, दिर्घरोगी र असहायले प्रयोग गर्ने सहयता *सामग्री*हरूको चित्र वा तस्वीर | *वृद्धवृद्धा*, असहाय, दिर्घरोगी भएको व्यक्तिलाई गर्नु पर्ने, गर्नु नहुने कुराहरू (बोली व्यवहार) बारे मौखिक सोध्ने र उनीहरूको व्यहार अवलोकन गर्ने ।<br>कस्ता रोग लागेका व्यक्तिले भत्ता पाउँछ भनी सोध्ने ।<br>कति उमेर समूहका व्यक्तिहरुले भत्ता पाउछन् भनी सोध्ने ।<br><br>विद्यालयमा विद्यार्थीको क्रियाकलाप अवलोकन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कार्यालयमा जानु पर्ने, परिचय पत्र भएपछि सरकारले सेवासुविधा दिने कुरा आफ्नो घरपरिवार, छरछिमेकलाई भन्न प्रोत्साहित गर्ने ।<br>त्यसैगरी कोही नभएका (असहाय), दिर्घरोगी, *वृद्धवृद्धा*लाई पनि सम्मान गरेर बोल्ने र सहयोग गर्ने कुरा सिकाउने ।<br>*वृद्धवृद्धा*हरूसँग कस्तो व्यवहार गर्ने, किन गर्ने र कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा समूहगत छलफलपछि प्रस्तुतीकरण गर्न लगाउँने । | | गरेर मूल्याङ्कन गर्ने । | |
| ११. सामाजिक रुपान्तरण, लोकतन्त्र र संघीयता | ११.१ लोकतन्त्र (गणतन्त्र) र संघीयताको अर्थ र नेपालमा यसको आवश्यकता बारे बताउन । | नेपालमा गणतन्त्र र संघीयता घोषणाको पृष्ठभूमि | प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र र संघीयता शब्द सुने नसुनेको, त्यसको अर्थ के हो भनेर सोध्ने र ती शब्दावलीहरूको अर्थ लेखिदिने ।<br>नेपालमा गणतन्त्र र संघीयता घोषणा गर्नु पूर्वको मुख्यमुख्य घटनाक्रम (पृष्ठभूमि) (जस्तै १० बर्षे शसस्त्र द्वन्द, दोस्रो जनआन्दोलन, शान्ति प्रक्रिया, मधेश आन्दोलन, जनजाति आन्दोलन, दलित आन्दोलन, संविधान सभा, संविधान निर्माण आदि) पनि बताइदिने ।<br>नेपालमा लोकतन्त्र र संघीयताको मुख्य विशेषताहरू बुँदागत रुपमा लेखेर बताइदिने ।<br>संघीयता कार्यान्वयनको परिणामस्वरुप संघ, प्रदेश र स्थानीय तहहरूको संरचना बनेको र | नेपालमा लोकतन्त्र (गणतन्त्र), संघीयता घोषणा सम्बन्धी सन्दर्भ पुस्तकहरू तथा अध्ययन *सामग्री*हरू<br>वैतेश्वर गा.पा. घोषणा भएको र गा. वि. स. हरूको विवरण<br>चार्ट पेपर वा न्युज पेपर, मार्कर | लोकतन्त्र (गणतन्त्र) र संघीयताको अर्थ भन्न वा लेख्न लगाउँने ।<br>नेपालको लोकतन्त्र (गणतन्त्र) र संघीयताको विषेशता बताउन वा लेख्न लगाउँने ।<br>नेपालमा भएको लोकतन्त्र (गणतन्त्र) र संघीयताको बारेमा एउटा अनुच्छेद लेख्न लगाउँने ।<br>संघीयताको *महत्त्व* बारे भन्न लगाउँने । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | वैतेश्वर गा.पा. पनि त्यसैको एउटा उदाहरण भएको बताउने, बुझाउने ।<br>नेपालको लोकतन्त्र र संघीयता सम्बन्धी कक्षागत हाजिरी जवाफ प्रतियोगिता गराउने ।<br>नेपालको संघीय संरचनामा वैतेश्वर गाँउपालिका बारेमा नक्साको सहयोगमा संक्षिप्त प्रस्तुतीकरण गर्न लगाउँने । | | | |
| १२. *जीवनोपयोगी* सिप | १२.१ *जीवनोपयोगी* ६ वटा सिप भन्न र कम्तिमा ५ वटा अभ्यास गर्न | विभिन्न किसिमको *जीवनोपयोगी* सिपहरू (जस्तै आत्मनिर्भर हुने अरुसँग मिलेर वस्नु, सहयोगी हुनु, आफ्नो काम र जिम्मेवारी, प्रभावकारी सञ्चार, समय व्यवस्थापन, आफनो सामानको सुरक्षा, पैसाको सदुपयोग, आफ्नो लागि खानेकुरा बनाएर (पकाएर) खाने, किनमेल गर्न, समस्या समाधानको उपाय, खतराप्रति सावधानी, प्राथमिक | पेसा व्यवसाय वा रोजगारी गर्न आवश्यक पर्ने योग्यता, सिपको अतिरिक्त हरेक व्यक्ति आत्मनिर्भर भएर जीवन जीउन विभिन्न किसिमका उपयोगी सिपहरू आवश्यकता पर्ने बताउँदै उदाहरण दिई छलफल गराउने<br>केही *महत्त्वपूर्ण* *जीवनोपयोगी* सिपहरू बताउने जस्तै आफ्नो सामानको उचित व्यवस्था र सुरक्षा गर्नु, व्यक्तिगत र पारिवारिक सरफाइ गर्न जान्नु, आफ्नो लागि खाना पकाउनु (तयार गर्नु), अरुसँग मिलेर बस्नु, समयको पालना (व्यवस्थापन), प्रभावकारी सञ्चार, पैसाको सही सदुपयोग, किनमेल गर्न जान्नु, समस्याको समाधान गर्ने, व्यवहारिक तरिकाले किनमेल गर्नु, दु:ख सहन (धैर्यता गर्नु), चुनौतिको सामना, धेरै कुरामा आत्मनिर्भर हुनु, आफ्नो काम र जिम्मेवारी सधैं पूरा गर्नु, कामको प्राथमिकिकरण गर्नु, बोल्ने कला, खतरा प्रति | *जीवनोपयोगी* सिपहरूको सूची वा फोटो<br>केही *महत्त्वपूर्ण* *जीवनोपयोगी* सिपहरू सम्बन्धी मोवाइल भिडियो<br>मेटा कार्ड, मार्कर, सेतोपाटी आदि<br>प्राथमिक उपचार तालिमको सामग्रीहरू (सबै स्थानीय *सामग्रीहरू*) | हामीलाई आवश्यक पर्ने कुनै ६ वटा *जीवनोपयोगी* सिपहरू भन्न वा लेख्न लगाउँने<br>ती सिप किन सिक्नु जरुरी छ भनी सोध्ने वा लेख्न लगाउँने ।<br>विद्यार्थीहरूले केही *जीवनोपयोगी* सिपहरू सिके नसिकेको वा व्यवहारमा प्रयोग गरे नगरेको अवलोकन *गरी* मूल्याङ्कन गर्ने (अभिभावकसँग सोधबुझ गर्ने)<br>प्राथमिक उपचारको सिप सिकेर प्रयोग गरे नगरेको सोझबुझ *गरी* मूल्याङ्कन गर्ने | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उपचार आदि | सावधानी, योगा, मेडिटेशन, शारीरिक व्यायाम, प्राथमिक उपचार आदि)<br>पेसा तथा व्यवसायमा सफल हुन र समाजमा मिलेर बस्न यस्ता *जीवनोपयोगी* सिपको के कस्तो भूमिका हुन्छ भनी समूहगत छलफल लगाउँने ।<br>अन्य के के सिप हुन सक्छन भनी विद्यार्थीलाई सोधी सेतोपाटीमा लेखिदिने । यस्ता धेरै *जीवनोपयोगी* सिपहरू मध्ये कुनकुन सिप अहिले देखि नै उनीहरुसँग हुनपर्छ भनी कुनै ६ वटा छान्न वा भन्न लगाई ती मध्ये ५ वटा यी सिपहरू सिक्ने र व्यवहारमा अभ्यास गर्न भन्ने ।<br>स्थानीय स्वास्थ्य कर्मी वा रेडक्रसको प्रशिक्षक ल्याएर प्राथमिक उपचार सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने । | | । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३. सहकारी | सहकारीको आवश्यकता र सञ्चालक समितिको काम, कर्तव्य र अधिकार बताउन | सहकारी र यसको *महत्त्व*<br>सहकारीको सञ्चालक समितिको काम, कर्तव्य र अधिकार | सहकारीको आवश्यकता बारे छलफल गराउने आय आर्जन पश्चात निश्चित रकम बचत गरेर मात्र खर्च गर्नु पर्ने कुरा बुझाउने ।<br>प्रश्नोत्तर विधिबाट वडामा रहेका सहकारी संस्थाको नाम, कार्यालय रहेको स्थान, स्थापना भएको वर्ष, सदस्य सङ्ख्या, सदस्य सेवा, सञ्चालक समितिको सङ्ख्या पालैपालो सोध्ने र अरुलाई साथीले भनेको कुरा भन्न लगाउँने ।<br>सहकारीको अवलोकन भ्रमण गराउने र देखेका र सुनेका कुराहरुको शव्दमा, चित्रमा अभिलेखीकरण गर्न लगाउँने ।<br>सहकारी अभियन्ताद्धारा आमन्त्रित कक्षा लिन लगाई सहकारीको सञ्चालक समितिको काम, कर्तव्य र अधिकार र सहकारीको फाईदा बारे भन्न लगाउँने । | सहकारीको स्मारिका<br>सहकारी पुस्तक<br>सहकारीको मोवाइल तस्वीर<br>ब्रोसरहरु<br>सहकारी भित्रेपात्रो<br>संघीय/प्रादेशिक/स्थानीय सहकारी ऐन, नियमावली र मापदण्ड | सहकारीको आवश्यकता र सञ्चालक समितिको काम, कर्तव्य र अधिकार बताउन लगाउँने । | ३ |

# परिच्छेद –तीन

# शिक्षण-सिकाइ तथा विद्यार्थी मूल्याङ्कन विधि एवं प्रक्रिया

## ३.१ शिक्षण-सिकाइ सहजीकरण विधि

वैतेश्वरको पहिचान विषयको शिक्षण—सिकाइ पनि यस स्थानीय पाठ्यक्रमले निर्धारण गरेको विषय-क्षेत्र, विषयवस्तुहरू, पाठ्यभार तथा सिकाइ मूल्याङ्कनलाई बढी प्रभावकारी, बढी व्यावहारिक र कार्यमूलक बनाउन सकियोस् भनेर यस स्थानीय पाठ्यक्रमले तोकेको पाठ्यक्रम तह अनुसार शिक्षण-सिकाइ सहजीकरण विधि निम्नानुसार प्रस्ताव गरिएको छः

### *३.१.१. कक्षा १ देखि ३ सम्मको लागि प्रस्तावित शिक्षण-सिकाइ सहजीकरण विधि*

- प्रस्तुतीकरण विधि
- प्रश्नोत्तर तथा छलफल विधि
- अभिनय तथा भूमिका निर्वाह विधि
- एकल, संयुक्त र समूहगत कार्य अभ्यास एवं प्रस्तुतीकरण
- प्रदर्शन विधि (चित्र, श्रव्य, श्रव्य-दृष्य र अन्य सामग्रीहरू)
- खेल विधि
- स्थलगत अवलोकन भ्रमण
- अनुभव तथा सिकाइ आदानप्रदान
- प्रयोगात्मक विधि
- पृष्ठपोषण

### ३.१.२. कक्षा ४ र ५ को सम्मको लागि प्रस्तावित शिक्षण-सिकाइ सहजीकरण विधि

- प्रस्तुतीकरण विधि
- प्रश्नोत्तर तथा छलफल विधि
- अभिनय तथा भूमिका निर्वाह विधि
- एकल, संयुक्त र समूहगत कार्य अभ्यास एवं प्रस्तुतीकरण
- प्रदर्शन विधि (चित्र, श्रव्य, श्रव्य-दृष्य र अन्य सामग्रीहरू)
- स्थलगत खेल विधि
- स्थलगत अवलोकन भ्रमण
- अनुभव तथा सिकाइ आदानप्रदान
- प्रवचन विधि
- प्रयोगात्मक अभ्यास विधि
- पृष्ठपोषण

### ३.१.३. कक्षा ६ देखि ८ सम्मको लागि प्रस्तावित शिक्षण-सिकाइ सहजीकरण विधि

- प्रस्तुतीकरण विधि
- प्रश्नोत्तर तथा छलफल विधि
- अभिनय तथा भूमिका निर्वाह विधि
- एकल, संयुक्त र समूहगत कार्य अभ्यास एवं प्रस्तुतीकरण
- प्रदर्शन विधि (चित्र, श्रव्य, श्रव्य-दृष्य र अन्य सामग्रीहरू)
- खेल विधि
- स्थलगत अवलोकन भ्रमण
- अनुभव तथा सिकाइ आदानप्रदान
- प्रवचन विधि
- प्रयोगात्मक अभ्यास विधि
- अभिमुखीकरण तथा अनुशिक्षण विधि
- तालिम तथा सहजीकरण विधि
- कार्याशाला विधि
- पृष्ठपोषण

## ३.२. विद्यार्थी मूल्याङ्कन विधि

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले निर्धारण गरे अनुसार पाठ्यक्रमले तोकेअनुसार निर्धारण गरेको उद्देश्य पूरा भयो भएन भन्ने जानकारी लिन अर्थात् विद्यार्थीको सिकाइका बारेमा लेखाजोखा गर्न विद्यार्थी मूल्याङ्कन गर्नु पर्ने र सोको लागि निर्माणात्मक (सुधारात्मक मूल्याङ्कन) मूल्याङ्कन विधि र निर्णयात्मक मूल्याङ्कन विधि अवलम्बन गर्ने व्यवस्था गरेको छ । निर्माणात्मक (सुधारात्मक मूल्याङ्कन) मूल्याङ्कन विधिमा विद्यार्थीले के कति सिकिसकेका छन् ? अब के सिकाउने, सिकाउन चाहेको कुरो सिके कि सिकेनन्, नसिकेका भए अब कुन तरिकाले सिकाउनेभन्ने ? बारेमा जानकारी लिइने निरन्तर मूल्याङ्कन विधि हो । यसका लागि विद्यार्थीको सहभागिता, कक्षाकार्य, प्रश्नोत्तर, गृहकार्य, परियोजना कार्य, दैनिक व्यवहार, आनीबानी सुधार, अध्ययन, जिम्मेवारी बहन, अभ्यास कार्य एवं प्रयोगात्मक अभ्यासमा सहभागिता र नेतृत्व लगायतका कार्यबाट निरन्तर रूपमा विद्यार्थी मूल्याङ्कन गरिनेछ ।

निरन्तर मूल्याङ्कन विधिका साथै निर्णयात्मक मूल्याङ्कन विधि जुन आवधिक रुपमा गर्ने अभ्यास अनुसार विद्यार्थीको सिकाइ मूल्याङ्कन गरिने छ । आवधिक मूल्याङ्कन विधि आवधिक मौखिक तथा लिखित परीक्षा प्रणालीबाट गर्ने अभ्यास भए तापनि स्थानीय पाठ्यक्रमको उद्देश्य अनुरुपको विषयवस्तु, सिकाइ विधि र व्यवहारमुखी सिकाइ उपलब्धिको अपेक्षा राखिएकोले प्रयोगात्मक अभ्यासलाई बढी जोड दिई प्रयोगात्मक अभ्यास, लिखित र मौखिक परीक्षा विधि अवलम्बन गरिने छ ।

तालिका १५ कक्षागत मूल्याङ्कन विधि तथा अङ्कभार प्रतिशत

| क्र.सं. | कक्षा | निरन्तर मूल्याङ्कन (प्रतिशत) | आवधिक मूल्याङ्कन (प्रतिशत) | जम्मा (प्रतिशत) |
|---|---|---|---|---|
| १ | कक्षा १ देखि ३ सम्म | १०० | ० | १०० |
| २ | कक्षा ४ र ५ | ६० | ४० | १०० |
| ३ | कक्षा ६ देखि ८ सम्म | ४० | ६० | १०० |

## ३.३.विद्यार्थी मूल्याङ्कन प्रणाली

वर्तमान पाठ्यक्रमले कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विशेष जोड दिएको छ । कक्षा १ देखि ३ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनकै आधारमा शतप्रतिशत, कक्षा ४ र ५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक मूल्याङ्कनका आधारमा र कक्षा ६–८ मा ४० प्रतिशत निरन्तर मूल्याङ्कन र ६० प्रतिशत आवधिक मूल्याङ्कनका आधारमा ग्रेड निर्धारण गर्नुपर्ने प्रावधान छ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले आधारभूत तहको पाठ्यक्रममा मूल्याङ्कन विधि, साधन र प्रक्रियामा परिमार्जन भएका स्थानीय पाठ्यक्रममा पनि सोही अनुसार मूल्याङ्कन विधि, साधन र प्रक्रिया समावेश गर्नुपर्ने व्यवस्था गरेकोले वैतेश्वर गाउँपालिकामा लागू हुने स्थानीय पाठ्यक्रम पनि सोही अनुसारको मूल्याङ्कन पद्धति अवलम्बन गरिनेछ ।

विद्यार्थीलाई स्थानीय सिप सिकाउने पाठ्यक्रम भएमा उत्पादन प्रणालीसँग आबद्ध गरी पारिवारिक आयआर्जनमा पनि सहयोग पुग्न सकोस् भन्ने हेतुले स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन गरिएकोले विद्यार्थीको मूल्याङ्कन पनि लिखित परीक्षालाई भन्दा प्रयोगात्मक र निरन्तर मूल्याङ्कनलाई नै बढी जोड दिएर पाठ्यक्रम तयार गरिएको छ । तसर्थ स्थानीय पाठ्यक्रमका विषयमा विद्यार्थीले पढेर भन्दा प्रत्यक्ष अवलोकन गरेर, पेसा व्यवसायका काम गरेर, स्वयम् व्यक्तिगत, संयुक्त र सामूहिक कार्याभ्यासमा संलग्न भएर, पारिवारिक, सामाजिक र सामुदायिक गतिविधिमा सहभागी भएर सिक्दछन् । यस्तो सिकाइ प्रक्रियाको मूल्याङ्कन अनौपचारिक रूपमा निरन्तर गरिनुपर्दछ । यसका लागि प्रश्नोत्तर, छलफल, व्यवहारको अवलोकन, उनीहरूको कार्याभ्यास, व्यवहार परिवर्तन, उनीहरूले गरेको काम (अभ्यास)को प्रतिफल (उत्पादन), अभिभावक वर्गको राय प्रतिक्रिया, विद्यार्थी कै साथीहरूको राय प्रतिक्रिया आदिको माधमबाट मूल्याङ्कन गरिने छ । यसको लागि तोकिएका ढाँचामा सबै विद्यार्थीको प्रगति अभिलेख र पोर्टफोलियो फाइल व्यवस्थित गरी राख्नुपर्नेछ ।

# ३.४.परीक्षाको प्रकार

स्थानीय पाठ्यक्रममा समावेश भएका सक्षमता, सिकाइ उपलब्धि, विषयवस्तु, शिक्षण-सिकाइ क्रियाकलापको आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नु पर्ने छ । यस विषयको सिकाइ उपलब्धि मूल्याङ्कनका लागि सैद्धान्तिक परीक्षा र प्रयोगात्मक परीक्षाको व्यवस्था गरिएको छ । यसमा कक्षा १ देखि ८ सम्मको लागि सैद्धान्तिक अन्तर्गत २० प्रतिशत र प्रयोगात्मक अन्तर्गत ८० प्रतिशत अङ्कभार कायम गरिएको छ ।

मूल्याङ्कन गर्दा निर्माणात्मक (निरन्तर मूल्याङ्कन) र निर्णयात्मक (आवधिक मूल्याङ्कन)दुबै विधिहरूको प्रयोग गर्नु पर्ने छ । निर्माणात्मक मूल्याङ्कनका लागि विद्यार्थीहरूको पोर्टफोलियो (व्यक्तिगत फायल) बनाई उनीहरूले गरेका कार्य, सक्रियता अवलोकन, हाजिरी लगायतका आधारमा अङ्क प्रदान गर्नुपर्छ । विद्यार्थीले सैद्धान्तिक र प्रयोगात्मक खण्डमा प्राप्त गरेका अङ्कलाई छुट्टा छुट्टै र विषयगत कुल प्राप्ताङ्कलाई अक्षराङ्कन पद्धतिमा रूपान्तर गरी अक्षरग्रेडमा मूल्याङ्कन गर्नु पर्नेछ ।

तालिका १६ कक्षागत परीक्षाको किसिम तथा अङ्कभार प्रतिशत

| क्र.सं. | कक्षा | सैद्धान्तिक परीक्षा प्रतिशत) | प्रयोगात्मक परीक्षा (प्रतिशत) | जम्मा (प्रतिशत) |
|---|---|---|---|---|
| १ | कक्षा १ देखि ३ सम्म | २० | ८० | १०० |
| २ | कक्षा ४ र ५ | २० | ८० | १०० |
| ३ | कक्षा ६ देखि ८ सम्म | २० | ८० | १०० |

यस विषयमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन्:

(क) कक्षागत सिकाइ उपलब्धिअनुरूप विद्यार्थीहरूले विषयवस्तुको ज्ञान हासिल गर्न सकेका छन् वा छैनन् भन्ने बारे निरन्तर रूपमा मूल्याङ्कन गर्न,

(ख) विद्यार्थीका सिकाइको स्तर पहिचान गरी उनीहरूका कमी कमजोरी हटाउन विद्यार्थीका आवश्यकतानुसार अलगअलग योजना बनाई सोअनुरूप उपचारात्मक शिक्षण गरी सबै विद्यार्थीको सिकाइ सुनिश्चित गर्न,

(ग) निर्माणात्मक मूल्याङ्कनको आधारमा शिक्षण सहजीकरणमा आवश्यक सुधार गरी सिकाइलाई प्रभावकारी बनाउन,

(घ) विद्यार्थी मूल्याङ्कनको यथार्थ सूचना विद्यार्थी र अभिभावकहरूलाई निरन्तर दिन र आवश्यक पृष्ठपोषण तथा परामर्श आदानप्रदान गर्न ।

तालिका १७ कक्षागत मूल्याङ्कन विधि, परीक्षाको किसिम तथा अङ्कभार प्रतिशत

| क्र.सं. | कक्षा | निरन्तर मूल्याङ्कन (प्रतिशत) | | | आवधिक मूल्याङ्कन (प्रतिशत) | | | जम्मा (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|
| | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | |
| १ | कक्षा १ देखि ३ सम्म | २० | ८० | १०० | - | - | - | १०० |
| २ | कक्षा ४ र ५ | - | ६० | ६० | २० | २० | ४० | १०० |
| ३ | कक्षा ६ देखि ८ सम्म | - | ४० | ४० | २० | ४० | ६० | १०० |

## ३.५.सैद्धान्तिक परीक्षाका लागि आधार तथा अङ्कभार

## (क) सैद्धान्तिक परीक्षा (मूल्याङ्कन) को अङ्कभार

स्थानीय विषयको सैद्धान्तिक ज्ञानको सिकाइ उपलब्धि मापनका लागि कक्षामा पठनपाठन भएको विषयमा विद्यार्थीहरूको ज्ञान, बोध, प्रयोग, उच्च दक्षता, सिर्जनात्मक तथा समालोचनात्मक सोचाइ, विश्लेषणात्मक क्षमता, समस्या समाधान, खोजमूलक सिप, मूल्य तथा अभिवृत्ति हुन सक्यो वा सकेन भनी मूल्याङ्कन गर्नु पर्दछ । पढाइ, लेखाइ, सुनाइ र बोलाइको माध्यमबाट विषयको सैद्धान्तिक ज्ञानको मूल्याङ्कन गर्ने पद्धति अनुसार प्रश्नोत्तर, गृहकार्य, कक्षागत कार्य, छलफल, हाजिरी जवाफ, मौखिक परीक्षा, लिखित परीक्षा आदि विधिहरूको प्रयोग गरेर यस विषयको सैद्धान्तिक परीक्षा गर्नुपर्ने छ । स्थानीय विषयको सैद्धान्तिक परीक्षाको सबै कक्षाको लागि अङ्कभार २० निर्धारण गरिएको छ ।

तालिका १८ कक्षा १ देखि ३ सम्मको सैद्धान्तिक परीक्षा (मूल्याङ्कन) को अङ्कभार

| क्र.सं. | मूल्याङ्कनको आधार | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | विषयवस्तु बुझाइ र ज्ञान (चिनाइ) | १० | |
| २ | लिखित कक्षागत कार्य एवं गृहकार्य | ५ | |
| ३ | मौखिक संवाद, उच्चारण, प्रश्नोत्तर आदि | ५ | |
| | जम्मा | २० | |

तालिका १९ कक्षा ४ र ५ को सैद्धान्तिक परीक्षा (मूल्याङ्कन) को अङ्कभार

| क्र.सं. | मूल्याङ्कनको आधार | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | विषयवस्तुको, ज्ञान, बोध तथा अभिव्यक्ति | १० | |
| २ | लिखित अभिव्यक्ति एवं प्रस्तुति | ५ | |
| ३ | मौखिक अभिव्यक्ति एवं प्रस्तुति | ५ | |
| | जम्मा | २० | |

तालिका २० कक्षा  ६ र ८ को सैद्धान्तिक परीक्षा (मूल्याङ्कन) को अङ्कभार

| क्र.सं. | मूल्याङ्कनको आधार | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | विषयवस्तुको, ज्ञान, बोध तथा अभिव्यक्ति | ५ | |
| २ | लिखित अभिव्यक्ति एवं प्रस्तुति | ५ | |
| ३ | मौखिक अभिव्यक्ति एवं प्रस्तुति | ५ | |
| ४ | समस्या समाधान, ज्ञानको प्रयोग र सिर्जनशीलता आदि । | ५ | |
| | जम्मा | २० | |

## (ख) सैद्धान्तिक परीक्षा (मूल्याङ्कन) को लागि प्रश्नको प्रकार

सैद्धान्तिक परीक्षाको कुल २० प्रतिशत अङ्कभार कक्षा १ देखि ८ सम्म  यही आधारमा विभाजन गरी प्रश्नहरू तयार गरेर कक्षा ३ सम्म मौखिक निरन्तर मूल्याङ्कन विधिबाट र कक्षा ४ देखि ८ सम्म लिखित परीक्षा आवधिक रुपमा सञ्चालन गर्नु पर्नेछ । सैद्धान्तिक परीक्षाको लागि निम्नानुसार लिखित तथा मौखिक प्रश्नहरू सोध्नु पर्नेछः

तालिका २२ सैद्धान्तिक परीक्षाको लागि प्रश्नहरूको किसिम र अङ्कभार

| क्र.सं. | सैद्धान्तिक (लिखित तथा मौखिक) प्रश्नहरू | अङ्कभार (प्रतिशत) |
|---|---|---|
| | | कक्षा १—८ सम्म |
| १ | बहुवैकल्पिक उत्तर आउने र अति संक्षिप्त उत्तर आउने प्रश्नहरू | ५० |
| २ | संक्षिप्त उत्तर आउने प्रश्नहरू | ५० |
| ३ | लामो उत्तर आउने प्रश्नहरू | - |
| | जम्मा | १०० |

## (ग) सैद्धान्तिक परीक्षा (मूल्याङ्कन) को पूर्णाङ्क तथा प्राप्ताङ्क अनुपात निर्धारण

कक्षा ४ देखि ८ सम्मका लागि लिइने आवधिक परीक्षाका लागि माथि उल्लिखित सैद्धान्तिक प्रश्नहरूलाई पहिलो र दोस्रो त्रैमासिकमा ५०/५० पूर्णाङ्क र अन्तिम परीक्षामा १०० पूर्णाङ्कको प्रश्नपत्र तयार गरी परीक्षा सञ्चालन गर्ने र प्राप्ताङ्कलाई आवधिक अङ्कभारको अनुपातमा गणना गर्नुपर्ने छ ।

# ३.६.प्रयोगात्मक परीक्षाका लागि आधार तथा अङ्कभार

## (क) प्रयोगात्मक परीक्षा (मूल्याङ्कन) को आधार

विषयगत सिकाइको व्यावहारिक अभ्यास वा प्रयोग के कति गर्न सक्यो वा सकेन भनी प्रयोगात्मक परीक्षा गरिने छ । कक्षाभित्र, कार्यशालामा वा स्थलगत अभ्यास (परियोजना) कार्य, खोज, अध्ययन भ्रमण, व्यावसायिक अभ्यास एवं उत्पादन कार्य, सामुदायमा क्रियाकलाप, प्रदर्शनी, सहजीकरण, अनुशिक्षण लगायतको क्रियाकलाप समेतमा दिइएको समयलाई प्रयोगात्मक पाठ्यभारभित्र लिन सकिनेछ । प्रयोगात्मक परीक्षाको माध्यमबाट गरिने विद्यार्थी मूल्याङ्कन प्रयोजनका लागि कक्षा १ देखि ८ सम्मको कुल पाठ्यभार (पाठ्यघन्टी) को ८० प्रतिशत समय दिनु अनिवार्य छ । प्रयोगात्मक पक्षको मूल्याङ्कनका लागि निम्नानुसारका आधारहरू लिनु पर्दछः

- कक्षा, विद्यालय र घरपरिवारमा गरेको अभ्यास
- अध्ययन भ्रमण वा सोधखोज गरी प्रतिवेदन तयार र प्रस्तुति
- कक्षा प्रयोगात्मक कार्य
- सामूहिक अभ्यास कार्य तथा प्रस्तुति
- कक्षागत क्रियाकलापमा सहभगिता
- घरपरिवारमा अभ्यास (व्यवहारमा)
- आनीबानी सुधार र व्यवहार परिवर्तन
- वस्तु/सामग्री निर्माण, तयार र प्रयोग
- कृषि उत्पादन, पशुपालन नमूना अभ्यास
- लघू परियोजना कार्य
- प्रदर्शनी एवं प्रस्तुति
- तल्लो कक्षालाई सहजीकरण, अनुशिक्षण एवं सहयोग
- प्रयोगात्मक क्रियाकलापसँग सम्बन्धित मौखिक प्रश्नोत्तर र वर्णन
- अन्तरक्रिया, छलफल आदि क्रियाकलापहरू आदि ।

## (ख) प्रयोगात्मक परीक्षा (मूल्याङ्कन) को अङ्कभार

यस स्थानीय विषयको प्रयोगात्मक परीक्षाको अङ्कभार कक्षागत आधारमा निम्नानुसार दुई समूहमा विभाजन गरिएको छः (क) कक्षा १ देखि ३ सम्मको लागि र (ख) कक्षा ४ देखि ८ सम्मको लागि ।

तालिका २३ कक्षा १ देखि ३ सम्मको प्रयोगात्मक परीक्षा (मूल्याङ्कन) को अङ्कभार

| क्र.सं. | मूल्याङ्कनको आधार | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | नियमित कक्षामा उपस्थिति र सहभागिता | १० | |
| २ | कक्षागत कार्य एवं गृहकार्य | १० | |
| ३ | आनीबानी सुधार/व्यवहार परिवर्तन/सिकाइ अभ्यास | १० | |
| ४ | व्यक्तिगत/समूह/संयुक्त अभ्यास कार्य | १० | |
| ५ | कृषि उत्पादन/पशुपालन/सीप आदिको प्रयोग | १० | |
| ६ | अध्ययन भ्रमण र छलफल | १० | |
| ७ | नृत्य, गायन, भूमिका-निर्वाह, खेल, प्रदर्शनी आदिमा सहभागिता | १० | |
| ८ | विद्यालय, पारिवारिक र समुदायको क्रियाकलापमा सहभागिता | ५ | |
| ९ | मौखिक परीक्षा र छलफल (प्रयोगात्मक कार्यसँग सम्बन्धित) | ५ | |
| | जम्मा | ८० | |

तालिका २४ कक्षा ४ र ५ को प्रयोगात्मक परीक्षा (मूल्याङ्कन) को अङ्कभार

| क्र.सं. | मूल्याङ्कनको आधार | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | कक्षागत क्रियाकलापमा सहभागिता | ५ | |
| २ | आनीबानी सुधार/व्यवहार परिवर्तन | १० | |
| ३ | व्यक्तिगत/समूह/संयुक्त अभ्यास कार्य तथा प्रस्तुति | १० | |
| ४ | स्थानीय वस्तु/सामग्री निर्माण/तयार र प्रयोग | १० | |
| ५ | घरायसी कृषि उत्पादन/पशुपालन अभ्यासमा सहयोग | २० | |
| ६ | अध्ययन भ्रमण वा सोधखोज गरी प्रतिवेदन तयार र प्रस्तुति | १० | |

| | | | |
|---|---|---|---|
| ७ | तल्लो कक्षालाई सहजीकरण, अनुशिक्षण, सहयोग आदि | ५ | |
| ८ | विद्यालय, परिवार र समुदाय स्तरको क्रियाकलाप सहभागिता | ५ | |
| ९ | मौखिक परीक्षा, छलफल, अन्तरक्रिया (प्रयोगात्मक कार्यसँग सम्बन्धित) | ५ | |
| | **जम्मा** | ८० | |

तालिका २५ कक्षा ६ देखि ८ सम्मको प्रयोगात्मक परीक्षा (मूल्याङ्कन) को अङ्कभार

| **क्र.सं.** | **मूल्याङ्कनको आधार** | **अङ्कभार** | **कैफियत** |
|---|---|---|---|
| १ | कक्षागत क्रियाकलापमा सहभागिता | ५ | |
| २ | आनीबानी सुधार/व्यवहार परिवर्तन | ५ | |
| ३ | व्यक्तिगत/समूह/संयुक्त अभ्यास कार्य तथा प्रस्तुति | १० | |
| ४ | स्थानीय वस्तु/सामग्री/प्रविधि निर्माण/तयार र प्रयोग | १० | |
| ५ | घरायसी कृषि उत्पादन/पशुपालन अभ्यासमा संलग्न | २५ | |
| ६ | अध्ययन भ्रमण वा सोधखोज गरी प्रतिवेदन तयार र प्रस्तुति | १० | |
| ७ | तल्लो कक्षालाई सहजीकरण, अनुशिक्षण, सहयोग आदि | ५ | |
| ८ | विद्यालय, पारिवारिक र समुदाय स्तरको क्रियाकलापमा सहभागिता | ५ | |
| ९ | मौखिक परीक्षा, छलफल, अन्तरक्रिया (प्रयोगात्मक कार्यसँग सम्बन्धित) | ५ | |
| | **जम्मा** | ८० | |

## (ग) प्रयोगात्मक परीक्षा (मूल्याङ्कन) को पूर्णांङ्क तथा प्राप्ताङ्क अनुपात निर्धारण

कक्षा ४ देखि ८ सम्मका लागि लिइने आवधिक परीक्षाका लागि माथि उल्लिखित प्रयोगात्मक मूल्याङ्कनको लागि पहिलो र दोस्रो त्रैमासिकमा ५०/५० पूर्णाङ्क र अन्तिम परीक्षामा १०० पूर्णाङ्कको प्रयोगात्मक अभ्यास कार्य छनोट गरी विद्यार्थीलाई व्यक्तिगत वा सामूहिक रुपमा गराउनु पर्नेछ । प्रयोगात्मक अभ्यास कार्यको मूल्याङ्कन गरी प्राप्ताङ्कलाई आवधिक अङ्कभारको अनुपातमा गणना गर्नु पर्ने छ ।

# ३.७.मूल्याङ्कन प्रक्रिया र समय तालिका

स्थानीय विषयको विद्यार्थी मूल्याङ्कनका निर्माणात्मक (निरन्तर) मूल्याङ्कन र निर्णयात्मक (आवधिक) मूल्याङ्कन दुबै विधिहरू अपनाएर सैद्धान्तिक एवं प्रयोगात्मक पक्षको मूल्याङ्कन एक बर्षे शैक्षिक अवधिलाई ३ खण्डमा विभाजन गरी गरिने छ । पहिलो त्रैमासिक, दोस्रो त्रैमासिक र अन्तिम परीक्षा गरि ३ समायावधि विभाजना गरिने छ । निरन्तर मूल्याङ्कन विधिबाट मूल्याङ्कन गर्दा अनौपचारिक रुपमा सोही विभाजित समयावधि भित्र गरिने गृहकार्य, साप्ताहिक परीक्षाकार्य, पाक्षिक परीक्षाकार्य, मासिक परीक्षाकार्य, एकाइ परीक्षाकार्य, कक्षा परीक्षाकार्य, प्रश्नोत्तर आदिलाई आधार मान्नु पर्ने छ । साथै निरन्तर मूल्याङ्कन गर्दा तोकिए अनुसार सैद्धान्तिक वा प्रयोगात्मक वा दुबै पक्षलाई तोकिएको अङ्कभारको आधारमा गर्नु पर्ने छ । निरन्तर मूल्याङ्कनका लागि निम्नानुसारका प्रक्रिया अवलम्बन गर्नुपर्ने छः

(क) निश्चित समयभित्र मात्र मूल्याङ्कन गरी नियमित रूपमा विद्यार्थीले गरेका कार्य र व्यवहार परिवर्तनको अवलोकन गरी मूल्याङ्कन गर्नुपर्ने छ ।

(ख) विद्यार्थीहरूको कार्य सञ्चयिका फायल (व्यक्तिगत पोर्टफोलियो) बनाई उनीहरूले गरेका कार्य, हाजिरी र सक्रियताका आधारमा अङ्क प्रदान गर्नुपर्ने छ ।

(ग) सामान्यतया हरेक एकाइबाट कम्तिमा एक-एक ओटा प्रयोगात्मक कार्य वा अभ्यास बनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

(घ) विद्यार्थीले गरेका कक्षा कार्य, अभ्यास, परियोजना कार्य, सिर्जनात्मक कार्य, सिपमूलक कार्य, खोजमूलक कार्य आदि र सोसँग सम्बन्धित प्रयोगात्मक परीक्षालाई प्रयोगात्मक मूल्याङ्कनको प्रमुख आधार मान्नु पर्ने छ ।

आवधिक मूल्याङ्कन भने निश्चित समयावधि सकिएपछि (पहिलो त्रैमासिक, दास्रो त्रैमासिक र शैक्षिक शत्रको अन्त्यमा) औपचारिक परीक्षा सञ्चालन बनाई गर्नु पर्नेछ । आवधिक मूल्याङ्कनमा पनि तोकिए अनुसार सैद्धान्तिक र प्रयोगात्मक दुबै पक्षलाई समेटी तोकिएको अङ्कभार अनुसार गर्नु पर्नेछ । कक्षा १ देखि ३ सम्म र कक्षा ४ देखि ८ सम्मको विद्यार्थी मूल्याङ्कन विधि, प्रक्रिया र अङ्कभार निम्नानुसार हुनेछ ।

## तालिका २७: कक्षा १ देखि ३ सम्मको परीक्षा (मूल्याङ्कन) विधि, प्रक्रिया र अङ्कभार

| मूल्याङ्कन समय/अवधि | निरन्तर मूल्याङ्कन | अङ्कभार (प्रतिशत) | आवधिक मूल्याङ्कन | अङ्कभार (प्रतिशत) | जम्मा (प्रतिशत) |
|---|---|---|---|---|---|
| पहिलो त्रैमासिक | सैद्धान्तिक (५) प्रयोगात्मक (५) | १० | - | - | १० |
| दोस्रो त्रैमासिक | सैद्धान्तिक (५) प्रयोगात्मक (२५) | ३० | - | - | ३० |
| अन्तिम/वार्षिक | सैद्धान्तिक (१०) प्रयोगात्मक (५०) | ६० | - | - | ६० |
| | जम्मा | १०० | जम्मा | - | १०० |

तालिका २८ कक्षा ४ र ५ को परीक्षा (मूल्याङ्कन) विधि, प्रक्रिया र अङ्कभार

| **मूल्याङ्कन अवधि** | **मूल्याङ्कनका प्रकार** | **अङ्कभार (प्रतिशत)** | **मूल्याङ्कनका प्रकार** | **अङ्कभार (प्रतिशत)** | **जम्मा (प्रतिशत)** |
|---|---|---|---|---|---|
| | **निरन्तर मूल्याङ्कन** | | **आवधिक मूल्याङ्कन** | | |
| पहिलो त्रैमासिक | सैद्धान्तिक (०) प्रयोगात्मक (६) | ६ | सैद्धान्तिक (४) प्रयोगात्मक (०) | ४ | १० |
| दोस्रो त्रैमासिक | सैद्धान्तिक (०) प्रयोगात्मक (१८) | १८ | सैद्धान्तिक (४६) प्रयोगात्मक (६) | १२ | ३० |
| अन्तिम/वार्षिक | सैद्धान्तिक (०) प्रयोगात्मक (३६) | ३६ | सैद्धान्तिक (१०) प्रयोगात्मक (१४) | २४ | ६० |
| | जम्मा | ६० | जम्मा | ४० | १०० |

तालिका २९ कक्षा ६ देखि ८ सम्मको परीक्षा (मूल्याङ्कन) विधि, प्रक्रिया र अङ्कभार

| **मूल्याङ्कन अवधि** | **मूल्याङ्कनका प्रकार** | **अङ्कभार (प्रतिशत)** | **मूल्याङ्कनका प्रकार** | **अङ्कभार (प्रतिशत)** | **जम्मा (प्रतिशत)** |
|---|---|---|---|---|---|
| | **निरन्तर मूल्याङ्कन** | | **आवधिक मूल्याङ्कन** | | |
| पहिलो त्रैमासिक | प्रयोगात्मक (४) | ४ | सैद्धान्तिक (६) | ६ | १० |
| दोस्रो त्रैमासिक | प्रयोगात्मक (१२) | १२ | सैद्धान्तिक (१८) | १८ | ३० |
| अन्तिम/वार्षिक | प्रयोगात्मक (२४) | २४ | सैद्धान्तिक ३६) | ३६ | ६० |
| | जम्मा | ४० | जम्मा | ६० | १०० |

## ३.८.विद्यार्थी मूल्याङ्कनको लागि अक्षराङ्कन पद्धति

"विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२" (चौथो संशोधन, २०७५ सहित) ले तोके अनुसार विद्यालय शिक्षाको अन्य विषयको जस्तै यस स्थानीय विषयको परीक्षामा प्राप्ताङ्कको आधारमा अक्षराङ्कन गरी विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन मापन गरिनेछ । सैद्धान्तिक एवं प्रयोगात्मक परीक्षा प्रणाली अपनाई निरन्तर मूल्याङ्कन र आवधिक मूल्याङ्कन गरिनेछ । दुबै किसिमको परीक्षाको प्राप्ताङ्कलाई जोडेर कुल प्राप्ताङ्क निकालिने छ र त्यसलाई निम्नानुसार अक्षराङ्कन (ग्रेड) तथा स्तरीकृत अङ्क (ग्रेड प्वाइन्ट) निकालेर नतिजा तयार गरिने छः

तालिका ३१ प्राप्ताङ्कको अक्षराङ्कन र स्तरीकरण अङ्क निर्धारणको आधार

| क्र.सं. | प्राप्ताङ्कको वर्गान्तर (प्रतिशतमा) | ग्रेड | व्याख्या | स्तरीकृत अङ्क (Grade point) |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | A+ | Outstanding | ४.०० |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | A | Excellent | ३.६० |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | B+ | Very good | ३.२० |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | B | Good | २.८० |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | C+ | Satisfactory | २.४० |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | C | Acceptable | २.०० |
| ७ | ३० र सोभन्दा माथि ४० भन्दा कम | D+ | Partially acceptable | १.६० |
| ८ | २० र सोभन्दा माथि ३० भन्दा कम | D | Insufficient | १.२० |

स्रोतः पाठ्यक्रम विकास केन्द्र, २०७५)

## ३.९.कक्षा अनुसार विषय-क्षेत्रगत पाठ्यभार र मूल्याङ्कन अङ्कभार

यस स्थानीय पाठ्यक्रमले निर्धारण गरेको स्थानीय विषयको मुख्य क्षेत्रहरूको पाठ्यघण्टी (पाठ्यभार) तथा अङ्कभार निम्नानुसार निर्धारण गरिएको छः

तालिका ३२: कक्षा १ देखि ३ सम्मको विषय-क्षेत्रगत पाठ्यभा र मूल्याङ्कन अङ्कभार

| क्र.सं. | मुख्य विषयवस्तु | पाठ्यभार | कैफियत |
|---|---|---|---|
| १ | वैतेश्वर गाउँपालिकाको चिनारी | १५ | |
| २ | स्वास्थ्य सरसफाइ | १५ | |
| ३ | खाद्यान्न तथा पोषण | १५ | |
| ४ | सदाचार, नैतिकता र सामाजिक मूल्यमान्यता | १५ | |
| ५ | कृषि, पशुपालन तथा पेसाव्यवसाय | १५ | |
| ६ | स्थानीय ज्ञान ,सिप तथा प्रविधि | १५ | |
| ७ | मातृभाषा, संस्कृति र चाडपर्व | २५ | |
| ८ | स्थानीय खेलकुद, मनोरञ्जन, कला र साहित्य | १५ | |
| ९ | धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल | १५ | |
| १० | समानता, समावेशीता र सामाजिक न्याय | ८ | |
| ११ | सामाजिक रुपान्तरण, लोकतन्त्र र संघीयता | ७ | |
| | जम्मा | १६० | |

तालिका ३३: कक्षा ४ र ५ को विषय-क्षेत्रगत पाठ्यभा र मूल्याङ्कन अङ्कभार

| क्र.सं. | मुख्य विषयवस्तु | पाठ्यभार | कैफियत |
|---|---|---|---|
| १ | वैतेश्वर गाउँपालिकाको चिनारी | १० | |
| २ | स्वास्थ्य सरसफाइ | १० | |
| ३ | खाद्यान्न तथा पोषण | १० | |
| ४ | सदाचार, नैतिकता र सामाजिक मूल्यमान्यता | १० | |
| ५ | कृषि, पशुपालन तथा पेसा व्यवसाय | १५ | |
| ६ | स्थानीय ज्ञान ,सिप तथा प्रविधि | १० | |
| ७ | मातृभाषा, संस्कृति र चाडपर्व | १८ | |
| ८ | स्थानीय खेलकुद, मनोरञ्जन, कला र साहित्य | १५ | |
| ९ | धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल | १५ | |
| १० | समानता, समावेशीता र सामाजिक न्याय | ६ | |
| ११ | जीवनोपयोगी सिप | ३ | |
| १२ | सामाजिक रुपान्तरण, लोकतन्त्र र संघीयता | ३ | |
| १३ | सहकारी | ३ | |
| | जम्मा | १२८ | |

तालिका ३४: कक्षा ६ देखि ८ सम्मको विषय-क्षेत्रगत पाठ्यभार र अङ्कभार

| क्र.सं. | मुख्य विषयवस्तु | पाठ्यभार | कैफियत |
|---|---|---|---|
| १ | वैतेश्वर गाउँपालिकाको चिनारी | ८ | |
| २ | स्वास्थ्य सरसफाइ | ८ | |
| ३ | खाद्यान्न तथा पोषण | १० | |
| ४ | सदाचार, नैतिकता र सामाजिक मूल्यमान्यता | १० | |
| ५ | कृषि, पशुपालन तथा पेसा व्यवसाय | १५ | |
| ६ | स्थानीय ज्ञान, सिप तथा प्रविधि | १५ | |
| ७ | मातृभाषा, संस्कृति र चाडपर्व | १५ | |
| ८ | स्थानीय खेलकुद, मनोरञ्जन, कला र साहित्य | ७ | |
| ९ | धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल | १० | |
| १० | समानता, समावेशीता र सामाजिक न्याय | १० | |
| ११ | श्रम, व्यवसाय र उद्यमशीलता | ५ | |
| १२ | जीवनोपयोगी सिप | ५ | |
| १३ | सामाजिक रुपान्तरण, लोकतन्त्र र संघीयता | ६ | |
| १४ | सहकारी | ४ | |
| | जम्मा | १२८ | |

# परिच्छेद -चार

# स्थानीय पाठ्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

## ४.१ पाठ्यक्रम कार्यान्वयन,अनुगमन तथा मूल्याङ्कन

वैतेश्वर गाउँकार्यपलिकाको बैठकबाट पारित एवं गाउँपरिषद्वारा अनुमोदन गरे पश्चात यो स्थानीय पाठ्यक्रम गाउँपालिका भित्रका सबै विद्यालयमा लागू गरिने छ । सबै विद्यालयले अनिवार्य रुपमा यस पाठ्यक्रम लागू गरी स्थानीय विषयको अध्ययन, अध्यापन गराउनु पर्ने छ । गाउँकार्यपालिकाको मातहतमामा रहेको गाउँ शिक्षा समितिको मातहतमा रहने गरी एक स्थानीय पाठ्यक्रम कार्यान्वयन उपसमिति गठन गरिने छ । सो उपसमितिमा कार्यापालिका सदस्य, वडाध्यक्षहरू, शिक्षा, युवा तथा खेलकुद शाखा संयोजक, विद्यालय व्यवस्थापन समितिहरू, प्रधानाध्यापकहरू, शिक्षक महासंघ, शिक्षकका पेसागत संघ सँगठनका प्रतिनिधिहरु, शिक्षक-अभिभावक संघहरू, शिक्षक, गाउँ बालक्लब सञ्जाल र अन्य सरोकारवालाहरूको प्रतिनिधित्व रहनेछ । यस उपसमितिले स्थानीय पाठ्यक्रम कार्यान्वयन गराउन आवश्यक भूमिका खेल्ने, स्रोत साधनको आवश्यकता एवं गाउँपालिकाले चाल्नु पर्ने कदम, गर्नु पर्ने व्यवस्थाको लागि आवश्यक सल्लाह सुझाब दिने साथै गाउँकार्यपालिकाको नीति निर्देशनलाई कार्यान्वयन गर्न गराउन सहजीकरण गर्ने कार्य गर्ने छ । यस उपसमितिले आवश्यकतानुसार विद्यालयको अनुगमन गरी आवश्यक निर्देशन, सल्लाह सुझाब दिने र त्यहाँ भएका समस्या समधानको लागि गाउँ शिक्षा समिति र गाउँपालिकालाई जानकारी गराउने छ । गाउँ कार्यपालिकाले यस स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि गर्नुपर्ने महत्वपूर्ण कार्यहरूको अनुसूची २ मा उल्लेख गरिएको छ ।

वडा स्तरीय शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शैक्षिक गुणस्तर परीक्षण केन्द्रले पनि विद्यालयमा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आवश्यक सरसहयोग गर्नेछ । सम्बन्धित विद्यालयका प्रधानाध्यापक तथा शिक्षक-शिक्षिकाहरू यस स्थानीय विषयको बारेमा अधिक जानकार एवं विज्ञ भएको कारणले पनि यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको अहम् भूमिका हुनेछ । स्थानीय विषयलाई सामान्यीकरण गर्दै प्रयोगात्मक एवं व्यावहारिक बनाई विद्यार्थीको सिकाइ क्षमता एवं प्रगतिको स्तरोन्नति अनुसार पठन-पाठन गराउने, सिकाइ उपलब्धि एवं सक्षमता हासिल गर्न व्यावहारिक ढंगले निरन्तर एवं आवधिक मूल्याङ्कन गर्ने आवश्यकता अनुसार एवं प्रभावकारी शिक्षण विधि अपनाउने र आवश्यक सुधारको लागि उपसमिति, समिति, शिक्षा शाखा र गाउँपाललिकालाई सल्लाह सुझाब दिने र सहयोग गर्ने अग्रणी भूमिकासमेत आम प्रधानाध्यापक तथा शिक्षक-शिक्षिकाहरूको हुनेछ ।

## ४.२ अनुगमन तथा मूल्याङ्कन विधि तथा प्रक्रिया

यो पाठ्यक्रम स्थानीय तहमै कार्यान्वयन गरिने भएकाले मूल्याङ्कन नतिजाका आधारमा यसलाई निरन्तर अद्यावधिक गर्दै लैजान आवश्यक हुन्छ । यसको लागि पाठ्यक्रमको समग्र मूल्याङ्कन गर्ने प्रयोजनको


लागि गाउँ कार्यपालिकाले एक संयन्त्र वा कार्यदल निर्माण गरी कम्तिमा हरेक ३/३ बर्षमा यस पाठ्यक्रम (सबै कक्षा वा केही कक्षा) कोपुरावलोकन तथा मूल्याङ्कन गरी आवश्यक परिमार्जनको लागि सुझाब सहितको प्रतिवेदन पेश गर्नेछ र सोको आधारमा विज्ञ परामर्शदाताहरूको प्राविधिक सहयोगमा आवश्यक परिमार्जन गरी बढी समसायिक, व्यावहारिक र नतिजामुखी बनाई कार्यान्वयनमा ल्याइने छ । साथै, स्थानीय पाठ्यक्रम कार्यान्वयन उपसमितिले कम्तिमा वार्षिक रुपमा यस पाठ्यक्रमको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरी यसको प्रभावकारी कार्यान्वयनको लागि सल्लाह सुझाव सहितको लिखित प्रतिवेदन तयार गर्नेछ र गाउँ शिक्षा समितिलाई पेश गर्नेछ ।

यसका अतिरिक्त हरेक वडास्तरीय शिक्षा समिति, सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिहरू, शिक्षक-अभिभावक संघ, शिक्षक-शिक्षिका, र विद्याथीहरूको प्रतिनिधि (बालक्लब) हरूले संयुक्त रुपमा बर्षको एक पटक छलफल एवं समीक्षा गरी उपसमितिलाई लिखित सुझाब पेश गर्नुपर्नेछ । उपसमितिले सबै विद्यालयहरूबाट प्राप्त सुझाबलाई समेत आफ्नो समीक्षा बैठकमा छलफल गरी उपसमितिले कार्यान्वयनको लागि सल्लाहसुझाव गाउँ शिक्षा समितिलाई पेश गर्नेछ । शिक्षा समितिले गाउँ कार्यापालिकालाई पेश गर्ने आफ्नो प्रतिवेदनमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी विषय पनि समावेश गरेर गाउँ कार्यपालिकालाई आवश्यक सल्लाह सुझाब दिनु पर्नेछ ।

## ४.३अनुगमन तथा मूल्याङ्कन गर्ने संरचनागत ढाँचा (व्यवस्था)

स्थानीय पाठ्यक्रमको अनुगमन तथा मूल्याङ्कन संयन्त्र निम्नानुसार हुनेछ ।

ग्राफ १: स्थानीय पाठ्यक्रम अनुगमन तथा मूल्याङ्कन संयन्त्र



# अनुसूचीहरू

# अनुसूची १ः स्थानीय पाठ्यक्रम कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले गर्नुपर्ने कार्यहरू

१. कार्यापालिका सदस्य, वडाध्यक्षहरू, शिक्षा, युवा तथा खेलकुद शाखा संयोजक, विद्यालय व्यवस्थापन समितिहरू, प्रधानाध्यापकहरू, शिक्षक-अभिभावक संघहरू, शिक्षक-शिक्षिका, गाउँ बालक्लब संजाल र अन्य सरोकारवाला सरोकारवालाहरूको प्रतिनिधिहरूको प्रतिनिधित्व हुने गरी स्थानीय पाठ्यक्रम कार्यान्वयन उपसमिति गठन एवं परिचालन ।

२. स्थानीय पाठ्यक्रममा उल्लिखित स्थानीय विषयहरू संकलन गरी पाठ्यपुस्तक, अभ्यास पुस्तक (वर्क बुक), सन्दर्भ सामग्रीहरू लेखन, प्रकाशन र वितरण ।

३. यस विषयको विषय शिक्षकहरूलाई प्रशिक्षण, अनुशिक्षण, अभिमुखीकरण र पुनर्ताजगी तालिम तथा गोष्ठीहरू ।

४. वडा स्तरमा सबै विद्यालयहरूलाई अनिवार्य सहभागी गराई वार्षिक रुपमा स्थानीय ज्ञान महोत्सव आयोजना ।

५. हरेक विद्यालयमा स्थानीय (वैतेश्वर) ज्ञान पुस्तकालयको स्थापना र सञ्चालन ।

६. गाउँपालिका अन्तर्गतका र गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न विषयगत सेवा केन्द्र तथा सेवा प्रदायक निकाय, कार्यालय, संघसंस्था, समूहहरूको आवश्यकता अनुसार परिचालन ।

७. स्थानीय पाठ्यक्रमको आवधिक मूल्याङ्कन (३/३ बर्षमा) को लागि विज्ञ सहितको कार्यदल गठन र परिचालन ।

८. व्यावसायिक कृषि तथा पशुपंक्षीपालनको नमूना अभ्यासको लागि आवश्यक जग्गा जमीनको व्यावस्था ।

९. विभिन्न किसिमका अभ्यास कार्यका लागि सुरक्षा कवज/औजार, मोबाइल, ट्याब्लेट, कषिऔजार, प्राथमिक स्वास्थ्य उपचार सामग्री बाकस जस्ता आवश्यस सरसामग्रीहरूको व्यवस्था ।

१०. गाउँपालिकाले आवश्यकता महसुश गरेको र विभिन्न पक्षहरूबाट आएका सल्लाह सुझाबहरूको आधारमा आवश्यक कार्यहरू ।

११. कार्यापालिकाले स्थानिय सहकारी ऐन र सहकारीको सुसञ्चालनका मापदण्डहरु प्रकाशन र वितरण

# अनुसूची २: दीगो विकास लक्ष्यहरू

लक्ष्य १- सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने

लक्ष्य २- भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने

लक्ष्य ३- सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने

लक्ष्य ४- सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने

लक्ष्य ५- लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउन

लक्ष्य ६- सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने

लक्ष्य ७- सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने

लक्ष्य ८- भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने

लक्ष्य ९- उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने

लक्ष्य १०- मुलुक भित्र तथा मुलुकहरूबीचको असमानता घटाउन

लक्ष्य ११- शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने

लक्ष्य १२- दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने

लक्ष्य १३- जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने

लक्ष्य १४- दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने

लक्ष्य १५- स्थलीय पर्यावरणको संरक्षण, पुनस्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने

लक्ष्य १६- दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने

लक्ष्य १७- दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने ।

(स्रोत: www.sdginnepal.org, UNDP Nepal)

# अनुसूची ३ः पहिलो कार्यशाला गोष्ठीका सहभागीहरूको नामावली

स्थानीय पाठ्यक्रम निर्माणार्थ पहिलो कार्यशाला गोष्ठी

(२०७८/०२/१०)का सहभागीहरू

| क्र.सं. | नामथर | पद | विद्यालय/ संस्था |
|---|---|---|---|
| १. | | | |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |
| ११. | | | |
| १२. | | | |
| १३. | | | |
| १४. | | | |
| १५. | | | |
| १६. | | | |
| १७. | | | |

| | | | |
|---|---|---|---|
| १८. | | | |
| १९. | | | |
| २०. | | | |
| २१. | | | |
| २२. | | | |
| २३. | | | |
| २४. | | | |
| २५. | | | |
| २६. | | | |
| २७. | | | |
| २८. | | | |
| २९. | | | |
| ३०. | | | |
| ३१. | | | |
| ३२. | | | |
| ३३. | | | |
| ३४. | | | |
| ३५. | | | |
| ३६. | | | |
| ३७. | | | |
| ३८. | | | |
| ३९. | | | |

| | | | |
|---|---|---|---|
| ४०. | | | |
| ४१. | | | |
| ४२. | | | |
| ४३. | | | |
| ४४. | | | |
| ४५. | | | |
| ४६. | | | |
| ४७. | | | |
| ४८. | | | |
| ४९. | | | |
| ५०. | | | |
| ५१. | | | |
| ५२. | | | |
| ५३. | | | |
| ५४. | | | |
| ५५. | | | |
| ५६. | | | |
| ५७. | | | |
| ५८. | | | |
| ५९. | | | |
| ६०. | | | |
| ६१. | | | |

| | | | |
|---|---|---|---|
| ६२. | | | |
| ६३. | | | |
| ६४. | | | |
| ६५. | | | |
| ६६. | | | |
| ६७. | | | |
| ६८. | | | |
| ६९. | | | |
| ७०. | | | |
| ७१. | | | |
| ७२. | | | |
| ७३. | | | |
| ७४. | | | |
| ७५. | | | |
| ७६. | | | |
| ७७. | | | |
| ७८. | | | |
| ७९. | | | |

# अनुसूची ४ः दोस्रो कार्यशाला गोष्ठीका सहभागीहरू

## स्थानीय पाठ्यक्रम निर्माणार्थ दोस्रो कार्यशाला गोष्ठी (२०७८/०२/२५)का सहभागीहरू

| क.सं. | नामथर | पद | विद्यालय/ संस्था |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |

| | | | |
|---|---|---|---|
| २० | | | |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |
| २४ | | | |
| २५ | | | |
| २६ | | | |
| २७ | | | |
| २८ | | | |
| २९ | | | |
| ३० | | | |
| ३१ | | | |
| ३२ | | | |
| ३३ | | | |
| ३४ | | | |
| ३५ | | | |
| ३६ | | | |
| ३७ | | | |
| ३८ | | | |
| ३९ | | | |
| ४० | | | |
| ४१ | | | |
| ४२ | | | |

| | | | |
|---|---|---|---|
| ४३ | | | |
| ४४ | | | |
| ४५ | | | |
| ४६ | | | |
| ४७ | | | |
| ४८ | | | |
| ४९ | | | |
| ५० | | | |
| ५१ | | | |
| ५२ | | | |
| ५३ | | | |
| ५४ | | | |
| ५५ | | | |
| ५६ | | | |
| ५७ | | | |
| ५८ | | | |
| ५९ | | | |
| ६० | | | |
| ६१ | | | |
| ६२ | | | |
| ६३ | | | |
| ६४ | | | |
| ६५ | | | |

| | | | |
|---|---|---|---|
| ६६ | | | |
| ६७ | | | |
| ६८ | | | |
| ६९ | | | |
| ७० | | | |
| ७१ | | | |
| ७२ | | | |
| ७३ | | | |
| ७४ | | | |
| ७५ | | | |
| ७६ | | | |
| ७७ | | | |
| ७८ | | | |
| ७९ | | | |
| ८० | | | |